प्रदेश नं. ५ को

# प्रथम आवधिक योजना

(आ.व. २०७६/७७ - आ.व. २०८०/८१)




प्रदेश सरकार

प्रदेश नं. ५

## प्रदेश योजना आयोग

बुटवल, नेपाल

प्रदेश नं. ५ को

# प्रथम आवधिक योजना

(आ.व. २०७६/७७ - आ.व. २०८०/८१)

प्रदेश सरकार
प्रदेश नं. ५
**प्रदेश योजना आयोग**
बुटवल, नेपाल

फोन नं. :- ०७१-५५०६१४
Email :- info@ocmcm.p5.gov.np, infocmofficep5@gmail.com
infoppc.p5@gmail.com
Website :- www.ocmcm.p5.gov.np

प्रकाशक : प्रदेश सरकार
प्रदेश नं. ५
प्रदेश योजना आयोग
बुटवल, नेपाल

प्रकाशन वर्ष : असार, २०७६

मुद्रण प्रति : १००० प्रति

सेटिङ्ग : पारस वर्मा/९८४७२६६७६८

मुद्रक : आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस
बुटवल उप-महानगरपालिका-६, पुरानो बसपार्क
फोन नं.: ०७१-५५०२९३, ९८५७०३५३८०
E-mail: ideapressbtl@gmail.com

प्रदेश सरकार
प्रदेश नं. ५
बुटवल, नेपाल

मुख्यमन्त्री

## मन्तव्य

नेपाली जनताको वलिदानीपूर्ण संघर्षबाट निर्वाचित संविधान सभाले नेपालको संविधान तर्जुमा गऱ्यो। संविधान अनुसार संघीयताको महत्वपूर्ण कडीको रूपमा प्रदेश संरचना रहेको छ। मुलुकमा आर्थिक सम्पन्नता हासिल गरी समृद्धितर्फ लम्किन भनेर नै प्रादेशिक संरचना सहितको संघीय राज्य व्यवस्था लागु गरिएको छ। प्रदेशहरूमध्ये देशको मध्य भागमा १२ जिल्ला समेटेर तराई पहाड र हिमाल सहितको प्रदेश नं ५ बनेको छ। सीमित स्रोत र साधनबाट असीमित आवश्यकताहरू पूरा गर्दै यस प्रदेशलाई समृद्ध प्रदेश बनाउनु पर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। शहिदहरूको सपना साकार पार्दै देशलाई समृद्ध पार्नुछ। यही आवश्यकतालाई महशुस गरी योजनाबद्ध ढंगले विकास कार्य अघि बढाउन प्रदेशको पहिलो आवधिक योजना तर्जुमा गरिएको छ।

प्रदेश नं ५ को भौगोलिक अवस्था र अवस्थितिलाई मध्यनजर राख्दा यस प्रदेशमा कृषि, उत्पादनमूलक उद्योग र पर्यटन क्षेत्रको विकासको उच्च सम्भावना रहेको छ। यी क्षेत्रहरू नै यस प्रदेशको आर्थिक समृद्धिको आधारको रूपमा रहने ठम्याइ रहेको छ। यी क्षेत्रहरूका लागि आवश्यक भौतिक पूर्वाधार र मानवीय पूँजीको विकास गर्नुपर्ने आवश्यकता छ। साथै, सामाजिक न्यायमा आधारित सन्तुलित विकास गर्दै नेपालको संविधानद्वारा परिलक्षित समाजवादउन्मुख आर्थिक सामाजिक व्यवस्था हासिल गर्नुछ। यसका अतिरिक्त वातावरण संरक्षण गर्दै उपलब्ध प्राकृतिक स्रोत र साधनको समुचित सदुपयोगका साथै गुणस्तरीय जीवन र दिगो विकासका लक्ष्यहरू हासिल गर्ने विषयलाई यो पहिलो आवधिक योजनाले समेटेको छ।

यस प्रदेशको पहिलो आवधिक योजना तयार गरेकोमा प्रदेश योजना आयोगका उपाध्यक्ष, सवै मन्त्रालयका माननीय मन्त्रीहरू र सदस्यहरूलाई धन्यवाद दिन चाहन्छु। साथै, योजनाको तयारीमा शुरूदेखि नै सहयोग गर्नुहुने प्रदेश सरकार अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन्छु। यसका अतिरिक्त योजना तयारीमा मार्गदर्शन तथा सुझावहरू दिनुहुने प्रदेश सभाका माननीय सदस्यज्यूहरू, सरोकारवाला, नागरिक समाज, विज्ञ समूह विकासका साझेदारहरू र संचारकर्मीहरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छु।

शंकर पोखरेल
मुख्यमन्त्री तथा अध्यक्ष,
प्रदेश योजना आयोग

प्रदेश सरकार
प्रदेश नं. ५
# प्रदेश योजना आयोग
बुटवल, नेपाल

## भूमिका

यस प्रदेश नं ५ को प्रदेश योजना आयोगले आर्थिक वर्ष २०७६।७७ देखि लागू हुनेगरी पहिलो पाँचवर्षीय आवधिक योजना तयार गरी सार्वजनिक गरेको छ। करीब एक वर्ष लगाएर विभिन्न चरणका अन्तरक्रिया र छलफलहरू पार गर्दै योजनाको दस्तावेज तयार भएको छ।प्रदेशको सम्भावना, चुनौती र अवसरहरूलाई विश्लेषण गरी ६ वटा रणनीतिक स्तम्भमा योजना आधारित रहेको छ।

नेपालको संविधान, नेपालको दीर्घकालीन सोच २१००, राष्ट्रिय पन्ध्रौ योजना, दिगो विकासका लक्ष्यहरू, प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई आधार बनाएर प्रदेश सरकारले लिएको "समृद्ध प्रदेशः खुशी जनता"को सोचलाई हासिल हुनेगरी योजना तयार गरिएको छ। प्रदेशमा उपलब्ध प्राकृतिक सम्पदा र भौगोलिक विविधताको अधिकतम प्रयोग गरी उच्चदरको आर्थिक वृद्धिदर हासिल गर्दै सामाजिक न्यायमा आधारित विकास गर्ने ध्येय यस योजनाको रहेको छ। लक्षित गरिबी निवारणलाई जोड दिँदै भौतिक पूर्वाधारको निर्माण, उर्जा उत्पादन, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा र स्वास्थ्य, लैंगिक समानता, महिला सशक्तीकरणका साथै वातावरण संरक्षण र विपद् व्यवस्थापन समेतलाई योजनामा समेटिएको छ। समृद्धिको लागि कृषि, उत्पादनमूलक उद्योग र पर्यटनको विकासलाई प्राथमिकतामा राख्दै ती क्षेत्रहरूको लागि आवश्यक भौतिक पूर्वाधार र मानवीय पुँजी निर्माणलाई प्राथमिकतामा राखुको अतिरिक्त सबै क्षेत्र र स्थानको सन्तुलित विकासतर्फ पनि यो योजना परिलक्षित छ।

यो योजना तयार गर्न प्रदेश सरकारका मन्त्रालयहरू र केही विषय विज्ञहरूको संलग्नता रहेको थियो। यस प्रदेशका १२ वटै जिल्लामा गरिएका अन्तरक्रियाबाट प्राप्त

सुझावहरू, प्रदेश विकास परिषद्ले दिएका मार्गनिर्देशन र प्रदेश सभाका माननीय सभासदज्यूहरूले दिनु भएका अमूल्य सुझावहरूलाई समेटेर यो योजना तयार भएको छ। यसमा प्रदेशको समुचित समृद्धिका लागि विभिन्न क्षेत्रहरूको विकास गर्न ती क्षेत्रको अवस्था, समस्याको पहिचान, चुनौती र अवसरहरू खोतल्दै सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू तर्जुमा गरिएका छन्। साथै, विषयगत क्षेत्रहरूको विकासको लागि प्रमुख आयोजना तथा कार्यक्रमहरूका साथै लक्षित प्रतिफल सूचक सहित नतिजा खाका पनि तर्जुमा गरिएको छ।

यस योजनालाई यो रूपमा तयार गर्न समन्वय तथा नेतृत्व प्रदान गर्ने प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठ, सदस्यहरू डा. विष्णुप्रसाद गौतम र श्री पुष्पा भुसाल लुईंटेललाई धन्यवाद दिन चाहन्छु। साथै, योजनाको तयारी सिलसिलामा प्रशासनिक तथा व्यवस्थापकीय सहयोग र सुझाव दिनुहुने प्रदेश सरकारका प्रमुख सचिवज्यू तथा सचिवज्यूहरूका साथै सम्पूर्ण अन्य कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। यसका साथै, विज्ञहरू, सरोकारवाला र विकास साझेदार संस्थाहरूले पुर्‍याउनु भएको योगदानलाई पनि धन्यवाद दिन चाहन्छु।

डा. ईश्वर गौतम
उपाध्यक्ष,
प्रदेश योजना आयोग

# प्रदेश योजना आयोग

| | |
|---|---|
| माननीय मुख्यमन्त्री शंकर पोखरेल | अध्यक्ष |
| डा. ईश्वर गौतम | उपाध्यक्ष |
| डा. विष्णुप्रसाद गौतम | सदस्य |
| श्री पुष्पा भुसाल लुइँटेल | सदस्य |
| श्री किशोर जोशी, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| श्री तारा प्रसाद भट्टराई, सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य सचिव |

**स्थायी आमन्त्रित**

| | |
|---|---|
| डा. तीर्थराज ढकाल, प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |

# संक्षेपीकरणको सूची

| | |
|---|---|
| आमाकाम | आन्तरिम मामिला तथा कानून मन्त्रालय |
| आमायोम | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| उपववाम | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| कि.मि. | किलोमिटर |
| केतका | केन्द्रीय तथ्याङ्क कार्यालय |
| जस्वास | जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण |
| दिविल | दिगो विकास लक्ष्यहरू |
| प्रतका | प्रदेश तथ्याङ्क कार्यालय |
| प्रयोआ | प्रदेश योजना आयोग |
| प्रलोसेआ | प्रदेश लोक सेवा आयोग |
| भूव्यकृसम | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| भौपूविम | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| मुमका | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| रू | रूपैंया |
| साविम | सामाजिक विकास मन्त्रालय |
| सीपुँउ अनुपात | सीमान्त पुँजी - उत्पादन अनुपात |

# विषयसूची

**पाठ १ परिचय.......................................................................................१**

१.१ पृष्ठभूमि .......................................................................................१

१.२. भौगोलिक, आर्थिक र सामाजिक स्थितिको संक्षिप्त समीक्षा...................................२

१.२.१ भूगोल.......................................................................................२

१.२.२ जनसंख्या....................................................................................३

१.२.३ भूमिको उपयोग...............................................................................४

१.२.४ आर्थिक क्षेत्रको स्थिति........................................................................५

१.२.५ संस्थागत उपस्थिति ..........................................................................८

१.२.६ भौतिक पूर्वाधार..............................................................................९

१.२.७ सामाजिक क्षेत्र स्थिति .......................................................................१२

१.२.८ आय, गरिबी र मानव विकास...............................................................१५

१.२.९ वन तथा जलाधार...........................................................................१५

१.३. प्रदेश समृद्धिका आधार......................................................................१६

१.४ सम्भावित अन्तर्राष्ट्रिय र राष्ट्रिय परिदृश्य ..................................................१९

१.५ योजना तर्जुमाका मार्गदर्शक आधारहरू ......................................................२१

१.६ योजना तर्जुमा विधि .........................................................................२१

**पाठ २ योजनाको दीर्घकालीन सोच, उद्देश्य र रणनीतिहरू.......................................... २३**

२.१ पृष्ठभूमि.......................................................................................२३

२.२ चुनौती र अवसर .............................................................................२३

२.३ राष्ट्रिय पन्ध्रौ योजनाको सोच, उद्देश्य र रणनीतिहरू......................................... २५

२.४. प्रादेशिक दीर्घकालीन सोच.................................................................. २६

२.५. प्रादेशिक लक्ष्य............................................................................... २६

२.६. प्रादेशिक योजनाको उद्देश्य.................................................................. २६

२.७. परिमाणात्मक लक्ष्य ........ २६
२.८ योजनाको रणनीति ........ २८
२.९ केही मूल नीतिहरू ........ २९
२.१० योजना कार्यान्वयनका लागि अपेक्षित भूमिका ........ ३०
२.११ आर्थिक वृद्धिदर, लगानी र स्रोत व्यवस्था ........ ३१
२.११.१ लक्षित आर्थिक वृद्धि दर ........ ३१
२.११.२ आवश्यक लगानी प्रक्षेपण ........ ३२
२.११.३ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत ........ ३५
**पाठ ३ समष्टिगत आर्थिक नीति ........ ३७**
३.१ बचत तथा लगानी ........ ३८
३.२ सार्वजनिक खर्च ........ ४०
३.३ राजस्व परिचालन ........ ४२
३.४ आन्तरिक ऋण ........ ४४
३.५ वैदेशिक सहयोग ........ ४६
३.६ समष्टिगत आर्थिक क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू ........ ४७
**पाठ ४ आर्थिक क्षेत्र ........ ५२**
४.१ कृषि, सहकारी र जडीबुटी ........ ५२
४.१.१ कृषि विकास ........ ५२
४.१.२ पशुपन्क्षी विकास ........ ५८
४.१.३ मत्स्य विकास ........ ६१
४.१.४ भूमि व्यवस्थापन ........ ६४
४.१.५ सहकारी ........ ६६
४.१.६ जडीबुटी ........ ६९
४.१.७ खाद्य तथा पोषण सुरक्षा ........ ७२

४.१.८ कृषि, सहकारी तथा जडिबुटी क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू........७४
४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन........................................................८२
४.२.१ औद्योगिकीकरण........................................................................८२
४.२.२ खानी तथा खनिज पदार्थ..............................................................८५
४.२.३ वाणिज्य तथा आपूर्ति...................................................................८७
४.२.४ पर्यटन.......................................................................................९०
४.२.५ वित्तीय क्षेत्र.................................................................................९३
४.२.६ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटनसम्बन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरू.........९६
४.३ आर्थिक क्षेत्रका नतिजा खाका..............................................................१००
४.३.१ कृषि, सहकारी र जडिवुटी.............................................................१००
४.३.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन...................................................१०७
**पाठ ५ सामाजिक क्षेत्र..........................................................................१११**
५.१ शिक्षा..........................................................................................१११
५.२ स्वास्थ्य........................................................................................११६
५.३ ज्येष्ठ नागरिक र अपाङ्गता...................................................................१२२
५.४ महिला विकास तथा सशक्तीकरण.........................................................१२५
५.५ बालवालिका...................................................................................१२८
५.६ खेलकूद.........................................................................................१३०
५.७ भाषा, कला, साहित्य तथा संस्कृति........................................................१३३
५.८ सम्पदा संरक्षण...............................................................................१३५
५.९ गुठी व्यवस्थापन..............................................................................१३६
५.१० जनसंख्या, युवा तथा बसाइसराइ.........................................................१३८
५.११ सामाजिक क्षेत्रसम्बन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरू..........................१४१
५.१२ सामाजिक क्षेत्रका नतीजा खाका.........................................................१५०

**पाठ ६ पूर्वाधार क्षेत्र............................................................................१५७**

६.१ पूर्वाधार विकास कार्यान्वयन..............................................................१५७

६.२ सिँचाइ......................................................................................१६०

६.३ जलविद्युत तथा प्रसारण लाइन...........................................................१६३

६.४ सौर्य ऊर्जा....................................................................................१६६

६.५ अन्य नवीकरणीय ऊर्जा....................................................................२९४

६.६ यातायात पूर्वाधार विकास.................................................................१७०

६.७ यातायात व्यवस्थापन.......................................................................१७३

६.८ शहरी विकास..................................................................................१७७

६.९ खानेपानी तथा सरसफाइ....................................................................१८०

६.१० भवन, आवास तथा बस्ती विकास.......................................................१८४

६.११ विज्ञान तथा प्रविधि.........................................................................१८८

६.१२ पूर्वाधार विकाससम्बन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरू..........................१९१

६.१३ पूर्वाधार विकासका नतिजा खाका........................................................२१०

**पाठ ७ सुशासन र सुरक्षा...........................................................................२१५**

७.१ सुशासन तथा भ्रष्टाचार नियन्त्रण............................................................२१५

७.२ शान्ति सुरक्षा..................................................................................२१९

७.३ सुशासन तथा सुरक्षा क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू.......................२२२

७.४ सुशासन र सुरक्षाको नतिजा खाका........................................................१९१

**पाठ ८ अन्तरसम्बन्धित क्षेत्र........................................................................२२६**

८.१ तथ्याङ्क सुदृढीकरण..........................................................................२२७

८.२ गरिबी निवारण.................................................................................२२९

८.३ श्रम तथा रोजगारी.............................................................................२३२

८.४ वन तथा वातावरण............................................................................२३५

८.५ सूचना तथा संचार प्रविधि........................................................ २३८

८.६ विपद् जोखिम न्युनिकरण र जलवायू परिवर्तन व्यवस्थापन........................... २४१

८.७ मानव संशाधनको विकास ........................................................ २४५

८.८ आम संचार........................................................................ २४७

८.९सामाजिक समावेशिता............................................................... २४९

८.१० अन्तरसम्बन्धित क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू.......................२५३

८.११ अन्तरसम्वन्धित क्षेत्रका नतिजा खाका ............................................ २६३

**पाठ ९ कार्यान्वयन, अनुगमन तथा मूल्यांकन.......................................................२६९**

९.१ कार्यान्वयन, अनुगमन तथा मूल्यांकन ................................................ २७०

९.२ अन्तर सरकारी तहगत समन्वय र सहकार्य............................................. २७४

९.३ कार्यान्वयन, अनुगमन तथा मूल्यांकनसम्बन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरू... २७७

# तालिकाको विषयसूची


तालिका १.१ : संचालनमा रहेका औद्योगिक क्षेत्रहरू................................................ ६

तालिका २.१ आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू (आ.व. २०८०/८१ सम्म)...... २६

तालिका २.२ क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ्य उत्पादन..................................३१

तालिका २.३ सीमान्त पूँजी-उत्पादन अनुपात र कुल लगानी.......................................३३

तालिका २.४ क्षेत्रगत रूपमा लगानीका स्रोतहरूको योगदानको अनुमानित अंश................ ३४

तालिका २.५ सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी.................. ३५

तालिका २.६ प्रदेश सरकारको बजेट र खर्च व्यहोर्ने स्रोत..........................................३६


# चित्रको विषयसूची


चित्र १: भौगोलिक अवस्था........................................................................ २

चित्र २: भू -उपयोगको स्थिति.......................................................................५

चित्र ३: सहकारीको संख्या.........................................................................८

# पाठ १ : परिचय

## १.१ पृष्ठभूमि

लामो समयको प्रतिक्षापछि संविधान सभाबाट वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भएपश्चात् देश नयाँ राजनैतिक चरणमा प्रवेश गरेको छ। नेपालको संविधान अनुसार नेपाल अहिले सात प्रदेश सहितको संघीय राज्य भएको छ। नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ। २०७४ सालमा तीनै तहको चरणबद्ध निर्वाचन सम्पन्न भै तीनै तहका सरकारहरू संचालनमा आएका छन्। करीब दुई दशक लामो रिक्ततापछि स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू आएका छन्। बिल्कुलै नयाँ संरचनाको रूपमा प्रदेश सरकारहरू स्थापना भै संचालनमा रहेका छन्। नेपालको संविधानले तीनै तहको सरकारको कार्य जिम्मेवारी तोकेको छ। कतिपय क्षेत्रहरू साझा अधिकार सूचीमा रहेका छन् जसको तहगत कार्य बाँडफाँड सहित संघीय कानून बन्न बाँकी छन्।

नेपालको संविधानको धारा ५० (३) मा "सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य" हुने उल्लेख छ।

नेपालको संविधान अनुसार नेपालको पश्चिम–दक्षिण भूखण्डमा अवस्थित प्रदेश नम्वर ५ नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, रूकुम पूर्व, दाङ्ग, बाँके र बर्दिया सहित बाह्र जिल्लाको भू-भाग सम्मिलित भएर बनेको छ। पूर्वमा पाल्पाको रामपुरदेखि पश्चिममा राजापुरसम्म र उतरमा पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म यो प्रदेश फैलिएको छ। समथर जमिनदेखि ७२४६ मीटरसम्म उचाई भएको पुथा हिमालसमेत यो प्रदेशमा रहेका छन्।गौतम बुद्वको जन्मस्थल लुम्बिनी र दक्षिण एशियाकै ठूलो दाङ्ग उपत्यका यस प्रदेशमा रहेको छ। यस प्रदेशमा ४ उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी १०९ वटा स्थानीय तहहरू रहेका छन्। ती स्थानीय तहका ९८३ वडाहरू छन्।

उल्लेखित पृष्ठभूमिमा योजनाबद्ध विकास गरी समृद्ध प्रदेश बनाउन प्रदेश नं. ५ को प्रदेश सरकारको आर्थिक वर्ष २०७४/७५ को वार्षिक नीति तथा कार्यक्रममा प्रदेशको आवधिक योजना वनाउने कार्यलाई प्राथमिकता साथ उल्लेख गरिएको छ। योजना तर्जुमाको लागि चाहिने प्रदेशअन्तर्गतका आवश्यक जिल्लागत तथ्याङ्कहरू पर्याप्त रूपमा उपलब्ध छैनन्। तापनि सीमित स्रोत र साधनलाई न्यायोचित व्यवस्थापन गरी जनताका असीमित आवश्यकताहरू क्रमबद्ध रूपमा

पूरा गर्न योजनाबद्ध ढंगले अघि बढ्नुको विकल्प छैन। प्रदेश सरकारले पहिलो प्रादेशिक आवधिक योजना तर्जुमाको सिलसिलामा तयार गरेको आधारपत्रमा प्रमुख आयोजना तथा कार्यक्रमहरू एवम् नतिजा खाका थप गरी यो प्रथम आवधिक योजना तयार पारेको छ।


## १.२. भौगोलिक, आर्थिक र सामाजिक स्थितिको संक्षिप्त समीक्षा

### १.२.१ भूगोल

यस प्रदेशको कुल क्षेत्रफल २२,२८८ वर्ग किलोमिटर छ, जुन नेपालको क्षेत्रफलको १५.१ प्रतिशत हुन आउँछ। राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रबाहेक यस प्रदेशको क्षेत्रफल १७,८१० वर्ग कि.मी. रहेको छ। यस प्रदेशको १२ जिल्ला मध्ये दाङ्गको क्षेत्रफल सबैभन्दा बढी (१७.२ प्रतिशत) रहेको छ। त्यसपछिका ठूला जिल्लाहरू बाँके र रोल्पा हुन्। बाँकी अन्य जिल्लाहरूको क्षेत्रफलको हिस्सा १० प्रतिशत भन्दा कम रहेको छ।तराईको समथर भू-भागदेखि भित्री मधेस एवम् पहाडी र हिमाली भूगोल समेटेर बनेको यो प्रदेशलाई भौगोलिक आकार, प्राकृतिक स्रोतको विविधतायुक्त उपलब्धता र मानव सभ्यता एवम् संस्कृतिका दृष्टिले मिनी नेपालको रूपमा हेर्न सकिन्छ।

यस प्रदेशको ३.१ प्रतिशत भूभाग उच्च हिमाल, ९.१ प्रतिशत उच्च पहाड, ३२.२ प्रतिशत मध्यम पहाड, २७.९ प्रतिशत शिवालिक र २७.६ प्रतिशत तराई क्षेत्र रहेको छ। उचाईका आधारमा ५०० मिटर भन्दा कम उचाई भएको क्षेत्र यस प्रदेशमा ४३.३ प्रतिशत रहेको छ भने ५००-१००० मिटर उचाई भएका क्षेत्र २०.४ प्रतिशत र १०००-२००० मिटर उचाई भएका २४.१ प्रतिशत क्षेत्र रहेको छ।२०००-३००० मिटर उचाई भएको क्षेत्र ७.४ प्रतिशत, ३०००-४००० मिटर उचाई भएको क्षेत्र ३.० प्रतिशत, ४०००-५००० मिटर उचाई भएको क्षेत्र १.६ प्रतिशत र ५००० मिटर भन्दा बढी उचाई भएको क्षेत्र ०.३ प्रतिशत जति रहेको छ।

चित्र १: भौगोलिक अवस्था




## १.२.२ जनसंख्या

२०६८ को जनगणना अनुसार यस प्रदेशमा ८८४,७५७ घरपरिवार र कुल जनसंख्या ४४ लाख ९९ हजार रहेको छ। वि.स. २०५८ र २०६८ बीचमा यस प्रदेशको औसत जनसंख्या वृद्धिदर १.३७ प्रतिशत रहेको थियो जुन नेपालको औसत जनसंख्या वृद्धिदर भन्दा ०.०२ प्रतिशतले बढी रहेको थियो। रूपन्देहीमा यस प्रदेशका १९.६ प्रतिशत मानिसहरू बसोबास गर्दछन्। त्यसपछि कपिलवस्तुमा १२.८ प्रतिशत, दाङमा १२.३ प्रतिशत र बाँकेमा १०.९ प्रतिशत मानिस बसोबास गर्दछन्। बाँकी अन्य जिल्लामा १० प्रतिशत भन्दा कम मानिस बसोबास गरेका छन्। यस प्रदेशको जनघनत्व प्रति वर्ग कि.मी. २५२ जना रहेको छ जुन नेपालको औसत जनघनत्व प्रति वर्ग कि.मी. १८० जना भन्दा केही बढी हो। यस प्रदेशका कुल जनसंख्यामध्ये ५२.० प्रतिशत नगरपालिकामा र बाँकी ४८.० प्रतिशत गाँउपालिकामा बसोवास गर्दछन्।

तराई मधेशका सबै जिल्लाहरूमा जनसंख्या वृद्धिदर १ प्रतिशत भन्दा माथी छ भने कपिलवस्तु (१.७१ प्रतिशत), दाङ (१.७८ प्रतिशत), रूपन्देही (२.१७ प्रतिशत) र बाँकेमा (२.४२ प्रतिशत) जनसंख्या वृद्धिदर राष्ट्रिय औसत भन्दा धेरै बढि छ। यस प्रदेशका ७२ प्रतिशत तराई मधेशका ६ जिल्लामा र बाँकी २८ प्रतिशत जनसंख्या पहाडी ६ जिल्लामा रहेको छन्। यो

प्रदेशको जनसंख्याको उमेर बनावटको विश्लेषण गर्दा सक्रिय जनसंख्या (१५–५९ वर्ष) को प्रतिशत ५५.८ प्रतिशत रहेको छ भने बालबालिका (०–१४ वर्ष) को ३६.३ प्रतिशत, ज्येष्ठ नागरिक (६० वर्ष माथिको जनसंख्या) को जनसंख्या ७.९ प्रतिशत रहेको छ।


यस प्रदेशको लैङ्गिक अनुपात ९०.७ रहेको छ। जुन नेपालको औसत लैङ्गिक अनुपात ९४.२ भन्दा कम रहेको छ। जिल्लागत रूपमा यस प्रदेशका पहाडी जिल्लाहरू गुल्मी (७६.०), अर्घाखाँची (७७.५), प्युठान (७८.१) र पाल्पा (७९.७) जिल्लामा लैङ्गिक अनुपात असन्तुलित अवस्थामा रहेको छ। पहाडी जिल्लाको तुलनामा तराईका जिल्लाहरू कपिलवस्तु (९९.७), रूपन्देही (९६.५), बाँके (९८.९) मा लैङ्गिक अनुपात सन्तोषजनक नै रहेको छ। बच्चा जन्मिदाको लैङ्गिक अनुपात (लिङ्ग पहिचान गरी बालक जन्माउने प्रवृत्ति) अर्घाखाँची (१२६.६) देशभरमै पहिलो स्थानमा रहेको छ भने देशभरका बीसौं स्थानका जिल्लामध्ये यस प्रदेशमा ७ वटा जिल्लाहरू पर्दछन् जसमा पाल्पा (११४.१), रूपन्देही (११३), गुल्मी (१११), बांके (१०८.९), नवलपरासी (१०८.२) र कपिलवस्तु (१०७.९) रहेका छन्। यस प्रदेशमा सबै भन्दा बढी प्रतिशत जनसंख्या विदेश हुने जिल्ला गुल्मी (२१ प्रतिशत) हो। यसै गरी अत्याधिक जनसंख्या विदेश हुनेहरूमा अर्घाखाँची (२० प्रतिशत), प्युठान (१६ प्रतिशत), पाल्पा (१५ प्रतिशत) र रोल्पा (११ प्रतिशत) रहेका छन्।

## १.२.३ भूमिको उपयोग

यस प्रदेशमा ६५५.८२ हजार हेक्टर (२९ प्रतिशत) कृषि भूमि रहेको छ। वन क्षेत्रले १००८.७ हजार हेक्टर क्षेत्र (४५ प्रतिशत) ओगटेको छ।साथै, बुट्यान ११८.८ हजार हेक्टर (५ प्रतिशत) भूभागमा रहेको छ भने १३.६ हजार हेक्टर जल क्षेत्र रहेको छ। बाँझो जग्गा १०७.६ हजार हेक्टर रहेको छ जसले कुल भूभागको ५ प्रतिशत ओगटेको छ।आवासले १४ प्रतिशत भूमि ओगटेको छ।

यस प्रदेशमा एक कृषक परिवारसंग औसतमा ०.७ हेक्टर (१.०३ विघा) जग्गा रहेको देखिन्छ। ७६.५ प्रतिशत कृषक परिवारसंग १ हेक्टरभन्दा कम जग्गा रहेको छ। तिनीहरूसंग कुल जग्गाको ५५ प्रतिशत रहेको छ। जग्गाको आकार व्यावसायिक कृषि गर्न पुग्नेगरी छैन।

चित्र २: भू -उपयोगको स्थिति




## १.२.४ आर्थिक क्षेत्रको स्थिति

### कृषि

यस प्रदेशमा प्रमुख खाद्यान्न बालीको रूपमा धान, मकै, गँहु, कोदो, फापर र जौं उत्पादन हुने गर्दछ।समग्रमा खाद्यान्न बचत हुने प्रदेशको रूपमा रहेपनि खाद्यान्नको पहुँच समान छैन। यस प्रदेशमा आर्थिक वर्ष २०७३/७४ मा करीब ११३५.३ हजार मे. टन धान उत्पादन भएको थियो। धान उत्पादकत्वको हिसाबले राष्ट्रिय औसत (३.३७ मे.टन प्रति हेक्टर) भन्दा बढी रहे पनि प्रदेशहरूको तुलना गर्दा तेस्रो स्थानमा रहेको छ। यस प्रदेशको धानको औसत उत्पादकत्व करीब ३.४६ मे.टनप्रति हेक्टर रहेको छ।

आर्थिक वर्ष २०७३/७४ मा करीब ३०८.० हजार मे. टन मकै उत्पादन भएको थियो। यस प्रदेशको मकैको औसत उत्पादकत्व करीब २.३ मे.टनप्रति हेक्टर रहेको छ जुन राष्ट्रिय औसत (२.५ मे.टन) भन्दा केही कम रहेको छ। त्यसैगरी गहूँ उत्पादन पनि यस प्रदेशका सबै जिल्लामा हुने गर्दछ। राष्ट्रिय रूपमा गहूँ उत्पादनमा यो प्रदेशको स्थान दोस्रो रहेको छ। आर्थिक वर्ष २०७३/७४ मा करीब ४५७.३ हजार मे.टन गहूँ उत्पादन भएको थियो। गहूँ उत्पादनको उत्पादकत्वको हिसाबले यस प्रदेशको उत्पादकत्व २.९६ मे.टनप्रति हेक्टर रहेको छ जुन राष्ट्रिय औसत (२.५ मे. टन) भन्दा बढी हो। यस प्रदेशका सबै जिल्लामा तेलहन र दलहन बालीको उत्पादन हुन्छ।आर्थिक वर्ष २०७३/७४ मा यस प्रदेशमा करीब ५४.३५ हजार मे.टन तेलहन र ११८.५३ हजार मे.टन दलहन उत्पादन भएको थियो।

बिगतदेखि नै कफी खेतीका लागि राष्ट्रिय रूपमा प्रख्यात जिल्ला गुल्मी यसै प्रदेशमा पर्छ। गुल्मीका अतिरिक्त अर्घाखाँची, पाल्पा र प्यूठानमा पनि कफी उत्पादन हुने गरेको छ। आर्थिक वर्ष २०७३/७४ मा यस प्रदेशमा ९४ मे.टन कफी र १२७ मे.टन कपास उत्पादन भएको थियो भने दूध उत्पादन ३१५ हजार किलो लिटर (६४ लिटर/व्यक्ति/वर्ष), मासु ५९ हजार मे.टन (१२ के.जी/व्यक्ति/वर्ष) र अण्डा १४९६ लाख गोटा (३१ गोटा/व्यक्ति/वर्ष) पुग्न सकेको छ। यस प्रदेशमा करीब २४३७ हेक्टर जलाशय क्षेत्रफल ओगट्ने १०८०९ वटा पोखरी रहेका छन्। आर्थिक वर्ष २०७३/७४ मा यस प्रदेशमा ११५५० मे.टन माछा उत्पादन भएको थियो।

## उद्योग

औद्योगिक गणना २०६८ अनुसार यस प्रदेशमा १० जना भन्दा बढीलाई रोजगारी दिएका करीब ९०० जति उद्योग रहेका छन्। संख्यात्मक रूपमा उद्योगसंख्याका हिसावले यो प्रदेश दोस्रोमा पर्दछ। जिल्लागत हिसावले रूपन्देही जिल्लामा ठूला उद्योग धेरै संख्यामा रहेका छन्। रूपन्देही पछि क्रमशः बाँके, कपिलवस्तु, दाङ्ग, बर्दिया, नवलपरासी, र पाल्पामा उद्योगहरू रहेका छन्। यस प्रदेशमा करीब ४५ हजार मानिस ठूला उद्योग संचालनमा संलग्न रहेका छन्। यस प्रदेशमा एक दर्जन भन्दा बढी सिमेन्ट उद्योगहरू रहेका छन्। यस प्रदेशमा करीब ४२८७४ वटा घरेलु तथा साना उद्योग रहेका छन्।

यस प्रदेशको नेपालगन्जमा संचालनमा रहेको ११.९ हेक्टर (२३३.९ रोपनी) क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रमा २८ वटा उद्योग संचालनमा, २ वटा निर्माणाधीन र ३ वटा उद्योग बन्द रहेको अवस्था छ। त्यस्तै, २२.१ हेक्टर (४३४ रोपनी) क्षेत्रफल रहेको बुटवल औद्योगिक क्षेत्रमा ६४ वटा उद्योग संचालनमा र ३ वटा बन्द रहेको अवस्था छ। रूपन्देहीको मोतिपुर र बाँकेको नौवस्तामा नयाँ औद्योगिक क्षेत्र निर्माणाधीन अवस्थामा रहेको छ।

**तालिका १.१ : संचालनमा रहेका औद्योगिक क्षेत्रहरू**

| औद्योगिक क्षेत्र | स्थापना भएको वर्ष | क्षेत्रफल (हेक्टर) | संचालनमा रहेका उद्योगहरू | रोजगारी संख्या |
|---|---|---|---|---|
| बुटवल | सन् १९७६ | २२.१ | ६४ | १६१७ |
| नेपालगन्ज | सन् १९७३ | ११.९ | ३० | ९९४ |

२०७५ सालको जेष्ठ महिनामा केन्द्रीय तथ्याङ्क विभागले गरेको राष्ट्रिय आर्थिक गणनाको प्रारम्भिक प्रतिवेदन अनुसार यस प्रदेशमा १४७,८९२ वटा व्यावसायिक प्रतिष्ठान संचालनमा रहेका छन् जसमा ५२७,९६० जना संलग्न रहेका छन्। व्यावसायिक प्रतिष्ठानहरूको संख्यात्मक रूपमा प्रदेश १ (१६८,४३४) र प्रदेश ३ (२८२,०५६) पछि यो प्रदेश तेस्रो स्थानमा रहेको छ। सबैभन्दा बढी रूपन्देहीमा १३,६०७ वटा व्यावसायिक प्रतिष्ठानहरू रहेका छन् जुन यस

प्रदेशको २६ प्रतिशत हुन आउँछ। त्यसपछि बाँकेमा १८,६९८ वटा व्यावसायिक प्रतिष्ठान संचालनमा छन्।

यस प्रदेशको तराई र पहाडी जिल्लाहरूमा विभिन्न किसिमका प्राकृतिक सम्पदाको रूपमा खानी तथा खनिजजन्य पदार्थ रहेका छन् जसको पूर्ण उत्खनन र प्रयोग हुन सकेको छैन। यस प्रदेशमा चूनढुंगा, कोइला, फलाम, सुन, तामा, स्लेट, जिंक, रोडाढुंगा उपलब्ध छन्। दाङमा आधा दर्जन जति कोइला उद्योग संचालनमा छन्। यहाँ चूनढुंगा उपयोग गरेर सिमेण्ट उद्योग खुल्ने क्रम बढेको छ। आर्थिक वर्ष २०७४/७५ सम्ममा उत्खनन कार्यका लागि ३३ वटा लाइसेन्स जारी भएका छन् भने ८६ व्यक्ति तथा संस्थाहरूले विभिन्न खानीहरूको खोजतलास कार्यका लागि लाइसेन्स लिएका छन्।

## पर्यटन

यस प्रदेशमा खासगरी धार्मिक पर्यटकहरू बढी आउने गर्दछन्। वाह्य पर्यटकका लागि गौतम बुद्धको जन्मस्थल लुम्बिनी मुख्य आकर्षणको रूपमा रहेको छ। साथै, मानसरोवर यात्राको लागि जाने भारतीय पर्यटकहरूको लागि नेपालगन्ज आधार स्थानको रूपमा रहेको छ। सन् २०१८ मा लुम्बिनीमा आन्तरिक र बाह्य गरी १५ लाख ३२ हजार १३४ पर्यटकहरूले भ्रमण गरेका थिए। पर्यटकको वृद्धिसँगै रूपन्देही र बाँकेमा स्तरीय होटलहरू विस्तार भइरहेका छन्। नेपाल राष्ट्र बैंकको २०७५ असारको आर्थिक गतिविधि अध्ययनका अनुसार २०७५ असारसम्म रूपन्देहीमा ५३ वटा पर्यटक स्तरीय होटल तथा लजहरू रहेका छन् जसमा १९२१ वटा वेडहरू रहेका छन्। त्यस्तै, पाल्पामा ६४ वेड भएको एक वटा होटल, बाँकेमा ४७ वटा (२४०० वेड), बर्दियामा १७ वटा (२३० बेड) र दाङमा १६५ वटा (२२२४ बेड) पर्यटक स्तरीय होटल तथा लजहरू रहेका छन्।

## श्रम तथा रोजगारी

नेपाल श्रम सर्वेक्षण २०१७/१८ का अनुसार यस प्रदेशमा ३४ लाख ३७ हजार मानिसहरू काम गर्ने उमेरसमूहका छन् र एक लाख ४४ हजार वेरोजगार छन्। यस प्रदेशको वेरोजगारीको दर ११.२ प्रतिशत रहेको छ जसमध्ये शहरी क्षेत्रमा १२.० प्रतिशत र ग्रामीण क्षेत्रमा १०.१ प्रतिशत वेरोजगारीको दर रहेको छ। त्यस्तै, महिलाहरूको वेरोजगारी दर ११.९ प्रतिशत पाइएको छ भने पुरूषहरूको वेरोजगारी दर १०.८ प्रतिशत छ।

श्रमशक्ति सहभागिता दर ३७.३ प्रतिशत रहेको छ जुन शहरी क्षेत्रमा ४१.५ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.४ प्रतिशत रहेको छ। लैंगिक हिसाबले हेर्दा पुरूषहरूको श्रमशक्ति सहभागिता दर ५२.६ प्रतिशत छ भने महिलाहरूको २५.७ प्रतिशत रहेको छ। यस प्रदेशमा रोजगार भएका ११ लाख ३९ हजार मध्ये ६४.० प्रतिशत अनौपचारिक क्षेत्रमा रोजगार रहेका छन्। साथै, २

लाख ५७ हजार युवाहरू (१५-२४ वर्ष) न त शिक्षा लिइरहेका छन् न त रोजगारी गरिरहेका छन्।


पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारीमा जाने संख्या घट्दै गएको देखिन्छ। आर्थिक वर्ष २०७१/७२ मा यस प्रदेशबाट ७४०५९ जनालाई संस्थागत श्रम स्वीकृति दिइएकोमा आर्थिक वर्ष २०७२/७३ मा ६२०९४ र २०७३/७४ मा ५७३३७ लाई मात्र श्रम स्वीकृति दिइएको देखिन्छ।

## १.२.५ संस्थागत उपस्थिति

### सहकारी

२०७४ असार मसान्तसम्म यस प्रदेशमा ४०४३ वटा सहकारी संचालनमा छन्। सबैभन्दा बढी रूपन्देहीमा ७७९ र दोस्रोमा दाङमा ६२७ सहकारी संचालनमा छन्।सबैभन्दा कम रूकुम पूर्वमा ४४ सहकारीमात्रै संचालनमा छन्। विषयगत रूपमा हेर्दा सबै सहकारीमध्ये सबैभन्दा धेरै कृषि सहकारी संस्था अर्थात १७४१ (४३.१ प्रतिशत) छन् भने दोस्रो स्थानमा बचत तथा ऋण सहकारीको संख्या १३०१ (३२.२ प्रतिशत) रहेको छ। बहुउद्देश्यीय सहकारी संस्थाको संख्या ४८१ रहेको छ। यस प्रदेशमा सहकारीका सदस्य ९,६७,२२३ जना रहेको र सहकारी क्षेत्रबाट ६१६२ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। साथै सहकारी क्षेत्रमा रू. ६०२ करोड शेयर पूँजी, रू.२६अर्व ४३ करोड निक्षेप र रू. ३० अर्व ७० करोड कर्जा लगानी भएको देखिन्छ।

**चित्र ३: सहकारीको संख्या**



### वित्तीय क्षेत्र

२०७५ फागुन महिनासम्ममा यस प्रदेशमा वाणिज्य बैंकहरूका ४८६ वटा शाखा, विकास बैंकका ३०९ वटा शाखा र वित्त कम्पनीहरूको २९ वटा शाखा गरी ८२४ वटा शाखा संचालनमा छन्। औसतमा यस प्रदेशमा बैक तथा वित्तीय संस्थाहरूको एक शाखाले ६०२६ जनालाई बैकिङ्ग सेवा पुर्‍याएको स्थिति छ जुन राष्ट्रिय औसत (६२१३) भन्दा राम्रो हो। रूपन्देहीमा बैंक तथा वित्तीय संस्थाहरूको एक शाखाले ३७८६ जनालाई वित्तीय सेवा पुर्‍याएको छ भने रोल्पामा सबैभन्दा बढी १५६७४ जनालाई वित्तीय सेवा पुर्‍याउनु परेको स्थिति छ। यस प्रदेशका १०९ वटै स्थानीय तहहरूमा वाणिज्य बैंकका शाखा पुगेका छन्। यस प्रदेशमा केन्द्रीय कार्यालय भएका ८ वटा विकास बैंक छन्। त्यस्तै, ९ वटा लघुवित्त वित्तीय संस्थाहरूको केन्द्रीय कार्यालय यस प्रदेशमा रहेको छ।

## १.२.६ भौतिक पूर्वाधार

### सडक तथा यातायात पूर्वाधार

सडक विभागबाट प्रकाशित सडक तथ्याङ्क (SSRN 2015/16) तथा यस प्रदेश अन्तर्गतका जिल्लाहरूले यसअघि तयार गरेको जिल्ला यातायात गुरूयोजनाहरू (District Transport Masterplan-DTMPs) को आँकडा अनुसार यस प्रदेश भित्र करिव ११२३३ कि.मि. सडक रहेको छ। जसमध्ये ९१३ कि.मि. (८%) राजमार्ग, १७६१ कि.मि. (१६%) सहायक राजमार्ग, ३९६१ कि.मि. (३५%) मुख्य जिल्ला सडक (District Core Road Network-DCRN) र ४५९८ कि.मि. (४१%) मुख्य ग्रामीण सडक (Village Core Road Network-VCRN) रहेको छ। माथि उल्लेखित तथ्याङ्कमध्ये १९३८ कि.मि. कालोपत्रे (१७%), ३५७७ कि.मि. ग्राभेल (३२%) र ५७१८ कि.मि. कच्ची (५१%) सडकहरू छन्। माथि उल्लेखित तथ्याङ्कमा स-साना शहरी सडक तथा स्थानीय तह भित्रका स-साना ग्रामीण सडकहरूको तथ्याङ्क समावेश गरिएको छैन। कुल २६७४ कि.मि. राजमार्ग र सहायक राजमार्गमध्ये १४१६ कि.मि. (५३%) पक्की सडक छ भने कुल ८५५९ कि.मि. स्थानीय सडक (मुख्य जिल्ला सडक र मुख्य ग्रामीण सडक) मध्ये ५२२ कि.मि. (६%) कालोपत्रे, ३१२५ कि.मि. (३७%) ग्राभेल र ४९१२ कि.मि. (५७%) कच्ची सडक रहेका छन्।

हवाई यातायातको विकासको सन्दर्भमा यस प्रदेशको भैरहवा र नेपालगन्जमा विमानस्थल रहेका छन्। भैरहवास्थित गौतम बुद्ध विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरको बनाउने काम भैरहेको छ। नेपालगन्ज विमानस्थलमा पनि हवाई चाप बढेको छ। कर्णाली प्रदेशका विभिन्न जिल्लामा जाने मुख्य केन्द्रको रूपमा नेपालगन्ज विमानस्थल रहने गरेको छ। खासगरी, मानसरोवर यात्राको लागि नेपालगन्ज प्रमुख केन्द्रको रूपमा रहेको छ।दाङ्को तुलसीपुरमा रहेको विमानस्थल पनि पछिल्लो समय पुनः संचालनमा आएको छ। गुल्मीको सिमीचौरमा निर्माणाधीन विमानस्थलको

हालै परीक्षण उडान भएको भएपनि व्यवसायिक उडान शुरू भैसकेको छैन। त्यसैगरी रोल्पाको सुलिचौरमा विगतमा संचालनमा रहेको विमानस्थल पछिल्ला वर्षहरूमा संचालन हुन सकेको छैन।

## जलविद्युत

यो प्रदेशको नवलपरासीमा १५ मे.वा., प्यूठानमा १२ मे.वा. पाल्पामा १.७५ मे.वा., गुल्मीमा ७.४ मे.वा लगायत अन्य केही आयोजना समेतगरी ३६.४५ मे.वा. जलविद्युत उत्पादन भएको छ। साथै, पाल्पामा १.७ मे.वा., गुल्मीमा १.७५ मे.वा., रोल्पामा ०.९६ मे.वा. र रूकुममा ५ मे.वा. गरी १५.९९ मे.वा निर्माणाधीन अवस्थामा रहेको छ। करीब ११३.९३ मे. वा. क्षमताका ९ वटा आयोजनाले सर्वेक्षणको लागि अनुमति प्राप्त गरेका छन्।यस प्रदेशमा करीब ३००० मे.वा. जलविद्युत उत्पादन गर्न सकिने प्रारम्भिक अनुमान रहेको छ।नेपाल सरकारको बास्केटमा गुल्मीमा ४ वटा, अर्घाखाँचीमा एउटा र रोल्पामा ७ वटा गरी एक दर्जन साना आयोजनाहरूबाट ५१ मे.वा. जति जलविद्युत उत्पादन गर्न सकिने अनुमान छ।

२०६८ को जनगणना अनुसार यस प्रदेशका ६६.० प्रतिशत घरपरिवारमा मात्र बिजुली बत्ती पुगेको छ। आर्थिक सर्वेक्षण २०७५/७६ का अनुसार २०७५ सालको फाल्गुनसम्म प्रदेशका ८१.०३% जनतामा बिजुलीको न्यूनतम सुविधा पुगेको देखिन्छ। विद्युत सेवा पुगेको ठाँउमा पनि नियमित ढंगले विद्युत प्रवाह नभएको र भोल्टेजको उतारचढाव हुने गरेको छ। लामो अन्तरालपछि नेपाल लोडसेडिङ मुक्त त भएको छ तर नियमित र स्तरीय विद्युत आपूर्ति हुन सकेको छैन।

खाना पकाउने इन्धनको मुख्य स्रोतमा काठ दाउराको बाहुल्यता रहेको छ।यस प्रदेशमा ७१ प्रतिशत घरपरिवारले खाना पकाउन काठदाउराको प्रयोग गर्दछन् जुन राष्ट्रिय औसत ६४.० प्रतिशत भन्दा बढी हो। एलपि ग्यासको प्रयोग बढ्दो क्रममा छ भने खाना पकाउन बिजुली प्रयोग गर्ने घरपरिवार नगन्य छन्।

## सिंचाइ

यस प्रदेशमा करीब ५१ प्रतिशत कृषियोग्य भूमिमा मात्र सिंचाइ सुविधा पुगेको छ। ठूला सिंचाइ आयोजनाको रूपमा बर्दिया जिल्लामा ३६,००० हेक्टर सिंचाइ पुऱ्याउने उद्देश्यले बबई सिंचाइ आयोजना निर्माणको चरणमा छ। त्यस्तै, दाङ्ग जिल्लाको देउखुरी उपत्यकाको ५,८०० हेक्टरमा सिंचाइ विस्तार गर्न प्रगन्ना तथा बड्कापथ सिंचाइ आयोजना, बाँकेको ४२,७६६ हेक्टर क्षेत्रमा सिंचाइ पुऱ्याउन सिक्टा सिंचाइ आयोजनाका साथै बाँके र बर्दियामा गरी ६०,००० हेक्टर सिंचाइ सुविधा उपलब्ध गराउन भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माणको चरणमा रहेको छ। यस प्रदेशमा साना ठूला गरी कुल ५४१ वटा सिंचाइ प्रणालीमार्फत ३१६ हजार हेक्टर भूमिमा सिंचाइ सुविधा उपलव्ध छ।

## खानेपानी तथा सरसफाइ

वि.सं. २०६८ सालको जनगणना अनुसार नवलपरासी, रूपन्देही, कपिलबस्तु, गुल्मी, बाँके र बर्दियामा ९० प्रतिशतभन्दा बढी घरधुरीमा खानेपानी सुविधा उपलब्ध भएको देखिन्छ। सबैभन्दा कम दाङ्गमा ६८.४ प्रतिशत घरधुरीमा, रूकुममा ७४.३ प्रतिशत र रोल्पामा ७७.८ प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुगेको देखिन्छ। खानेपानी तथा ढलनिकास विभागका अनुसार २०७५ असोजसम्म यस प्रदेशका ८९.८३ प्रतिशत घरधुरीमा आधारभूत खानेपानी पुगेको छ तर भरपर्दो र गुणस्तरीय खानेपानी सेवाको उपलब्धता भने कमजोर नै रहेको छ। तराईका जिल्लामा आर्सेनिकको समस्या छ भने पहाडी जिल्लामा पानीका मुहानहरू सुक्दै गएका छन्।

यस प्रदेशमा साझेदारी शौचालय समेतलाई गणना गर्दा ९९.४२% घरधुरीमा शौचालय पुगेको तथ्याङ्क छ भने साबुनपानीको सुविधा भएका घरधुरी भने ४२.३ प्रतिशत मात्रै छन्। यस प्रदेशको कपिलवस्तु मात्र खुला दिसा मुक्त जिल्ला घोषणा हुन बाँकी छ। सार्वजनिक सेवाप्रवाह गरिने कार्यालयहरू, नगरक्षेत्र तथा सडकका बस बिसौनीमा सार्वजनिक शौचालयको उपलब्धता तथा गुणस्तर धेरै न्यून रहेको छ।

## आवासको स्थिति

राष्ट्रिय जनगणना २०६८ का अनुसार यस प्रदेशका कुल ८८४,७५७ घरपरिवारमध्ये संस्थागत घटाउँदा घरपरिवारको संख्या ८८०,६९७ हुन्छ। तीमध्ये ८ प्रतिशत घरपरिवार भाडामा बस्छन् भने ९०.७ प्रतिशतको निजी घर रहेको छ। राष्ट्रिय स्तरमा त्यस्तो अंश क्रमशः १२.८ प्रतिशत र ८५.३ प्रतिशत रहेको छ। रूपन्देहीमा सबैभन्दा बढी १४.८ प्रतिशत घरपरिवार भाडाको घरमा बस्छन् भने पाल्पामा ११.० प्रतिशत, बाँकेमा १०.५ प्रतिशत, दाङ्गमा ९.२ प्रतिशत घरपरिवारहरू भाडामा बस्ने गर्छन्। माटोले जडान गरेको जग भएको घरको हिस्सा राष्ट्रिय औसत ४४.२ प्रतिशतभन्दा यस प्रदेशमा केही बढी ५४.६ प्रतिशत रहेको छ। यस प्रदेशमा ४९.२ प्रतिशत (४३५२०० वटा) घर माटोले जडान गरेको गाह्रो भएका घर र २३.२ प्रतिशत घर फुस तथा खरका छाना भएका छन् दुवै राष्ट्रिय औसत भन्दा बढी हो।

## संचार

नेपालमा टेलिफोनको घनत्व १३४ प्रतिशत पुगेको छ। यस प्रदेशमा मोवाइल टेलिफोनको पहुँच विस्तार भए पनि अझै केही ठाउँहरू जस्तै बाँके र दाङ्गका सीमाबर्ती क्षेत्र र रोल्पा र रूकुम पूर्वका दुर्गम ठाउँहरूमा उक्त सेवा पुग्न सकेको छैन। राष्ट्रिय जनगणना २०६८ का अनुसार यस प्रदेशमा ४९.२ प्रतिशत घरपरिवारमा रेडियो, ३०.४ प्रतिशत घरपरिवारमा टेलिभिजन, ६५.८ प्रतिशत घरपरिवारमा मोवाइल फोन, ४.४ प्रतिशत घरपरिवारमा टेलिफोन र १.३ प्रतिशत

घरपरिवारमा इन्टरनेट सुविधा पुगेको देखिन्छ। नेपालमा २०७५ असार मसान्तसम्म ५१.१ प्रतिशत जनसंख्यामा इन्टरनेट सुविधा पुगेको छ।

## १.२.७ सामाजिक क्षेत्र स्थिति

### शिक्षा

यस प्रदेशको समग्र साक्षरता दर ६६.४ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत ६५.९ प्रतिशत भन्दा सीमान्त रूपले मात्र बढी छ। यहाँ ७५.५ प्रतिशत पुरूष र ५८.३ प्रतिशत महिला साक्षर रहेका छन्। प्रदेशका १२ मध्ये बाँके र कपिलवस्तु बाहेक अन्य दश जिल्ला साक्षर घोषणा भएका छन्।

यस प्रदेशमा ४६२९ सामुदायिक विद्यालय, ११३५ संस्थागत विद्यालय र ३०१ मदरसा रहेका छन्। कक्षा १ देखि ५ सम्म ७ लाख जति विद्यार्थी रहेका छन् भने कक्षा ६ देखि ८ सम्म ३२७,८५३, कक्षा ९ र १० मा १६०, ८०७ र कक्षा ११- १२ मा ७१,८८९ रहेका छन्। यहाँ ७८.१ प्रतिशत बालबालिका सामुदायिक विद्यालयमा भर्ना हुने गरेका छन् जबकि समग्र नेपालको औसत ८१.५ प्रतिशत रहेको छ।

यस प्रदेशको कक्षा १ देखि ५ सम्मको खुद भर्ना दर ९७.७ प्रतिशत, कक्षा ६ देखि ८ को ८४.७ प्रतिशत र माध्यमिक तह (९-१२) को जम्मा ४०.५ प्रतिशत रहेको छ। यसप्रदेशको कक्षा १-५ सम्मको कक्षा दोहोऱ्याउने दर ८.७ प्रतिशत छ। कक्षा १-५ सम्म तुलनात्मक रूपमा छात्राभन्दा छात्रको दोहोऱ्याउने दर बढी रहेको छ। कक्षा ६-८ सम्मको कक्षा दोहोऱ्याउने दर यस प्रदेशको ४.० प्रतिशत र कक्षा ९-१० मा कक्षा दोहोऱ्याउने दर ३.१ प्रतिशत छ।

कक्षा १-५ सम्म यस प्रदेशको कक्षा छाड्ने दर ३.८ प्रतिशत रहेको छ। कक्षा ६-८ मा कक्षा छाड्ने दर बढेर ४.३ प्रतिशत पुग्ने गरेको छ। कक्षा ९-१० मा जादाँ कक्षा छाड्ने दर थप बढेर ४.९ प्रतिशत पुग्ने गरेको देखिन्छ। यो तहमा आएपछि छात्र भन्दा छात्राको कक्षा छाड्ने दर बढी रहेको छ। यस प्रदेशमा कक्षा १-५ र कक्षा ६-८ सम्म कुल भर्ना दरमा लैङ्गिक अनुपात १ भन्दा बढी छ। तर लैङ्गिक अनुपात कक्षा ९-१० मा ०.९८ र कक्षा ११-१२ मा थप घटेर ०.९२ रहेको छ।

यस प्रदेशका करीब ९२.२ प्रतिशत विद्यालयमा शौचालय सुविधा उपलब्ध छ। यस प्रदेशका सामुदायिक विद्यालयका १३,५३१ वटा भवनमध्ये ३,९४९ वटा (२९.२ प्रतिशत) भवन कमजोर अवस्थामा रहेका छन्। ९,०५६ वटा थप कक्षा कोठा आवश्यक रहेका छन् भने ९,४९१ वटा पुराना कोठा मर्मत गर्न सकिने अवस्थामा छन्।

यस प्रदेशका ९३.४ प्रतिशत सामुदायिक विद्यालयमा पानी उपलब्ध रहेको छ। जम्मा १४.० प्रतिशत (६३० वटा) सामुदायिक विद्यालयमामात्र इन्टरनेट सुविधा उपलब्ध छ भने ३४.२ प्रतिशत (१५३७ वटा) मा बिजुली उपलब्ध रहेको छ।कम्प्यूटर सुविधा भएका सामुदायिक विद्यालय जम्मा १६.६ प्रतिशत रहेका छन्।

समग्रमा सामुदायिक विद्यालयको गुणस्तरमा सुधार हुन सकेको छैन। यसले गर्दा निजी क्षेत्रले चलाएका संस्थागत विद्यालयतर्फ विद्यार्थीको आकर्षण रहेको छ। सामुदायिक विद्यालयको विद्यार्थी सिकाइ उपलब्धि न्यून तथा विद्यालय छाड्ने दर उच्च रहेको छ।

यस प्रदेशमा त्रिभुवन विश्वविद्यालयका ७, नेपाल संस्कृत विश्वविद्यालयका ४, लुम्बिनी बौद्ध विश्वविद्यालयका १ गरी १२ वटा आंगिक क्याम्पसहरू छन्। साथै, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ८४ सामुदायिक क्याम्पसहरू छन्। मध्य पश्चिम विश्वविद्यालय विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्न लागेका ४ सामुदायिक क्याम्पसहरू रहेका छन्। ४ वटा मेडिकल कलेजहरू संचालनमा छन् भने २ वटा मेडिकल कलेजहरू निर्माणको क्रममा छन्। यस प्रदेशमा समग्रमा आंगिक, सामुदायिक र निजी गरेर त्रिभुवन विश्वविद्यालयका १७२ वटा, नेपाल संस्कृत विश्वविद्यालयका ६ वटा, काठमाण्डौ विश्वविद्यालयका २ वटा, पूर्वाञ्चल विश्वविद्यालयका ४ वटा, पोखरा विश्वविद्यालयका १२ वटा, लुम्बिनी बौद्ध विश्वविद्यालयका १ वटा गरी १९७ वटा क्याम्पसहरू रहेका छन्। कतिपय क्याम्पसहरूमा विद्यार्थी संख्या न्यून रहेका छन्। यस प्रदेशमा १६० वटा प्राविधिक शिक्षा दिने संस्था संचालनमा छन् जसले करिब एघार हजार जनालाई तालिम प्रदान गर्ने क्षमता राख्दछन्। सामुदायिक विद्यालयमा पनि प्राविधिक शिक्षा उपलब्ध गराउन थालिएको छ। प्राविधिक शिक्षाको पहुँच विस्तार भए पनि यसको गुणस्तर कमजोर रहेको छ। निजी क्षेत्रबाट संचालित प्राविधिक शिक्षा महँगो रहेकाले सर्वसाधारण विद्यार्थीको पहुँच कठिन रहेको स्थिति छ।

## स्वास्थ्य

मानव विकास प्रतिवेदन २०१४ मा उल्लेख भए अनुसार सबै जिल्लाको जन्मदाको अपेक्षित आयु राष्ट्रिय औसत ६८.८ वर्ष भन्दा कम रहेको छ। यस प्रदेशको औसत शिशु मृत्युदर (एक वर्षभन्दा कम उमेर) ३० प्रति हजार र ५ वर्ष भन्दा कम उमेरको बाल मृत्यु दर ४५ प्रति हजार रहेको छ। स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलाहरूको प्रतिशत ७५.२ पाइएको छ जुन सात प्रदेशमध्ये तेस्रो कम दर हो।

यस प्रदेशमा १८ वटा अस्पताल, ३० वटा प्राथमिक स्वास्थ्य केन्द्र, ५७२ वटा स्वास्थ्य चौकी, ६१ वटा शहरी स्वास्थ्य केन्द्र, ६६ वटा सामुदायिक स्वास्थ्य इकाइ र १६५ वटा गैरसरकारी स्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था छन्।साथै १२ वटा आयूर्वेद स्वास्थ्य केन्द्र र

३६३ वटा बर्थिङ सेन्टर संचालनमा रहेका छन्। रूकुम पूर्वमा अस्पताल स्थापनाको लागि दरबन्दी प्राप्त भइसकेको छ।

स्वास्थ्यको गुणात्मक पक्षतर्फ हेर्दा यहाँ कुपोषणको स्थिति, मलेरिया, एचआइभी, क्षयरोग र कुष्ठरोगको संक्रमणको संख्या ठूलै रहेको छ।करीब ७२ प्रतिशत विरामी नसर्ने रोगबाट पीडित रहेका छन्। करीब १३ प्रतिशत बच्चाहरू कम तौलका जन्मने गरेका छन्। यस प्रदेशको कुल प्रजनन दर २.४ रहेको छ जुन राष्ट्रिय औसतभन्दा सीमान्त रूपले बढी हो। परिवार नियोजनको साधन प्रयोग गर्ने विवाहित महिलाको हिस्सा भने यस प्रदेशमा ४८ प्रतिशत रहेको छ जव कि राष्ट्रिय औसत ५२.६ प्रतिशत रहेको छ।

## लैङ्गिक समानता र महिला सशक्तीकरण

जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार यस प्रदेशमा १५ देखि ४९ वर्षका ५२ प्रतिशत महिलाले मात्र आफ्नो कमाई आफैले खर्च गर्ने निर्णय गर्न सक्छन्। ७५ प्रतिशत महिलाको आम्दानी श्रीमानको भन्दा कम रहेको छ। उक्त उमेर समूहका महिलामध्ये ५.६ प्रतिशतसंग  आफ्नै स्वामित्वमा घर छ भने ९.४ प्रतिशतसंग जग्गाको स्वामित्व रहेको छ राष्ट्रिय स्तरमा त्यस्तो  प्रतिशत क्रमशः ६.७ प्रतिशत र १० प्रतिशत रहेको छ। राष्ट्रिय स्तरमा ४०.५ प्रतिशत महिलाको बैंक तथा वित्तीय संस्थामा आफ्नो खाता रहेकोमा यस प्रदेशमा त्यस्तो प्रतिशत ३८.७ प्रतिशत रहेको छ। त्यस्तै, राष्ट्रिय स्तरमा ७२.६ प्रतिशत महिलासंग आफ्नै मोबाइल फोन रहेको तुलनामा यस प्रदेशमा ६९.७ प्रतिशत महिलासँग मात्र आफ्नै मोबाइल फोन रहेको छ। स्वास्थ्य उपचार, घरायसी किनवेच र आफन्तसंग भेटघाटसम्बन्धी निर्णय गर्न सक्ने महिलाको हिस्सा यस प्रदेशमा ३१.१ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत ३७.७ प्रतिशतभन्दा कम रहेको छ। यसरी राष्ट्रिय स्तरभन्दा यस प्रदेशमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको स्तर केही कमजोर रहेको छ।

१५ देखि ४९ वर्षका महिलामध्ये यस प्रदेशमा २२.६ प्रतिशत महिलाले शारीरिक हिंसा भोग्ने गरेका छन् जुन राष्ट्रिय औसत २१.८ प्रतिशत भन्दा केही बढी छ। त्यस्तै यस प्रदेशमा ६ प्रतिशत महिला गर्भवती अवस्थामा हिंसा, ८.३ प्रतिशत महिलाले यौन हिंसा, २४ प्रतिशत महिलाले श्रीमान्बाट शारीरिक हिंसा, ८.३ प्रतिशत महिलाले श्रीमान्बाट यौन हिंसा, १४.८ प्रतिशत महिलाले श्रीमान्बाट मानसिक हिंसा भोग्ने गरेको पाइन्छ। यी सबै अनुपात राष्ट्रिय औसत भन्दा बढी छन्।

जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार यस प्रदेशमा १५ देखि १९ वर्षका १३.४ प्रतिशत महिला बच्चा जन्माइसकेका वा पहिलो पटक गर्भवती भैसकेका हुने पाइएको छ, जुनराष्ट्रिय औसत १६.७ वर्षभन्दा कम रहेको छ। त्यस्तै पहिलो विवाह गर्दाको महिलाको सरदर

उमेर यस प्रदेशमा १८.१ वर्ष रहेको छ जुन राष्ट्रिय औसत २१.७ वर्षभन्दा कम रहेको छ। यस प्रदेशमा पहिलो बच्चा जन्माउँदाको महिलाको सरदर उमेर २०.३ वर्ष रहेको छ।

### १.२.८ आय, गरिबी र मानव विकास

मानव विकास प्रतिवेदन २०१४ अनुसार यस प्रदेशका सबै जिल्लाहरूको क्रयशक्तिमा आधारित औसत प्रतिव्यक्ति आय ९५० अमेरिकी डलर जति रहेको छ जुन राष्ट्रिय औसत ११६० अमेरिकी डलरभन्दा कम रहेको छ। यस प्रदेशमा करीब एक चौथाइ मानिस निरपेक्ष गरिबीको रेखामुनि रहेका छन्। सबैभन्दा बढी गरिबीको रेखामुनी रहेको जनसंख्या कपिलवस्तुमा (३५.५ प्रतिशत) रहेको छ। जिल्लाभित्रै पनि विभिन्न ठाउँहरूको गरिबीको स्तरमा धेरै भिन्नता रहेको छ।

राष्ट्रिय योजना आयोगबाट उपलब्ध तथ्याङ्कअनुसार यस प्रदेशको आ.व. २०७४/७५ को प्रतिव्यक्ति आय ८०३ अमेरिकी डलर रहेको छ। त्यस्तै, राष्ट्रिय योजना आयोगको पछिल्लो तथ्याङ्क अनुसार यस प्रदेशमा बहुआयामिक गरिबीको अनुपात २९.९२ प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत २८.६२ प्रतिशतभन्दा बढी हो। यस प्रदेशको बहुआयामिक गरिबीको सूचक (MPI) ०.१३३ रहेको छ जुन राष्ट्रिय औसत ०.१२७ भन्दा बढी छ। यो प्रदेशमा १५ लाख जति मानिस बहुआयामिक गरिबीको मारमा छन्। संख्यात्मक रूपमा दोस्रो धेरै बहुआयामिक गरिबी भएको प्रदेशमा यो प्रदेश पर्दछ। यो प्रदेशमा बालमृत्युदर र कुपोषणले सबैभन्दा बढी बहुआयामिक गरिबी सिर्जना गर्न भूमिका खेलेको छ।

यस प्रदेशको मानव विकास सूचकाङ्क ०.५१ रहेको छ जुन राष्ट्रिय औसत ०.५७ भन्दा कम छ। सबैभन्दा कम मानव विकास सूचकाङ्क रोल्पाको छ भने सबैभन्दा बढी पाल्पाको रहेको छ। यस प्रदेशको मानवीय गरिबी सूचकाङ्क (३१.९४) समग्र नेपालको त्यस्तै सूचकाङ्क (३१.१२) भन्दा सीमान्त रूपले बढी छ।

### १.२.९ वन तथा जलाधार

यस प्रदेशको करीब आधा भूभाग वनजंगल रहेको छ। राष्ट्रिय वनअन्तर्गत ३९६३ वटा सामुदायिक वन क्षेत्र (३८२.९६ हजार हेक्टर), ३४० वटा कबुलियत वन क्षेत्र (२ हजार हेक्टर), २४ वटा धार्मिक वन क्षेत्र (८०७ हेक्टर), ४ वटा संरक्षित वन क्षेत्र (३३.८८ हजार हेक्टर), ८ वटा साझेदारी वन (२२.५५ हजार हेक्टर), एक चक्ला वन (५४५ हेक्टर) र ८४९ वटा निजी वन (५२६ हेक्टर) रहेको छ। ५३७.५१ हजार हेक्टरमा सरकारद्वारा व्यवस्थित वनक्षेत्र रहेको छ।यस प्रदेशमा बाँके र बर्दिया गरी दुईवटा राष्ट्रिय निकुञ्ज र एउटा संरक्षण क्षेत्रको रूपमा कृष्णसार संरक्षण क्षेत्र पर्दछन्। ढोरपाटन शिकार आरक्षको केही भाग रूकुम पूर्वमा पर्दछ।

यस प्रदेशमा ३२ वटा मुख्य जलाधार प्रणाली रहेका छन् जसअन्तर्गत ४४ वटा नदी तथा खोलाहरू रहेका छन्। ती नदीहरूको कुल लम्बाई १९५५ कि.मी. हुन आउँछ।यहाँको प्रदेशको सबैभन्दा लामो नदी राप्ती (२०७.७ कि.मी.) रहेको छ। दोस्रो लामो बबई नदी (१६८.८ कि.मी.) र तेस्रो लामो माडी खोला (११५.७ कि.मी.) रहेको छ।

यस प्रदेशका कुनै पनि जिल्ला जलवायू परिवर्तनको अति उच्च र उच्च जोखिममा रहेको देखिँदैन। तुलनात्मक रूपमा रोल्पा, रूकुम पूर्व र नवलपरासी पश्चिम जलवायू परिवर्तनको बढी जोखिम भएका जिल्लाका रूपमा रहेका छन्।

## १.३. प्रदेश समृद्धिका आधार

यस प्रदेशमा कृषि, उद्योग र पर्यटनको उच्च सम्भावना रहेको छ। यी तीनै क्षेत्र विस्तार हुने देहायका आधारहरू रहेका छन्।

### १.३.१ भौगोलिक बनावट तथा अवस्थिति

तराई, पहाड र हिमाल रहेको यो प्रदेश नेपालको बीच भागमा रहेको छ। दक्षिणमा भारतसँग लामो सीमाना जोडिएको छ। भैरहवा र नेपालगन्जमा प्रमुख भंसार नाका रहेका छन्। तीनै किसिमको भौगोलिक क्षेत्रको अवस्थितिले गर्दा यो प्रदेशमा भौगोलिक र जैविक विविधता रहेको छ। तीनै भूगोलमा उत्पादन हुने वस्तुहरू यहाँ उत्पादन गर्न सकिन्छ। साथै, यो प्रदेशबाट अन्य प्रदेशहरू जस्तै गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशसँग राम्रो आवद्धता रहेको छ।

### १.३.२ प्राकृतिक स्रोतको उपलब्धता

यस प्रदेशमा प्राकृतिक स्रोतको रूपमा वन सम्पदा, कृषि भूमि, खनिज सम्पदा र जलस्रोत रहेका छन्।

*वन सम्पदा*

यस प्रदेशको आधाभन्दा बढी भूभाग वनजंगलले ढाकेको हुँदा वन पैदावरको उपयोग बढाएर वनजन्य उद्योगहरू खोल्न, विस्तार गर्न र जडीबुटी लगायत विभिन्न वनजन्य उत्पादन गर्न सकिन्छ। पूर्वी रूकुम लगायतका हिमाली क्षेत्रमा बहुमूल्य यार्चागुम्बा लगायतका अन्य जडीबुटी पाइन्छन्। यसका अतिरिक्त पर्यटक आकर्षण गर्न सकिने बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र र ढोरपाटन शिकार आरक्ष रहेका छन्। यस क्षेत्रमा उष्ण प्रदेशीय वनस्पतिदेखि टुण्डा वनस्पतिको क्षेत्र छ। अति मूल्यवान साल, सिसम, खयर, खोटे सल्ला, धार्नी कटुसदेखि उच्च हिमालमा पाइने कोणधारी जङ्गलको बाहुल्यता छ। त्यसरी नै जीविकोपार्जनलाई सहयोग पुऱ्याउने विभिन्न किसिमका गैह्रकाष्ठ वन पैदावारहरूको पनि बाहुल्यता छ।

*कृषि भूमि*

यस प्रदेशमा तराई र भित्री मधेशसहित करिब एक तिहाइ भूमि खेतीयोग्य रहेको छ। नवलपरासीदेखि बर्दियासम्मको तराई र भित्री मधेशको जग्गाका अतिरिक्त पहाडी जिल्लामा पनि उर्वर फाँट र बेंसीहरू रहेका छन्।

*खनिज सम्पदा*

यस प्रदेशको तराई र पहाडी जिल्लामा विभिन्न किसिमका प्राकृतिक सम्पदाको रूपमा खानी तथा खनिजजन्य पदार्थ रहेका छन् जसको उत्खनन र प्रयोग हुन सकेको छैन। यहाँ चुनढुंगा, कोइला, फलाम, सुन, तामा, स्लेट, जिंक, रोडाढुंगाका खानीहरू उपलब्ध छन्। यस प्रदेशको पूर्वदेखि पश्चिमसम्म फैलिएको महाभारत श्रृखला चुनढुंगाको लागि प्रख्यात छ। यहाँका पहाडहरूमा तथा खोलानालाहरूमा ढुङ्गा, गिट्टीजस्ता निर्माण सामग्रीजन्य खनिज पदार्थहरू प्रशस्त मात्रामा उपलब्ध छन् जसलाई आन्तरिक निर्माणमा प्रयोग गर्नुको अतिरिक्त छिमेकी देशमा निर्यात गर्न सकिने राम्रो संभावना देखिन्छ।

*जलस्रोत*

यस प्रदेशको भित्री भागमा ठूला नदीहरू नभए पनि कर्णाली र कालीगण्डकी सीमा नदीको रूपमा रहेका छन्। ३२ वटा मुख्य जलाधार प्रणालीअन्तर्गत ४४ वटा नदी तथा खोलाहरू रहेका छन्। यहाँ जलाशययुक्त बहुउद्देश्यीय परियोजनाहरू संचालन गर्न सकिन्छ। प्रदेशको मध्यभागमा अवस्थित राप्तीनदीमा जलाशय बनाएर प्रशस्त मात्रामा सिँचाइ र जलविद्युत् सुविधा प्राप्त गर्न सक्ने देखिन्छ। सबै जिल्लामा साना ठूला ताल र सिमसार क्षेत्र  रहेका छन्।

## १.३.३ पूर्वाधारको उपलब्धता

यस प्रदेशमा ११ हजार कि. मी सडक रहेको छ। सबै जिल्लामा सडक सञ्जाल विस्तार भएको छ। भैरहवा र नेपालगन्जमा नियमित उडान भर्ने विमानस्थल रहेका छन् र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणाधीन अवस्था रहेको छ। दाङ्गमा सानो स्तरको विमानस्थल रहेको छ र वैकल्पिक विमानस्थल निर्माणको प्रक्रियामा रहेको छ।

करीब आधा जति कृषि भूमिमा सिंचाइ सुविधाका पूर्वाधार विकास भएका छन्। निर्माणाधीन भेरी बबई ड्राइभर्सन, सिक्टा र बबई सिचाइ आयोजनाले यस प्रदेशको बाँके र बर्दियाका उर्वर भूमिमा सिंचाइ सेवा विस्तार गर्नेछन्। साथै, निर्माण गर्न सकिने प्रगन्ना बड्कापथ, माडी - दाङ्ग ड्राइभर्सन, नौमुरे बहुउद्देश्यीय आयोजना र कालीगण्डकी तिनाउ ड्राइभर्सनले दाङ्ग, कपिलवस्तु, रूपन्देही र नवलपरासीका खेतीयोग्य जमिनमा सिंचाइ पुग्नसक्ने देखिन्छ।

रूपन्देही, दाङ्ग र बाँकेमा तीव्र दरले शहरीकरण विस्तार भएको छ। यसले आर्थिक गतिविधि फस्टाउन र बजारीकरणलाई सहयोग पुऱ्याएको छ। साथै, यहाँ संचार र सूचना प्रविधिको विस्तार र यसको प्रयोग बढ्दो अवस्थामा रहेको छ। लोडसेडिङ हटेपछि विद्युतको आपूर्ति सहज हुँदै गएको छ। प्रदेशको भूबनोटका हिसाबले प्रशस्त सौर्य ऊर्जा उत्पादन गरी उर्जा आपूर्ति बढाउन सकिने आधार रहेको छ।

## १.३.४ सामाजिक बनोट तथा युवा जनशक्ति

यस प्रदेशमा १०० भन्दा बढी जातजाति बसोबास गर्ने गरेका छन् भने थारू र मगर जातिको बाहुल्यता रहेको छ। यहाँ सांस्कृतिक विविधताकोबीच सामाजिक एकता कायम रहेको छ। २०६८ सालको जनगणना अनुसार ५५.८ प्रतिशत जनसंख्या १५ देखि ५९ वर्षका सक्रिय जनसंख्याको रूपमा रहेका छन् भने करीब ४८ प्रतिशत जनसंख्या २० वर्षभन्दा कम उमेरका रहेको हुँदा जनसांख्यिक लाभ लिन सकिने अवस्था रहेको छ।

## १.३.५ पूरातात्विक, धार्मिक तथा ऐतिहासिक स्थल

यस प्रदेशमा धेरै पूरातात्विक, साँस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरू रहेका छन्। विश्व परिचित विश्व सम्पदा सूचीमा रहेको गौतम बुद्धको जन्मस्थल लुम्बिनीका अतिरिक्त गौतम बुद्धसँग सम्बन्धित अन्य ठाँउहरू जस्तै तिलौराकोट (प्राचीन कपिलवस्तुको राजधानी), अरौराकोट, देवदह, रामग्राम, कुदान, निग्लिहवा, सगरहवा, गोटीहवा, अनोमा नदी (त्रिवेणी) आदि रहेका छन्। कपिलवस्तु, रूपन्देही र नवलपरासीका जमिनमुनि रहेका अधिकांश प्राचीन सभ्यताहरूको उत्खनन हुन बाँकी छ।

यस प्रदेशका प्रायः सबै जिल्लामा पूरातात्विक र ऐतिहासिक महत्वका क्षेत्रहरू र प्रख्यात देवदेवीका मठमन्दिर, विहार, गुम्बा, मस्जिदहरू रहेका छन्। पाल्पाको तानसेन दरबार, रानीमहल, रामापिथेकस क्षेत्र, अर्गली दरबार, माथागढी, बल्ढेङ्गगढी, अर्घाखाँचीको सुपा देउराली, बल्कोट पौवा र अर्घाकोट दरबार, रोल्पाको थवाङ, गजुलकोट, खुंग्रीकोट, रून्टी, प्यूठानको भित्रीकोट, ओखरकोट, उदयपुरकोट, स्वर्गद्वारी, दाङ्गको कटुकी सेवार, रिहार, पाण्डवेश्वर धाम, चौघेरा, पश्चिम नवलपरासीको पण्डितपुर, पाल्ही भगवती, कपिलवस्तुको शिवगढी, गुल्मीको रूरू क्षेत्र, चारपाला दरबार, चन्द्रकोट, मुसिकोट, धुर्कोट, इस्मा, कंकेदेउराली, बाँकेको बागेश्वरी, बर्दियाको ठाकुरद्धार र रूपन्देहीको मणिमुकुन्द सेनको दरबार, नरैनापुर धाम, जितगढी किल्ला, मर्चवारीमाई आदि धार्मिक तथा ऐतिहासिक स्थलहरूका केही उदाहरण हुन्।

### १.३.६ वित्तीय विस्तार

यस प्रदेशमा वित्तीय विस्तार उत्साहजनक रूपमा भइरहेको छ। सबै पालिकाहरूमा वाणिज्य बैंकहरूका शाखा खुलिसकेको अवस्था छ भने मुख्य शहरी क्षेत्रहरूमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति बाक्लै रहेको छ। यसै प्रदेशमा केन्द्रीय कार्यालय हुने ८ वटा विकास बैंक, एउटा वित्त कम्पनी र ९ वटा लघुवित्त वित्तीय संस्थाहरू संचालनमा रहेका छन्। केही दुर्गम ठाउँहरू बाहेक गाउँहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरू विस्तारको क्रममा रहेका छन्। साथै, १३०१ जति बचत तथा ऋण सहकारी संस्थाहरूले वित्तीय सेवा पुऱ्याइरहेको छन्।

## १.४ सम्भावित अन्तर्राष्ट्रिय र राष्ट्रिय परिदृश्य

नेपालजस्तो विशिष्ट भू-राजनीतिक पहिचान बोकेको मुलुकमा चुनौती र अवसरहरू पनि प्रशस्तै छन्। मुलुक संघीय शासन व्यवस्थामा प्रवेश गरिसकेको वर्तमान परिप्रेक्षमा यी अवसर र चुनौतीहरू अझ मुखरित भएर प्रकट हुन पनि सक्छन्। यस प्रदेशको प्रादेशिक योजनाको कार्यान्वयनका क्रममा ती अवसरहरूको सदुपयोग र चुनौतीहरूको व्यवस्थापन अत्यन्त जरूरी छ। यद्यपि ती अवसर र चुनौतीहरूसंगै भविष्यमा हुने परिवर्तनहरूको शत प्रतिशत आंकलन र प्रक्षेपण गर्न कठिन छ। तर, वर्तमान अवस्थामा भैरहेको परिवर्तनले निकट भविष्यमा लिनसक्ने सम्भावित पथहरूको अनुमान गर्न सकिन्छ। योजना तर्जुमामा सम्भावित परिदृष्यको आंकलनले योजनाको उद्देश्य तथा लक्ष्यमा पार्नसक्ने प्रभाव र यसको कार्यान्वयन पाटोका जटिलता र जोखिमलाई उजागर गर्दछ। कतिपय सकारात्मक परिवर्तनले योजनाको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोग पनि गर्दछ।

### १.४.१ अन्तर्राष्ट्रिय परिदृष्य

भूमण्डलीकरणको आजको युगमा विश्व परिवेशमा घट्ने घटना तथा परिघटनाले हामीलाई विभिन्न ढङ्गले प्रभाव पार्दछन्। पछिल्लो समय विश्वमा संरक्षणबाद हावी हुँदै गएको छ। यो प्रवृति आगामी केही वर्ष थप गहिरिँदै जाने सम्भावना छ। यो संरक्षणवादसँग जोडिएर चीन र अमेरिका बीच व्यापारमा खटपट आइरहेको छ। त्यस्तै, खाडी मुलुकहरूमा भइरहने अस्थिरताले गर्दा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव आउने गर्दछ। तेलको मूल्यवृद्धिले विकासको चरणमा रहेका हामीलाई प्रत्यक्ष रूपमा नकारात्मक असर पार्ने गर्दछ।

नेपालको सीमाना जोडिएका दुई विशाल छिमेकी देशको आर्थिक वृद्धिदर उच्च रहँदै आएको छ। ठूलो जनसंख्या र ठूलो स्केलमा उत्पादन गर्नसक्ने क्षमता राख्ने यी दुई छिमेकी राष्ट्रहरूसँगको उत्पादनसँग प्रतिस्पर्धा गर्न नेपाललाई कठिन हुने अवस्था कायमै रहने देखिन्छ। तर, यी छिमेकी

देशहरूको प्रतिव्यक्ति आय बढ्दै गएकाले पर्यटकको रूपमा नेपाल आउने क्रम बढ्दैजाने आंकलन गर्न सकिन्छ।

विश्वमा तीव्र दरमा प्रविधिको विकास भइरहेको छ। प्रविधिको विकासलाई आत्मसात गरी प्रयोगमा ल्याउन सकिएमा उत्पादकत्व र उत्पादन बढ्ने हुन्छ। उर्जा उत्पादन, संचार प्रवाह र निर्माण लगायतका क्षेत्रहरूमा नयाँ प्रविधि थपिदै आउनेछन्।

जलवायू परिवर्तन निरन्तर रूपमा भइरहेको छ। यसले गर्दा विश्वव्यापी रूपमा तापमान बढ्ने क्रममा रहेको छ। प्रदूषण र पेट्रोलियम पदार्थको बढ्दो प्रयोगले गर्दा जलवायू परिवर्तन आउने दिनहरूमा थप जटिल हुँदै जाने देखिन्छ। तापमानमा हुने वृद्धिले नेपालको  हिमालमा हिँउ पग्लने, पानीका मुहानहरू सुक्ने र मौसम प्रतिकूल भई कृषिमा नकारात्मक प्रभाव पर्ने सम्भावना बढ्दैजाने देखिन्छ। जलवायू परिवर्तनका कारण अनावृष्टि र अतिवृष्टिका समस्या सिर्जना भइ खडेरी र बाढी पहिरोको समस्या बढ्दै जाने सम्भावनालाई नकार्न सकिँदैन।

## १.४.२ राष्ट्रिय परिदृष्य

नयाँ संघीय संरचना र बहुमतप्राप्त सरकार गठन भएको स्थितिले गर्दा राजनैतिक स्थिरता कायम हुने देखिएको छ। राजनैतिक स्थिरताले लगानीको वातावरण सिर्जना गर्नेछ। यसले गर्दा लगानी वृद्धि भइ आर्थिक गतिविधि बढ्ने र उच्च आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्नेछ। तीन तहको सरकारले गर्ने खर्चले पनि आर्थिक वृद्धिदर बढाउन सहयोग पुऱ्याउनेछ।

उच्च आर्थिक वृद्धिदर र तीन तहका सरकारबाट हुने चालू र पूंजीगत खर्च बढ्दै जाँदा आयात थप बढ्दै जानेछ। कमजोर निर्यातको आधार भएको अवस्थामा उच्च दरबाट बढ्ने आयातले चालू खाता बढाई शोधनान्तर घाटा सिर्जना गर्ने सम्भावना छ। विगत वर्षहरूमा विप्रेषण आप्रवाहले बढ्दो आयातलाई धान्ने गरेको थियो। तर, वैदेशिक रोजगारीमा जानेको संख्या घट्दै गएकाले गर्दा विप्रेषण आप्रवाह विगतमा जस्तो नबढ्ने  देखिन्छ। यसले गर्दा नेपालको विदेशी मुद्रा संचिति कम हुँदै गएमा  विकासका गतिविधि र लगानी बढ्दै जाँदा आयात गर्नुपर्ने मेसिनरी वस्तुहरूको आयात गर्न कठिन हुन सक्छ। अर्कोतर्फ, राजनैतिक स्थिरता र लगानीयोग्य वातावरण बन्दै जाँदा गैर आवासीय नेपालीको लगानी र वैदेशिक लगानी बढ्दै जाने सम्भावना पनि छ। वैदेशिक लगानी आप्रवाह भएमा पूँजीप्रवाह र प्रविधि हस्तान्तरण मात्र होइन विदेशी मुद्राको संचितिमा पनि सकारात्मक असर पर्ने देखिन्छ।

नयाँ राज्य संरचनामा स्थानीय तहमा अधिकार र स्रोत प्रवाह भएको अवस्था छ। स्थानीय तहहरूको क्षमता विकास हुँदै जाँदा स्थानीय स्तरमा सरकारी सेवा प्रवाह र विकास निर्माणका काम प्रभावकारी हुँदै जानेछन्। शिक्षा र स्वास्थ्य सेवाको उपलब्धतासँगै गुणस्तर सुधार हुँदै जाने अपेक्षा पनि गर्न सकिन्छ। स्थानीय स्तरमा बढ्दैजाने खर्चले माग बढेर स्थानीय उत्पादन

प्रोत्साहित हुने सम्भावना छ। बढ्दो मागलाई सम्वोधन गर्ने क्रममा स्थानीय स्तरमा रोजगारी र आर्थिक गतिविधि बढ्न गइ शहर तर्फको बसाइसराइको चापमा केही कमी आउने अनुमान गर्न सकिन्छ।

सडक संजालको विस्तार हुँदै गएको र व्यक्तिगत वा पारिवारिक आम्दानीमा क्रमशः वृद्धि हुँदै जाँदा यातायात सेवाको माग बढ्दै जानेछ। सार्वजनिक यातायातको सेवा सर्वसाधारणको आवश्यकता अनुसार नबढ्ने हो भने निजी सवारी साधनको संख्या थप बढ्दै जानेछ। यसले एकातर्फ सवारी साधनको आयात बढाई शोधानान्तर खातामा दवाव दिन्छ भने अर्कोतर्फ ट्राफिक व्यवस्थापनका जटिलता थपिँदै जाने हुन्छ। यससँगै शहरी क्षेत्रमा पार्किङ्गको समस्या बढ्दै जाने अनुमान गर्न सकिन्छ।

## १.५ योजना तर्जुमाका मार्गदर्शक आधारहरू

प्रदेशको यो आवधिक योजनाका मार्गदर्शक आधारहरू देहायवमोजिम रहेका छन्।

१. नेपालको संविधान,
२. दिगो विकासका लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिवद्धताहरू,
३. दीर्घकालीन सोचसहितको पन्ध्रौ राष्ट्रिय आवधिक योजना,
४. प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत् प्रारम्भ गरेका दीर्घकालीन महत्वका विषयहरू,
५. प्रदेशको आर्थिक सामाजिक लगायतका वस्तुस्थिति विश्लेषणबाट देखिएका विषयहरू, र
६. राजनैतिक दल, निर्वाचित प्रतिनिधि तथा सरोकारवालाहरूबाट प्राप्त सुझावहरू।

## १.६ योजना तर्जुमा विधि

प्रदेशको विकासका लागि योजनावद्ध रूपमा अगाडि बढ्ने उद्देश्यले तयार गरिएको यस आवधिक योजना तर्जुमा गर्दा सहभागितामूलक प्रक्रिया अवलम्बन गरिएको छ। समग्रमा योजना तय गर्ने क्रममा देहाएका प्रक्रियाहरूलाई अवलम्बन गरिएको छ।

**योजना पूर्व तयारी गोष्ठीः** प्रदेश योजना आयोगले प्रथम प्रादेशिक योजनाको अवधारणा पत्र तयार पारेर २०७५ साल भदौ महिनामा सरोकारवालाहरूसँग अन्तरक्रिया सम्पन्न गरेको थियो। उक्त अन्तरक्रियापश्चात् विस्तृतरूपमा योजना तय गर्नुपर्ने क्षेत्र तथा उपक्षेत्रहरूको पहिचान गरिएको थियो।

**कार्यदल निर्माण गरी छलफलः** पूर्व तयारी गोष्ठीपश्चात् पहिचान भएका क्षेत्र तथा उपक्षेत्रहरूमा रहेर छलफल गरी निचोडमा पुग्नको लागि पाँचवटा कार्यदलहरू गठन गरियो। प्रदेश योजना

आयोगका पदाधिकारीको नेतृत्वमा गठित ती कार्यदलमा मन्त्रालयका प्रतिनिधिहरू र केही विज्ञहरूलाई समावेश गराइएको थियो। प्रदेश योजना आयोगका पदाधिकारीहरूबाट तयार गरिएको योजनाको प्रस्तावित उपर कार्यदलमा व्यापक छलफल भई योजनाको प्रारूप तयार भएको थियो।

**जिल्लामा सरोकारवालाहरूसँग छलफलका साथै विज्ञहरूको सुझावः** आधारपत्रको मस्यौदालाई यस प्रदेशका १२ वटै जिल्लामा सरोकारवालाहरूलाई सहभागी गराई गरिएको एकदिने गोष्ठीमा प्राप्त सुझावहरूका आधारमा परिमार्जन गरियो। साथै विज्ञहरूका सुझावहरूलाई पनि आधारपत्रको मस्यौदामा समावेश गरियो। परिमार्जित आधारपत्रलाई राष्ट्रिय योजना आयोगमा सुझावका लागि पठाइयो र प्राप्त सुझावहरू समावेश गरी परिमार्जित मस्यौदा प्रदेश विकास परिषद्मा प्रस्तुत गरियो।

**प्रदेश विकास परिषद्को निर्देशनका साथै आधारपत्रको स्वीकृति र प्रकाशनः** राजनैतिक दल, राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान दिएका महानुभावहरू, बुद्धिजीवी, महिला, मधेसी, दलित, जनजाति, अपाङ्ग, समाजसेवी, विश्वविद्यालयका पदाधिकारीलगायत प्रदेश सरकारका मन्त्री एवम्सचिवहरू समेत समावेश गरी प्रदेश विकास परिषद् गठन गरिएको थियो। प्रदेश विकास परिषद्को बैठकमा जिल्लागत अन्तरक्रियाहरूबाट प्राप्त सुझावपछिको परिमार्जित आधारपत्रको मस्यौदा स्वीकृतिका लागि प्रस्तुत गरियो। साथै, उक्त परिषद्को प्राप्त निर्देशनअनुसार आधारपत्रलाई थप परिमार्जित गरियो।उक्त परिमार्जित आधारपत्रको मस्यौदालाई प्रदेश सभाका माननीय सदस्यसामू प्रस्तुतिकरण तथा अन्तरक्रिया गरी प्राप्त सुझावलाई समावेश गरी आधारपत्रलाई थप परिष्कृत गरियो। दुई दिनसम्म सञ्चालित उक्त अन्तरक्रियामा विषयगत क्षेत्रका उद्देश्यहरू हासिल गर्न आवश्यक प्रमुख कार्यक्रम तथा आयोजनाहरूका बारेमा विस्तृत विचार विमर्श गरिएको थियो। यसरी तयार पारिएको आधारपत्रको संशोधित मस्यौदालाई प्रदेश सरकारले स्वीकृति प्रदान गरेपश्चात् आधारपत्रको प्रकाशन गरियो।

**स्वीकृत आधारपत्रको आधारमा कार्यक्रमहरूको विस्तृतीकरणः** प्रदेश सरकारले स्वीकृत गरेको आधारपत्रका आधारमा सम्बन्धित मन्त्रालय र विज्ञहरूलाई संलग्न गराएर योजनामा समावेश गर्ने प्रमुख आयोजना तथा कार्यक्रमहरू एवम् नतिजा खाका तयार गरियो। आगामी आर्थिक वर्ष २०७६/७७ देखि प्रारम्भ हुने मध्यमकालीन खर्च संरचना तथा आर्थिक वर्ष २०७६/७७ को नीति कार्यक्रम र बजेट तर्जुमा गर्ने समय र यो योजनालाई अन्तिम रूप दिने समय एकैचोटि पर्न गएका कारणले आवधिक योजनासँग मध्यमकालीन खर्च संरचना, प्रथम वर्षको नीति कार्यक्रम र बजेट मिलान गर्न सजिलो पर्न गएको छ। माननीय मुख्यमन्त्रीको अध्यक्षतामा बसेको प्रदेश योजना आयोगको पूर्ण बैठकले योजनाको यो दस्तावेजलाई स्वीकृत गरेपछि प्रकाशन गरिएको छ।

# पाठ २ : योजनाको दीर्घकालीन सोच, उद्देश्य र रणनीतिहरू

## २.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्याभुत गरेको संघीयताको व्यवस्था बमोजिम संचालनमा आएको प्रदेश नं ५ को प्रदेश सरकारले ल्याएको यो पहिलो आवधिक योजना हो। नयाँ राजनैतिक संरचनामा तीन तहको सरकारले योजना तर्जुमा गर्नसक्ने प्रावधान अनुरूप यस प्रदेशमा आर्थिक सामाजिक लगायतका क्षेत्रमा समृद्धि हासिल गर्न यो योजना तर्जुमा गरिएको छ। प्रदेशको समृद्धिसँगै नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" भन्ने दीर्घकालीन सोच र सो अनुरूप तर्जुमा गरिएको पन्ध्रौं योजनाले लिएका लक्ष्य र उद्देश्यहरू हासिल गर्न सहयोग पुऱ्याउने गरी यो योजना तर्जुमा गरिएको छ।

## २.२ चुनौती र अवसर

### चुनौती

यस योजनाले प्रदेशको आर्थिक समृद्धि हासिल गर्ने सिलसिलामा देहायका चुनौती रहेको आंकलन गरेको छः-

१. व्यवस्थित शहरीकरण गरी तीव्रबसाइसराइको व्यवस्थापन, कृषियोग्य भूमिको संरक्षण गर्दै परम्परागत शैलीमा रहेको कृषि प्रणालीलाई आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण तथा बजारीकरण गर्नु र युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्नु।

२. छिमेकी मुलुक भारतबाट आयात हुने वस्तुसँग यहाँका कृषि उपजलाई प्रतिष्पर्धी बनाउनु, कृषि क्षेत्रमा सहुलियतपूर्ण ऋण पर्याप्त मात्रामा उपलब्ध गराउनु, सिँचित क्षेत्र व्यापक रूपमा विस्तार गर्नु, जलवायू परिवर्तनका नकारात्मक असरलाई न्यूनीकरण गर्दै जलवायू अनुकूलन सहित कृषि कार्य अगाडि बढाउनु।

३. प्रदेशमा औद्योगिकीकरण गर्न नविनता, उद्यमशीलता र संस्थागत संस्कारको विकास गराउनुका साथै पर्याप्त सस्तो जग्गा, आवश्यक भौतिक पूर्वाधार, दक्ष श्रमिक र सहुलियत कर्जा उपलब्ध गराउनु।

४. लुम्बिनीमा आउने पर्यटकको बसाइ लम्ब्याउनु, पर्यटकीय स्थलको पहिचान र पूर्वाधारको विकास, प्रचारप्रसार गरी धेरैभन्दा धेरै पर्यटक आकर्षित गर्नु।

५. सबै आर्थिक क्षेत्रको विकासका लागि नभइ नहुने भौतिक पूर्वाधारको कमी र गुणस्तर कमजोर रहेको अवस्थामा सीमित स्रोत र साधनबाट आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु।

६. मानवीय पूँजी निर्माणका लागि शिक्षा र स्वास्थ्यको सहज पहुँच र गुणस्तर सुधार गर्नुका साथै पछिल्लो समय मानिसहरूमा बढ्दै गएको नसर्ने रोगलाई नियन्त्रण गर्नु
७. अन्धविश्वास, कुरीति, कुसंस्कार, घरेलु तथा महिला हिंसा विद्यमान रहेको परिप्रेक्ष्यमा समाजमा सद्भाव, मेलमिलाप र सामाजिक विश्वास बढाउँदै शान्तिसुरक्षा कायम राख्नु।
८. युवाहरू वैदेशिक रोजगारीमा जाने प्रवृत्ति कम गर्दै प्रादेशिक अर्थतन्त्रका लागि आवश्यक सिप र क्षमता भएका जनशक्ति उत्पादन गरी शैक्षिक वेरोजगारी घटाउनु एवम् श्रम बजारमा श्रमको माग र आपूर्तिको सन्तुलन मिलाउनु।
९. वर्षेनि बाढी पहिरो र आगलागीले धनजनको नोक्सानी गरेर सताउने गरेको अवस्थामा विपदको व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलका आर्थिक गतिविधि संचालन गर्नु। छिमेकी देशबाट दक्षिणी सीमानामा बनाएका विभिन्न बाँधहरूले सिर्जना गरेका डुबानको समस्या समाधान गर्नु।
१०. सेवाप्रवाह र सरकारी कार्यहरू छिटोछरितो ढंगले सम्पन्न गरी सरकारी सेवा प्रवाह जनमैत्री बनाउनु एवम् विकास आयोजना समयमा सम्पन्न नहुने प्रवृति अन्त्य गर्नुका साथै भ्रष्टाचारमुक्त प्रदेश बनाउनु।
११. अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउँदै आर्थिक कृयाकलापहरूलाई पारदर्शी बनाउनु।

## अवसरहरू

यस योजना कार्यान्वयनका लागि देहाय बमोजिमका अवसरहरू उपलब्ध छन् :-

१. आर्थिक विकास र समृद्धिका लागि आवश्यक राजनैतिक स्थीरताको अवस्था सिर्जना हुनु र आर्थिक समृद्धि मुलुकको साझा प्रतिवद्धता हुनु।
२. झण्डै दुई दशक लामो अन्तरालपछि स्थानीय तहमा निर्वाचन सम्पन्न भै अधिकार सम्पन्न स्थानीय सरकारहरू संचालनमा रहेकाले विकासका कामहरू गर्न सहज वातावरण बन्नु।
३. सर्वसाधारण मानिसमा पनि सामाजिक र राजनैतिक चेतनास्तरको विकास भै विकास र समृद्धिका बहस शुरू हुनु। क्रमशः उद्यमशीलता र व्यावसायिकता बढ्दैजानु। वैदेशिक रोजगारीबाट फर्केका केही युवाहरूले सिर्जनशील र उद्यमशील कार्य गर्नु।
४. राजनैतिक र नीतिगत स्थीरतासंगै नेपालमा लगानी गर्न वैदेशिक लगानीकर्ता आकर्षित हुनु। प्रदेश सरकारले राम्रो वातावरण दिनसक्दा प्रदेशभित्र स्वदेशी, विदेशी र गैर आवसीय नेपालीको लगानी बढ्ने अवसर सिर्जना हुनु।
५. विकास गतिविधि बढ्दै जाँदा नेपालको विकासका साझेदारहरूले नेपालमा सहयोग बढाउन सक्ने अवसर रहनु।
६. प्रविधिको विकास र उपलब्धताले गर्दा उत्पादनका सबै क्षेत्रमा आधुनिक प्रविधि प्रयोग गरी उत्पादन लागत घटाउन सकिने र यान्त्रिकीकरण बढाउन सकिने अवस्था रहनु र

खासगरी कृषि क्षेत्रमा यान्त्रिकीकरण गरेर युवाहरूलाई यस क्षेत्रमा आकर्षण गर्न सकिने अवसर रहनु।

७. यस प्रदेशमा उल्लेख्य संख्यामा रहेका उद्योगी र व्यापारिक संघसंस्था, सहकारी संस्था, गैर सरकारी संस्था, उपभोक्ता समूह, सामुदायिक वनका समूहलाई आर्थिक विकास र समृद्धिको यात्रामा सहभागी गराउन सकिने अवसर रहनु। साथै, जनसंख्यामा युवाको बाहुल्यता रहेकाले जनसांख्यिक लाभ लिन सकिने अवसर रहनु।

८. देशको राजधानी लगायत छिमेकी प्रदेशका राजधानीसित सहज आवद्धता हुनु।

# २.३ राष्ट्रिय पन्ध्रौ योजनाको सोच, उद्देश्य र रणनीतिहरू

राष्ट्रिय योजना आयोगले तयार पारेको पन्ध्रौं राष्ट्रिय योजनाले लिएका सोच, उद्देश्य र रणनीतिहरू देहाय बमोजिम रहेका छन्।

## राष्ट्रिय सोच

## "समृद्ध नेपाल, सुखी नेपाली"

समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, सम्मानित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

## राष्ट्रिय उद्देश्य

१. सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु।

२. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वस्थ तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जवाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवनयापनको अनुभूति गराउनु।

३. सामाजिक-आर्थिक रूपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु।

## राष्ट्रिय रणनीति

१. तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने।

२. सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने।

३. आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने।

४. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

५. पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने।

६. गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने।

७. प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने।

८. संघीय शासन प्रणालीको सुदृढीकरण र सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने।

उक्त सोच, उद्देश्य र रणनीतिहरूसँग मिल्नेगरी प्रादेशिक सोच, उद्देश्य र रणनीतिहरू तय गरिएको छ।

# २.४. प्रादेशिक दीर्घकालीन सोच

## समृद्ध प्रदेशः खुशी जनता

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता।

## २.५. प्रादेशिक लक्ष्य

समाजवाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु।

## २.६. प्रादेशिक योजनाको उद्देश्य

सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिवी निवारण गर्नु।

## २.७. परिमाणात्मक लक्ष्य

यस योजनामा ५ वर्षभित्र देहायबमोजिम उपलब्धि हासिल गर्नेगरी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ जुन तालिका २.१ मा देखाइएको छ।

तालिका २.१ आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरू (आ.व. २०८०/८१ सम्म)

| सूचक | २०७५/७६ | २०८०/८१ |
|---|---|---|
| **प्रादेशिक आर्थिक वृद्धिदर र मूल्य वृद्धि** | | |
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत) | ७.४ | ९.५ (५ वर्षको औसत) |
| उपभोक्ता मूल्य वृद्धिदर (प्रतिशत) | - | ६.० (५ वर्षको औसत) |
| **आय, गरिबी तथा रोजगारी** | | |
| निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत) | १८.२ | १०.० |
| बहुआयामिक गरिबीको दर (प्रतिशत) | २९.९ | १५ |
| प्रति व्यक्ति आय (अमेरिकी डलर) | ८०३ | १६०० |
| बेरोजगारीको दर (प्रतिशत) | ११.२ | ६.० |
| **सामाजिक सूचक** | | |
| जन्मदाको अपेक्षित आयु (वर्ष) | ६९.३ | ७२.० |
| साक्षरता दर १५ वर्षमाथि (प्रतिशत) | ५८ | ८५ |
| बाल मृत्यु दर (प्रति हजार) | ४५ | २५ |
| माध्यमिक तह (९-१२) मा कुल भर्ना दर (प्रतिशत) | ७४.७ | ९३ |
| **पूर्वाधार** | | |
| खानेपानी सुविधापुगेका घरपरिवार (प्रतिशत) | ८९.८३ | १०० |
| विद्युत सेवा पुगेको जनसंख्या (प्रतिशत) | ८१.०३ | १०० |
| सिंचित क्षेत्र (प्रतिशत) | ५१ | ७० |
| सडकको लम्वाइ (कि.मी)* | ११२३३ | १२५०० |
| पक्की सडकको अंश (प्रतिशत) | १७ (१,९३८ कि.मी) | २८ (३,५०० कि.मी) |
| इन्टरनेटको पहुँच भएका घरपरिवार (प्रतिशत) | ४९.४ | ८५ |

* यस तथ्याङ्कमा स-साना शहरी तथा स्थानीय तहभित्रका सडकको तथ्याङ्क समावेश छैन।

## अन्य केही लक्ष्यहरू

१. प्रदेश भित्रै प्रादेशिक विश्वविद्यालय स्थापना हुनुका साथै प्राविधिक उच्च शिक्षाको सहज उपलब्धता भएको हुने।

२. सबै नागरिकहरूको स्वास्थ्य सेवा तथा बीमामा पहुँच भएको हुने। प्रदेशभित्र सबै किसिमको विशेषज्ञ सेवा सहित स्तरीय सेवा उपलब्ध भएको हुने।

३. नगर क्षेत्रहरूमा फोहोर संकलन तथा प्रशोधन केन्द्र स्थापना भएको हुने।

४. सबै नागरिकहरूलाई आधारभूत आवासको उपलब्धता भएको हुने।

५. प्रदेशका रणनीतिक सडक र गाउँ तथा नगरपालिकाका केन्द्रमा पुग्ने सडक कालोपत्रे भएका हुने।
६. सबै गाउँ तथा नगरपालिकामा खेल मैदान र बहुउद्देश्यीय भवन स्थापना भएको हुने।
७. मुख्य शहरहरूमा आधुनिक यातायात प्रणाली (विद्युतीय बस संचालन तथा रेल्वे निर्माण) शुरू भएको हुने।
८. खाद्यान्न, माछामासु, दूध, फलफूल र तरकारी उत्पादनमा आत्मनिर्भर भई पूर्ण खाद्य सुरक्षा कायम गरी निर्यात गर्नसक्ने स्थिति बन्ने।
९. बुटवल-भैरहवा-लुम्बिनी, घोराही–तुलसीपुर र कोहलपुर-नेपालगन्ज गरी तीन शहरी कोरिडरमा व्यवस्थित शहरीकरण विकास भएको हुने।
१०. कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान करीब २० प्रतिशत पुगेको हुनेछ।
११. मुख्य पर्यटन केन्द्रको रूपमा विकास भई वार्षिक न्यूनतम १५ लाख बाह्य पर्यटक आगमन भएको हुने।

## २.८ योजनाको रणनीति

योजनाको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यहरू हासिल गर्न देहायका रणनीति अवलम्बन गरिनेछ।

### १. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने।

कृषि, उद्योग र पर्यटनलाई आर्थिक समृद्धि र रोजगारीको आधारको रूपमा लिई आधुनिकीकरण र व्यावसायीकरण गर्दै सरल नियमन प्रक्रिया, सहयोगी भौतिक पूर्वाधारको उपलब्धता र कार्यकुशलता अभिवृद्धि गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी उच्च आर्थिक वृद्धिदर कायम गरिनेछ।(दिगो विकासका लक्ष्य १, २, ८, ९, १०, १२)

### २. आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्ने।

व्यवस्थित शहरीकरण, यातायात पूर्वाधार, सिंचाइ, खानेपानी, उर्जा र आवास जस्ता आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गरिनेछ। भौतिक पूर्वाधारको विस्तारलाई उत्पादनसंग आवद्ध गरिनेछ। (दिगो विकासका लक्ष्य ६, ७, ९, ११)

### ३. गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने।

शिक्षा र स्वास्थ्यको पहुँच विस्तार र गुणस्तर सुधारका साथै प्राविधिक शिक्षामा सहज पहुँच बढाई जीवनोपयोगी,उद्यमशील र व्यावसायिक सिप विकासगरी मानव पूँजी निर्माण गरिनेछ।(दिगो विकासका लक्ष्य ३, ४)

### ४. सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने।

सामाजिक समावेशितामा जोड दिँदै भाषा कला धर्म र संस्कृतिको संरक्षण, अन्धविश्वास, कुरीति र हिंसाको अन्त्य गर्नुका साथै लैङ्गिक समता तथा महिला सशक्तीकरणमा जोड दिइनेछ।(दिगो विकासका लक्ष्य ५, १६)

### ५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलित विकास गर्ने।

वातावरणको संरक्षण गर्दै उपलब्ध प्राकृतिक साधनहरूको समुचित उपयोगका साथै आर्थिक सामाजिक क्षेत्रका गतिविधिहरूलाई जलवायू परिवर्तन अनुकूलित र सम्भावित विपद प्रति सचेत रही संचालन गरिनेछ।(दिगो विकासका लक्ष्य १३,१५)

### ६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने।

विधिको शासन, सदाचार, पारदर्शिता तथा जबाफदेहीताको मान्यतालाई सरकारी कामकाज र सेवा प्रवाहमा संस्थागत गरी जनअपेक्षा-अनुकूल सुशासन प्रणाली प्रत्याभूत गरिनेछ। (दिगो विकासका लक्ष्य १६, १७)

## २.९ केही मूल नीतिहरू

१. भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन क्षेत्रलाई समेट्ने गरी बढीमा दशवटा प्रादेशिक गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने। निर्माणाधीन र विभिन्न कारणबाट अधकल्चो अवस्थामा रहेका पूर्वाधारका आयोजनाहरूलाई शीघ्रातिशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने।

२. सन्तुलित विकास गर्ने ध्येयअनुरूप प्राथमिकताका आधारमा आयोजनाहरू छनोट गर्ने।

३. भू-उपयोग नीति तथा प्रचलित ऐन बमोजिम भूमिको वर्गीकरण गरेर कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको उपयुक्त उपयोग गर्ने।

४. युवाहरूलाई प्राविधिक शिक्षा र व्यावसायिक सिप वृद्धिका विभिन्न कार्यक्रममार्फत क्षमता विकास गरी स्वरोजगारी र रोजगारीका अवसर सिर्जना र आयआर्जन वृद्धि गर्ने र स्वदेशमा नै रोजगारी उपलब्ध गराई बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानुपर्ने स्थिति अन्त्य गर्ने।

५. प्रदेशको समग्र आर्थिक समुन्नतिका लागि नयाँ नयाँ सम्भावना,स्रोत र समस्याहरूको पहिचान गरी तिनको सदुपयोग गर्न वा समाधान खोज्न नव-प्रवर्तन, अध्ययन र अनुसन्धानमा लगानी गर्ने।
६. उपलव्ध साधन श्रोतको अधिकतम प्रयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गरी नागरिकको स्वस्थ रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने।
७. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय महिला तथा बालबालिकाहरूलाई आवश्यक सहयोग उपलब्ध गराई सम्मानजनक जीवनयापन गर्नसक्ने स्थिति सिर्जना गर्ने।
८. सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति, कला, भाषा र साहित्यको संरक्षण, सुधार र सम्बर्द्धन गर्दै सामाजिक सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने।
९. प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित ढंगले उत्खनन तथा सदुपयोग गर्ने र जलस्रोतको बहुआयामिक प्रयोगलाई जोड दिई एकीकृत व्यवस्थापन गर्ने।
१०. निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक संस्थाहरू, गैरआवासीय नेपाली र वैदेशिक लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार गर्ने।
११. भौतिक पूर्वाधारको विकासलाई समग्र आर्थिक सामाजिक विकाससँग तादात्म्यता मिलाउँदै जनप्रतिनिधिहरूको संलग्नतासहित जनसहभागितामूलक विकास प्रक्रिया अबलम्बन गर्ने।
१२. यस आवधिक योजनामा राखिएको आर्थिक वृद्धि तथा समृद्धिका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी संघ तथा स्थानीय तहबाट यस प्रदेशमा साधन विनियोजन एवम् लगानी केन्द्रित गर्ने र कार्यान्वयन गर्न समन्वय, सहकार्य र सहजीकरण गर्ने।

## २.१० योजना कार्यान्वयनका लागि अपेक्षित भूमिका

प्रदेशको समृद्धिका लागि प्रदेश सरकारका अतिरिक्त नेपाल सरकार, स्थानीय सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संस्थाहरू, समुदाय तथा सामुदायिक तथा सामाजिक संस्थाहरू, संचार माध्यम र यस प्रदेशका बासिन्दाहरूको गहन भूमिका हुन्छ। सबैको सामुहिक प्रयास भएमा योजनाको कार्यान्वयन सहज ढंगले भै परिलक्षित उद्देश्यहरू हासिल हुन सक्छन्। निजी, सहकारी र सरकारको साझेदारीका अतिरिक्त अन्य संघसंस्थाहरूको पनि योजना कार्यान्वयनमा महत्वपूर्ण भूमिका रहन्छ। यस योजनाको कार्यान्वयनमा नेपाल सरकार र स्थानीय तहको सहयोग तथा सहकार्य रहने क्षेत्र र प्रादेशिक लक्ष्य तथा उद्धेश्य हासिल गर्न संघ तथा स्थानीय तहबाट संचालन हुने वा हुनसक्ने क्षेत्रहरू पहिचान गरिएका छन्। यस योजना अनुरूप वार्षिक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

## २.११ आर्थिक वृद्धिदर, लगानी र स्रोत व्यवस्था

### २.११.१ लक्षित आर्थिक वृद्धि दर

केन्द्रीय तथ्याङ्क विभागले प्रदेशगत रूपमा आधार वर्ष २०७५/७६ को कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क सार्वजनिक गरेको छ। उक्त आधारवर्षको कुल गार्हस्थ्य उत्पादनको आधारमा सो वर्षकै मूल्यमा योजना अवधिको लागि कुल गार्हस्थ्य उत्पादन र आर्थिक वृद्धिदर प्रक्षेपण गरिएको छ।

तालिका २.२ मा देखाएजस्तै योजना अवधिमा कृषि क्षेत्रको औसत वृद्धिदर ६.३ प्रतिशत र गैरकृषि क्षेत्रको उत्पादन वृद्धिदर १०.८ प्रतिशतको लक्ष्य राखिएको छ। गैरकृषि क्षेत्रभित्र उद्योग क्षेत्रको गार्हस्थ्य उत्पादन वृद्धिदर १४.७ प्रतिशत र सेवा क्षेत्रको ९.७ प्रतिशतले बढ्ने लक्ष्य राखिएको छ। समग्रमा योजनाको औसत आर्थिक वृद्धिदर ९.५ प्रतिशत हुने लक्ष्य राखिएको छ।

**तालिका २.२ क्षेत्रगत मूल्य अभिवृद्धि र कुल गार्हस्थ्य उत्पादन**

(आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा)

(रू अर्वमा)

| | क्षेत्रहरू | आधारवर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | औसत वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|---|---|
| १ | **कृषि** | **१३३.३** | **१४०.८** | **१४९.१** | **१५८.४** | **१६९.१** | **१८०.६** | **६.३** |
| १.१ | कृषि तथावन | १३०.१ | १३७.२ | १४५.२ | १५४.२ | १६४.४ | १७५.४ | ६.२ |
| १.२ | मत्स्यपालन | ३.२ | ३.५ | ३.९ | ४.३ | ४.७ | ५.२ | १०.२ |
| २ | **गैरकृषि** | **२९७.७** | **३२६.५** | **३६०.१** | **३९९.३** | **४४५.३** | **४९८.५** | **१०.८** |
| २.१ | **उद्योग** | **७५.७** | **८६.०** | **९८.४** | **११३.३** | **१३१.४** | **१५३.०** | **१४.७** |
| २.१.२ | खानी तथा भूगर्भ | ३.० | ३.३ | ३.७ | ४.२ | ४.७ | ५.४ | १२.७ |
| २.१.३ | उद्योग | २७.८ | ३२.१ | ३७.४ | ४३.८ | ५१.५ | ६०.७ | १६.९ |
| २.१.४ | विद्युत, ग्यास तथा पानी | ३.२ | ३.४ | ३.७ | ४.१ | ४.५ | ५.० | ९.३ |
| २.१.५ | निर्माण | ४१.७ | ४७.१ | ५३.५ | ६१.२ | ७०.७ | ८१.९ | १४.५ |
| २.२ | **सेवा** | **२२२.०** | **२४०.५** | **२६१.७** | **२८६.०** | **३१३.८** | **३४५.५** | **९.७** |
| २.२. | थोक तथा खुद्रा व्यापार | ४४.८ | ४९.५ | ५४.८ | ६०.९ | ६७.९ | ७६.० | ११.२ |
| २.२.२ | होटल तथा रेष्टुरा | ७.५ | ८.३ | ९.४ | १०.६ | १२.१ | १३.९ | १३.२ |
| २.२.३ | यातायात, भण्डारण र सन्चार | ३०.४ | ३३.३ | ३६.६ | ४०.४ | ४४.६ | ४९.५ | १०.२ |
| २.२.४ | वित्तीय मध्यस्थता | १९.१ | २०.९ | २२.८ | २५.१ | २७.६ | ३०.५ | ९.८ |
| २.२.५ | घरजग्गा, वहाल तथा व्यापारिक | २९.५ | ३१.५ | ३३.९ | ३६.८ | ४०.३ | ४४.३ | ८.५ |

| | क्षेत्रहरू | आधारवर्ष २०७५/७६ | २०७६ /७७ | २०७७/ ७८ | २०७८ /७९ | २०७९/ ८० | २०८० /८१ | औसत वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|---|---|
| | क्रियाकलाप | | | | | | | |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १३.९ | १५.१ | १६.५ | १८.० | १९.४ | २०.८ | ८.३ |
| २.२.७ | शिक्षा | ३८.१ | ४०.६ | ४३.४ | ४६.७ | ५०.४ | ५४.५ | ७.४ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | १०.५ | ११.२ | १२.१ | १३.० | १४.१ | १५.४ | ८.० |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा | २८.२ | ३०.१ | ३२.३ | ३४.७ | ३७.४ | ४०.६ | ७.६ |
| २.२.१० | **कुल मूल्य अभिवृद्धि** (FISIM समेत) | **४३१.०** | **४६७.३** | **५०९.२** | **५५७.८** | **६१४.३** | **६७९.१** | **९.३** |
| | वित्तीय मध्यस्थता सेवा अप्रत्यक्ष रूपमा | १२.७ | १३.८ | १५.० | १६.३ | १७.७ | १९.३ | ३.९ |
| | **कुल गार्हस्थ्य उत्पादन** (आधारभूत मूल्यमा) | **४१८.३** | **४५३.५** | **४९४.२** | **५४१.५** | **५९६.७** | **६५९.९** | **९.५** |
| | खूद वस्तु तथा सेवा उत्पादन कर | ३४.५ | ३७.३ | ४०.९ | ४४.९ | ४९.३ | ५४.२ | ९.४ |
| | **कुल गार्हस्थ्य उत्पादन** (उत्पादकको मूल्यमा) | **४५२.८** | **४९०.८** | **५३५.१** | **५८६.४** | **६४६.०** | **७१४.१** | **९.५** |

## २.११.२ आवश्यक लगानी प्रक्षेपण

आवश्यक क्षेत्रगत तथा कुल लगानी प्रक्षेपण गर्न सीमान्त पूँजी - उत्पादन अनुपातको तथ्याङ्क चाहिन्छ। प्रदेश तहमा उक्त तथ्याङ्क नभएको हुँदा पन्ध्रौं योजनाले अपनाएको सीमान्त पुँजी-उत्पादन अनुपातलाई आधार मान्दै यस प्रदेशको वस्तुस्थिति र उत्पादन प्रविधिमा आइरहेको परिवर्तनलाई मध्यनजर राख्दै प्रदेशको सीमान्त पुँजी– उत्पादन अनुपात आँकलन गरिएको छ। योजनाको समग्र सीमान्त पूँजी-उत्पादन अनुपात ५.० हुने अनुमान गरिएको छ। सो अनुसार योजनाको लक्षित ९.५ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न योजना अवधिमा कुल स्थिर पूँजी लगानी रू. १२ खर्व ७ अर्व ८० करोड आवश्यक पर्ने अनुमान रहेको छ। क्षेत्रगत रूपमा कृषि क्षेत्रमा योजना अवधिमा रू १ खर्व ६४ अर्व ६० करोड, उद्योग क्षेत्रमा ४ खर्व ५३ अर्व ६० करोड र सेवा क्षेत्रमा रू ५ खर्व ८९ अर्व ६० करोड लगानी आवश्यक पर्ने देखिन्छ।विस्तृत रूपमा आवश्यक क्षेत्रगत लगानी तालिका २.३ मा दिइएको छ।

### तालिका २.३ सीमान्त पूँजी-उत्पादन अनुपात र कुल लगानी
(आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा)

(रू अर्वमा)

| | क्षेत्रहरू | अनुमानित सीपुँउ अनुपात | २०७६ /७७ | २०७७ /७८ | २०७८ /७९ | २०७९ /८० | २०८० /८१ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **१** | **कृषि** | **३.५** | **२६.०** | **२८.९** | **३२.७** | **३७.०** | **४०.१** | **१६४.६** |
| १.१ | कृषि तथा वन | ३.५ | २५.० | २७.९ | ३१.५ | ३५.६ | ३८.५ | १५८.६ |
| १.२ | मत्स्यपालन | ३.० | ०.९ | १.० | १.२ | १.३ | १.६ | ६.० |
| **२** | **गैरकृषि** | **५.१** | **१४८.५** | **१७४.२** | **२०३.९** | **२३८.९** | **२७७.८** | **१०४३.२** |
| **२.१** | **उद्योग** | **५.८** | **६०.३** | **७२.८** | **८७.७** | **१०६.३** | **१२६.५** | **४५३.६** |
| २.१.२ | खानी तथा भूगर्भ | ८.० | २.७ | ३.२ | ३.७ | ४.५ | ५.२ | १९.४ |
| २.१.३ | उद्योग | ७.५ | ३२.३ | ३९.७ | ४७.७ | ५७.४ | ६९.४ | २४६.६ |
| २.१.४ | विद्युत, ग्यास तथा पानी | १९.५ | ४.६ | ५.७ | ६.९ | ८.३ | ९.४ | ३४.८ |
| २.१.५ | निर्माण | ३.८ | २०.६ | २४.२ | २९.५ | ३६.१ | ४२.५ | १५२.८ |
| **२.२** | **सेवा** | **४.८** | **८८.२** | **१०१.४** | **११६.१** | **१३२.६** | **१५१.४** | **५८९.६** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | २.१ | ९.९ | ११.२ | १२.७ | १४.७ | १७.१ | ६५.६ |
| २.२.२ | होटल तथा रेष्टुरा | ६.१ | ५.२ | ६.३ | ७.७ | ९.१ | १०.७ | ३९.० |
| २.२.३ | यातायात, भण्डारण र सन्चार | १०.६ | ३०.६ | ३५.३ | ३९.६ | ४४.९ | ५२.० | २०२.४ |
| २.२.४ | वित्तीय मध्यस्थता | ३.१ | ५.३ | ६.१ | ६.९ | ७.८ | ९.० | ३५.२ |
| २.२.५ | घरजग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ५.१ | १०.५ | १२.१ | १४.७ | १७.८ | २०.५ | ७५.७ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ४.५ | ५.३ | ६.१ | ६.८ | ६.४ | ६.१ | ३०.७ |
| २.२.७ | शिक्षा | ४.० | ९.९ | ११.४ | १३.० | १४.९ | १६.५ | ६५.७ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ८.५ | ६.२ | ७.२ | ८.२ | ९.४ | १०.८ | ४१.८ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | २.७ | ५.२ | ५.७ | ६.५ | ७.५ | ८.६ | ३३.५ |
| | **कुल लगानी** | **५.०** | **१७४.५** | **२०३.०** | **२३६.५** | **२७५.८** | **३१७.९** | **१२०७.८** |

योजना अवधिका लागि आवश्यक लगानी सार्वजनिक, निजी, सहकारी र सामुदायिक गरी चार वटा स्रोतबाट हुनेछ। यिनीहरूको अनुमानित लगानीको अंश तालिका २.४ मा दिइएको छ। यी चार क्षेत्रबाट अर्थतन्त्रका विभिन्न क्षेत्रमा विभिन्न अनुपातमा लगानी हुने अपेक्षा गरिएको छ। समग्रमा

सार्वजनिक क्षेत्रबाट कुल लगानीको ३३ प्रतिशत, निजी क्षेत्रबाट ६२.१ प्रतिशत, सहकारीबाट ३.४ प्रतिशत र सामुदायिक क्षेत्रबाट १.५ प्रतिशत लगानी हुने अनुमान गरिएको छ।

**तालिका २.४ क्षेत्रगत रूपमा लगानीका स्रोतहरूको योगदानको अनुमानित अंश**

(आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा)

(प्रतिशतमा)

| | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक |
|---|---|---|---|---|---|
| १ | **कृषि** | १६.० | ७४.१ | ८.० | १.९ |
| १.१ | कृषि तथावन | १६.० | ७४.० | ८.० | २.० |
| १.२ | मत्स्यपालन | १६.० | ७६.० | ८.० | - |
| २ | **गैर कृषि** | ३५.७ | ६०.२ | २.७ | १.४ |
| २.१ | **उद्योग** | ३८.९ | ५९.६ | १.५ | ०.० |
| २.१.२ | खानी तथा भूगर्भ | २५.० | ७५.० | - | - |
| २.१.३ | उद्योग | १५.० | ८३.० | २.० | - |
| २.१.४ | विद्युत, ग्यास तथा पानी | ७०.० | २९.० | १.० | - |
| २.१.५ | निर्माण | ७२.० | २७.० | १.० | - |
| २.२ | **सेवा** | ३३.३ | ६०.५ | ३.६ | २.५ |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ७.० | ८८.० | ५.० | - |
| २.२.२ | होटल तथा रेष्टुराँ | ५.० | ९०.० | ५.० | - |
| २.२.३ | यातायात, भण्डारण र सन्चार | २५.० | ७०.० | ५.० | - |
| २.२.४ | वित्तीय मध्यस्थता | २०.० | ७५.० | ५.० | - |
| २.२.५ | घरजग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ५.० | ९२.० | ३.० | - |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | १००.० | - | - | - |
| २.२.७ | शिक्षा | ८५.० | १०.० | ०.० | ५.० |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ८५.० | १०.० | १.० | ४.० |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | १८.० | ४७.० | ५.० | ३०.० |
| | **जम्मा** | **३३.०** | **६२.१** | **३.४** | **१.५** |

उक्त लगानीको हिस्साको आधारमा योजनाको क्षेत्रगत कुल लगानीलाई चारवटा लगानीका स्रोतमा तालिका २.५ मा विभाजन गरी राखिएको छ। सो अनुसार योजना अवधिमा सार्वजनिक क्षेत्रबाट कुल रू. ३ खर्व ९८ अर्व ७३ करोड, निजी क्षेत्रबाट रू. ७ खर्व ४९ अर्व ४० करोड, सहकारीबाट रू. ४१ अर्व ४४ करोड र सामुदायिक संस्थाहरूबाट रू. १८ अर्व १८ करोड लगानी हुने अनुमान गरिएको छ।

**तालिका २.५ सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी**
(आर्थिक वर्ष २०७५/७६ को स्थिर मूल्यमा)

(रू. अर्वमा)

| | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **कृषि** | **२६.३३** | **१२१.९१** | **१३.१७** | **३.१७** | **१६४.५८** |
| १.१ | कृषि तथावन | २५.३७ | ११७.३३ | १२.६८ | ३.१७ | १५८.५५ |
| १.२ | मत्स्यपालन | ०.९६ | ४.५८ | ०.४८ | - | ६.०३ |
| **२** | **गैर कृषि** | **३७२.३९** | **६२७.५४** | **२८.२८** | **१५.०१** | **१०४३.२२** |
| **२.१** | **उद्योग** | **१७६.२३** | **२७०.५६** | **६.८१** | **०.००** | **४५३.६०** |
| २.१.२ | खानी तथा भूगर्भ | ४.८५ | १४.५६ | ०.०० | - | १९.४२ |
| २.१.३ | उद्योग | ३६.९८ | २०४.६४ | ४.९३ | ०.०० | २४६.५६ |
| २.१.४ | विद्युत, ग्यास तथा पानी | २४.३८ | १०.१० | ०.३५ | - | ३४.८२ |
| २.१.५ | निर्माण | ११०.०१ | ४१.२६ | १.५३ | - | १५२.८० |
| **२.२** | **सेवा** | **१९६.१६** | **३५६.९८** | **२१.४७** | **१५.०१** | **५८९.६२** |
| २.२.१ | थोक तथा खुद्रा व्यापार | ४.५९ | ५७.६९ | ३.२८ | - | ६५.५५ |
| २.२.२ | होटल तथा रेष्टुरा | १.९५ | ३५.१३ | १.९५ | - | ३९.०३ |
| २.२.३ | यातायात,भण्डारण र सन्चार | ५०.६० | १४१.६८ | १०.१२ | - | २०२.४० |
| २.२.४ | वित्तिय मध्यस्थता | ७.०४ | २६.३९ | १.७६ | - | ३५.१८ |
| २.२.५ | घरजग्गा, वहाल तथा व्यापारिक क्रियाकलाप | ३.७८ | ६९.६० | २.२७ | - | ७५.६५ |
| २.२.६ | सामान्य प्रशासन तथा रक्षा | ३०.७३ | ०.०० | ०.०० | - | ३०.७३ |
| २.२.७ | शिक्षा | ५५.८८ | ६.५७ | ०.०० | ३.२९ | ६५.७४ |
| २.२.८ | स्वास्थ्य तथा सामाजिक कार्य | ३५.५७ | ४.१८ | ०.४२ | १.६७ | ४१.८४ |
| २.२.९ | अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाका क्रियाकलाप | ६.०३ | १५.७४ | १.६७ | १०.०५ | ३३.४९ |
| | **जम्मा** | **३९८.७३** | **७४९.४५** | **४१.४४** | **१८.१८** | **१२०७.८०** |

## २.११.३ सार्वजनिक खर्च र खर्च व्यहोर्ने स्रोत

नयाँ संघीय संरचनामा प्रदेशमा तीन तहको सरकारबाट खर्च तथा लगानी हुने अवस्था छ। प्रदेशगत रूपमा संघबाट हुने खर्च र स्थानीय तहबाट हुने पुँजीगत खर्चको आँकलन गर्न पर्याप्त तथ्याङ्क उपलब्ध छैन। प्रदेश सरकार विशुद्ध नयाँ संरचना र विस्तारै संस्थागत हुँदै गरेको अवस्था छ। आन्तरिक राजस्व स्रोत कम रहेको र संघले गर्ने राजस्व बाँडफाँड अझै यथार्थ हुन बाँकी रहेको स्थिति छ। त्यस्तै, प्रदेशले वैदेशिक सहयोग पनि नेपाल सरकारको अनुमतिमात्र प्राप्त गर्ने सक्ने प्रावधान रहेको छ। आन्तरिक ऋणको सवालमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक राजस्व र राजस्व बाँडफाँडको दश प्रतिशतसम्म प्रदेश सरकारले आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था गरेको छ। तर, आन्तरिक ऋण उठाउन आवश्यक संरचना र

कानूनी आधार बन्न बाँकी छन्। तसर्थ प्रदेश सरकारको बजेट प्रक्षेपण गर्न सहज छैन। तापनि आर्थिक वर्ष २०७५।७६ र २०७६।७७ को बजेट र यसका लागि प्राप्त स्रोतका आधारमा आगामी पाँच वर्षको बजेट अनुमान गरिएको छ।

योजना अवधिमा प्रदेश सरकारको करीब कुल रू. २ खर्व १७ अर्व ५६ करोड खर्च हुने अनुमान रहेको छ (तालिका २.६)। उक्त खर्चमध्ये चालू खर्च रू. ७३ अर्व ९१ करोड (३४.० प्रतिशत), पूँजीगत खर्च रू. १ खर्व १३ अर्व २१ करोड (५२.० प्रतिशत), वित्तीय हस्तान्तरण रू. २३ अर्व ३९ करोड (१०.८ प्रतिशत) र वित्तीय लगानी रू. ७ अर्व ५ करोड (३.२ प्रतिशत) हुने अनुमान गरिएको छ।

योजना अवधिको कुल खर्च व्यहोर्न आन्तरिक राजस्व, नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँडदेखि अन्य अनुदान गरेर कुल रू. १ खर्व ९६ अर्व ७८ करोड प्राप्त हुने अनुमान गरिएको छ। वैदेशिक अनुदानबाट रू. ७ अर्व  ४ करोड प्राप्त हुने अनुमान गरिएको छ। तत्पश्चात रू. १३ अर्व ७४ करोड जति बजेट घाटा हुने अनुमान छ। उक्त बजेट घाटामध्ये रू. ६ अर्व ४ करोड वैदेशिक ऋणबाट र रू. ७ अर्व ७० करोड आन्तरिक ऋणबाट पूर्ति गर्ने अनुमान गरिएको छ।

**तालिका २.६ प्रदेश सरकारको बजेट र खर्च व्यहोर्ने स्रोत**

(आर्थिक वर्ष २०७५/७६को स्थिर मूल्यमा)

(रू. करोडमा)

| | विवरण | २०७५/७६ संशोधित अनुमान | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | **कुल बजेट** | २३०९.० | ३६४१.६ | ४१०५.५ | ४३९२.७ | ४७२६.२ | ४८८९.९ | २१७५५.९ |
| २ | **कुल राजस्व** | २८०९ | ३६४१.७ | ३५८१.५ | ३८८४.७ | ४१७६.४ | ४३९३.९ | १९६७८.२ |
| | आन्तरिक राजस्व | १८२.० | ४५९.४ | ५६९.० | ५८५.० | ६००.० | ६२५.० | २८३८.४ |
| | राजस्व  बाँडफाँड | ८१९.०६ | ९९१.२ | ११४९.२ | १२५४.३ | १४१८.४ | १४९५.० | ६३०८.१ |
| | वित्तीय समानीकरण | ७४७.० | ७५४.० | ७६४.५ | ७७९.१ | ८२१.० | ८६५.९ | ३९८४.६ |
| | सशर्त अनुदान | ९६७.० | ७७७.० | ७८८.० | ८२७.० | ८३७.० | ८४०.० | ४०६९.० |
| | समपूरक र विशेष अनुदान | | १३०.० | १७६.१७ | २१९.४७ | २५०.० | २७८.० | १०५३.६ |
| | रोयाल्टी बाँडफाँड | ११.० | ३०.० | १३४.६ | २१९.८ | २५०.० | २९०.० | ९२४.४ |
| | अघिल्लो वर्षको बजेट बचत | ८२.९७ | ५००.० | ० | ० | ० | ० | ५०० |
| ३ | **वैदेशिक अनुदान** | | ० | १६५ | १७४ | १८०.० | १८५.० | ७०४.० |

| | विवरण | २०७५/७६ संशोधित अनुमान | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ४ | **कुल खर्च** | २३०९.० | ३६४१.६ | ३९०५.५ | ४१४२.७ | ४६०१.२ | ४७५९.९ | २१०५०.९ |
| | चालु खर्च | ९४६.४ | १३४५.० | १३८८.० | १४७७.० | १५५९.६ | १६२१.४ | ७३९१.१ |
| | पुँजीगत खर्च | १३६२.७ | १८५७.६ | २०७७.५ | २२०५.७ | २५५१.६ | २६२८.४ | ११३२०.९ |
| | वित्तीय हस्तान्तरण | | ४३९.० | ४४०.० | ४६०.० | ४९०.० | ५१०.० | २३३९.० |
| ५ | **खुद ऋण लगानी** | | ० | ५०.० | १००.० | १२५.० | १३०.० | ४०५.० |
| | आन्तरिक ऋण लगानी | | ० | ५०.० | १००.० | १२५.० | १३०.० | ४०५.० |
| | आन्तरिक ऋण फिर्ता प्राप्ती | | | | | | | |
| ६ | **खुद सेयर लगानी** | | ० | १५०.० | १५०.० | ०.० | ०.० | ३००.० |
| | आन्तरिक सेयर लगानी | | ० | १५०.० | १५०.० | ०.० | | ३००.० |
| ७ | **बजेट वचत(-) न्यून (+)** | -५००.० | ०.० | ३५९.० | ३३४.० | ३६९.८ | ३११.० | १३७३.८ |
| ८ | **खुद वैदेशिक ऋण** | | ० | १८७.० | १५०.० | १६८.० | ९९.० | ६०४.० |
| | वैदेशिक ऋण साँवा भुक्तानी | | | | | | ५०.० | ५०.० |
| | वैदेशिक ऋण | | ० | १८७.० | १५०.० | १६८.० | १४९.० | ६५४.० |
| ९ | **खुद आन्तरिक ऋण** | | ०.० | १७२.० | १८४.० | २०१.८ | २१२.० | ७६९.८ |
| | आन्तरिक ऋण साँवा भुक्तानी | | | | | | | ०.० |
| | आन्तरिक ऋण | | ०.० | १७२.० | १८४.० | २०१.८ | २१२.० | ७६९.८ |
| १० | **ट्रेजरी बचत** | -५००.० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

# पाठ ३ : समष्टिगत आर्थिक नीति

## ३.१ बचत तथा लगानी

### विद्यमान अवस्था

पूँजी निर्माण गरी उच्च आर्थिक वृद्धिदरको लागि उल्लेख्य बचत परिचालन र लगानीको आवश्यकता पर्दछ। प्रदेशगत स्तरमा बचत तथा लगानीको तथ्याङ्क उपलब्ध नभएको हुँदा यसको अवस्थाबारे सूक्ष्म विश्लेषण गर्न सकिदैन। नेपालको समग्र बचत तथा लगानीलाई हेर्दा कुल गार्हस्थ्य उत्पादनमा गार्हस्थ्य बचतको हिस्सा पछिल्लो ५ वर्षको औसत १० प्रतिशत र कुल स्थीर पूँजी लगानी ३५ प्रतिशत जति रहेको छ। कुल राष्ट्रिय बचत भने विगत ५ वर्षको कुल गार्हस्थ्य उत्पादनको औसत ४४ प्रतिशत रहेको छ।

### प्रमुख समस्या

आयातित वस्तुको अधिक उपभोग एवम् बढ्दो उपभोगबादी संस्कृति, ग्रामीण क्षेत्रमा पर्याप्त बैकिङ्ग सेवाको विस्तार नहुनु, बचत गर्ने बानीको पर्याप्त विकास नहुनु, लगानीतर्फ नागरिकमा उद्यमशीलता र जोखिम लिनसक्ने क्षमता र इच्छाशक्तिको कमी, पूँजी परिचालनमा लैङ्गिक तथा समावेशी सिद्धान्त अवलम्वन नहुनु र सरकारको पूँजीगत खर्च बढ्न नसक्दा सरकारको लगानी अपेक्षित नहुनु समस्याको रूपमा रहेका छन्।

### चुनौती र अवसर

पर्याप्त बैकिङ सेवाको विस्तार गर्नु,सर्वसाधारण नागरिकको आयस्तर बढाउनु, पर्याप्त मात्रामा उद्यमशीलताको विकास गर्नु, लैगिक मैत्री तथा उद्यमशील नीति कार्यान्वयन गर्नु, प्रदेशका सम्भावनाहरूको पर्याप्त खोजी गर्नु र सहज ऋणको उपलब्धता गराउनु बचत तथा लगानी बढाउनका लागि चुनौतीको रूपमा रहेका छन्।

वित्तीय क्षेत्र फराकिलो हुँदै गएको, आर्थिक गतिविधि बढ्दै गएको, विप्रेषण आप्रवाहले पनि पारिवारिक आम्दानी बढेकोले बचत गरी पूँजी निर्माण गर्न सकिने स्थिति छ। त्यस्तै, राजनैतिक स्थीरता सहितको नयाँ राजनैतिक व्यवस्थाले गर्दा लगानीका लागि अनुकूल वातावरण बनेको, यस प्रदेशमा विभिन्न आर्थिक गतिविधिका थुप्रै सम्भावना रहेकोले निजी क्षेत्र, गैर आवासीय नेपाली र वैदेशिक लगानी प्रवर्द्धन गर्न सकिने अवसर रहेको छ। लैङ्गिकमैत्री बजेट विनियोजनका साथै तीनै तहका सरकारबाट भौतिक पूर्वाधार निर्माणका कामहरू अघि बढिरहेकाले सरकारी क्षेत्रको लगानी बढ्ने अवसर रहेको छ।

## दीर्घकालीन सोच

बचत परिचालन र लगानी प्रवर्द्धनमार्फत सबल, र सक्षम प्रादेशिक अर्थतन्त्र निर्माण।

## लक्ष्य

उच्च बचत परिचालन र लगानी प्रवर्द्धन गरी दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्ने।

## उद्देश्य

बचत परिचालन र उत्पादनमूलक लगानी उल्लेख्य रूपमा वृद्धि गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. वित्तीय पहुँच, ज्ञान र आय आर्जन बढाउने। | १. बचत परिचालनका लागि वित्तीय पहुँच अभिवृद्धि गरिनेछ।<br>२. सहकारी संस्थाहरूको प्रवर्द्धन गरी थप बचत परिचालन गरिनेछ।<br>३. बचत परिचालनका लागि बैकिङ्ग विस्तारका अतिरिक्त ऋणपत्र बजारको विस्तार गरिनेछ।<br>४. वित्तीय साक्षरता र ज्ञान वृद्धिका लागि वित्तीय संस्थाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ।<br>५. प्रादेशिक संचय तथा लगानी कोष स्थापना गरी दीर्घकालीन प्रवृत्तिको बचत परिचालन गरिनेछ।<br>६. बचत अभिवृद्धिको लागि उत्पादनशील लगानी प्रोत्साहन गरी आय आर्जन वृद्धि गरिनेछ।<br>७. रोजगारमूलक र आयमूलक कार्यक्रमहरूको संचालनद्वारा आय अभिवृद्धि गरिनेछ। |
| २. लगानीयोग्य वातावरण बनाई निजी. सहकारी र सार्वजनिक क्षेत्रको लगानी बढाउने। | १. निजी लगानी प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारमा सार्वजनिक लगानी बढाइनेछ।<br>२. प्राथमिकता प्राप्त क्षेत्रमा लगानी प्रवर्द्धन गर्न निजी क्षेत्रलाई सहुलियत प्रदान गरिनेछ।<br>३. सार्वजनिक निजी साझेदारीलाई जोड दिई लगानी प्रवर्द्धन गरिनेछ।<br>४. सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।<br>५. प्रदेशका सम्भावित लगानीका क्षेत्रहरू पहिचान गरी लगानी आकर्षित गर्न लगानी सम्मेलन गरिनेछ।<br>६. गैर आवासीय नेपालीको लगानी र वैदेशिक लगानीलाई बढाउन प्रोत्साहित गरिनेछ। |

### अपेक्षित उपलब्धि

वित्तीय संस्थाहरूको विस्तार र आय बढ्न गै बचत परिचालन प्रादेशिक गार्हस्थ्य उत्पादनको २० प्रतिशत र कुल स्थिर पूँजी लगानी ४० प्रतिशत पुगेको हुनेछ।

## ३.२ सार्वजनिक खर्च

### विद्यमान अवस्था

प्रदेश सरकार नयाँ संवैधानिक संरचनाका रूपमा रहेको छ। संविधान प्रदत्त कार्य क्षेत्र विस्तार हुँदै जाँदा प्रदेशको सरकारी खर्च बढ्दै जाने देखिन्छ। नेपालको संविधानले प्रदेशलाई आर्थिक सामाजिक विकासको गहन जिम्मेवारी सुम्पिएको छ। देशको सन्तुलित विकास र समृद्धिका लागि प्रदेशले प्रभावकारी एवम् मितव्ययी ढंगले खर्च गरेर सार्वजनिक खर्चको उत्पादकत्व बढाउनु आवश्यक छ। सन्तुलित क्षेत्रगत विकासको अवधारणा अनुरूप प्राथमिकताका आधारमा योजनाहरू छनोट गरी खर्च गर्नुपर्ने खाँचो छ।

### प्रमुख समस्या

नेपाल सरकारको पूँजीगत खर्च अपेक्षित रूपमा नहुने गरेको, भएको सरकारी खर्चको पनि प्रतिफल संतोषजनक नहुने, सरकारी खर्चमा वित्तीय अनुशासनको कमी र गुणस्तर कायम नगरी गरिने निर्माण कार्यहरूले गर्दा सार्वजनिक खर्च प्रतिफलमुखी हुन नसकिरहेको समस्या रहेका छन्।

### चुनौती र अवसर

बजेटलाई योजना र नीतिमा आधारित एवम् प्रतिफलमुखी बनाउने, वित्तीय अनुशासन कायम गर्ने, चालू खर्च नियन्त्रण गरी पूँजीगत खर्च वृद्धि गर्ने, सरकारी खर्चमा हुने गरेको चुहावट रोक्ने र बजेट कार्यान्वयनलाई प्रभावकारी वनाउने कार्य चुनौतीपूर्ण रहेको छ। प्रदेशको बजेट कार्यान्वयनका लागि चुस्त प्रशासनिक संरचना निर्माण र कर्मचारीहरूलाई उत्प्रेरणा दिने काम पनि चुनौतीपूर्ण नै रहेको छ।

तर, नयाँ संरचना भएकोले प्रभावकारी सरकारी संरचना र संयन्त्र बनाएर सरकारी कार्य सम्पादन गर्न सकिने अवसर रहेको छ। सानो क्षेत्र भएकोले प्रदेश सरकारले सरकारी खर्चको अनुगमन गरी वित्तीय अनुशासन कायम गर्न सहज हुने देखिन्छ।

### दीर्घकालीन सोच

पारदर्शी र उत्तरदायित्वपूर्ण सार्वजनिक खर्च व्यवस्थापनद्वारा आर्थिक समृद्धि।

## लक्ष्य

दक्ष, प्रभावकारी, समतामूलक र पारदर्शी सार्वजनिक खर्च व्यवस्थापनद्वारा सार्वजनिक खर्चको उत्पादकत्व र प्रभावकारिता वृद्धिगर्ने।

## उद्देश्य

१. औचित्यपूर्ण र समावेशी बजेट विनियोजन तथा कार्यान्वयन दक्षता अभिवृद्धि गर्नु।
२. वित्तिय अनुशासन कायम गर्नुका साथै सार्वजनिक खर्चलाई बढी प्रतिफलमुखी बनाउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. नीति र योजनामा आधारित बजेट प्रणालीको विकास गर्ने। | १. आवधिक योजनाले परिलक्षित गरे अनुरूप प्राथमिकता प्राप्त आयोजना छनोट गरी बजेट विनियोजन गरिनेछ।<br>२. बजेट तर्जुमामा मध्यकालिन खर्च संरचना अवलम्वन गरिनेछ।<br>३. स्थानीय तहसंगको समन्वयमा लैङ्गिक उतरदायी बजेट प्रणालीको व्यवस्था गरिनेछ।<br>४. सार्वजनिक खर्चलाई सरकारको आयसंग सन्तुलन मिलाइ प्रादेशिक समष्टिगत स्थायित्व कायम गरिनेछ। |
| २. आयोजना तथा कार्यक्रमहरू प्राथमिकताका आधारमा छनौट गर्ने। | १. प्रदेशका बढी प्रतिफल दिने रणनीतिक आयोजनाहरू छनोट गरी पर्याप्त बजेटको व्यवस्था गरिनेछ।<br>२. नतिजा वा प्रतिफलमा आधारित बजेट प्रणालीको अवलम्वन गरिनेछ।<br>३. सार्वजनिक निर्माणमा पर्याप्त बजेट विनियोजन गरी पूर्ण रूपमा खर्च गरिनेछ।<br>४. गैर सरकारी संस्था तथा अन्य संस्थाहरूलाई प्राथमिकता प्राप्त क्षेत्रहरूमा खर्च गर्न प्रोत्साहन गरिनेछ। |
| ३. सरकारी संयन्त्रहरूको कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने। | १. संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी आवश्यकता अनुरूप प्रदेशस्तरीय सरकारी संरचनाहरूको स्थापना एवम् संस्थागत विकास गरिनेछ।<br>२. कर्मचारीहरूलाई सामयिक र विशेष तालिम दिइ सार्वजनिक खर्च कुशलतापूर्वक गर्ने क्षमता विकास गरिनेछ।<br>३. आयोजना तथा कार्यक्रमको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. आर्थिक प्रशासनसम्वन्धी कानूनी र संस्थागत क्षमता सुदृढीकरणद्वारा आर्थिक अनुशासन कायम गर्ने। | १. आर्थिक प्रशासन सम्वन्धी आवश्यक कानूनहरू निर्माण तथा परिमार्जन गरिने छ।<br>२. सार्वजनिक खर्चका मापदण्ड र मितव्ययितासम्वन्धी समयसापेक्ष नीति तर्जुमा गरी वित्तीय अनुशासन कायम गरिनेछ।<br>३. सरकारी खर्चको सदुपयोग र प्रभावकारिता बढाउन नियमित अनुगमन गरिनेछ।<br>४. बजेट इन्फर्मेसन मेनेजमेन्ट सिष्टम (BMIS) मार्फत प्रदेश र स्थानीय सरकारको बजेट व्यवस्थापन गरिनेछ। |

### अपेक्षित उपलब्धि

प्रदेशको सार्वजनिक खर्चमा पूँजीगत खर्चको हिस्सा बढेको हुने र पूर्ण रूपमा (बजेटको ९० प्रतिशत भन्दा बढी) कार्यान्वयन भएको हुने, लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भएको हुने, बजेट घाटा नियन्त्रित रही समष्टिगत स्थायित्व कायम भएको हुनेछ।

## ३.३ राजस्व परिचालन

### विद्यमान अवस्था

नेपालको संविधान अनुसार प्रदेश सरकारको क्षेत्राधिकार भित्र घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर र कृषि आयमा कर गरी ५ किसिमका करहरू रहेका छन्। यी करहरूमध्ये कृषि आयमा कर बाहेक अन्य ४ वटा करहरू स्थानीय तहको क्षेत्राधिकार भित्र पनि पर्दछन्। यस अतिरिक्त स्थानीय तहले सम्पति कर, घर बहाल कर, भूमिकर (मालपोत), व्यवसाय कर उठाउन पाउने संवैधानिक प्रावधान रहेको छ। गैरकर राजश्वतर्फ प्रदेश र स्थानीय तह दुवैले सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना उठाउने अधिकार रहेको छ। पर्यटन दस्तुर नेपाल सरकारको क्षेत्राधिकार भित्र राखिएको छ भने पर्यटन शुल्क प्रदेश र स्थानीय तहको क्षेत्राधिकार भित्र पर्दछ।

अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४ अनुसार प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहेका करमध्ये सवारीसाधन कर प्रदेशले लगाउने र उठाउने, घरजग्गा रजिष्ट्रेशन शुल्क र मनोरञ्जन कर प्रदेशले लगाउने र स्थानीय तहले उठाउने, विज्ञापन कर स्थानीय तहले नै लगाउने र उठाउने व्यवस्था रहेको छ। मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त:शुल्क नेपाल सरकारले एक संघीय विभाज्य कोषमा जम्मा गरी संकलित रकमको ७० प्रतिशत नेपाल

सरकारलाई, १५ प्रतिशत प्रदेश सरकारहरूलाई र १५ प्रतिशत स्थानीय तहहरूबीच बाँडफाँड गर्नुपर्ने प्रावधान रहेको छ। प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी संघीय विभाज्य कोषमा जम्मा गरी नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत र सम्बन्धित प्रदेशलाई २५ प्रतिशतका दरले बाँडफाँड हुने व्यवस्था रहेको छ।

मूल्य अभिवृद्धि कर, आन्तरिक उत्पादनको अन्तशुल्क र प्राकृतिक स्रोतको बाँडफाँडका अतिरिक्त नेपाल सरकारले प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिश अनुसार प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। प्रदेश र स्थानीय तहले नेपाल सरकारबाट सशर्त, समपूरक र विशेष अनुदान प्राप्त गर्नसक्ने व्यवस्था छ।

## प्रमुख समस्या

प्रदेश नयाँ संरचना भएकाले राजस्व संकलन गर्ने कमजोर संस्थागत क्षमता, करसम्वन्धी कानूनी व्यवस्थाहरूको प्रभावकारी संचारको अभाव, साझा करको रूपमा रहेका कर सम्वन्धमा स्थानीय तहमा द्विविधा, राजस्व संकलनको विगत तथ्याङ्क उपलब्धताको अभाव, जनतामा करसम्वन्धी चेतनाको कमी, कर तिर्ने संस्कृतिको अभाव, करयोग्य क्षमतामा कमी आदि राजस्व संकलनका प्रमुख समस्याका रूपमा रहेका छन्।

## चुनौती र अवसर

राजस्व संकलनका लागि करसम्वन्धी कानूनी व्यवस्थाका सम्वन्धमा जानकारी र चेतनाको अभिवृद्धि गर्नु, संस्थागत व्यवस्था गर्नु, दोहोरो करको भार पर्न नदिने गरी कर संकलन गर्नु, कर तिर्ने वानीको विकास गर्नु र कर चुहावट नियन्त्रण गर्नु आदि राजस्व संकलनका चुनौतीका रूपमा रहेका छन्।

तीन तहको नयाँ सरकारी संरचना बनेको हुँदा नयाँ ढंगले करसंकलन गर्न सकिने अवस्था, करको दायरा फराकिलो पार्ने र कर चुहावट नियन्त्रण गर्न सकिने अवसर भने रहेको छ।

## दीर्घकालीन सोच

प्रादेशिक विकास कार्य तथा समृद्धिका लागि पर्याप्त आन्तरिक राजश्व परिचालन।

## लक्ष्य

कर तिर्ने संस्कृतिको विकासद्वारा राजश्वको दायरा फराकिलो पार्ने।

### उद्देश्य

प्रदेशको आन्तरिक राजश्व संकलन वृद्धि गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. आन्तरिक राजस्व परिचालनको लागि प्रभावकारी संस्थागत व्यवस्था गर्ने। | १. राजस्व संकलन सम्बन्धी सुदृढ प्रशासनिक संरचनाको व्यवस्था गरिनेछ।<br>२. सूचना प्रविधिको प्रयोग गरी राजस्व संकलनलाई सहज बनाइनेछ।<br>३. करदाता मैत्री राजश्व प्रशासन बनाइनेछ। |
| २. निजी क्षेत्र र नागरिकको समेत सहभागितामा कर तिर्ने वानीको विकास तथा राजस्व चुहावट नियन्त्रण गर्ने। | १. सरोकारवालाहरूसंगको सहकार्यमा राजस्व सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. राजस्व सम्वन्धी जानकारीमूलक संदेशहरू प्रवाह गरिनेछ।<br>३. राजश्व चुहावट नियन्त्रण सम्वन्धमा कार्यक्रम सञ्चालन गरिनेछ।<br>४. उत्कृष्ट करदातालाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. राजश्वका आधारहरू खोजी तथा दरहरू समसामयिक बनाई राजश्व संकलन प्रभावकारी ढंगबाट गर्ने। | १. आर्थिक क्षमताका आधारमा सबै आयमूलक क्रियाकलापहरूलाई न्यायोचित ढंगबाट राजस्वको दायरामा ल्याइनेछ।<br>२. गैरकर राजश्वका स्रोतहरू पहिचान गरी समयानुकूल बनाइनेछ। |

### अपेक्षित उपलब्धि

राजस्वको दायरा फराकिलो भइ राजस्व संकलन बढेको हुने र प्रादेशिक खर्चमा यसको अंश बढेको हुनेछ।

## ३.४ आन्तरिक ऋण

### विद्यमान व्यवस्था

नेपालको संविधान र अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४ ले तीनै तहका सरकारले पूर्ति गर्ने स्रोत सहित घाटा बजेट पेश गर्न सक्ने व्यवस्था गरेको छ। तर, संघीय, प्रदेश र स्थानीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिश गरेको सीमा भित्र रहेर आन्तरिक

ऋण लिन सक्ने व्यवस्था छ। साथै, नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई ऋण दिन सक्ने व्यवस्था पनि छ।

## चुनौती र अवसर

आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति लिनु पर्ने, ऋण संकलन गर्न संघीय संरचना प्रयोग गर्नु पर्ने र आन्तरिक ऋणको दुरूपयोगको सम्भावना रोक्ने चुनौती रहेको छ। नयाँ संरचनाको रूपमा रहेको प्रदेश सरकारले आयोजना विशेषमा केन्द्रित हुनेगरी आन्तरिक ऋण उठाउने र उपयोग गर्नसक्ने अवसर रहेको छ।

## दीर्घकालीन सोच

प्रादेशिक समष्टिगत स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी उच्च प्रतिफलयुक्त आयोजनाहरूका लागि आन्तरिक ऋण परिचालन।

### लक्ष्य

निश्चित सीमाभित्र रहेर मात्र आन्तरिक ऋण परिचालन गर्ने।

## उद्देश्य

प्रदेशका विकासका कार्यहरूका लागि अत्यावश्यक आन्तरिक ऋण परिचालन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. अत्यावश्यक र उच्च प्रतिफल दिने योजना तथा कार्यक्रमको लागि आन्तरिक ऋणको परिचालन गर्ने। | १. आयोजना बैंक बनाई उच्च प्रतिफल दिने आयोजनाहरूमा आन्तरिक ऋण परिचालन गरिनेछ। |
| २. ऋणपत्रहरू बिक्री गरी वित्तीय स्रोत संकलन गर्ने। | १. आयोजना लक्षित ऋणपत्रहरू बिक्री गर्ने प्रबन्ध मिलाई वित्तीय साधन संकलन गरिनेछ। |

## अपेक्षित उपलब्धि

प्रादेशिक गार्हस्थ्य उत्पादनको २ प्रतिशतको सीमाभित्र रहेर प्रतिफलयुक्त आयोजनाहरूका लागि आन्तरिक ऋण परिचालन भएको हुनेछ।

## ३.५ वैदेशिक सहयोग

### विद्यमान अवस्था

नेपालको संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ का अनुसार वैदेशिक सहयोग लिने अधिकार नेपाल सरकारमा रहेको छ। नेपालसरकारले प्रदेश तथा स्थानीयतहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि वैदेशिक सहयोग लिनसक्ने व्यवस्था रहेको छ। प्रदेश तथा स्थानीय तहले नेपालसरकारको पूर्वस्वीकृति लिई कुनै पनि किसिमका वैदेशिक सहयोग लिन वा सहयोगमा कुनै पनि कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने कानूनी व्यवस्था छ।

### प्रमुख समस्या

समग्रमा नेपालले लामो समयदेखि वैदेशिक सहयोग लिएर विकास खर्च गरिरहेको भएतापनि यसको प्रभावकारी उपयोग हुन सकेको र वैदेशिक सहयोग प्रवाह भए अनुरूपविकासको प्रतिफल प्राप्त हुन सकेको अवस्था छैन।

### चुनौती र अवसर

वैदेशिक सहायता प्रदान गर्ने विकासका साझेदारहरूलाई प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता प्रवाह गर्न आकर्षित गर्नु, संघीयता अनुरूप साझेदारहरूलाई सहयोग प्रवाहको क्षेत्र र स्थान पहिल्याउन र प्रदेशस्तरको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली प्रति विश्वस्त गराउनु चुनौतीपूर्ण देखिएको छ।

देश अहिले संघीयतामा गएको परिपेक्ष्यमा वैदेशिक सहयोगको प्रभावकारी उपयोग गर्नसक्ने र जनताका आंकाक्षा नजिकबाट विश्लेषण गरेर उच्च प्रतिफलयुक्त आयोजनाहरू छनोट गरी वैदेशिक सहायता प्रयोग गर्नसक्ने अवसर प्रदेश सरकार समक्ष रहेको छ।

### दीर्घकालीन सोच

उच्च प्रतिफलयुक्त एवम् प्राथमिकताका आयोजनामा मात्र वैदेशिक सहयोग लिइ दीर्घकालमा यसप्रतिको निर्भरता न्यूनीकरण।

### लक्ष्य

नेपालले सहमति जनाइसकेका मान्यतामा आधारित रही छनोटपूर्ण ढंगले वैदेशिक सहयोग लिने।

### उद्देश्य

उच्च प्रतिफल दिने आयोजनाको लागि वैदेशिक सहयोग लिनु।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. आयोजना बैंक बनाउने। | १. प्रदेशका १२ वटै जिल्लाका सम्भावित रणनीतिक तथा महत्वपूर्ण आयोजनाहरूको सूची तयार पारिनेछ।<br>२. सम्भावित सूचीहरूका आयोजनाहरूको प्रतिफल विश्लेषण गरी आयोजना बैङ्कमा समावेस गरिनेछ। |
| २. उच्च प्रतिफलयुक्त आयोजनाको लागि वैदेशिक सहयोग उपयोग गर्ने। | १. उच्च प्रतिफल भएका आयोजनाहरूको लागि वैदेशिक सहयोग खोजिनेछ।<br>२. प्रदेशको प्राथमिकताका आयोजनामा प्रदेश सरकारका निकायको संलग्नता वा नेतृत्वमा आयोजना विकास गरी सहयोग लिइनेछ।<br>३. वैदेशिक सहयोगलाई प्रभावकारी ढंगले सदुपयोग गरिनेछ। |

## अपेक्षित उपलब्धि

छनोटपूर्ण रूपले उच्च प्रतिफलयुक्त आयोजनामा वैदेशिक सहायता परिचालन भएको हुने र आन्तरिक स्रोत नपुग भएको अवस्थामा वैदेशिक सहयोग पूरकको रूपमा प्रयोग भएको हुनेछ।

## ३.६ समष्टिगत आर्थिक क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

### बचत तथा लगानी

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | लगानी प्रवर्द्धन कार्यक्रम | आयोजना बैंक निर्माण र निजी लगानीको लागि सहजीकरण | निजी लगानीको लागि सहजीकरण | | | | आमायोम |
| २ | लगानी सम्मेलन | लगानी सम्मेलनको आयोजना (स्वदेशी लगानीकर्ता) | लगानी सम्मेलनको आयोजना (वाह्य लगानीकर्ताको लागि) | | | | आमायोम/ प्रयोआ |
| ३ | वित्तीय पहुँच र वित्तीय ज्ञान अभिवृद्धि कार्यक्रम | वित्तीय पहुँच नपुगेको क्षेत्र पहिचान र वित्तीय ज्ञान अभिवृद्धि कार्यक्रम संचालन | वित्तीय पहुँच नपुगेको क्षेत्रमा वित्तीय पहुँच पुराउन पहल र वित्तीय ज्ञान अभिवृद्धि कार्यक्रम संचालन | | | | आमायोम/बैंक तथा वित्तीय संस्थाहरू |

**नोट:** आमायोम = आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रयोआ = प्रदेश योजना आयोग

### सार्वजनिक खर्च

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | मध्यमकालीन खर्च संरचना निर्माण | तयार गर्ने | निरन्तरता | | | | आमायोम/प्रयोआ |
| २ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | सर्वेक्षण गर्ने | कर्मचारीको आपूर्ति | | | | आमायोम / मुमका/प्रलोसेआ |
| ३ | बजेट तालिम | प्रत्येक वर्ष ५ वटा संचालन | | | | | आमायोम |
| ५ | बजेट इन्फर्मेशन मेनेजमेन्ट सिष्टम | सिष्टम तर्जुमा गरी लागू गर्ने | संचालन | | | | आमायोम |

**नोट:** आमायोम = आर्थिक मामिला तथा योजना मन्त्रालय; मुमका = मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रयोआ = प्रदेश योजना आयोग, प्रलोसेआ= प्रदेश लोक सेवा आयोग

## राजस्व परिचालन

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | राजस्व संकलनको प्रशासनिक संरचना निर्माण | प्रशासनिक संरचना तर्जुमा, स्थापना र संचालन | संचालन | | | | आमायोम |
| २ | राजस्व सम्वन्धी सचेतनामूलक कार्यक्रम | कार्यक्रमको तर्जुमा र संचालन | संचालन | | | | आमायोम |
| ३ | उत्कृष्ट कर दातालाई पुरस्कार कार्यक्रम | कार्यक्रमको तर्जुमा र संचालन | संचालन | | | | आमायोम |

**नोटः** आमायोम = आर्थिक मामिला तथा योजना मन्त्रालय

## आन्तरिक ऋण

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | आयोजना बैक बनाउने | आयोजना संकलन र प्रारम्भिक अध्ययन पश्चात सूची निर्माण | सूचि परिष्कृत गर्दै जाने | | | | प्रयोआ/सबै मन्त्रालयहरू |
| २ | आवश्यक आन्तरिक ऋण उठाउने | सालवसाली उठाउने | | | | | आमायोम |

आमायोम = आर्थिक मामिला तथा योजना मन्त्रालय

## ३.७ समष्टिगत आर्थिक क्षेत्रका नतिजा खाका

### प्रभाव

| क्र. स. | प्रमुख सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कूल गार्हस्थ्य उत्पादनको वृद्धि दर | प्रतिशत | ७.३७ | ८.४ | ९.० | ९.६ | १०.२ | १०.५ | प्रतका/केतवि |
| २ | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | ६.२८ | ५.६ | ५.९ | ६.३ | ६.७ | ६.८ | प्रतका/केतवि |
| ३ | गैरकृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | ७.८२ | ९.७ | १०.३ | १०.९ | ११.५ | १२.० | प्रतका/केतवि |

### असर

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| बचत परिचालन /कूल गार्हस्थ्य उत्पादन | प्रतिशत | ०.१८ | १.०२ | ०.०० | ०.०० | ०.०० | ०.०० | प्रतका/केतवि |
| कूल लगानी/कूल गार्हस्थ्य उत्पादन | प्रतिशत | - | ३५.५ | ३७.९ | ४०.३ | ४२.७ | ४४.५ | प्रतका/केतवि |
| निजी क्षेत्रको लगानी/कूल गार्हस्थ्य उत्पादन | प्रतिशत | - | २२.१ | २३.६ | २५.१ | २६.५ | २७.६ | प्रतका/केतवि |
| पुँजीगत बजेट खर्च | प्रतिशत | ६५ | ९० | ९५ | ९५ | ९५ | ९५ | आमायोम |
| बजेट घाटा (प्रादेशिक कूल गार्हस्थ्य उत्पादनको अनुपात) | प्रतिशत | -१.१० | ०.०० | ०.६७ | ०.५७ | ०.५७ | ०.४४ | आमायोम |
| आन्तरिक ऋण (प्रादेशिक कूल गार्हस्थ्य उत्पादनको अनुपात) | प्रतिशत | ०.०० | ०.०० | ०.६७ | ०.५७ | ०.५७ | ०.४४ | आमायोम |
| मूल्य अभिवृद्धि दर | प्रतिशत | - | ८.४३ | ८.९६ | ९.५५ | १०.१४ | १०.५५ | आमायोम |
| वेरोजगारीको दर | प्रतिशत | ११.२ | - | - | ८.० | - | ६.० | आमायोम |

## प्रतिफल

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| वित्तीय साक्षरता | संख्या | | | | | | | आमायोम |
| निजी क्षेत्रको लगानी | रू करोड | - | १०८३४ | १२६०९ | १४६८९ | १७१३० | १९७४३ | आमायोम |
| बजेट खर्च कुल | रू करोड | २३०९.० | ३६४१.६ | ४१०५.५ | ४३९२.७ | ४७२६.२ | ४८८९.९ | आमायोम |
| बजेट खर्च पूँजीगत | रू करोड | १३६२.७ | १८५७.६ | २०७७.५ | २२०५.७ | २२५१.६ | २६२८.४ | आमायोम |
| बेरूजु रकम | रू करोड | - | - | - | - | - | - | आमायोम |
| आन्तरिक राजस्व संकलन | रू करोड | १८२.० | ४५९.४ | ५६९.० | ५८५.० | ६००.० | ६२५.० | आमायोम |
| बजेट घाटा | रू करोड | -५००.० | ०.० | ३५९.० | ३३४.० | ३६९.८ | ३११.० | आमायोम |
| आन्तरिक ऋण संकलन | रू करोड | ०.० | ०.० | १७२.० | १८४.० | २०१.८ | २१२.० | आमायोम |
| वैदेशिक ऋण परिचालन | रू करोड | ०.० | ०.० | १८७.० | १५०.० | १६८.० | ९९.० | आमायोम |
| वैदेशिक अनुदान परिचालन | रू करोड | ०.० | ०.० | १६५.० | १७४.० | १८०.० | १८५.० | आमायोम |

**नोटः** यस नतिजा खाकामा रहेका प्रभाव र असर अन्तर्गतका सूचकहरूमा समग्र प्रदेशको गन्तव्यमा पुग्नको लागि विभिन्न सरोकारवालाहरूको लगानी र सहयोग सहितको आंकलन गरिएको छ भने, प्रतिफलमा राखिएका सूचकहरूको लक्ष्य प्रदेशको बजेटबाट मात्र गर्नेगरी आंकलन गरिएको छ।

# पाठ ४ : आर्थिक क्षेत्र

## ४.१ कृषि, सहकारी र जडीबुटी

### ४.१.१ कृषि विकास

#### विद्यमान अवस्था

यस प्रदेशका करिब दुई तिहाइ जनताको जीविकोपार्जनको माध्यम कृषि रहेको छ। यहाँका तराईका जिल्लाहरू खाद्यान्न, दलहन तथा तेलहन बाली उत्पादन र पहाडी तथा हिमाली जिल्लाहरू तरकारी तथा फलफूल खेतीकालागि उपयुक्त मानिन्छन्। कफी, कपास र उखु यस प्रदेशका प्रमुख नगदेबाली हुन्। मौरीपालन यहाँको अर्को आर्थिक संभावना बोकेको क्षेत्र मानिन्छ। यो प्रदेशमा खाद्यान्न र तरकारीमा आत्मनिर्भर भई केही बचत गर्नसक्ने अवस्थामा रहेको छ। फलफूल र खानेतेलको हकमा भने माग धान्न आन्तरिक उत्पादनले पुगिरहेको छैन। जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार यस प्रदेशमा ४८.४ प्रतिशत घरपरिवारमात्र पूर्ण रूपमा खाद्य सुरक्षामा रहेका छन् भने १०.२ प्रतिशत घरपरिवार गम्भीर खाद्य असुरक्षामा रहेको पाइएको छ। नेपालको संविधान अनुसार प्रदेशको अधिकार सूचिभित्र कृषि तथा पशु विकास र स्थानीय तहको अधिकार क्षेत्रभित्र कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण रहेको छ। साथै, तीनै तहको साझा अधिकार सूचिभित्र पनि कृषि क्षेत्र रहेको छ।

दिगो विकासको दोस्रो लक्ष्यका रूपमा सन् २०३० सम्ममा कृषिको दिगोपना सहित पूर्ण खाद्य सुरक्षा र पोषण उपलब्ध गराई भोकको अन्त्यका लागि समेत कृषि क्षेत्रको विकास हुनु जरूरी छ। दिगो विकासको लक्ष्य अनुरूप सबै खालको कुपोषण हटाउन र सबैलाई सुरक्षित ढंगले पौष्टिक खाद्यान्न  बढाउन कृषि क्षेत्रको उत्पादकत्व र किसानहरूको आम्दानी बढाउनु आवश्यक रहेको छ।

#### प्रमुख समस्या

खेतीयोग्य जमिनको खण्डीकरण हुँदै जानुका साथै भएको जमिन पनि  बाँझै रहनु,  युवा जनशक्ति कृर्षि पेशामा आकर्षित हुन नसक्नु, शहरी क्षेत्रतिर बसाइसराइ हुनु, उन्नत तथा गुणस्तरीय बीउ अभाव हुनु, कृषि बजार तथा मूल्य अनिश्चित हुनु,श्रम र सिप हुनेका लागि कृषि भूमिमा पहुँच नपुग्नु, खेती योग्य भूमिमा पर्याप्त सिचाइ उपलब्ध हुन नसक्नु, खुला सीमानाका कारण छिमेकी देश भारतबाट सस्तो मूल्यमा खाद्यवस्तु आयात हुनु, वैदेशिक रोजगारीका कारण श्रमिक अभाव हुनु र कृषि क्षेत्रमा आधुनिकीकरण र व्यावसायीकरण हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

## चुनौती र अवसर

परम्परागत निर्वाहमुखी खेतीप्रणालीलाई आधुनिकीकरण र व्यावसायीकरण बनाउनु, प्रतिष्पर्धी क्षमता बढाउनु, सिंचाइ सुविधा बर्षैभरी उपलब्ध गराउनु, युवाहरूलाई कृषि पेशामा आकर्षित गर्नु यस क्षेत्रका चुनौतीका रूपमा रहेका छन्।

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक प्रदान गर्नुका साथै भूमिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृषिको आधुनिकीकरण र व्यावसायीकरण गर्ने नीति लिनु, दिगो विकास लक्ष्य अनुरूप विकासका साझेदारहरूले लगानीमा चासो देखाउनु, सरकारका विभिन्न नीति तथा कार्यक्रमहरूमा कृषि क्षेत्रलाई प्राथमिकतामा राखु, वैदेशिक रोजगारीबाट सिप र जाँगर लिई फर्केका केही युवाहरूले व्यावसायिक रूपमा कृषि व्यवसाय थाल्नु, सडक सञ्जाल विस्तार हुँदै जानु, शहरीकरणसंगै प्राङ्गारिक कृषि उपजको माग बढ्दै जानुलाई अवसरको रूपमा लिन सकिन्छ।

## दीर्घकालीन सोच

कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगी औद्योगिकीकरणबाट प्रदेशको समृद्धिमा योगदान।

### लक्ष्य

कृषि क्षेत्रलाई प्रतिस्पर्धी, व्यावसायिक र सम्मानजनक पेशाको रूपमा रूपान्तरण गर्ने।

## उद्देश्य

१. निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु।
२. बाली वस्तुको मूल्य श्रृंखलामा आधारित कृषि उद्योगहरूको विकास गर्नु।
३. कृषि क्षेत्रलाई सम्मानजनक र विशिष्टिकृत व्यवसायको रूपमा विकास गर्नु।
४. कृषि उपजहरूको उत्पादन लागत घटाई कृषि बजार प्रवर्द्धन गर्नु।
५. परम्परागत कृषि ज्ञान तथा कृषि जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने। | १. सिंचित क्षेत्रको विस्तारसंगै सघन बाली प्रणाली अवलम्बन गर्न प्रोत्साहित गरिनेछ।<br>२. माटो, मल तथा बालीपरीक्षण प्रयोगशाला स्थापना तथा सुदृढीकरण गरी स्वस्थबाली उत्पादन गरिनेछ।<br>३. उच्च मूल्यका कृषि उपजहरूको उत्पादन वृद्धि गर्न |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रारम्भ गरिएको स्मार्ट कृषि गाउँ कार्यक्रमलाई विस्तार गरिनेछ।<br>४. गुणस्तरीय उन्नत बीउ तथा बिरूवाको सहज उपलब्धताका लागि बाली विशेष श्रोतकेन्द्रहरूको स्थापना गरिनेछ।<br>५. बाली विशेष खुल्ला सेचित तथा वर्णशंकर प्रकृतिका बीउ उत्पादनलाई उच्च प्राथमिकतामा राखी सहकारी र निजी क्षेत्रलाई वीउ उत्पादनतर्फ आकर्षित गर्न प्रदेशस्तरीय आवश्यक कानूनी व्यवस्था गरिनेछ।<br>६. सामुहिक र सहकारीमार्फत खेतीयोग्य जग्गा चक्लावन्दी गरी व्यावसायिक कृषिलाई प्रोत्साहन गरिनेछ।<br>७. कृषि क्षेत्रको उत्पादन वृद्धि र उत्पादन लागत कम गर्नका लागि नियमित अनुसन्धान गरिनेछ।<br>८. कृषि तथा खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति,कानून तथा गुणस्तर मापदण्ड बनाई खाद्य उत्पादन कम हुने तथा खाद्यसुरक्षाको हिसाबले असुरक्षित भएका क्षेत्रमा स्थानीय स्तरमै उत्पादन हुनसक्ने कृषिजन्य वस्तुको उत्पादन र उपयोगमा जोड दिइनेछ।<br>९. स्वस्थ र षोषणयुक्त खानपानको बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।<br>१०. कृषिमा जोखिम न्यूनीकरणका लागि कृषि वीमा कार्यक्रम विस्तार गरिनेछ।<br>११. प्राकृतिक विपत्तिबाट कृषि उपजमा हुने हानि नोक्सानीको क्षतिपूर्ति दिने व्यवस्था गरिनेछ। |
| २. कृषि क्षेत्रलाई लैङ्गिक मैत्री र समावेशीकरणका साथै आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरण गरी रोजगारी र आय वृद्धि गर्ने। | १. लोकमार्ग र उत्तर दक्षिणका सहायक मार्गका आसपासका संम्भाव्य क्षेत्रहरूमा बढी मोल जाने कृषि वस्तु उत्पादनमा विशेष प्राथमिकता दिइनेछ।<br>२. कृषि उपजहरूको प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न कृषिजन्य उद्योगहरू स्थापनाका लागि नीतिगत व्यवस्था गरी अनुदान सहयोग गरिनेछ।<br>३. कृषि क्षेत्रको व्यावसायीकरण र यान्त्रिकीकरणको लागि अनुदान दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. व्यावसायिक कृषि फर्महरू खोल्न निजी तथा सहकारी क्षेत्रलाई  प्रोत्साहन गरी संस्थागत रोजगारी सिर्जना हुने वातावरण बनाइनेछ।<br>५. स्थानीय तहसँगको  सहकार्यमा लैङ्गिकमैत्री कृषिकर्मी रोजगारीका माध्यमबाट कृषि विकासका कार्यक्रमहरू संचालन गर्नका लागि आवश्यक नीति नियम तय गरी कार्यान्वयन गरिनेछ।<br>६. कृषि सम्बन्धी प्रादेशिक तथ्याङ्क प्रणालीलाई व्यवस्थित एवम् अद्यावधिक गरिनेछ।<br>७. कृषि क्षेत्रको विकासको लागि स्थानीय तह र संघसँग समन्वय गरिनेछ।<br>८. स्थानीय तहको सहकार्यमा नदीको बगरमा उपयुक्त खेती प्रवर्द्धन गरिनेछ।<br>९. महिला तथा सीमान्तकृत लक्षित कृषि आयोजना संचालन गरी कृषि लगानी तथा उत्पादनमा महिलाको अर्थपूर्ण पहुँच तथा स्वामित्व बढाइनेछ। |
| ३. भूमिको खण्डीकरण रोकी कृषिभूमिको संरक्षण गर्ने। | १. खेतीयोग्य जग्गाको खण्डीकरण रोक्नका लागि आवश्यक नीति तय गरी भूमि बैंकको स्थापना गरिनेछ।<br>२. जग्गा बाँझो नराख्ने नीति अवलम्बन गरी बाँझो जमिन व्यवस्थापनका लागि करारमा जमिन लिएर खेती गर्ने कृषक तथा व्यवसायीलाई प्रोत्साहन गरिनेछ ।<br>३. कृषिभूमि संरक्षण गर्न भू -उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ। |
| ४. सहुलियत कृषि ऋण र कृषि शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने। | १. सहुलियत रूपमा कृषि ऋण उपलब्ध हुने व्यवस्था गरी ब्याजमा अनुदान कार्यक्रम लागु गरिनेछ।<br>२. शैक्षिक प्रमाणपत्रको धितोमा युवायुवतीहरूलाई कृषि व्यवसाय शुरू गर्न सहुलियत पूर्ण ऋणको व्यवस्था गरिनेछ।<br>३. कृषिवस्तु उत्पादन र निर्यात गरी आयात प्रतिस्थापनमा टेवा पुऱ्याउने व्यवसायिक फर्म वा कम्पनीलाई प्रतिफलमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. कृषि प्राविधिक शिक्षालयहरूको क्षमता विकासका लागि सहयोग गरिनेछ। |
| ५. कृषि प्रविधि प्रसार प्रणालीलाई सबल र प्रभावकारी बनाउन कृषि अनुसन्धान र कृषि शिक्षासँगको समन्वय र साझेदारीका कार्यक्रमहरू सचालन गर्ने। | १. बि.एस्सी. कृषि अध्ययनरत केही विद्यार्थीलाई उद्यमशीलता विकासका लागि आर्थिक सहयोग गरिनेछ।<br>२. स्थानीय तहको सहभागितामा कृषि विश्वविद्यालय र यसका आंगिक क्याम्पस, कृषि अनुसन्धान केन्द्र र कृषि फार्महरूको कमाण्ड क्षेत्र तोकी कृषकको प्रविधिमाथिको पहुँचलाइ विस्तार गरिनेछ।<br>३. कृषि व्यवसाय र यस सम्वन्धी सेवा प्रवाह प्रक्रियालाई प्रविधिमैत्री बनाइनेछ।<br>४. कृषकहरूलाई नियमित तालिम प्रदान गर्ने व्यवस्थाको लागि स्थानीय स्तरमा कृषि पाठशाला संचालन गरिनेछ। |
| ६. कृषि क्षेत्रबाट हुने युवा पलायन रोकी कृषिलाई आकर्षित र सम्मानित पेशाको रूपमा विकास गर्ने। | १. कृषकहरूलाई सामाजिक सम्मान प्रदान गर्ने व्यवस्था गरी उत्कृष्ट कृषकहरूलाई प्रादेशिक पुरस्कार प्रदान गरिनेछ।<br>२. पूर्णकालीन व्यावसायिक कृषकहरूलाई कृषक परिचय पत्र प्रदान गरी त्यस्ता कृषकहरूलाई सरकारी सहुलियत प्रदान गरिनेछ। |
| ७. रासायनिक मल तथा विषादीको उचित प्रयोग गर्दै प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने। | १. विषादीहरूको असन्तुलित र अनियन्त्रित प्रयोग रोक्न कृषिजन्य व्यापारिक केन्द्रहरूमा द्रुततर विषादी अवशेष परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।<br>२. कृषिमा प्रयोग हुने विषादीको स्वास्थ्यमा पर्ने गम्भीर असरहरूका बारेमा कृषक तथा जनसमुदायलाई अभिमूखिकरण गरिनेछ।<br>३. गुणस्तरीय कृषि उत्पादन र उपभोगकाबारेमा कृषक तथा उपभोक्ताहरूलाई सचेतनाको कार्यक्रम संचालन गरिनेछ।<br>४. पर्यटनलाई समेत टेवा पुग्नेगरी स्थानीय पोषणयुक्त बालीहरूको प्राङ्गारिक उत्पादनका लागि पकेट क्षेत्र विकास कार्यक्रम लागु गरिनेछ। |
| ८. किसानलाई कृषि उपजको उचित मूल्य प्रदान गर्न कृषि बजार | १. कृषि उपजको अन्तरप्रदेश तथा अन्तरदेशीय व्यापारलाई व्यवस्थित गर्नका लागि आवश्यक प्रदेशस्तरीय नीति निर्माण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रवर्द्धन गर्ने। | २. कृषिउपज खरिद विक्रीमा विचौलियाको भूमिका कम गरी किसानहरूलाई उचित मूल्य उपलब्ध गराउन संकलन केन्द्र, सहकारी पसल तथा हाट बजारहरूको व्यवस्था गरिनेछ।<br>३. बाली विशेषका उत्पादन पकेटक्षेत्र विकास गरी उत्पादनको मात्रा बढाउँदै बजारलाई व्यवस्थित गरिनेछ।<br>४. शीत भण्डार तथा खाद्यान्न भण्डार निर्माण गरी कृषि उपजको भण्डारण क्षमता बढाइनेछ।<br>५. मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्य तोकी क्रमशः कार्यान्वयन गरिनेछ। |
| ९. परम्परागत कृषि ज्ञान, सिप, प्रविधिका साथै रैथाने बाली तथा जैविक विविधतालाई संरक्षण र प्रवर्द्धन गर्ने। | १. स्थानीय स्तरमा भएका उपयोगी ज्ञान सिप र जैविक प्रविधिलाइ संरक्षण र प्रर्वद्धन गर्न प्रोत्साहन गरिनेछ।<br>२. कृषकस्तरमा हुने वीउ संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ।<br>३. रासायानिक मल र विषादीको उचित प्रयोगमा जागरण फैलाउँदै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>४. बढी मोल जाने र पोषणयुक्त स्थानीय बाली वस्तुहरूको संरक्षण तथा उत्पादन प्रर्वद्धन गरिनेछ। |
| १०. व्यावसायिक पुष्प खेतीको प्रवर्द्धन गर्ने। | १. पुष्प व्यवसायको सम्भाव्यता अध्ययनका साथै पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक रूपमा गर्ने व्यवस्था गरिनेछ।<br>२. आयातित पुष्पहरूको प्रयोगलाई निरूत्साहित गर्दै स्वदेशी पुष्प उत्पादनको बजार विस्तार गरिनेछ। |

## अपेक्षित उपलब्धि

आधार वर्ष २०७५/७६ मा धान १२३८ हजार मे. टन, मकै ३२६ हजार मे. टन, गँहु ४६२ हजार मे.टन, आलु २७९ हजार मे.टन, दलहन बाली १२७ हजार मे. टन, तेलहन बाली ५७ हजार मे.टन, तरकारी ५५४ हजार मे.टन र फलफूल १३४ हजार मे.टन उत्पादन रहेकोमा योजना अवधिको अन्तिम वर्ष २०८०/२०८१ मा धान १६०९ हजार मे. टन, मकै ४९० हजार मे. टन, गँहु ५३१ हजार मे.टन, आलु ३९० हजार मे.टन, दलहन बाली १६३ हजार मे. टन,

तेलहन बाली ७४ हजार मे.टन, तरकारी ६८९ हजार मे.टन र फलफूल १६४ हजार मे.टन उत्पादन पुगेको हुनेछ। कृषि क्षेत्रमा कृषकहरूको आकर्षण बढेको हुने, कृषिकर्मी रोजगारीबाट रोजगार तथा व्यावसायिक उत्पादन वृद्धि भएको हुने, खाद्यान्न र तरकारी उत्पादनमा आत्मनिर्भर भई निर्यात भएको हुने, कृषि उद्योगहरू स्थापना भएको हुने र अर्गानिक उत्पादन बढेको हुनेछ।

## ४.१.२ पशुपन्क्षी विकास

### विद्यमान अवस्था

कृषि, पशु र पन्क्षीपालन एक आपसमा परिपूरकको रूपमा रहेका हुन्छन्। मानिसहरूको खाद्य पोषणका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु र अण्डाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। यस प्रदेशको सबै जिल्लाहरू पशु तथा पन्क्षीपालनकालागि अनुकूल रहेका छन्। कुखुरापालन र दुग्ध उत्पादनले आंशिक रूपमा व्यावसायिक रूप धारण गरेको पाइन्छ। व्यावसायिक बाख्रापालनका पनि केही प्रयासहरू भएका छन् भने अष्ट्रिचपालन, खरायोपालन, टर्कीपालन समेत यस प्रदेशमा शुरूवात भएका छन्। अहिले उत्पादित दूध, अण्डा र मासु यहाँका वासिन्दाको पोषण आवश्यकता परिपूर्ति हुने गरी भएको छैन।यस प्रदेशमा २०७३/२०७४ को तथ्याङ्क अनुसार दूध उत्पादन ३१५ हजार किलो लिटर (६४ किलो लिटर/व्यक्ति/वर्ष), मासु ५९ हजार मे.टन(१२ के.जी/व्यक्ति/वर्ष) र अण्डा १४९६ लाख गोटा (३१ गोटा/व्यक्ति/वर्ष) पुग्न सकेको छ जव कि न्यूनतम पौष्टिकताको लागि ९१ लिटर दूध, ४८ वटा अण्डा र १४ केजी मासुको आवश्यकता पर्दछ। नेपाली दाना उद्योगहरूले साला खाला वार्षिक ६ लाख ४६ हजार मे.टन पशुपन्छीको दाना उत्पादन गर्ने गरेका छन्। अधिकांश कच्चापदार्थ भारतबाट आयात गर्नु परेकाले पशुपन्छीको दाना महँगो पर्नेगरेको छ।

### प्रमुख समस्या

युवा शक्ति विदेश पलायन, परम्परागत पशुपालन, पशुपन्छीको दाना समेत आयात गर्नुपर्ने स्थिति, कृषकहरूमा प्राविधिक ज्ञानको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन् |

### चुनौती र अवसर

पशु तथा पन्क्षीपालनमा युवाहरूलाई आकर्षित गर्नु, आधुनिकीकरण र व्यावसायीकरण गर्नु, उत्पादन र उत्पादकत्व बढाउनु, पशुजन्य उत्पादनमा आधारित औद्योगिकीकरण गर्नु यस क्षेत्रका चुनौतीहरू हुन्।

खाद्यान्न बाली उत्पादन गर्न नसकिने स्थानहरूमा पनि पशुपन्क्षीपालन व्यवसाय गर्न सकिने, दूध तथा मासुको बढ्दो माग, पशु तथा पन्क्षीजन्य वस्तुहरूको उल्लेख्य आयात, आय र चेतनाको

वृद्धिसंगै दूध, अण्डा र मासुको उपभोग बढ्दै जाने हुँदा यसको माग थप बढ्दै जाने अवसर रहेका छन्।

## दीर्घकालीन सोच

आधुनिक र व्यावसायिक पशुपन्क्षीपालनबाट प्रदेशको आर्थिक समृद्धि।

## लक्ष्य

स्वच्छ र गुणस्तरीय पशु तथा पन्क्षीजन्य उत्पादन वृद्धि गरी आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने।

## उद्देश्य

१ पशुपन्क्षीपालनलाई व्यावसायिक र आधुनिकीकरण गर्नु।

२ गुणस्तरीय पशुपन्छीजन्य पदार्थको उपभोगबाट पोषणयुक्त खानाको स्तर बढाउदै कुपोषण हटाउनु।

३ पशुपन्क्षीजन्य पदार्थको उपभोगमा आत्मनिर्भर बन्दै निर्यात बढाउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. पशुपन्क्षीपालनलाई व्यावसायिक, प्रविधियुक्त र प्रतिस्पर्धी बनाई उत्पादन र उत्पादकत्व बढाउन उत्प्रेरित गर्ने। | १. व्यावसायिक पशुपन्क्षीका आधुनिक फार्महरू खोल्न प्रोत्साहन तथा सहयोग गरिनेछ।<br>२. उच्च प्रतिफल दिने उन्नत नश्लका पशुपन्क्षीको श्रोतकेन्द्र स्थापना गरिनेछ।<br>३. पशुपन्क्षीपालनको लागि आवश्यक दाना उद्योग निर्माण गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ।<br>४. पशुपन्क्षीपालन व्यवसायलाई यान्त्रिकीकरण गर्न सहयोग प्रदान गरिनेछ।<br>५. उच्च मूल्य पर्ने स्थानीय नश्ल तथा नविनतम पशुपन्छी पालनलाई सहयोग गरिनेछ।<br>६. कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरूको संख्यामा वृद्धि गरिनेछ ।<br>७. पशुपन्छीको दानामा प्रयोग हुने मकै, भटमास जस्ता बालीहरू र घाँस खेतीको प्रवर्द्धन गरी गुणस्तरीय पशुआहाराको उपलन्धता बढाइनेछ।<br>८. बाँझो जमिन, सामुदायिक तथा कबुलियत वनहरूमा घाँस उत्पादन गर्न प्रोत्साहित गरिनेछ।<br>९. पशुपालन सम्बन्धी शिक्षालाई सर्वसुलभ बनाईनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १०. पशुपंछीपालन तथा यस सम्वन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाईनेछ। |
| २. पशुपन्क्षी व्यवसायको लागि आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने। | १. मानव स्वास्थलाई प्रत्यक्ष असर गर्न सक्ने पशुजन्य उत्पादनलाई स्वस्थ र गुणस्तरीय हुनुपर्ने कुरामा सर्वसाधारणमा जनचेतना जगाउदै पशुजन्य उत्पादनमा एन्टीबायोटिकको अनावश्यक प्रयोगलाई निरूत्साहित गरिनेछ।<br>२. पशुस्वास्थ्य उपचारका लागि भेटेरीनरी अस्पताल, भेट एम्बुलेन्सका साथै पशु सेवा केन्द्रहरूको पहुँच विस्तार गरिनेछ।<br>३. पशुपन्छी स्वास्थ उपचारका लागि प्रदेशस्तरमा पशुपन्क्षी रोग अन्वेषण प्रयोगशाला, स्थानीय स्तरमा सुविधा सम्पन्न पशुपन्छी चिकित्सालयहरूको स्थापनाका लागि प्रोत्साहन एवम् सहयोग गरिनेछ।<br>४. पशुस्वास्थ्यको सम्बर्द्धनमार्फत पशु तथा पशुजन्य उत्पादनबाट मानवमा सर्न सक्ने रोगहरूको नियन्त्रणका लागि One health approach को अवधारणा अवलम्बन गरिनेछ। |
| ३. पशुपन्क्षी व्यवसायको बजार प्रवर्द्धन गर्ने। | १. पशुपन्क्षीको बजार स्थापना र प्रवर्द्धन सहयोग गरिनेछ।<br>२. उच्च मूल्यका निर्यातमूलक पशुपन्छीजन्य पदार्थको उत्पादन तथा मूल्य अभिवृद्धिमा आधारित उद्योग स्थापना साथै पशुबधशालाहरू निर्माणमा सहयोग पुऱ्याइनेछ ।<br>३. मिल्क होलिडे हुन नदिन पाउडर र अन्य दुग्ध पदार्थ बनाउन स्थापना गरिने उद्योगहरूलाई सहयोग गरिनेछ ।<br>४. **'बधशालादेखि भान्छासम्म'** स्वच्छ र स्वस्थ मासु, **'गोठदेखि ओठ सम्म'** स्वच्छ र स्वस्थ दूध कार्यक्रम अभियानका रूपमा संचालन गरिनेछ। |
| ४. युवाहरूलाई आकर्षित गर्न पशुपन्क्षी व्यवसायका लागि विशेष सहुलियत प्रदान गर्ने। | १. पशुपालनमा युवाहरूलाई आकर्षण गर्न सिप विकास, सहुलियतपूर्ण ऋण एवम् अनुदानको व्यवस्था गरिनेछ।<br>२. दूध, अण्डा र मासु उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ५. पशुपालन व्यवसायमा रहेका जोखिमहरूलाई न्यूनीकरण गर्दै स्थानीय नस्ललाई संरक्षण गर्ने। | १. पशु बीमालाई प्रभावकारी बनाइ जोखिम न्यूनीकरण गरिनेछ।<br>२. स्थानीय तहको सहकार्यमा छाडा पशु व्यवस्थापनका लागि उचित प्रवन्ध मिलाइनेछ।<br>३. प्रदेशका रैथाने घर पालुवा पशुपन्छी तथा तिनका जंगली प्रजातिको आनुवांशिक श्रोत संरक्षण तथा सम्वर्द्धन गरिनेछ।<br>४. पशुकल्याण ऐन बनाई लागु गरिनेछ। |

## अपेक्षित उपलब्धि

आधार वर्ष २०७५/७६ मा दूध ३६२ हजार किलो लिटर, मासु ६४ हजार मे.टन र अण्डा १७२१ लाख गोटा बाट योजनाको अन्तिम वर्ष २०८०/८१ दूध ५०७ हजार किलो लिटर, मासु ९३ हजार मे.टन र अण्डा २६६७ लाख गोटा उत्पादन भएको हुनेछ। सबै जिल्लाहरूमा आधुनिक पशुपन्क्षी फार्महरू खुलेका हुने, पशुजन्य उद्योग तथा प्रशोधन केन्द्रहरू स्थापना भएका हुने, दूध, मासु र अण्डा उत्पादनमा प्रदेश आत्मनिर्भर भएको हुने, न्यूनतम पौष्टिक तत्वको आपूर्तिका लागि चाहिने प्रतिव्यक्ति प्रतिवर्ष दूध, मासु र अन्डा पूरा भएको हुनेछ।

## ४.१.३ मत्स्य विकास

## विद्यमान अवस्था

नेपालमा पछिल्ला वर्षहरूमा मत्स्य उत्पादन दोहोरो अंकले बढ्ने गरेको छ। आर्थिक वर्ष २०७३/७४ मा मत्स्य उत्पादन ५५८४२ मे.टन उत्पादन भई यस क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा १.३४ प्रतिशत र कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ४.२९ प्रतिशत योगदान दिएको थियो। विश्वका विकसित मुलुकमा माछा उपभोग प्रति व्यक्ति प्रति वर्ष औसत २० के.जी. र अल्प विकसित मुलुकहरूमा ११ के.जी. छ। आर्थिक वर्ष २०७३/७४ मा आन्तरिक उत्पादनले नपुगेर सिध्रा र बोनलेस बाहेक खाने माछामात्र ११,२२० मेटन आयात भएको थियो। नेपालमा माछा मासुको उत्पादनले प्रतिव्यक्ति प्रति दिन चाहिने प्राणी प्रोटिनको आवश्यकताको जम्मा ४७.७ प्रतिशतमात्र पूर्ति गरेको छ। नेपालमा प्रतिव्यक्ति प्रतिवर्ष करीव २.९३ के.जी. माछा उपलब्ध हुन सकेको अवस्था छ भने यस प्रदेशमा माछाको प्रति व्यक्ति उपलब्धता २.६ केजी रहेको देखिन्छ।

## प्रमुख समस्या

भारतबाट सस्तोमा माछा आयात हुनु, उत्पादकत्व कम हुनु, बिजुली प्रयोगमा सहुलियतको अभाव रहनु, पर्याप्त सहुलियत ऋण र अनुदान उपलब्ध नहुनु, मत्स्यपालन संगठित रूपमा लैजान नसक्नु, पर्याप्त माछा भुरा नपाइनु, माछाका भुरा भित्र्याउँदा क्वारेण्टाइनमा आधुनिक प्रविधिको अभाव जस्ता कारणले सामान्य निरीक्षण विधिबाट परीक्षण हुने गर्नु र पर्याप्त प्राविधिक सेवा पाउन नसक्नु समस्याको रूपमा रहेका छन्।

## चुनौती र अवसर

खुला सिमानाबाट कारण क्वारेन्टाइनबिना हुने आयात रोक्नु, माछामा हुने पौष्टिकताको बारेमा जनमानसमा जानकारी प्रवाह गर्नु, माछाको प्रशोधन गरी प्याकेजिङ कार्य प्रवर्द्धन गर्नुजस्ता चुनौतीहरू रहेका छन्।

मत्स्यपालन बढी नाफामूलक रहेको, खाद्य पोषणको हिसावले पनि माछाको उपभोग बढदै गरेको, तराईका जिल्लाका अतिरिक्त यस प्रदेशको पहाडी जिल्लाहरूमा उच्च मूल्य पर्ने चिसो पानीमा पाल्न सकिने रेन्बोट्राउट पालन गर्न सकिने र कुखुरामा अत्यधिक एन्टिबायोटिक प्रयोग हुन थालेपछि शहरी उपभोक्ताहरू जिउँदो माछाको उपभोगतर्फ आकर्षित हुनु, तराईका जिल्लाहरूमा मत्स्यपालन व्यवसायलाई बढाउन सक्ने वातावरण रहनु, रूपन्देही र बाँकेमा मत्स्य विकास केन्द्रहरू संचालनमा रहनु, रूपन्देही  जिल्ला मत्स्य उत्पादन जोनको रूपमा रहनु अवसरको रूपमा रहेका छन्।

## दीर्घकालीन सोच

माछामा आत्मनिर्भर एवम् पोषण सुरक्षामा सुधार।

### लक्ष्य

मत्स्य उत्पादन, उत्पादकत्व एवम् उपभोग वृद्धि गर्ने।

## उद्देश्य

१. आधुनिक र व्यावसायिक माछापालन विस्तार गरी उत्पादकत्व वृद्धि गर्नु।
२. मत्स्य उत्पादनमा आत्मनिर्भर भई खाद्य पोषण उपलब्धता बढाउनु।
३. जलीय जैविक विविधता, वातावरण तथा जलचरहरूको संरक्षण, प्रवर्द्धन र व्यवस्थापन गरी सन्तुलित उपयोग गर्नु।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. माछा उत्पादन पकेट क्षेत्र पहिचान, विस्तार र प्रवर्द्धन गर्ने। | १. संघीय स्तरबाट भइरहेका आयोजनासँग तारतम्य मिलाई माछा पकेट क्षेत्र निर्धारण गरिनेछ।<br>२. प्रयोगमा नआएका जग्गालाई करारमा लिइ माछापालन गर्नका लागि प्रोत्साहन गरिनेछ।<br>३. माछा व्यवसायलाई जोखिममुक्त बनाउनका लागि बीमा नीति ल्याइनेछ। |
| २. यान्त्रिकीकरण, आधुनिकीकरण, प्रतिस्पर्धी र प्रविधियुक्त व्यवसायका रूपमा मत्स्य पालनलाई विस्तार गर्ने। | १. माछापालनसम्बन्धी व्यवसायीलाई प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>२. माछा प्रशोधन र मूल्य श्रृंखलाका वस्तु उत्पादनका लागि प्रोत्साहन गरिनेछ।<br>३. मत्स्य पर्यटन विस्तार हुनेगरी व्यावसायिक मत्स्यपालन फर्मलाई प्रोत्साहित गरिनेछ।<br>४. सम्भावित जिल्लाहरूमा चिसो पानीमा उत्पादन गर्न सकिने ट्राउट माछाको उत्पादन प्रवर्द्धन गरिनेछ।<br>५. मत्स्य अनुसन्धान र विकासकालागि स्थापना भएका मत्स्य केन्द्रहरूलाई मत्स्य विज्ञान श्रोत केन्द्रको रूपमा विकास गरिनेछ।<br>६. सहकारी तथा निजीस्तरमा समेत मत्स्य बीज स्रोत केन्द्र स्थापना गरी सहज रूपमा माछाका भूराहरू उपलब्ध गराइनेछ।<br>७. माछाको लागि दाना उत्पादन उद्योग स्थापनामा सहयोग पुऱ्याइनेछ।<br>८. माछामा लाग्न सक्ने वा लाग्ने विभिन्न किसिमका रोगहरूको निदान र व्यवस्थापनका लागि प्रयोगशाला स्थापना र संचालन गरिनेछ।<br>९. माछा पालनसम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ।<br>१०. पशु क्वारेन्टाइनमा मत्स्य परीक्षणका लागि आधुनिक प्रविधिको प्रयोग गरिनेछ। |
| ३. माछा उत्पादनलाई व्यावसायिक बनाउनको लागि अनुदान र | १. माछापोखरी निर्माण, सुधार तथा उत्पादन वृद्धिका लागि अनुदान कार्यक्रम संचालन गरिनेछ।<br>२. शैक्षिक प्रमाणपत्रको धितोमा युवाहरूलाई माछापालन |

| रणनीति | कार्यनीति |
|---|---|
| सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने। | व्यवसाय शुरू गर्न सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ।<br>३. व्यावसायिक मत्स्य व्यवसायीहरूलाई सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ।<br>४. उच्च उत्पादशील एवम् नविनतम माछाका जातहरूको भुरा उत्पादन गर्न निजी तथा सहकारीलाई सहुलियत प्रदान गरिनेछ। |
| ४. जलीय जैविक विविधता संरक्षण गर्दै जलचरहरूको सन्तुलित उपयोग गर्ने। | १. प्राकृतिक जलाशय तथा तालतलैयाको संरक्षण गरी मत्स्य उत्पादनमा उपयोग गरिनेछ। |
| ५. माछाको उपभोग बढाई खाद्य पोषण सुरक्षित गर्ने। | १. स्वस्थ माछा उपभोगबाट उपलब्ध हुने खाद्य विविधीकरण र यसबाट प्राप्त हुने पौष्टिकताबारे प्रचार प्रसार गरिनेछ।<br>२. माछाको उपभोग वृद्धि गर्न मत्स्य महोत्सवहरू आयोजना गरिनेछ। |
| ६. माछा बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने। | १. माछा भण्डारणका लागि शीत भण्डार निर्माणमा सहयोग गरिनेछ।<br>२. जिउँदो माछा ढुवानी र बजारको लागि सहयोग पुऱ्याइनेछ। |

### अपेक्षित उपलब्धि

आब २०८०/८१ सम्म माछाको उत्पादन दोब्बर भई प्रतिवर्ष प्रतिव्यक्ति माछाको उपलब्धता ५ कि.ग्रा हुने, मत्स्य उपभोग बढेर जनस्वास्थ्यमा सुधार भएको हुने, यो प्रदेश मत्स्य उत्पादनमा आत्मनिर्भर भई अन्तरप्रदेश तथा अन्तरदेशीय निर्यात गर्नसक्ने अवस्थामा पुगेको हुने।

## ४.१.४ भूमि व्यवस्थापन

### विद्यमान अवस्था

भूमि अथवा जमिन उत्पादनको महत्वपूर्ण साधन हो।नेपाल जस्तो कृषिप्रधान देशमा कृषि उत्पादनको लागि भूमिको अझ बढी महत्व छ। यस प्रदेशमा क्षेत्रफलको २९ प्रतिशत अर्थात् ६५५.८२ हजार हेक्टर कृषियोग्य भूमि रहेको छ। कृषियोग्य भूमिमा वर्षैभरी सिंचाइ सुविधा उपलब्ध क्षेत्र करिव आधाजसो रहेको छ। यहाँ औसत रूपमा प्रतिपरिवार ०.७ हेक्टर (१ विगाहा) मात्र जग्गा रहेको छ।

## प्रमुख समस्या

कृषियोग्य भूमिको गैर कृषि प्रयोजनमा प्रयोग बढ्दै जानु, अधिकांश कृषियोग्य जमीन बाँझै रहनु, अनियन्त्रित खण्डीकरण हुनु,अव्यवस्थित जग्गा विकास एवम् आन्तरिक बसाइसराइ जस्ता गतिविधिका कारण भूमिको क्षयीकरण भई उर्वराशक्ति घट्दै जानु, सार्वजनिक जग्गामा अतिक्रमण बढ्नु, जोखिमयुक्त बस्तीहरू विस्तार हुनु समस्याको रूपमा रहेका छन्।

## चुनौती र अवसर

भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गर्नु,संघ र स्थानीय तहको सहकार्यमा लामो समयदेखि रहेका अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गर्नु साथै एकीकृत वस्ति विकासलाइ व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन्।

नेपालको संविधानले भूमि व्यवस्थापन र जग्गाको अभिलेखलाई प्रदेशको अधिकार सूचीमा राख्नु, राष्ट्रिय भू-उपयोग नीति तर्जुमा हुनु, भूमि व्यवस्थापनलाई वैज्ञानिक र प्रभावकारी बनाउनु र व्यवस्थित बसोबास गराउने प्रयास हुनु यस क्षेत्रका अवसर हुन्।

## दीर्घकालीन सोच

भूमिको वैज्ञानिक र न्यायोचित वितरण तथा व्यवस्थापनमार्फत उत्पादन वृद्धि एवम् जनजीवनस्तरमा सुधार।

## लक्ष्य

भूमिको उचित व्यवस्थापन गरी अधिकतम र सही उपयोग गर्ने।

## उद्देश्य

१. भूमिको वैज्ञानिक ढंगले अधिकतम उपयोग गर्नु।
२. भूमिको नक्शांकन तथा अभिलेख व्यवस्थित ढंगले राख्नु।
३. कृषियोग्य भूमि बाँझो राख्ने प्रवृति र खण्डीकरणलाई निरूत्साहित गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. भूमिको व्यवस्थित उपयोगको लागि वैज्ञानिक भू-व्यवस्थापन ऐन, नीति तथा संस्थागत व्यवस्था गर्ने। | १. भूउपयोग योजना मार्फत् भूमिको बर्गीकरण गरी कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको अधिकतम प्रयोग गरिनेछ।<br>२. भूमिको व्यवस्थापन गर्नको लागि आवश्यक संस्थागत व्यवस्था गरिनेछ।<br>३. कृषियोग्य जग्गाको संरक्षण गर्नुका साथै कृषि उत्पादन |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | नहुने तथा कम उत्पादन हुने क्षेत्रमा औद्योगिक क्षेत्र र बस्ती बसाउने कार्य गरिनेछ।<br>४. एकीकृत बस्ती विकासलाई जोड दिइनेछ।<br>५. भूमिहीन नागरिकका लागि सुरक्षित आवास कार्यक्रम लागु गर्नका लागि सम्वन्धित सरोकारवालासँग सहकार्य गरिनेछ।<br>६. जमिन एकत्रित गरी चक्लाबन्दीबाट व्यावसायिक कृषि गर्नेलाई प्रोत्साहन गरिनेछ।<br>७. भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गरिनेछ।<br>८. भूमिको यथार्थ तथ्यांङ्क संकलन तथा विश्लेषण गरिनेछ। |
| २. भूमि बाँझो राख्ने प्रवृति र खण्डीकरणलाई न्यूनीकरण गर्ने। | १. भूमि बैंक स्थापना गरी संचालन गरिनेछ।<br>२. भूमिहीन किसानहरूलाई खेती गर्ने बाँझो जग्गा करारमा लिन सहयोग गरिनेछ। |
| ३. अव्यवस्थित बस्तीहरूलाई व्यवस्थापन गरी सार्वजनिक जग्गामा अतिक्रमण रोक्ने। | १. संघ र स्थानीय तहको सहकार्यमा लामो समयदेखि रहेका अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गरिनेछ।<br>२. सार्वजनिक जग्गाको संरक्षण गरी अतिक्रमण रोकिनेछ।<br>३. ग्रामीण तथा शहरी क्षेत्रमा खुला पार्कहरू बनाउन पालिकाहरूलाई सहयोग गरिनेछ। |
| ४. भूमिमा महिलाको पहुँच बढाउने। | १. महिलामैत्री भूमि नीति ल्याई कृषियोग्य भूमिमा अधिकतम रूपमा महिलाको स्वामित्व बढाई र अन्य भूमिसँग निर्भर हुने कार्यक्रमहरूको आम्दानीमा महिलाको पहुँच बढाई आत्मनिर्भर बनाइनेछ। |

## अपेक्षित उपलब्धि

भू-उपयोग योजना लागु भएको हुने, कृषियोग्य जग्गा संरक्षण भएको हुने, भूमि बैंक स्थापना भई खेतीका लागि जमिन करारमा दिने व्यवस्था शुरू भएको हुने र अव्यवस्थित बस्तीहरूको व्यवस्थापन भएको हुनेछ।

### ४.१.५ सहकारी

#### विद्यमान अवस्था

आर्थिक, सामाजिक र सांस्कृतिक उद्देश्य परिपूर्ति गर्ने उद्देश्यका साथ स्थापित सहकारी संस्थाहरू नेपालको संविधानबमोजिम अर्थतन्त्रका तीन मध्ये एउटा खम्बाका रूपमा रहेका छन्। सहकारीको नियमन संघको अधिकार भित्र, सहकारी प्रदेश र संघको साझा अधिकार सूचीमा, सहकारी संस्थाहरू स्थानीय तहको अधिकार भित्र रहनुका साथै सहकारी क्षेत्र तीनै तहको साझा अधिकार सूचिमा पनि रहेको छ। यस प्रदेशमा करिव ४०४३ वटा सहकारी संस्था संचालनमा छन्। सहकार्यबाट चल्ने संस्था भएकाले समावेशी र समन्यायिक विकासको लागि सहकारीले गहन भूमिका खेल्नुका साथै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्।

#### प्रमुख समस्या

संख्यात्मक रूपमा दरिलो उपस्थिति रहेर पनि सहकारी क्षेत्रको अर्थतन्त्रमा सीमित योगदान रहेको छ। सहकारी शिक्षाको कमी, व्यावसायिक सिप र क्षमताको कमी, सहकारी सिद्धान्त तथा मर्म र मूल्य अनुसार सहकारी नचल्नु, संस्थागत अनुशासनको कमी, नियामक निकाय प्रभावकारी हुन नसक्नु, संचित पूँजी उत्पादनशील क्षेत्रमा लगानी हुन नसक्नु र पारदर्शिताको कमीजस्ता समस्या यस क्षेत्रमा रहेका छन्।

#### चुनौती र अवसर

संघीय संरचनाअनुरूप सहकारी संस्थाहरूको नियमन र प्रवर्द्धन गर्ने व्यवस्था गर्नु, बचत तथा ऋण परिचालन गर्ने सहकारी संस्थाहरूको नियमनलाई प्रभावकारी बनाउनु, सहकारीहरूलाई व्यावसायिक बनाउनु र उनीहरूको लगानी उत्पादनमुलक क्षेत्रमा लगाउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

संख्यात्मक रूपमा बाक्लो उपस्थति रहेको, सहकारीमा आबद्धता बढ्दै गरेको, संविधानले मुलुकको अर्थतन्त्रको तेस्रो खम्बाका रूपमा स्वीकारेको, समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी मुख्य माध्यम हुनसक्ने अवसर रहेको छ।

#### दीर्घकालीन सोच

समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण।

#### लक्ष्य

सहकारीको व्यावसायिकता अभिवृद्धि गरी सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उन्नति गर्ने।

## उद्देश्य

१. सहकारी संघ– संस्थाको गुणात्मक विकास, कुशल व्यवस्थापन एवम् क्षमता अभिवृद्धिका लागि सहयोग पुऱ्याउनु।
२. व्यावसायिकरूपमा उत्पादनशील क्षेत्रतर्फ लाग्न सहकारीहरूलाई प्रोत्साहित गर्नु।
३. सहकारी चेतनाको अभिवृद्धिमार्फत सहकारी प्रणालीमा आवद्ध हुन नागरिकहरूलाई उत्प्रेरित गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवश्यकताका आधारमा सहकारी संस्थाहरूको विषयगत क्षमता विकास गर्ने। | १. सहकारी संघ– संस्थाको आवश्यकता अनुरूप सिप र क्षमता विकासका तालिम दिने व्यवस्था गरिनेछ।<br>२. सहकारी क्षेत्रको अध्ययन अनुसन्धान समेत गर्नेगरी संस्थागत व्यवस्था गरिनेछ।<br>३. सहकारी संस्था नियमन र प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण गरिनेछ। |
| २. सहकारीलाई उत्पादनशील कार्यमा प्रभावकारी ढंगले परिचालन गर्ने। | १. संस्थाहरूको प्रवर्द्धन र नियमन गर्न आवश्यक संस्थागत व्यवस्था गरिनेछ।<br>२. सहकारी संघ एवम् बिषयगत संघहरूलाई आफ्ना सदस्य संस्थाले उद्देश्य अनुरूप कार्य गरे नगरेको अनुगमन गरी स्थानीय तह र प्रदेश सरकारका निकायमा प्रतिवेदन दिनुपर्ने नीतिगत ब्यवस्था गरिनेछ।<br>३. कृषि,उद्योग,पर्यटन सेवा लगायतका क्षेत्रहरूमा सहकारीको पूँजीगत लगानी बढाउन ऐन एवम् नीति नियमहरूको निर्माण, संशोधन तथा सरलिकृत गरिनेछ।<br>४. महिलाहरूका लागि बिशेष प्राथमिकता सहित सहकारी उत्पादन र बजारीकरणमा आधारित प्रोत्साहन अनुदानको ब्यवस्था गरिनेछ।<br>५. १० जनाभन्दा बढीलाई रोजगारी उपलब्ध गराउने गरी व्यवसाय संचालन गर्ने सहकारी वा त्यसरी ब्यवसाय संचालन गर्न प्रोत्साहन गर्ने सहकारी संस्था एवम् ब्यवसाय संचालन गर्ने ब्यक्तिलाई विशेष सहुलियत उपलब्ध गराइनेछ।<br>६. सहुलियत दरको कर्जा एवम् अनुदानमार्फत सहकारी व्यवसायको प्रवर्द्धन लागि सहकारी विकास कोष स्थापना |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | गरिनेछ।<br>७. प्रत्येक जिल्लामा सहकारी बजार केन्द्रको स्थापना गर्न आवश्यक व्यवस्था मिलाई उत्पादित वस्तुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच हुने व्यवस्था मिलाइनेछ। |
| ३. सहकारीमार्फत सहकार्य गर्ने प्रवृति विस्तार गरी समन्यायिक र समावेशी अर्थतन्त्रको विकास गर्ने। | १. सहकार्यको संस्कृति निर्माण गरी सहकारी प्रवर्द्धन गर्न निरन्तर शिक्षा र प्रोत्साहनका कार्यक्रमहरू संचालन गरिनेछ।<br>२. सहकारीमार्फत समावेशी ढंगले उद्यमशीलताको विकास गरी आय आर्जन वृद्धि गर्न प्रोत्साहित गरिनेछ।<br>३. सहकारी बहुआयामिक क्षेत्र भएका कारणले अर्थ, उद्योग, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, यातायात, श्रम, वातावरण जस्ता विषयगत कानून सहकारीमैत्री बनाइनेछ।<br>४. ग्रामिण अर्थतन्त्रलाइ बलियो बनाउन सहकारी बजारको अवधारणा अवलम्बन गरिनेछ। |

### अपेक्षित उपलब्धि

सहकारी संस्थाहरू संख्यामा मात्र होइन गुणात्मक रूपमा विकास भएका हुने, अधिकांश आर्थिक गतिविधिहरू सहकारीमार्फत भएको हुने, महिलाहरू बढी सहकारीमा संलग्न भएका हुने, सहकारी बजारहरू स्थापना भएको हुने तथा नमूनायोग्य सहकारीहरू संचालनमा रहेका हुनेछन्।

## ४.१.६ जडीबुटी

### विद्यमान अवस्था

नेपालको पहाडी र हिमाली भेगमा भौगोलिक र जैविक विविधताले गर्दा वनजंगलमा धेरै प्रकारका जडीबुटी र सुगन्धित वनस्पति पाइन्छन्। यिनीहरूले मानव स्वाथ्य र सौन्दर्यका लागि महत्वपूर्ण भूमिका खेलेका हुन्छन्। यसकारण यिनीहरूको उचित व्यवस्थापन र प्रवन्ध गरी व्यावसायिक उत्पादन गर्न सकेमा आय आर्जनको राम्रो स्रोत बन्न सक्छ। यस प्रदेशमा तराई, पहाड र हिमाल सहितको तीनै भौगोलिक क्षेत्र अनुरूपका जडीबुटी उत्पादनको सम्भावना रहेको छ। भीर पाखाहरूमा जडीबुटी उत्पादन गर्न सकिन्छ। कर्णाली प्रदेशमा पाइने जडीबुटीको प्रमुख बजार र प्रशोधन गर्ने स्थानको रूपमा नेपालगन्ज विकसित हुनसक्ने देखिन्छ। यस प्रदेशमा उपलब्ध जडीबुटीको पहिचान, व्यावसायिक उत्पादन र प्रशोधन गरी दिगो रूपमा आय आर्जन हुन

सकेको छैन। जडीबुटी तथा सुगन्धित वनस्पतिको बजारको राम्रो प्रवर्द्धन हुन नसक्दा आन्तरिक खपत र निर्यात बढ्न सकेको छैन।

### प्रमुख समस्या

जडीबुटी उत्पादन व्यावसायिक बन्न नसकेको, यसको प्रशोधन गरी उच्च मूल्यका वस्तु उत्पादन गर्ने काम नभएको र सुरक्षित भण्डारणको समस्या रहेको छ।

## चुनौती र अवसर

यस प्रदेशभित्र भएका जडीबुटीहरूको दिगो व्यवस्थापनका लागि आवश्यक अध्ययन, अनुसन्धान र आर्थिक एवम् औषधीय महत्वका जडीबुटीहरूको पहिचान र खेती विस्तार गर्नु र अवैध रूपमा हुनेगरेको संकलन तथा चोरी निकासीलाई नियन्त्रण गर्नु जस्ता चुनौतीहरू रहेका छन्।

जडीबुटीको उत्पादन र उत्पादकत्व बढाई जडीबुटीमा आधारित उद्यम सञ्चालन गर्न सकिने, उत्पादनको विविधीकरण, स्थानीयस्तरमै मूल्य अभिवृद्धि, रोजगारीका अवसर सिर्जना, गरिबी न्यूनीकरण तथा जीविकोपार्जनमा सघाउ पुऱ्याउन सकिने, खेर गइरहेको भूमिलाई माटो, हावापानी सुहाउँदो जडीबुटी खेती गरी उत्पादनशील बनाउन सकिने अवसरहरू रहेका छन्।

## दीर्घकालीन सोच

जडीबुटी तथा सुगन्धित वनस्पतिहरूको व्यावसायिक उत्पादन तथा प्रशोधन मार्फत अर्थतन्त्रमा योगदान।

### लक्ष्य

जडीबुटी तथा सुगन्धित वनस्पतिहरूको व्यावसायिक उत्पादन तथा प्रवर्द्धन गर्नुका साथै मानिसहरूको आय र रोजगारी बढाउने।

## उद्देश्य

१. जडीबुटीहरूको व्यावसायिक खेती गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि सहित रोजगारी सिर्जना गर्नु।
२. जडीबुटी तथा सुगन्धित वनस्पतिहरूमा आधारित उद्योगहरूको स्थापना, मुल्य अभिवृद्धि एवम निर्यात प्रवर्द्धन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. भौगोलिक विशेषता अनुरूप जडीबुटी तथा | १. जडीबुटी तथा सुगन्धित वनस्पतिहरूको उपलब्धता र व्यावसायिकताको आधारमा कुनै खास क्षेत्रलाई |

| रणनीति | कार्यनीति |
| --- | --- |
| सुगन्धित वनस्पतिको व्यावसायीक खेतीलाई प्रोत्साहन गर्ने। | "जडीबुटीक्षेत्र" तोकिनेछ।<br>२. कृषियोग्य भूमिमा अन्तरवाली प्रणालीअन्तर्गत कृषिबालीको साथसाथै जडीबुटी खेती गर्ने कार्यमा कृषकहरूलाई तालिम समेत दिई प्रोत्साहित गरिनेछ।<br>३. जडीबुटी तथा सुगन्धित वनस्पतिको व्यावसायिक खेती प्रवर्द्धन गर्न प्रभावकारी प्रादेशिक संरचना स्थापना गरिनेछ।<br>४. जडीबुटी तथा सुगन्धित वनस्पतिको खेती प्रविधि प्रवर्द्धन विस्तार तथा बजारीकरणसम्बन्धी आवश्यक नीति र कानून बनाइनेछ।<br>५. जडीबुटीको उपलब्धता, बिशेषता र सम्भाव्यताबारे अध्ययन अनुसन्धान गरी सोका आधारमा नीति निर्धारण तथा जनचेतना अभिवृद्धि गरिनेछ।<br>६. जडीबुटीको व्यावसायिक खेती तथा दिगो उत्पादनका लागि वनक्षेत्र लिजमा दिने व्यवस्था गरिनेछ।<br>७. गरिब र न्यून आय भएका मानिसहरूलाई जडीबुटी खेतीका लागि प्रोत्साहित गर्न अनुदान दिने व्यवस्था गरिनेछ।<br>८. स्थानीय तहहरूको सहकार्यमा जडीबुटीको अभिलेखाङ्कन, भण्डारण र प्रमाणीकरणको व्यवस्था गरिनेछ।<br>९. जडीवुटीमा आधारित सुगन्धित तेल, आयुर्वेदिक एवम् एलोपैथिक औषधी कारखानाहरूको स्थापना र विकासमा जोड दिइनेछ। |
| २. जडीबुटीको लागि आन्तरिक र बाह्य बजार प्रवर्द्धन गर्ने। | १. जडीबुटी तथा सुगन्धित वनस्पतिको प्रादेशिक ब्राण्डिङ गर्ने व्यवस्था गरिनेछ।<br>२. जडीबुटी मेलाको आयोजना गर्ने र उत्कृष्ट कृषकलाई प्रादेशिक पुरस्कार प्रदान गरिनेछ।<br>३. जडीवुटी प्रयोगको परम्परागत ज्ञानको अभिलेखीकरण गरी प्रयोगमा ल्याइनेछ।<br>४. जडीबुटी तथा सुगन्धित वनस्पतिको गैरकानूनी निर्यातलाई नियमन गरी कानूनी निर्यातलाई प्रोत्साहन गरिनेछ।<br>५. अन्तरप्रदेश समन्वयमार्फत बाँके जिल्लालाई जडीबुटी बजार केन्द्रको रूपमा विकास गरिनेछ। |

### अपेक्षित उपलब्धि

जडीबुटी तथा सुगन्धित वनस्पतिको क्षेत्र व्यवस्थित, व्यावसायिक र आधुनिक प्रविधियुक्त हुने र बजारको मागमा आधारित तथा उच्च मूल्य जाने जडीबुटी उत्पादनमा विविधीकरणका साथै निकासी प्रवर्द्धनमा टेवा पुगेको हुनेछ।

## ४.१.७ खाद्य तथा पोषण सुरक्षा

### विद्यमान अवस्था

खाद्य असुरक्षा र न्यून पोषणको समस्याले बालबालिकाको शारीरिक, मानसिक तथा संवेगात्मक विकासमा वाधा पुगी देशको समग्र सामाजिक, आर्थिक तथा मानवीय विकासमा प्रतिकूल प्रभाव पार्दछ। साथै यसबाट शिशु अवस्थामा वा बाल्यकालमै मृत्यु हुने जोखिममा वृद्धि हुन्छ भने जीवित रहेकाहरूको समेत भविष्यमा कार्य क्षमतामा ह्रास आई उत्पादकत्वमा असर पर्ने हुन्छ। खाद्य तथा पोषण सुरक्षालाई संविधानमा पनि महत्वपूर्ण स्थान दिएर नागरिकको मौलिक हकमा राखिएको छ। खाद्य तथा पोषण सुरक्षालाई उपलब्धता, पहुँच, उपभोग र स्थिरता गरी चार आयाममा हेर्ने गरिन्छ। विश्व खाद्य शिखर सम्मेलन १९९६ अनुसार प्रत्येक व्यक्तिको निरन्तर रूपमा पर्याप्त, स्वच्छ तथा पोषणयुक्त र आवश्यकता र चाहना अनुरूपको खानामाथि भौतिक तथा आर्थिक पहुँच भएमा खाद्य सुरक्षा भएको मानिन्छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार सन् २०१६ मा पोषणका सूचकहरूमा राष्ट्रिय औसतको तुलनामा यो प्रदेशको स्थिति तुलनात्मक रूपमा कमजोर रहेको छ। जस्तै पाँच वर्षमुनिका पुड्कोपन भएका बालबालिकाहरूको अंश ३८.५८ प्रतिशत (राष्ट्रिय औसत ३५.८ प्रतिशत), पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाहरूको अंश २७.२ प्रतिशत (राष्ट्रिय औसत २७ प्रतिशत), पाँच वर्षमुनिका रक्त अल्पता भएका बालबालिकाहरूको अंश ५३ प्रतिशत (राष्ट्रिय औसत ५२.७ प्रतिशत) र प्रजनन उमेरका महिलाहरू (१५-४९) मा हुने रक्तअल्पता ४४ प्रतिशत (राष्ट्रिय औसत ४०.८ प्रतिशत) रहेको छ। साथै, यो प्रदेशमा कुपोषण भएका जनसंख्या ३७.६ प्रतिशत र पाँच वर्षमुनिका बच्चाहरूको कुपोषण दर ४२.१ प्रतिशत (राष्ट्रिय औसत ३६.१ प्रतिशत) रहेको छ। साथै, प्रदेशमा घरधुरीहरूको खाद्य सुरक्षाको अवस्था पनि कमजोर छ। करीव ५२ प्रतिशत घरधुरी खाद्य खाद्यान्न असुरक्षित रहेका छन् भने १० प्रतिशत घरधुरीहरू अति गम्भीर प्रकृतिको खाद्य असुरक्षामा रहेका छन्। खाद्य र षोषण सुरक्षाको अभावका कारण नै यस प्रदेशमा शिशु तथा बाल मृत्युदर उच्च रहेको छ। यसबाट भविष्यमा सम्पूर्ण मानवपूँजीमा असर परी दीर्घकालीन रूपमा बहुआयामिक गरिबीको दर उच्च हुने सम्भावना हुन्छ।

## प्रमुख समस्या

आवश्यकताअनुसार खाद्यान्न उत्पादन हुन नसक्नु, सन्तुलित वितरण नहुनु, खाद्यान्नको उचित प्रयोगको लागि ज्ञानको अभाव रहनु साथै जलवायू परिवर्तन तथा अन्य प्राकृतिक विपत्तिका कारणले उत्पादन तथा उत्पादकत्वमा आएको ह्रास तथा विभिन्न समयमा खाद्यान्नको मुल्य वृद्धि खाद्य सुरक्षाका थप समस्या हुन्। खाद्यसुरक्षा सम्वन्धित पर्याप्त तथ्याङ्कको अभाव पनि समस्याको रूपमा रहेको छ।

## चुनौती र अवसर

पर्याप्त मात्रामा खाद्यवस्तुको उत्पादन र यसको सन्तुलित वितरण गर्दै पोषणयुक्त आहारविहारसम्बन्धी जानकारी सर्वसाधारणलाई गराउनु चुनौतीपूर्ण रहेको छ।

नेपालको संविधान २०७२ ले खाद्यसम्बन्धी हक स्थापित गरेको छ। यस क्षेत्रसँग सम्वन्धित विभिन्न कार्यक्रमहरू पनि सन्चालित छन्। पोषण नीति तथा रणनीतिको विकास, बहुक्षेत्रीय पोषण योजना दोश्रो (२०७५/७६-२०७९/८०) को कार्यान्वयन र पोषणसम्बन्धी कार्यक्रम तथा सेवाहरूको विस्तार तथा पोषणसम्वन्धी बानी व्यहोरालाई अभियानका माध्यमबाट सकारात्मक दिशातर्फ रूपान्तरण गरी दिगो विकास लक्ष्य हासिल गर्ने किसिमका विभिन्न प्रयासहरू हुनु यस क्षेत्रका लागि अवसरहरू हुन्।

## दीर्घकालीन सोच

महिला, बालबालिका तथा किशोरकिशोरीहरू लगायत सबैको खाद्यसुरक्षा साथै पोषणको अवस्थामा सुधार।

## लक्ष्य

खाद्यवस्तुहरूमा दिगो पहुँच र उपभोग वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा हासिल गर्ने।

## उद्देश्य

१. प्रदेशबासी सबैलाई खाद्य तथा पोषण सुरक्षा प्रदान गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १ कृषिक्षेत्रमा लगानी अभिवृद्धिबाट उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने। | १. कृषि क्षेत्रमा उत्पादन वृद्धि हुने खालका विभिन्न किमिमका कार्यक्रमहरू संचालन गरिनेछन्।<br>२. स्थानीय स्तरमा उपलव्ध हुने जातका बालीहरूको उत्पादन र उपभोग गर्ने खाद्य संस्कृतिलाई जोड दिइनेछ।<br>३. खाद्यसुरक्षा तथा पोषणका लागि नविनतम प्रयासहरूको उपयोग तथा प्रवर्द्धन गरिनेछ। |

| रणनीति | | कार्यनीति |
|---|---|---|
| २ | उत्पादित बस्तुहरूको उचित भन्डारण, उत्पादन पश्चात हुने क्षति कम गर्नुको साथै वितरण प्रणालीलाई व्यवस्थित गर्ने। | १. स्थानीय स्तरमै उत्पादित बस्तुहरूको भन्डारणका लागि उचित व्यवस्था मिलाई न्यायपूर्ण वितरणको सुनिश्चिता गरिनेछ।<br>२. खाद्य तथा पोषण सुरक्षाको हिसाबले जोखिममा रहेका समुदाय र खाद्यसंकट हुने स्थानहरूमा खाद्यवस्तु वितरणलाई सरल र सहज बनाइनेछ। |
| ३ | स्थानीय तहमा उपलब्ध हुने तथा उत्पादन गर्न सकिने खाद्यपदार्थको उत्पादन प्रवर्द्धन र प्रयोगलाई विशेष जोड दिने। | १. खाद्यसुरक्षा तथा पोषणका लागि पैरवी, प्रचारप्रसार, जनसहभागिता तथा अभियान सञ्चालन गरी सकारात्मक व्यवहार प्रवर्द्धन गरिनेछ।<br>२. स्थानीय स्तरमा उपलव्ध हुने जातका बालीहरूको उत्पादन र प्रयोगमा जोड दिइनेछ। |
| ४ | खाद्य तथा पोषण सुरक्षा सम्वन्धित कार्यक्रमलाई व्यापक बनाउनको लागि विभिन्न सरोकारवालासँग समन्वय र सहकार्य गर्ने। | १. खाद्यसुरक्षा तथा पोषणका हिसावले पछि परेको वर्गको पहिचान र विश्लेषण गरिनेछ।<br>२. सहयोग, साझेदारी, समन्वय, सिकाई तथा राम्रा अभ्यासहरूको आदान-प्रदानमा सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ।<br>३. विभिन्न सरोकारवाला निकायले खाद्यसुरक्षा तथा पोषणसम्बन्धी कार्यक्रम कार्यान्वयन गरी महिला, बालबालिका तथा किशोरकिशोरीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरिनेछ। |
| ५ | महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणसँग सम्बन्धित लक्षित कार्यक्रम संचालन गर्ने। | १. विपन्न महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणको लागि पोषण भत्ताको व्यवस्था गरिनेछ।<br>२. महिला तथा सीमान्तकृतहरूलाई खाद्य सुरक्षा र पोषणसँग सम्बन्धित शिक्षा र तालिम तथा कार्यक्रमहरूलाई व्यापक रूपमा सञ्चालन गरिनेछ। |

## अपेक्षित उपलब्धि

खाद्यवस्तुको पहुँच, उपभोग र उपलब्धतामा सुधार भएको हुने, पाँच वर्षमुनिका बच्चाहरूको होचोपना (उमेर अनुसार उचाई कम) भएका बच्चाहरूको अंश घटेर २५ प्रतिशत पुगेको हुने, प्रजनन उमेरका महिलामा हुने रक्तअल्पता घटेर २४ प्रतिशत पुगेको हुने र पाँच वर्षमुनिका बालबालिकामा हुने रक्तअल्पता घटेर ३० प्रतिशतमा झरेको हुनेछ।

## ४.१.८ कृषि, सहकारी तथा जडिबुटी क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

### कृषि विकास

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | कानूनी र संस्थागत व्यवस्था | आवश्यकता पहिचान र कानून तर्जुमा | कार्यान्वयन | | | | भूव्यकृसम |
| २ | स्मार्ट कृषि गाउँ कार्यक्रम | प्रभाव मूल्यांकन साथै विस्तारको लागि स्थान छनोट | आवश्यकता अनुसार विस्तार | | | | भूव्यकृसम |
| ३ | कृषि विकास कोषमार्फत अनुदान कार्यक्रम (उत्पादनमा आधारित, कृषकहरूलाई व्याज अनुदान समेत) | आवश्यक परिमार्जन सहित अनुदान कार्यक्रमको निरन्तरता | | | | | भूव्यकृसम/ वित्तीय संस्थाहरू/ सहकारीहरू |
| ४ | टिस्यू कल्चर प्लान्टस्थापना र संचालन | स्थापना र संचालन | | | | | |
| ५ | आधुनिकीकरण यान्त्रीकरण तथा व्यावसायीकरण प्रवर्द्धन कार्यक्रम (तालिम साथै यन्त्रमा अनुदान सहित) | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम |
| ६ | शीत भण्डार तथा संकलन केन्द्र निर्माण तथा सुदृढीकरण | आवश्यकताका आधारमा स्थान छनोट र निर्माण तथा सुदृढीकरण | | | | | भूव्यकृसम/ स्थानीय तह/ सहकारी/ अन्य संघसंस्था |
| ७ | कृषि अनुसन्धान कार्यक्रम | कृषि विद्यार्थीहरूलाई कृषकको बारीमा अनुसन्धान गर्नको लागि क्याम्पसहरूसँग समन्वय गर्ने | | | | | भूव्यकृसम |
| ८ | कृषि प्रविधि सेवा तथा श्रोतकेन्द्र विस्तार कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |
| ९ | कृषि बीमा कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह/बीमा कम्पनी/ संघीय मन्त्रालय |

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १० | युवा लक्षित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | क्याम्पसहरूबाठ कृषि शिक्षा लिएका र युवा कृषकहरू जसले विभिन्न सिप लिई खालि बसेका छन् तिनीहरूलाइ केन्द्रमा राखी कार्यक्रमहरू वनाउने | | | | भूव्यकृसम |
| ११ | तरकारी, पुष्प तथा फलफूल खेती प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वियन | | | | भूव्यकृसम/ स्थानीय तह |
| १२ | उत्कृष्ठ कृषक सम्मान तथा कृषक सुरक्षा कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन, कृषक परिचय पत्र | कार्यक्रमको कार्यान्वियन, पूर्णकालीन कृषक सामाजिक सुरक्षा व्यवस्था | | | | भूव्यकृसम/ स्थानीय तह |
| १३ | द्रुत विषादी परीक्षण प्रयोगशाला स्थापना र संचालन | बुटवल, नेपालगन्ज र दाङ्गमा स्थान छनोट र स्थापना | संचालन | | | | भूव्यकृसम |
| १४ | कृषि बजार प्रवर्द्धन कार्यक्रम (सहकारी र निजी कम्पनीहरूको संलग्नता समेत) | स्थान छनोट र बजारका पूर्वाधार विकास | | | | | भूव्यकृसम/ स्थानीय तह/सहकारी संस्थाहरू |
| १५ | जैविक विषादी र प्राङ्गारिक मल उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा, स्थान छनोट र कार्यान्वयन | स्थान छनोट र कार्यान्वियन | | | | भूव्यकृसम/ स्थानीय तह / सहकारी संस्थाहरू |
| १६ | कृषिकर्मी रोजगारी प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा, र कार्यान्वयन | कार्यान्वियन | | | | भूव्यकृसम/ स्थानीय तह |
| १७ | कृषि पर्यटनको लागि नमूना अर्गानिक खेती प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा, र कार्यान्वयन | कार्यान्वियन | | | | भूव्यकृसम /उपववाम/ स्थानीय तह |
| १८ | क्वारेन्टाइन प्रयोगशाला प्रवर्द्धन तथा सुदृढीकरण कार्यक्रम | कार्यक्रमको तर्जुमा, र कार्यान्वयन | कार्यान्वियन | | | | भूव्यकृसम र संघिय सरकार |
| १९ | नविनतम तथा उच्चमूल्यका वालीहरूको खेती विस्तार कार्यक्रम | कार्यक्रमको तर्जुमा, र कार्यान्वयन | कार्यान्वियन | | | | भूव्यकृसम/ स्थानीय तह |
| २० | अभियानमुखी (मिसन) कृषि कार्यक्रम | कार्यक्रमको तर्जुमा, र कार्यान्वयन | कार्यान्वियन | | | | भूव्यकृसम/ स्थानीय तह |

नोटः भूव्यकृसम=भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## पशुपंछी विकास

| क्र.सं. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | तरल नाईट्रोजन प्लान्ट सहितको पशु प्रजनन केन्द्र स्थापना (संख्या) | स्थान छनोट र स्थापना | संचालन | | | | भूव्यकृसम |
| २ | सामुदायिक पशुप्रजनन केन्द्र स्थापना कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |
| ३ | पशुपंछी प्रविधि सेवा तथा श्रोतकेन्द्र विस्तार कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |
| ४ | निजी/सहकारी समूह/संचालित व्यावसायिक पशुपन्छी कार्यक्रम (सहुलियत ऋण, उत्पादनमा आधारित अनुदान, युवाहरूलाई प्राथमिकता) | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह/ सहकारी/ अन्य संघसंस्था |
| ५ | रैथाने पशुपन्छी पालन व्यवसाय प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |
| ६ | घाँस उत्पादन तथा पशु आहार प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |
| ७ | पशुपंछी विकास तथा पशु स्वास्थ्य नियमनका लागि चिकित्सालय विस्तार कार्यक्रम | आवश्यकता पहिचान, स्थान छनोट र स्थापना | पशु चिकित्सालय विस्तार गरी पशु स्वास्थ्य सुधार | | | | भूव्यकृसम |
| ८ | डेरी लगायत पशुजन्य उद्योग प्रर्वद्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |
| ९ | पशुपन्छी वीमा विस्तार कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह/ वीमा कम्पनीहरू/ नेपाल सरकार |
| १० | पशु क्वारेन्टाइन प्रयोगशाला प्रवर्द्धन तथा सुदृढीकरण कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम /नेपाल सरकार |
| ११ | युवा लक्षित पशु व्यवसाय प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |

| क्र.सं. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १२ | अभियानमुखी (मिसन) पशु विकास कार्यक्रम | कार्यक्रमको तर्जुमा, र कार्यान्वयन | कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |

नोटः भूव्यकृसम=भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## मत्स्य विकास

| क्र.सं. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | माछा व्यवसाय प्रवर्द्धन कार्यक्रम (भुरा उत्पादन, पोखरी विस्तार, बजारीकरण, दाना उद्योग, अनुदान) | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम |
| २ | माछा बीमा कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह/बीमा संस्थाहरू/ नेपाल सरकार |
| ३ | पहाडी जिल्लाहरूमा रैथाने तथा ट्राउट माछा उत्पादन कार्यक्रम | सम्भावित स्थानहरूबारे अध्ययन | निजी तथा सहकारीसंगको सहकार्यमा फार्म स्थापना | | | | भूव्यकृसम/ स्थानीय तह/ सहकारीहरू/ निजी क्षेत्र |
| ४ | जिउँदो माछा बजार प्रवर्द्धन कार्यक्रम (पसल स्थापना, गाडी ढुवानी) | स्थान र इच्छुक व्यवसायी छनोट र सहयोग | | | | | भूव्यकृसम/ स्थानीय तह/ निजी क्षेत्र |
| ५ | माछा बजार विस्तार कार्यक्रम (माछा महोत्सव, पोषण कार्यक्रम) | स्थानीय संचार माध्यममा माछा उपभोगबारे प्रचार प्रसार र माछा महोत्सव | | | | | भूव्यकृसम/ स्थानीय तह/ माछा व्यवसायीहरू |
| ६ | माछा उत्पादन तालिम तथा अनुसन्धान कार्यक्रम | अधिक उत्पादकत्व भएका नविन माछाका जातहरू तथा हावापानी अनुकुल उत्पादकत्व वृद्धिकालागि यान्त्रिकीकरण एवं आधुनिकीकरण गर्दै कम लागतमा माछा उत्पादन गर्ने प्रविधि विकास गर्ने। माछाको मूल्य शृङ्खलामा आधारित क्षमता अभिवृद्धि। | | | | | भूव्यकृसम/ स्थानीय तह |
| ७ | माछा क्वारेन्टाइन प्रयोगशाला स्थापना | कार्यक्रमको तर्जुमा र कार्यान्वयन साथै नेपाल सरकारसँग क्वारेन्टाइनको बारेमा समन्वय गर्ने | | | | | भूव्यकृसम /संघीय |

नोटः भूव्यकृसम=भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## भूमि व्यवस्थापन

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत र कानूनी व्यवस्था | आवश्यक नीति र कानूनी तर्जुमा | कार्यान्वयन | | | | भूव्यकृसम |
| २ | भू अभिलेख केन्द्रको स्थापना | स्थापना | संचालन | | | | भूव्यकृसम |
| ३ | प्रदेश भूमि आयोगको स्थापना तथा संचालन | अध्ययन र तयारी | स्थापना र संचालन | | | | भूव्यकृसम |
| ४ | भूमि बैंक स्थापना | अध्ययन र तयारी | स्थापना र संचालन | | | | भूव्यकृसम |
| ५ | भूमिको तथ्याङ्क संकलन र विश्लेषण कार्यक्रम | कार्यविधि तर्जुमा र तथ्याङ्क संकलन | विश्लेषण र सार्वजनिक जग्गा संरक्षण | | सार्वजनिक जग्गा संरक्षण | | भूव्यकृसम/स्थानीय तह/ नेपाल सरकार |
| ६ | अव्यवस्थित वस्ती व्यवस्थापन कार्यक्रम | अव्यवस्थित वस्ती पहिचान, कानून तर्जुमा | अव्यवस्थित वस्तीको व्यवस्थापन | | | | भूव्यकृसम/स्थानीय तह/ नेपाल सरकार |

नोटः भूव्यकृसम=भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## सहकारी

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्था | आवश्यकता पहिचान र नीतिगत, कानूनी र संस्थागत व्यवस्था | कार्यान्वयन | | | | भूव्यकृसम |
| २ | सहकारी विकास कोषको प्रभावकारी संचालन | कार्यविधि निर्माण तथा संचालन | संचालन | | | | भूव्यकृसम |
| ३ | सहकारी बजार विकास कार्यक्रम (प्रत्येक जिल्लामा सहकारी बजार केन्द्रहरूको स्थापना) | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | प्रत्येक जिल्लामा सहकारी वजारहरू संचालन गर्ने | | | | भूव्यकृसम |

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| ४ | सहकारी संस्थाहरूको संस्थागत विकास कार्यक्रम | संस्थागत विकाससम्बन्धी तालिम | | | | | भूव्यकृसम/ स्थानीय तह |
| ५ | सहकारी अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | कार्यक्रमको तर्जुमा कार्यान्वयन र मूल्याङ्कन | | | | | भूव्यकृसम/ स्थानीय तह |

नोट भूव्यकृसम=भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## जडीबुटी

| क.स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्था | नीति तथा ऐन, नियम, निर्देशिका, कार्यविधि तयार गर्ने र आवश्यक संस्थागत व्यवस्था | कार्यान्वयन र संचालन | | | | उपववाम |
| २ | जडीवुटी तथा सुगन्धित वनस्पति सम्बन्धमा अभिलेखीकरण तथा अध्ययन अनुसन्धान | विस्तृत अध्ययन र जडीवुटीको अभिलेखीकरण | | | | | उपववाम |
| ३ | जडीबुटी तथा सुगन्धित वनस्पति नर्सरी प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | उपववाम/ स्थानीय तह |
| ४ | पकेट क्षेत्र निर्धारण र जडीबुटी तथा सुगन्धित वनस्पति खेती बिस्तार कार्यक्रम (वीउ, तालिम, अनुदान) | स्थान छनोट, कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | उपववाम/ स्थानीय तह |
| ५ | जडीबुटी तथा सुगन्धित वनस्पति प्रशोधन र बजारीकरण कार्यक्रम (प्रशोधन, प्रादेशिक ब्रान्डिङ्ग, | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | उपववाम/ स्थानीय तह |

| क.स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| | आयूर्वेदिक औषधी उत्पादन, सुगन्धित तेल उत्पादनमा सहयोग) | | | | | | |
| ६ | उत्कृष्ट जडीबुटी तथा सुगन्धित वनस्पति उत्पादन पुरस्कार | कार्यविधि निर्माण, उत्पादक छनोट र पुरस्कार वितरण | उत्पादक छनोट र पुरस्कार वितरण | | | | उपववाम |

नोटः उपववाम = उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## खाद्य तथा पोषण सुरक्षा

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नीति, ऐन, कानून मापदण्ड तथा कार्यविधि निर्माण | तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | भूव्यकृसम/साविम |
| २ | लक्षित वर्ग खाद्यसुरक्षा तथा पोषण कार्यक्रम (विद्यालय, विपन्न परिवार) | सर्भेक्षण र पहिचान | कार्यान्वयन | | | | भूव्यकृसम/साविम/ स्थानीय तह |
| ३ | संकटको समयमा खाद्य आपूर्ति सहज बनाउनको लागि खाद्य भण्डारण कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |
| ४ | रैथाने तथा लोपोन्मुख बाली तथा बस्तुको उत्पादन र उपभोग प्रवर्द्धन कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | भूव्यकृसम/ स्थानीय तह |

नोटः भूव्यकृसम=भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, साविम= सामाजिक विकास मन्त्रालय

## ४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

### ४.२.१ औद्योगिकीकरण

#### विद्यमान अवस्था

रोजगारी सिर्जना गरी आय वृद्धि गर्न, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न उद्योगहरूले ठूलो भूमिका खेल्न सक्छन्। यस प्रदेशमा १० जना भन्दा बढीलाई रोजगारी दिने करिब ९०० उद्योगहरू छन्। त्यसैगरी २४०४४ वटा घरेलु तथा साना उद्योग दर्ता भएका छन्। उद्योगहरूको संख्या विस्तार हुने क्रममा पनि रहेको छ। केही वर्षदेखि संचालित लघुउद्यम विकास कार्यक्रमले ग्रामीणस्तरमा उद्यमशीलता विकासमा पनि सहयोग पुऱ्याएको छ। लघु उद्यमलाई विस्तार गर्दै साना, मझौला र ठूला उद्योगमा रूपान्तरण गर्दै जानुपर्छ। यस प्रदेशमा विशेष आर्थिक क्षेत्र संचालनमा आउन थालेको र मोतिपुर र नौवस्तामा औद्यौगिक क्षेत्र निर्माण कार्य शुरू भएको छ। नेपालको संविधानले औद्योगिकीकरणलाई प्रदेशको एकल अधिकार र संघ र प्रदेशको साझा अधिकारको सूचीमा पनि राखेको छ।

दिगो विकासको लक्ष्य ९ ले समावेशी र दिगो औद्योगिकीकरण गर्ने र साना स्तरका उद्योग र अन्य व्यवसाय विस्तार गर्ने कुरा उल्लेख गरेको छ। सन् २०३० सम्ममा कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान २५ प्रतिशत र उत्पादनमूलक उद्योगहरूले कुल रोजगारीमा १३ प्रतिशत योगदान दिनुपर्ने दिगो विकासको लक्ष्य रहेको छ।

#### प्रमुख समस्या

उद्योगहरूले आयातित वस्तुहरूसँग प्रतिस्पर्धा गर्न नसक्नु, दक्ष श्रमशक्तिको कमी रहनु, उद्योग स्थापनाको लागि जग्गा नहनु, भौतिक पूर्वाधार पर्याप्त नहुनु, प्रशासनिक झैझमेला, निर्णयप्रक्रियामा ढीलासुस्ती र नविनता एवम् संस्थागत संस्कृतिको कमी यस क्षेत्रका समस्याको रूपमा रहेका छन्।

#### चुनौती र अवसर

उत्पादनमूलक उद्योगहरूमा लगानी उल्लेख्य रूपमा बढाउनु, गुणस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र कर्पोरेट संस्कृतिको विकास गर्नु, सहुलियत व्याजदरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, युवाहरूलाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगिकीकरणलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु चुनौतीपूर्ण रहेको छ।

युवाहरूको बाहुल्य, बढ्दो शहरीकरण, छिमेकी प्रदेशहरूभन्दा उद्योगधन्दा खोल्न सहज रूपमा जग्गाको उपलब्धता, छिमेकी प्रदेशहरूमा निकासी गर्न सकिने अवस्था, भारतसँग लामो सीमाना

सहितको सामिप्यता र त्यहाँका बजारको ठूलो आकारका कारण आयात निर्यात गर्न सहज स्थिति, खनिज लगायतका कच्चा पदार्थको सहज उपलब्धता र उर्जाको आपूर्ति बढ्दै गरेको आदि कारणले गर्दा उद्योगधन्दा खोल्न र संचालन गर्न सहज वातावरण हुनु अवसरको रूपमा रहेका छन्।

## दीर्घकालीन सोच

उत्पादन र रोजगारीमा औद्योगिक क्षेत्रको योगदान वृद्धि।

## लक्ष्य

उद्योगधन्दामा लगानी प्रवर्द्धन गर्न औद्योगिक वातावरण सिर्जना गर्ने।

## उद्देश्य

उद्योगधन्दाहरूको विस्तार र रोजगारीको अवसर वृद्धि गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. उद्योगहरूको स्थापना र विस्तारको लागि लगानी योग्य वातावरण तयार गर्ने। | १. रूपन्देही, बाँके र दाङ्गमा नयाँ औद्योगिक क्षेत्र बनाइनेछ।<br>२. सीमानासंग जोडिएका क्षेत्रमा औद्योगिक कोरिडर निर्माण गरिनेछ।<br>३. बाँके जिल्लामा ठूला उद्योगहरू स्थापना गर्न प्रोत्साहन गरी औद्योगिक हव बनाइनेछ।<br>४. उद्योग दर्तादिखि बहिर्गमनसम्म सरल र सहजढंगले हुने व्यवस्था गरिनेछ।<br>५. औद्योगिक क्षेत्रमा आवश्यक शान्ति सुरक्षा प्रदान गरिनेछ।<br>६. औद्योगिक क्षेत्रहरूलाई उद्योगमैत्री ढंगले व्यवस्थापन गरिनेछ।<br>७. उद्योगहरूलाई जग्गा रजिष्ट्रेशन शुल्कमा छुट दिइनेछ।<br>८. औद्योगिक क्षेत्र, औद्योगिक कोरिडर र उद्योग ग्रामहरूमा आवश्यक भौतिक पूर्वाधार पुर्‍याइनेछ।<br>९. स्थानीय कच्चा पदार्थमा आधारित निकासीजन्य उद्योगहरूको स्थापनामा विशेष छूट दिने व्यवस्था मिलाइनेछ।<br>१०. महिला उद्यमीहरूलाई विशेष प्राथमिकता दिनेगरी |

| रणनीति | कार्यनीति |
|---|---|
| | उद्योगहरूलाई सहुलियत प्रदान गर्न उद्योग विकास कोष स्थापना गरिनेछ।<br>११. उद्योगीहरूलाई एकीकृत ढंगले सेवा प्रवाह गर्ने व्यवस्था गरिनेछ। |
| २. स्वदेशी औद्योगिक उत्पादनको स्वदेशी बजार तथा विदेशमा समेत निकासी प्रवर्द्धन गर्ने। | १. आन्तरिक उत्पादनको बजार प्रवर्द्धन गर्न प्रदर्शनीस्थलको निर्माण र वर्षेनि औद्योगिक प्रदर्शनी आयोजना गर्न सहयोग गरिनेछ।<br>२. आन्तरिक उत्पादनको उपयोग गर्न प्रोत्साहन गरिनेछ।<br>३. प्रादेशिक ब्राण्ड विकास गरी बजार विस्तार गरिनेछ। |
| ३. सहुलियत ऋण, उत्पादनको विविधता र आधुनिक प्रविधिको प्रयोग मार्फत उत्पादन लागतमा कमी ल्याई प्रतिष्पर्धी क्षमता बढाउने। | १. उद्योगहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध हुने व्यवस्था गरिनेछ।<br>२. औद्योगिक विकासका समस्याहरूको नियमित खोजी गरी समाधानका लागि यस क्षेत्रको अध्ययन अनुसन्धान गरिनेछ।<br>३. वैदेशिक रोजगारीबाट फर्केका, युवा र महिलाहरूलाई व्यवस्थापकिय ज्ञान सहित उद्यमशीलता तालिम प्रदान गरिनेछ।<br>४. सार्वजनिक निजी साझेदारीमा औद्योगिक प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालय तथा सूचना केन्द्रहरू प्रर्वद्धन गरिनेछ। |
| ४. घरेलु, साना तथा मझौला उद्योगहरूको विस्तार गर्ने। | १. स्थानीय तहहरूको समन्वयमा स्थानीय स्तरमा उद्योग ग्रामहरू स्थापना गरिनेछ।<br>२. पर्यटकीय वस्तु उत्पादन गर्ने घरेलु उद्योगको विकास गर्ने र त्यस्ता वस्तुको बिक्री प्रवर्द्धन गर्न कोसेली घरहरू स्थापना र संचालनमा सहयोग गरिनेछ।<br>३. वनजन्य उद्योगहरू प्रवर्द्धन गर्न राष्ट्रिय वनको वैज्ञानिक व्यवस्थापन गरिनेछ।<br>४. कृषिजन्य उद्योग स्थापना गर्न सहुलियत प्रदान गरिनेछ। |
| ५. उद्योग र वातावरण बीच सन्तुलन कायम गर्ने। | १. उद्योगमा काम गर्ने मजदुरको दुर्घटना तथा स्वास्थ्यमा असर न्यून गर्न तथा उद्योगबाट निस्कने हानिकारक |

| रणनीति | कार्यनीति |
|---|---|
| | फोहोरको उचित व्यबस्थापनका लागि नीति बनाई लागू गरिनेछ।<br>२. उद्योगहरूलाई निश्चित औद्योगिक क्षेत्र र कोरिडरमा सीमित गरी मानव बस्तीहरूलाई वातावरण प्रदूषणबाट संरक्षण गरिनेछ। |

## अपेक्षित उपलब्धि

प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बीस प्रतिशत पुगेको हुने, तीन वटा औद्योगिक क्षेत्रको निर्माण भएको हुने, स्थानीय तहमा उद्योग ग्रामहरू स्थापना भएको हुने र औद्यौगिक क्षेत्रमा रोजगारी वृद्धि भएको हुनेछ।

# ४.२.२ खानी तथा खनिज पदार्थ

## विद्यमान अवस्था

खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन र समुचित प्रयोग गर्न सकेमा देशको आर्थिक समृद्धिमा सहयोग पुग्छ। हालसम्म १८ किसिमका धातु खनिज,१९ किसिमका अधातु खनिज, ७ किसिमका रत्न पत्थर, तीन किसिमका इन्धन खनिज, ७ किसिमका श्रृङ्गारिक खनिज र निर्माणमा प्रयोग हुने ढुङ्गागिट्टी, बालुवा र माटो पाइएका छन्।भौगर्भिक संरचनाको हिसाबले यस प्रदेशको तराईमा ढुङ्गागिट्टी तथा वालुवा, चुरे क्षेत्रमा कोइला र स्याण्डस्टोन, महाभारत क्षेत्रमा चुनढुङ्गा, फलाम, कोइला, डोलोमाइट, घर छाउने स्लेट,श्रृगारिक ढुङ्गा तथा उच्च पहाडी क्षेत्रमा कायनाइट, गार्नेट जस्ता रत्नपत्थरहरू पाइएका छन्।

नेपालको संविधानमा खानी उत्खनन संघको अधिकार क्षेत्रभित्र, खानी अन्वेषण र व्यवस्थापन प्रदेशको अधिकार क्षेत्रभित्र र खानी तथा खनिज पदार्थको संरक्षण स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको छ।

## प्रमुख समस्या

खानी क्षेत्र व्यवस्थित ढंगबाट अन्वेषण,उत्खनन र संचालन नभएको र उपलब्ध खानीको समुचित प्रयोग हुन सकेको छैन।

## चुनौती र अवसर

नयाँ राजनैतिक संरचनाले गर्दा खानीको संरक्षण, अन्वेषण र उत्खनन तीन तहमा विभाजित रहेकाले आवश्यक समन्वय गर्नु,वातावरणमैत्री ढंगले खानी तथा खनिज पदार्थ उत्खनन गर्नु,यस

क्षेत्रमा निजी लगानी आकर्षित गर्नु र खानी अन्वेषणको लागि दक्ष जनशक्तिको व्यवस्था गर्नु चुनौतीको रूपमा रहेको छ।

खनिजजन्य उद्योगधन्दा विस्तार हुँदै जानु, खानी तथा खानीजन्य पदार्थको पर्याप्त उपलब्धता रहनु, औद्योगिक क्षेत्रहरू विस्तार हुने क्रममा रहनु र खानीमा आधारित निर्माण सामग्रीहरूको माग विस्तार भइरहनु यस क्षेत्रका अवसरको रूपमा रहेका छन्।

## दीर्घकालीन सोच

खनिज क्षेत्रको योगदान वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण।

## लक्ष्य

वातावरणीय सन्तुलनमा खलल नपुग्ने गरी खनिज उद्योगको विकास र विस्तारद्वारा रोजगारी तथा औद्योगिक उत्पादन वृद्धि गर्ने।

## उद्देश्य

१. प्रदेशमा रहेका खनिजस्रोतको पहिचान, संरक्षण तथा दिगो व्यवस्थापन गर्नु।
२. खनिज उद्योगमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. खनिज सम्वन्धी प्रादेशिक नीति र प्रशासनिक संरचना निर्माण गरी खनिज क्षेत्रको प्रभावकारी अन्वेषण र व्यवस्थापन गर्ने। | १. प्रादेशिक खनिज नीति, कानून र मापदण्ड बनाई खनिज क्षेत्रलाई व्यवस्थित गरिनेछ।<br>२. आवश्यक दक्ष जनशक्ति सहित खानी अन्वेषण र व्यवस्थापनका लागि प्रशासनिक संरचना निर्माण गरिनेछ।<br>३. प्रदेशमा रहेका रत्नपत्थर अनुसन्धान,अन्वेषण र उत्खननका कार्यहरू अघि बढाइनेछ।<br>४. भौगर्भिक अध्ययन अनुसन्धानमा विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ।<br>५. प्रदेशमा कम्तीमा एक उच्च शैक्षिक संस्थामा भूगर्भ सम्वन्धी अध्यापन थालनी गर्न सहयोग पुऱ्याइनेछ। |
| २. प्रदेशमा उपलब्ध खनिजको लगत संकलन तथा अभिलेखाङ्कन गर्ने। | १. हालसम्म अन्वेषण भएका खानी तथा खनिज क्षेत्रको लगत संकलन गरी भौगोलिक सूचना प्रणाली मार्फत नक्साङ्कन गरी खानी खनिजसम्वन्धी सम्पूर्ण सूचना प्रकाशन गरिनेछ।<br>२. भूवैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान गरी प्रदेशको भौगर्भिक नक्शा तयार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. भौगर्भिक पर्यटन प्रवर्द्धन गर्ने। | १. भौगर्भिक सम्पदालाई शिक्षा र पर्यटनसंग जोड्न पृथ्वीको इतिहास तथा हिमालयको उत्पति र विकास झल्किने खालका वस्तुहरू प्रदर्शन हुनेगरी भौगर्भिक बगैंचा निर्माण गरिनेछ। |
| ४. आवश्यक भौतिक पूर्वाधारको निर्माण गरी खनिज उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने। | १. संघीय निकायहरूसंग समन्वय गरी खानी क्षेत्रमा पहुँच सडक निर्माण तथा विद्युत् प्रसारण लाइन विस्तार गरिनेछ।<br>२. उद्यमीहरूका लागि खानी तथा खनिज पहिचान,उत्खनन तथा प्रशोधनसम्वन्धी क्षमता विकास एवम् उपयुक्त प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ।<br>३. नेपाल सरकारसंगको सहकार्यमा खानी उत्खननबाट मानव बस्ती, जैविक विविधता र वातावरणमा परेको प्रभावको अनुगमन गरी न्यूनीकरणका उपायहरू अबलम्बन गरिनेछ। |

### अपेक्षित उपलब्धि

प्रदेशमा उपलब्ध खानीजन्य स्रोतको अभिलेखाकंन भएको हुने, उपलब्ध खानीको उत्खनन र उपयोग भएको हुने, खानीजन्य उद्योग स्थापना भएको हुने र भौगर्भिक पार्क निर्माण भएको हुने।

## ४.२.३ वाणिज्य तथा आपूर्ति

### विद्यमान अवस्था

प्रदेशभित्र सडक सञ्चालनको विस्तारले व्यापारिक गतिविधि बढेको छ भने अत्यावश्यक वस्तुहरूको आपूर्ति भइरहेको छ। तीव्र शहरीकरणले पनि यस प्रदेशमा व्यापारिक गतिविधि बढ्न सहयोग पुगेको छ। वाणिज्य क्षेत्रले उल्लेख्य रोजगारी सिर्जना गरेको छ। सडकको पहुँच बढेसँगै नयाँ व्यापारिक केन्द्र अथवा शहर विस्तार भएका छन्।

नेपालको संविधानले प्रदेश भित्रको व्यापार प्रदेशको अधिकार सूचीभित्र राखेको छ। त्यस्तै, संविधान अनुसार संघ र प्रदेशको साझा सूचीमा आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन रहेको छ।

### प्रमुख समस्या

व्यापारिक गतिविधिहरू विस्तार भएपनि बजारमा गुणस्तरीय वस्तुहरू सुपथ मूल्यमा उपलव्ध नहुनु, पर्याप्त आन्तरिक उत्पादन नहुनु, आन्तरिक रूपमा उत्पादित वस्तुहरूको पनि भरपर्दो बजार उपलब्ध नहुनु, सर्वसाधारण जनता ठगिने गरी मूल्यसूचि नराख्ने गर्नु, सामान विक्री गर्दा बील जारी

गर्ने बानीको विकास नहुनु र विपद्का समयमा अत्यावश्यक वस्तुको आपूर्ति सहज हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन्।

## चुनौती र अवसर

मानव सिर्जित तथा प्राकृतिक कारणबाट समय समयमा आपूर्तिमा आउने व्यवधान समाधान गर्नु, कृषि उपजको व्यापारमा हुने विचौलियाहरूको बोलबाला कम गर्नु, गुणस्तरीय वस्तुहरूको उपलब्धता र उपभोक्ताहरूको हकहीत संरक्षण गर्नु वाणिज्य तथा आपूर्ति क्षेत्रका चुनौतीहरू हुन्।

आन्तरिक व्यापारिक गतिविधि र सडक सञ्जालको विस्तारले गर्दा आपूर्ति व्यवस्थापन गर्न सहज हुँदै गएको, अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र अन्य केही ठूला आयोजना निर्माण भइरहेकाले यस प्रदेशमा व्यापारका गतिविधि बढ्दै गएको, स्थानीय तहमा व्यापारिक केन्द्र विस्तार हुनुले व्यापार विस्तार र आपूर्ति व्यवस्थापन गर्न सहज हुने अवसर रहेको छ।

## दीर्घकालीन सोच

वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्तिको व्यवस्थामार्फत आर्थिक समृद्धिमा सहयोग।

### लक्ष्य

प्रादेशिक व्यापार प्रवर्द्धन गरी गुणस्तरीय वस्तुहरूको सर्वसुलभ रूपमा आपूर्तिको व्यवस्था गर्ने।

## उद्देश्य

व्यापारिक गतिविधि विस्तार एवम् अत्यावश्यक बस्तुहरूको सर्वसुलभ र गुणस्तरीय रूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. भौतिक पूर्वाधारको व्यवस्था गरी प्रादेशिक व्यापार प्रर्वद्धन गर्ने। | १. रणनीतिक सडक सञ्जालको विकास एवम् तुलनात्मक लाभको आधारमा जिल्लागत रूपमा भिन्न वस्तुहरू उत्पादन गरी प्रदेश भित्रको व्यापार बढाइनेछ।<br>२. जिल्लास्थित कार्यालयहरूबाट व्यवसाय दर्ता र अनुगमनलाई सहज र प्रभावकारी बनाइनेछ।<br>३. स्थानीय तहमै प्यान नम्बर लिन सकिने व्यवस्थाको लागि पहल गरिनेछ।<br>४. सरकारी कार्यालयहरूमा स्वदेशी वस्तुहरूको प्रयोग बढाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. उपभोग्य वस्तुहरूको गुणस्तर कायम गरी सर्वसुलभ आपूर्तिको व्यवस्था गर्ने। | १. वस्तुको आपूर्तिमा आउने व्यवधान न्यूनीकरण गर्न यथेष्ठ मौज्दात सहितको भण्डारण व्यवस्था मिलाइनेछ। रोल्पा र रूकुम पूर्वका दुर्गम ठाँउहरूमा अत्यावश्यक वस्तुहरूको डिपो राख्ने व्यवस्था गरिनेछ।<br>२. गुणस्तर कायम गर्न नियमित बजार अनुगमन तथा प्रयोगशालामा परीक्षण समेत गरिनेछ।<br>३. उपभोक्ता हकहीत संरक्षण गर्न आवश्यक नीति, ऐन तर्जुमा र संरचना निर्माण गरिनेछ।<br>४. प्रत्येक पसलमा मूल्यसूची राख्नुपर्ने व्यवस्था कडाइका साथ लागु गरिनेछ।<br>५. व्यवसायीहरूलाई स्वच्छ, पारदर्शी र व्यावसायिक व्यापारका लागि अभिमुखीकरण गरिनेछ। |
| ३. आधारभूत उपभोग्य वस्तुहरूको बजारीकरणमा सहकारीको भूमिका बढाइ कालोबजारी र बिचौलियाहरूको भूमिका निरूत्साही गर्ने। | १. सहकारीहरूलाई सुपथ मूल्यका पसलहरू खोल्न प्रोत्साहन गरिनेछ।<br>२. कृषि बजारको प्रवर्द्धनमा सहकारीहरूको भूमिका बढाइनेछ।<br>३. आधुनिक बजारहरू स्थापना गरी कृषकहरूले सहज रूपमा कृषि उपज सोझै बिक्री गर्न सक्ने बनाइनेछ।<br>४. एकाधिकार र कार्टेलिङलाई नियन्त्रण गर्न आवश्यक कानूनको तर्जुमा र अनुगमन गरी प्रतिष्पर्धामा आधारित बजार प्रवर्द्धन गरिनेछ। |
| ४. सूचना प्रविधिको प्रयोग गरेर व्यापार प्रवर्द्धन तथा आपूर्तिमा आधुनिकीकरण गर्ने। | १. सूचना प्रविधिको प्रयोग गरी सर्बसाधारणलाई सहज ढंगले मूल्य र बिक्रीको लागि उपलब्ध परिणामसम्बन्धी सूचना उपलब्ध हुने व्यवस्था गरिनेछ।<br>२. सूचना प्रविधिमा आधारित अनलाइन व्यापार गर्न प्रोत्साहित गरिनेछ।<br>३. प्रयोगमा आइसकेका (सेकेण्ड हयाण्ड) वस्तुहरूको बजार विकास गर्न प्रोत्साहन गरिनेछ। |

## अपेक्षित उपलब्धि

प्रादेशिक व्यापारिक गतिविधि बढेको हुने, अत्यावश्यक वस्तुहरूको पर्याप्त भण्डार गरी खाद्य सुरक्षाको वातावरण सिर्जना भएको हुने, मूल्य सूचीहरू सहित आधुनिक बजार खुलेका हुनेछन्।

## ४.२.४ पर्यटन

### विद्यमान अवस्था

विश्व सम्पदा सूचीमा रहेको गौतम बुद्धको जन्मस्थल लुम्विनी र बुद्धसंग सम्वन्धित प्राचीन कपिलवस्तु लगायतका देवदह, रामग्राम, कुदान, निग्लिहवा लगायतका धार्मिक क्षेत्र रूरू, ऋषिकेश, रेसुङ्गा, रून्टीगढी, स्वर्गद्वारी, जलजला, गौमुखी, बागेश्वरी, ठाकुरद्वार, सुपादेउराली, पाल्ही भगवती, मर्चवारीमाई, ऐतिहासिक स्थलको रूपमा जितगढी, रानीमहल, पाणिनी तपोभूमि, बाँके एवम् बर्दिया राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्ष क्षेत्र, रामसार सुचिकृत जगदीशपुर ताल र एसियाकै ठूलो दाङ्ग उपत्यका यस प्रदेशमा रहेका छन्। साथै, रूकुम पूर्वमा रहेका हिमाल तथा तातो पानीका मुहान र प्रदेशका विभिन्न जिल्लामा ताल, झरना र प्राकृतिक गुफाहरू रहेका छन्। ऐतिहासिक बाइसे चौविसे राज्यका राजधानीका रूपमा रहेका कोट र किल्लाहरू पनि यस प्रदेशमा रहेका छन्। भौगोलिक, प्राकृतिक, कला र संस्कृति, धार्मिक र जातिगत विविधता रहेकाले यो प्रदेश प्रमुख पर्यटकीय गन्तव्यस्थल बन्नसक्ने प्रशस्त संभावना रहेको छ। युद्ध पर्यटनको रूपमा रोल्पाको टिला, चुनवाङ, गाम लगायतका स्थलहरू पनि पर्यटकीय आकर्षण बन्न सक्छन्। नेपालको संविधानले पर्यटनलाई संघ र प्रदेशको साझा अधिकार सूचीमा राखेको छ।

### प्रमुख समस्या

यस प्रदेशमा भ्रमण गर्ने पर्यटकहरूको बसाइ अवधि छोटो रहेको, पर्यटकीय स्थलहरूको विकास र पर्यटनमैत्री सेवा अपेक्षित रूपमा हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन्।

### चुनौती र अवसर

प्रदेशमा विद्यमान पर्यटकीय स्थलहरूको पहिचान गरी आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु, पर्यटनको विकासका लागि पर्याप्त सुविधा, सूचना र सुरक्षाको वातावरण तयार गर्नु, र पर्यटन क्षेत्रमा निजी लगानी आकर्षित गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

यो प्रदेश प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक विविधतायुक्त हुनु, भैरहवामा निर्माणाधीन अन्तर्राष्ट्रियस्तरको गौतम बुद्ध विमानस्थल छिट्टै संचालनमा आउने स्थिति रहनु, लुम्बिनी आएका पर्यटकलाई अन्य पर्यटकीय स्थल भ्रमण गर्ने वातावरण सिर्जना गरी बसाइ लम्ब्याउन सकिने अवस्था हुनु, मानसरोवर जाने प्रस्थान विन्दुको रूपमा रहेको नेपालगन्जमा क्षेत्रीय विमानस्थलको विस्तार हुने क्रम रहनु, उच्च जनसंख्या भएका छिमेकी देशहरूको आयस्तर बढ्दै जानु, दक्षिण सीमामा रहेका बेलहिया, कृष्णनगर, रूपेडिया जस्ता प्रमुख नाका यसै प्रदेशमा रहनु र हवाई सम्पर्क बढ्दैजानु यस क्षेत्रका अवसरका रूपमा रहेका छन्।

## दीर्घकालीन सोच

पर्यटन क्षेत्रको विकास एवम् वृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान।

## लक्ष्य

पर्यटन क्षेत्रको प्रवर्द्धनवाट रोजगारी एवम् आयआर्जन वृद्धि गरी गरिबी निवारणमा योगदान गर्ने।

## उद्देश्य

१. प्रदेशमा भएका पर्यटकीय अवसरहरूको विकास, बजारीकरण, प्रवर्द्धन र संरक्षण गर्नु।
२. आय र रोजगारीका लागि पर्यटनलाई प्रमुख क्षेत्रको रूपमा विकास गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको पर्यटनको विकासका लागि नीतिगत कानूनी एवम् संस्थागत व्यवस्था गर्ने। | १. प्रदेशको पर्यटनको विकासको लागि कानूनी व्यवस्था एवम् प्रादेशिक संस्थागत संरचनाको रूपमा पर्यटन विकास परिषद् बनाइने छ। |
| २. प्रदेशमा रहेका पर्यटकीय स्थलहरूको संम्बर्द्धन, संरक्षण गर्दै आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी विकास गर्ने। | १. लुम्विनी आएका पर्यटकहरूलाई यस प्रदेशका अन्य स्थानहरूमा आकर्षित गर्ने गरी पर्यटकीय स्थलहरूको विकास गरिनेछ।<br>२. यस प्रदेशका सबै जिल्लाहरूमा रहेका ताल, धार्मिक र ऐतिहासिक मठमन्दिर तथा सम्पदालाई आधार बनाएर आवश्यक पूर्वाधारहरू सहित पर्यटकीय स्थलहरूको विकास गरिनेछ।<br>३. यस क्षेत्रका प्रमुख धार्मिक क्षेत्र तथा तीर्थस्थलहरूको विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ।<br>४. रूकुम र रोल्पा जिल्लाहरूमा पर्यटन प्रर्वद्धन गर्न गुरिल्ला मार्ग, युद्ध संग्रहालय, यार्शा मार्गहरू निर्माण गरिनेछ।<br>५. संग्रहालय, उद्यान र इको भिलेजहरू निर्माण गरी नयाँ पर्यटकीय गन्तव्यको विकास गरिनेछ।<br>६. उपयुक्त ठाँउहरूमा हिलस्टेशनहरू निर्माण गरी आन्तरिक र वाह्य पर्यटकहरू आकर्षित गरिनेछ।<br>७. पहाडी तथा हिमाली जिल्लाहरूमा भएका तातोपानीका मुहानहरूलाई संरक्षण र सम्बर्द्धन गर्दै स्वास्थ्य पर्यटनको रूपमा विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ८. पर्यटन उद्योगहरूलाई सहयोग पुग्ने गरी भौतिक पूर्वाधार पुऱ्याइनेछ। |
| ३. पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने। | १. लुम्बिनी भ्रमण वर्ष २०७६ तथा नेपाल भ्रमण वर्ष सन् २०२० लक्षित कार्यक्रमहरू संचालन गरिनेछ।<br>२. गौतम बुद्धको जन्मस्थल लुम्बिनी,, प्राचीन कपिलवस्तु, मावली देवदह, अस्तु धातु रहेको स्थान रामग्राम, नारायणी नदीको ठाडीघाट लयायत बुद्धसँग सम्बन्धित स्थलहरूलाई बुद्धिष्ट सर्किटको रूपमा विकास र प्रचार प्रसार गरिनेछ।<br>३. राष्ट्रिय तथा छिमेकी देश भारत र चीन लगायत अन्तर्राष्ट्रिय स्तरमा पर्यटकीय स्थल तथा गन्तब्यको सूचना, प्रचार प्रसार, नेटवर्कीङ्ग गरिनेछ।<br>४. प्रदेश प्रवेश गर्ने नाकामा व्यावसायिक रूपमा स्थानीय तहको सहकार्यमा पर्यटक सूचना केन्द्र स्थापना गरी संचालन गरिनेछ। |
| ४. पर्यटनलाई आन्तरिक उत्पादन र रोजगारीसँग जोड्ने। | १. पर्यटन उद्योगलाई चाहिने वस्तु तथा सेवाहरू आन्तरिक रूपमा उत्पादन गर्न प्रोत्साहित गरिनेछ।<br>२. अर्गानिक खाद्यान्न, तरकारी, फलफूल, दूध तथा मासु उत्पादन एवम् माछापालनका सफल फर्म वा गाउँहरूलाई होमस्टेसंग जोडी कृषि पर्यटनको रूपमा संचालन गर्न प्रोत्साहित गरिनेछ ।<br>३. पर्यटन क्षेत्रका लागि चाहिने जनशक्ति उत्पादन र स्थानीय समुदायहरूलाई पर्यटनमैत्री बनाउने गरी क्षमता विकास गर्न निजी क्षेत्र तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ।<br>४. बुद्धसँग सम्बन्धित पर्यटकीय क्षेत्रहरू जोड्नेगरी पर्यटकीय बस सेवा संचालन गरिनेछ।<br>५. थारू र मगर लगायतका विभिन्न सँस्कृतिलाई प्रर्वद्धन गर्दै सम्भावित त्यस्ता बस्तीहरूमा होमस्टे संचालनमा सहयोग गरिनेछ।<br>६. परम्परागत आकर्षक बस्ती भएका ठाँउहरूमा स्थानीय तहको सहकार्यमा पाहुना घर बनाउन सहयोग गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. पर्यटनको विकासको लागि अन्य प्रदेश, स्थानीय तह र निकायहरूसँग सहकार्य गर्ने। | १. प्रदेश भित्रका स्थानीय तह र छिमेकी प्रदेशसँग पर्यटन प्रवर्द्धन गर्न सहकार्य गरिनेछ।<br>२. पर्यटन विकाससंग सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।<br>३. भैरहवा - नेपालगन्ज र पोखरा - नेपालगन्ज हवाइ उडानका लागि पहल र समन्वय गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा पर्यटकीय स्थलहरूमा भौतिक पूर्वाधारको विकास भएको हुने, लुम्बिनी भ्रमण वर्ष २०७६ तथा नेपाल भ्रमण वर्ष सन् २०२० सफलतापूर्वक सम्पन्न भएका हुने, लुम्बिनीमा आउने आगन्तुकको संख्या योजनाको ५ वर्षे अवधिमा दोब्बर भएको हुने, पर्यटन उद्योगले अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिएको हुने र यो प्रदेश बाह्य पर्यटकको लागि प्रमुख गन्तव्यको रूपमा विकास भएको हुनेछ।

## ४.२.५ वित्तीय क्षेत्र

### विद्यमान अवस्था

सन् १९८० को दशकदेखि शुरू भएको आर्थिक उदारीकरणसँगैको वित्तीय उदारीकरणले गर्दा नेपालमा बैंक तथा वित्तीय संस्थाहरू उल्लेख्य विस्तार भएका छन्। यस प्रदेशमा पनि बैंक तथा वित्तीय संस्थाहरूको उपस्थितिका हिसाबले यो प्रदेश दोश्रो स्थानमा पर्दछ। लघु वित्तीय संस्थाहरूको पनि विस्तार हुँदै गएको छ। तर, कृषि, उद्योग, पर्यटन लगायत पूर्वाधार विकासको लागि चाहिने पूँजी परिचालन गर्न प्रदेशमा दीर्घकालीन प्रवृत्तिको पूँजी संकलन गर्ने वित्तीय संस्थाहरू रहेका छैनन्। राष्ट्रिय स्तरमा ४०.५ प्रतिशत महिलाहरूको बैंक तथा वित्तीय संस्थाहरूमा आफ्नो खाता रहेकोमा यस प्रदेशमा त्यस्तो प्रतिशत ३८.७ प्रतिशत मात्र रहेको छ।

### प्रमुख समस्या

सन्तुलित ढंगले वित्तीय सेवा सबै स्थानमा पुग्न नसकेको र खासगरी प्राथमिकता प्राप्त क्षेत्रहरू जस्तै कृषि, पर्यटन तथा उद्योगहरूका लागि सहुलियतपूर्ण व्याजदरमा आवश्यक कर्जा उपलब्ध हुन नसक्नु प्रमुख समस्याको रूपमा रहेका छन्।

## चुनौती र अवसर

प्रादेशिक वित्तीय संस्थाहरू खोल्ने सन्दर्भमा नेपाल राष्ट्र बैंकमार्फत समयमै नीति बनाउनु, प्रदेशमा बचतभन्दा कर्जा प्रवाह धेरै रहेको अवस्थाले गर्दा कर्जाको थप माग पूरा गर्न थप आन्तरिक बचत परिचालन गर्नु, किसान तथा सर्वसाधारणहरूले कर्जा लिने प्रक्रिया पूरा गर्न सक्ने बनाउनु र महिलाहरूलाई बैंकिग पहुँच पुऱ्याउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

तीन तहको सरकार संचालनमा आइसकेपछि आर्थिक गतिविधि र कारोवार बढ्दै गएकोले वित्तीय संस्थाहरूका लागि सेवा विस्तार गर्ने थप क्षेत्र उपलब्ध हुन थालेको, बचत तथा ऋण सहकारी संस्थाहरूको विस्तारले सहुलियत दरमा कर्जा प्रवाहमा सहयोग पुऱ्याउन सक्ने अवस्था रहेको, प्रादेशिक स्तरमा दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने नयाँ वित्तीय संस्थाहरू स्थापना गर्न सकिने अवसर रहेको छ।

## दीर्घकालीन सोच

वित्तीय क्षेत्रको विस्तार मार्फत आर्थिक समृद्धिका लागि स्रोत परिचालन र लगानी प्रवर्द्धन।

## लक्ष्य

प्राथमिकता प्राप्त क्षेत्रमा सहज र सहुलियत कर्जाको उपलब्धता बढाउने।

## उद्देश्य

१. कृषि, उद्योग र पर्यटन क्षेत्रमा सहुलियतपूर्ण कर्जाको उपलब्धता बढाउनु।
२. वित्तीय पहुँच अभिवृद्धि गरी बचत परिचालन तथा गरिबी निवारणमा सहयोग पुऱ्याउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रादेशिक विशिष्टीकृत वित्तीय संस्थाहरू स्थापना गरी कर्जा प्रवाह बढाउने। | १. प्रादेशिक वित्तीय संस्था खोल्न सक्नेगरी इजाजत नीति तर्जुमा गर्ने वातावरण सिर्जना गरिनेछ।<br>२. सार्वजनिक निजी साझेदारीमा विशिष्टिकृत वित्तीय संस्था स्थापना गरी कृषि, उद्योग र पर्यटन क्षेत्रमा कर्जा प्रवाह बढाइनेछ।<br>३. प्रदेशमा संचालित वित्तीय संस्थाहरूलाई प्रादेशिक आवश्यकता अनुरूप संयोजन गरिनेछ। |
| २. व्यावसायिक र आधुनिक कृषि कार्य र लघु, घरेलु, साना तथा मझौला उद्योगहरूमा | १. यस प्रदेशमा केन्द्रीय कार्यालय भएका विकास बैंक र वित कम्पनीहरूलाई घरेलु, साना तथा मझौला उद्योगहरूमा सहुलियत रूपमा ऋण प्रवाह बढाउन व्याज अनुदानको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ऋण प्रवाह बढाउने। | २. स्थानीय तहको सहकार्यमा युवाहरूले संचालन गर्ने आधुनिक र व्यावसायिक कृषि कार्यहरूको लागि शैक्षिक प्रमाणपत्र तथा परियोजना धितोमा कर्जा प्रवाह गर्न सम्बन्धित स्थानीय तह जमानत बस्ने व्यवस्था गरिनेछ। |
| ३. वित्तीय पहुँच नपुगेका स्थानहरूमा वित्तीय पहुँच पुऱ्याउने। | १. वित्तीय पहुँच कम भएका क्षेत्रमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरी वित्तीय संस्थाहरूका शाखाहरू खोल्न प्रोत्साहन गरिनेछ।<br>२. महिलाहरूलाई बैंक खाता खोल्न प्रोत्साहन गरिनेछ।<br>३. आवश्यकताका आधारमा यस प्रदेशमा केन्द्रीय कार्यालय भएका विकास बैंक र वित्त कम्पनीहरूलाई प्रादेशिक सरकारी कारोबार गर्न पाउने व्यवस्था गरिनेछ।<br>४. विपन्न वर्गमा कर्जा प्रवाह बढाउन लघु वित्तीय संस्थाहरूलाई व्याज अनुदान दिने व्यवस्था गरिनेछ।<br>५. लघु वित्तीय संस्थाहरूलाई गरिबी निवारणमा सहयोग पुराएको आधारमा पुरस्कृत गरिनेछ।<br>६. ग्रामीण क्षेत्रमा संचालनमा रहेका सहकारीहरूलाई बचत परिचालन तथा ऋण प्रवाहमा सहयोग गरिनेछ। |
| ४. सम्झौतित वित्तीय संस्था तथा वीमा व्यवसाय विस्तार गरी दीर्घकालीन प्रकृतिको बचत परिचालन गर्ने। | १. स्वास्थ्य वीमा, कृषि तथा पशुपन्छी वीमा तथा जीवन वीमा विस्तार गरी जोखिम न्यूनीकरणका अतिरिक्त दीर्घकालीन प्रकृतिको बचत परिचालन गर्ने व्यवस्था गरिनेछ।<br>२. प्रादेशिक संचय तथा लगानी कोष जस्ता सम्झौतित वित्तीय संस्था स्थापना गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गरिनेछ। |

## अपेक्षित उपलब्धि

विशिष्टीकृत वित्तीय संस्था तथा प्रादेशिक सम्झौतित वित्तीय संस्थाहरू स्थापना भएका हुने, सबै पालिकाहरूमा वित्तीय संस्थाहरूको पहुँच पुगेको हुने, कृषि, उद्योग र पर्यटन क्षेत्रमा उल्लेखनीय कर्जा प्रवाह भएको हुनेछ।

## ४.२.६ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटनसम्बन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरू

### औद्योगिकीकरण

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | औद्योगिक क्षेत्र स्थापना (मोतिपूर, नौबस्ता, दाङ्ग, राजापुर बर्दिया) | औद्योगिक क्षेत्र निर्माण | | उद्योगहरू स्थापना | | | संघीय र प्रदेश सरकार, निजी क्षेत्र |
| २ | औद्योगिक कोरिडरको विकास | स्थानको पहिचान | | पूर्वाधार विकास | | | उपववाम |
| ३ | स्थानीय स्तरमा उद्योग ग्रामहरू स्थापना | | | | | | उपववाम/ स्थानीय तह/ उद्यमीहरू |
| ४ | प्रदर्शनी स्थलको निर्माण | स्थान छनोट र डिपीआर तयार | निर्माण शुरू | | निर्माण सम्पन्न | | उपववाम/नेपाल सरकार/ उपमहानगरपालिका |
| ५ | लघु तथा मझौला उद्योग विकास कार्यक्रम | १०९ वटै स्थानीय तहमा कार्यक्रम संचालन | | | | | उपववाम/स्थानीय तह/ सम्बन्धित संघसंस्थाहरू |
| ६ | उद्यम विकास कोष | कार्यविधि र स्थापना | संचालन (स्टार्ट अफ फर्महरूलाई सीड पुंजी, घरेलु, साना तथा मझौला उद्योगहरूलाई व्याज अनुदान, औद्योगिकरणसम्बन्धी अध्ययन अनुसन्धान) | | | | उपववाम |
| ७ | उद्यमशीलता तथा सिप विकास तालिम संचालन | तालिमको आवश्यकता पहिचान र तालिमको शुरूवात | तालिम संचालन | | | | उपववाम/स्थानीय तह/ सम्बन्धित संघसंस्थाहरू, निजी क्षेत्र |
| ८ | औद्योगिकीकरण प्रर्वद्धन सम्बन्धमा अध्ययन अनुसन्धान | विषय र परामर्शदाता छनौट र प्रत्येक वर्ष औद्योगिक समस्या समाधान उन्मुख तथा नयाँ वस्तुहरूको पहिचान र प्रविधि हस्तान्तरण सम्बन्धमा अध्ययन | | | | | उपववाम |

नोटः उपववाम = उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## खानी तथा खनीज पदार्थ

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | खनिजसम्बन्धि प्रादेशिक नीति, कानून तथा मापदण्ड तयारी | प्रादेशिक नीति, कानून तथा मापदण्ड तयारी | कार्यान्वयन | | | | प्रदेश सरकार / उपववाम |
| २ | खानीसम्बन्धी प्रादेशिक संरचना गठन र संचालन | आवश्यक नियम कानून सहित संरचना बनाउने | संचालन | | | | प्रदेश सरकार / उपववाम |
| ३ | खनिज सम्पदाको अन्वेषण, अनुसन्धान र अभिलेखाकंन | प्रदेशमा रहेका खानीहरूको अभिलेखाकंन अन्वेषण, र अनुसन्धान | | भौगर्भिक नक्सा निर्माण | | | उपववाम |
| ४ | खनिज सम्पदाको व्यवस्थित उत्खनन | उत्खनन | | | | | उपववाम / नेपाल सरकार |
| ५ | भौगर्भिक उद्यान तथा संग्रहालय निर्माण | कार्यविधि तर्जुमा, स्थान छनोट, डिपीआर निर्माण | उद्यान तथा संग्रहालय निर्माण शुरू | | उद्यान तथा संग्रहालय निर्माण सम्पन्न | | उपववाम |
| ६ | खानी उत्खननका वातावरणीय प्रभाव न्यूनीकरण कार्यक्रम | वातावरणीय प्रभावको अध्ययन र न्यूनीकरणका उपाय पहिचान | नकारात्मक प्रभाव न्यूनीकरण कार्यक्रम | | | | उपववाम/ नेपाल सरकार/ स्थानीय तह |
| ७ | खानी क्षेत्रमा पूर्वाधार निर्माण कार्यक्रम | पूर्वाधार निर्माण गर्नुपर्ने स्थान पहिचान र पूर्वाधार निर्माण | निरन्तरता | | | | उपववाम / भौपूविम |

नोटः उपववाम=उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौपूविम=भौतिक पूर्वाधार विकास मन्त्रालय

## वाणिज्य तथा आपूर्ति

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | उपभोक्ता हकहित संरक्षणसम्बन्धी निति,ऐन,नियम तर्जुमा र कार्यान्वयन | उपभोक्ता हकहित संरक्षण सम्बन्धि निति,ऐन,नियम तर्जुमा | कार्यान्वयन | | | | उपववाम |
| २ | उत्पादनमा आधारित ब्यापार वृद्धि कार्यक्रम सञ्चालन | विभिन्न ठाँउमा उत्पादन हुन सक्ने वा भइरहेका बस्तुको उत्पादन पहिचान | कार्यक्रम सञ्चालन | | | | उपववाम |
| ३ | रोल्पा र रूकुम पूर्वका दुर्गम ठाँउहरूमा खाद्य डिपोको व्यवस्था | स्थानको छनोट र डिपोको व्यवस्था शुरू | संचालन | | | | उपववाम/ स्थानीय तह |
| ४ | व्यवसायीहरूलाई अभिमुखीकरण तालिम (३६ नगरपालिका) | कार्यक्रम तर्जुमा र संचालन (४ नपा) | प्रत्येक वर्ष ८ वटा नपा संचालन | | | | उपववाम / नपा |
| ५ | मूल्य तथा मागबारे सूचना प्रवाह कार्यक्रम | कार्यक्रमको डिजाइन र मोवाइल्स एप्सको निर्माण | कार्यक्रमको जानकारी प्रदान र संचालन गरी उत्पादक र उपभोगकर्ता सुसूचित गराउने। | | | | उपववाम |
| ६ | पुनप्रयोग हुने वस्तुहरूको बजार विकास (उप महानगरपालिकाहरूमा) | स्थान छनौट र कार्यविधि निर्माण | चार वटा उपमहानगरपालिकाहरू संचालन गर्ने | | | | उपववाम / स्थानीय तह |

नोटः उपववाम = उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## पर्यटन

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | पर्यटन विकास सम्बन्धी ऐन, नियम, निर्देशिका,मापदण्ड तयारी | ऐन, नियम, निर्देशिका,मापदण्ड तयारी | कार्यान्वयन | | | | उपववाम |
| २ | पर्यटन विकास समिति स्थापना | नियम कानून बनाइ स्थापना | संचालन | | | | उपववाम |
| ३ | पर्यटन पूर्वाधार विकास कार्यक्रम (गुरिल्ला मार्ग समेत) | कार्यक्रमको तर्जुमा,स्थान छनोट र कार्यान्वयन | स्थान छनोट र कार्यान्वयन | | | | उपववाम / स्थानीय तह |

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| ४ | पर्यटन क्षेत्रको प्रचार प्रसार कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन (प्रचार प्रसार सामग्रीको तयारी) | कार्यक्रमको कार्यान्वयन र विस्तार | | | | उपववाम/स्थानीय तह |
| ५ | बुद्ध सर्किट पर्यटन विकास कार्यक्रम | गुरूयोजना तयार | गुरूयोजना कार्यान्वयन | | | | उपववाम/ नेपाल सरकार/ स्थानीय तह |
| ६ | पर्यटन सूचना केन्द्रहरू स्थापना | स्थान छनोट, तयारी, कार्यविधि | स्थापना र संचालन | संचालन | संचालन | संचालन | उपववाम/ स्थानीय तह |
| ७ | पर्यटक गाइड तथा पर्यटन जनशक्ति उत्पादन (सार्वजनिक निजी साझेदारीमा) | प्रत्येक वर्ष २० जना पर्यटक गाइड, ५० जना होटल व्यवस्थापन र ५० जना कुक तालिम | | | | | उपववाम / निजी क्षेत्र |
| ८ | थारू र मगर लगायतका वस्तीहरूमा होमस्टे संचालन तथा प्रोत्साहन कार्यक्रम | होमस्टे संचालन गर्ने स्थान छनोट र मापदण्ड तर्जुमा, संचालित होमस्टेहरूको समीक्षा | होमस्टे स्थापना तथा संचालित होमस्टेहरूलाई प्रोत्साहन | | | | उपववाम / स्थानीय तह/समुदाय सहकारी |
| ९ | पर्यटकीय बस संचालन (सार्वजनिक निजी साझेदारीमा) | कार्यविधि तयार र बस खरीद गरी संचालन | संचालन | | | | उपववाम / स्थानीय तह/निजी क्षेत्र |
| १० | तातोपानीका मुहानहरूलाई संरक्षण र सम्वर्धन | स्थान छनोट र संरक्षण र सम्वर्धन | संरक्षण र सम्वर्धन | | | | उपववाम / स्थानीय तह |
| ११ | हिलस्टेशन विकास कार्यक्रम | अवधारणा निर्माण, स्थान छनोट, कार्यविधि निर्माण, कुनै एक ठाँउ हिलस्टेशन विकास | थप स्थानहरूमा हिलस्टेशनको विकास | | | | उपववाम / स्थानीय तह/निजी क्षेत्र |
| १२ | पर्यटकीय वस्तुहरू उत्पादन र कोशेली घर प्रर्वद्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | उपववाम / स्थानीय तह /निजी क्षेत्र |
| १३ | पर्यापर्यटन प्रर्वद्धन कार्यक्रम | अवधारणा निर्माण, स्थान छनोट र कार्यान्वयन | कार्यान्वयन | | | | उपववाम |
| १४ | भ्रमण वर्ष कार्यक्रम | लुम्बिनी भ्रमण वर्ष | नेपाल भ्रमण वर्ष | | | | उपववाम/नेपाल सरकार |

नोटः उपववाम = उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भौपूविम = भौतिक पूर्वाधार विकास मन्त्रालय

## वित्तीय क्षेत्र

| क्र.स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | विशिष्टिकृत वित्तीय संस्थाहरू स्थापना | नियम, कानून, अनुमति, कार्यविधि | कृषि, उद्योग र पर्यटन लक्षित वित्तीय संस्था स्थापना र संचालन | संचालन | | | आमायोम |
| २ | प्रादेशिक संचय तथा लगानी कोषको स्थापना | नियम, कानून, कार्यविधि, स्थापना | संचालन | | | | आमायोम |
| ४ | बैंक खाता खोल्ने अभियान | कार्यक्रम तर्जुमा र संचालन | सबै पालिकाहरूमा संचालन | | | | आमायोम / स्थानीय तह/ बैंक तथा वित्तीय संस्था |

नोटः आमायोम = आर्थिक मामिला तथा योजना मन्त्रालय

# ४.३ आर्थिक क्षेत्रका नतिजा खाका

## ४.३.१ कृषि, सहकारी र जडिवुटी

### प्रभाव

| क्र.स. | प्रमुख सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या (ग्रामीण गरिबी) | प्रतिशत | १८.२ | | | | | | प्रतका/ केतवि |
| २ | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | ६.२८ | ५.६ | ५.९ | ६.३ | ६.७ | ६.८ | प्रतका/ केतवि |
| ३ | कृषि क्षेत्रको कूल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | ३०.९ | ३०.१ | २९.३ | २८.४ | २७.५ | २६.६ | प्रतका / केतवि |
| ५ | खाद्य सुरक्षा भएका घरधुरीहरू | प्रतिशत | ४८.४ | | | | | | जस्वास |

## असर

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **कृषि: खाद्यान्न** | | | | | | | | |
| धान | मेटन (हजार) | १२३८ | १२९९ | १३६१ | १४२३ | १५४७ | १६०९ | भूव्यकृसम |
| मकै | मेटन (हजार) | ३२६ | ३५९ | ३९२ | ४२४ | ४५७ | ४९० | भूव्यकृसम |
| गहुँ | मेटन (हजार) | ४६२ | ४८५ | ४९९ | ५०८ | ५१७ | ५३१ | भूव्यकृसम |
| कोदो | मेटन (हजार) | १० | ११ | ११ | ११ | १२ | १२ | भूव्यकृसम |
| जौ | मेटन (हजार) | ३ | ३ | ३ | ३ | ३ | ४ | भूव्यकृसम |
| फापर | मेटन (हजार) | १.२१ | १.२६ | १.३१ | १.३३ | १.४१ | १.४६ | भूव्यकृसम |
| आलु | मेटन (हजार) | २७९ | २९८ | ३०६ | ३३४ | ३६२ | ३९० | भूव्यकृसम |
| दलहन | मेटन (हजार) | १२७ | १३३ | १३९ | १४५ | १५७ | १६३ | भूव्यकृसम |
| तेलहन | मे.टन (हजार) | ५७ | ६१ | ६३ | ६८ | ७० | ७४ | भूव्यकृसम |
| तरकारी | मे.टन (हजार) | ५५४ | ५८८ | ६१५ | ६३६ | ६५१ | ६८९ | भूव्यकृसम |
| फलफूल | मेटन (हजार) | १३४ | १४० | १४६ | १५२ | १५८ | १६४ | भूव्यकृसम |
| **पशुपन्छी** | | | | | | | | |
| मासु उत्पादन | मेटन (हजार) | ६४ | ६९ | ७५ | ८५ | ९० | ९३ | भूव्यकृसम |
| दूध उत्पादन | किलो लिटर (हजार) | ३६२ | ३९८ | ४२७ | ४५३ | ४८२ | ५०७ | भूव्यकृसम |
| अण्डा उत्पादन | संख्या (लाख) | १७२१ | १९७९ | २१५१ | २३२३ | २४९५ | २६६७ | भूव्यकृसम |
| **माछापालन** | | | | | | | | |
| माछा उत्पादन | मेटन (हजार) | १२ | १५ | १९ | २० | २४ | २५ | भूव्यकृसम |
| **सहकारी** | | | | | | | | |
| सहकारीमा रोजगारी | संख्या | ६१६२ | | | | | | भूव्यकृसम |
| सहकारी संस्थाहरूबाट भएकोउत्पादन | रू करोडमा | | | | | | | भूव्यकृसम |
| | | | | | | | | |

| नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **जडीवुटी** | | | | | | | | |
| जडीवुटी उत्पादनमा रोजगारी | संख्या | | | | | | | प्रतका / केतवि |
| जडीवुटी उत्पादन | रू करोड | | | | | | | प्रतका / केतवि |
| कूल खाद्यान्न बालीहरूको बीउ प्रतिस्थापन दर | प्रतिशत | १३ | १५ | १५ | १६ | १७ | १८ | प्रतका / केतवि |
| **रासायनिक मलको उपलब्धता** | | | | | | | | |
| यूरिया | मे.टन(हजार) | ४८ | ५३ | ६४ | ६७ | ८७ | ९६ | भूव्यकृसम |
| डि. ए.पी. | मे.टन(हजार) | २८ | ३१ | ३७ | ३९ | ५० | ५६ | भूव्यकृसम |
| पोटास | मे.टन(हजार) | ११ | १३ | १५ | १६ | २१ | २३ | भूव्यकृसम |
| कम्पोष्ट मल/ गोठेमल उत्पादन | मे.टन(हजार) | ८४५ | ९३० | १०५६ | १३९४ | २११३ | ४१८३ | भूव्यकृसम |
| **खाद्य सुरक्षा तथा पोषण ( प्रतिव्यक्ति प्रतिवर्ष कृषिजन्य वस्तुको उपलब्धता)** | | | | | | | | |
| खाद्यान्न | कि.ग्रा. | ४०७ | ४२५ | ४४० | ४५४ | ४७९ | ४९३ | भूव्यकृसम |
| आलु | कि.ग्रा. | ५६ | ५९ | ५९ | ६४ | ६८ | ७३ | भूव्यकृसम |
| दलहन | कि.ग्रा. | २५ | २६ | २७ | २८ | ३० | ३० | भूव्यकृसम |
| तेलहन | लिटर | ११.४ | १२.० | १२.२ | १३.० | १३.४ | १३.७ | भूव्यकृसम |
| तरकारी | कि.ग्रा. | ११० | ११६ | ११९ | १२२ | १२३ | १२८ | भूव्यकृसम |
| फलफूल | कि.ग्रा. | २७ | २७ | २८ | २९ | ३० | ३१ | भूव्यकृसम |
| मासु | कि.ग्रा. | १२.८ | १३.६ | १४.५ | १६.३ | १७.० | १७.४ | भूव्यकृसम |
| दूध | लिटर | ७२ | ७८ | ८३ | ८७ | ९१ | ९४ | भूव्यकृसम |
| अण्डा | गोटा | ३४ | ३९ | ४२ | ४४ | ४७ | ५० | भूव्यकृसम |

## प्रतिफल

| नतिजा सूचक | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| **कृषि** | | | | | | | |
| स्मार्टकृषि गाउँ | संख्या | ५२ | ७६ | ९० | १०९ | १०९ | १०९ |
| हाईटेक फलफूल नर्सरी | संख्या | ४ | ६ | ८ | १० | १२ | १४ |
| हाईटेक तरकारी फार्म स्थापना | संख्या | २ | १० | २० | ३० | ४० | ५० |
| पुष्पखेती प्रवर्द्धन कार्यक्रम | संख्या | १५ | १८ | २२ | २५ | ३० | ३२ |
| बगर खेती | हेक्टर | २५ | ७० | १०० | १२० | १३० | १३५ |
| कृषि तथा पशुजन्य वस्तुहरूको प्रशोधन उद्योग | संख्या | ४ | १० | २० | २५ | ३० | ३५ |
| कस्टमहायरिंग सेन्टर स्थापना | संख्या | ५० | ९८ | ११० | १२० | १२५ | १३० |
| खाद्यान्नगोदाम | संख्या | ० | ३ | ५ | ७ | १० | १२ |
| शीतभण्डार | संख्या | १० | ३५ | ४५ | ६५ | ७५ | ८५ |
| कृषियन्त्र निर्माण उद्योग | संख्या | ० | १ | २ | २ | ३ | ४ |
| कृषिकर्मी रोजगारी | संख्या | ० | ५०० | १००० | १२०० | २००० | २५०० |
| क्षमता अभिवृद्धि (कृषक र प्राविधिक) | संख्या/वर्ष | ५०० | ८०० | १००० | १२०० | १५०० | २००० |
| पोषण सुधार | समूह | | ४० | ४० | ४० | ६० | ८० |
| करारखेती | हेक्टर | ३५९ | ८५० | १००० | १२०० | १५०० | २००० |
| टिस्यूकल्चरल प्लान्ट स्थापना | | | १ | १ | २ | २ | २ |
| कृषि विद्यार्थीका लागि उद्यमशीलता विकास | संख्या | २ | ५० | ७० | १०० | १२० | १३५ |
| कृषि श्रोतकेन्द्र स्थापना | संख्या | २ | ५ | ५ | ५ | ७ | ८ |
| पकेट क्षेत्र विशेष प्राङ्गारिक कृषि | गाउँ | ० | २ | ५ | १० | १५ | २० |
| अभियानमुखी मिसन कार्यक्रम | पकेट क्षेत्र | ० | २० | ३९ | ५० | ७० | ९० |

| नतिजा सूचक | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| फलफूल विरूवा रोपण अभियान | विरूवा सख्या (लाख) | ० | २ | ३ | ४ | ५ | ६ |
| श्रोत व्यक्ति परिचालन | सख्या | ० | १०० | १५० | २०० | २५० | ३०० |
| हरित स्वयम्सेवक | सख्या | ० | १००० | १५०० | २००० | २५०० | ३००० |
| बीउ भण्डारण गृह स्थापना | सख्या | 0 | ८ | १३ | १५ | १७ | २० |
| सघनबाली विकास कार्यक्रम | क्षेत्रफल हे. | ० | १०० | २०० | ३०० | ४०० | ५०० |
| कृषकसँग कृषि विद्यार्थी कार्यक्रम | सख्या | ० | ५० | १२० | १५० | २२५ | २७५ |
| आयमूलक कृषि वन प्रवर्द्धन कार्यक्रम | समूह | ० | २० | ४० | ५० | ७० | ९० |
| पशुपन्छी | | | | | | | |
| सामुदायिक पशु प्रजनन केन्द्र | संख्या | ० | ० | २० | ४० | ५० | ६० |
| तरल नाइट्रोजन प्लान्ट स्थापना | संख्या | ० | १ | १ | १ | १ | १ |
| उन्नत नश्लका बाखा,गाई, भैंसी, बंगुर, श्रोतकेन्द्र स्थापना | संख्या | ० | ३ | ५ | ७ | ९ | ११ |
| सहकारी/ समूह तथा उद्यमीबाट संचालित पशुपन्छी फार्म | संख्या | ३० | ५० | ७५ | ९० | १०० | १२० |
| रैथाने पशुपन्छीपालन व्यवसाय फार्म | संख्या | ५ | १५ | २२ | २५ | ३० | ३५ |
| एकीकृत पशुपन्छी-कृषि प्रांगारिक उत्पादन नमूना फार्म | संख्या | ० | २५ | ५१ | ७३ | ८० | ९० |
| पशु आहाराको लागि घाँसेबालीहरूको बीउ उत्पादन | हेक्टर | ० | ५० | १०० | १५० | १६० | १७० |
| भेटेरिनरी प्रयोगशाला स्थापना | संख्या | ० | ३५ | ७० | १०९ | १०९ | १०९ |

| नतिजा सूचक | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| मासु तथा डेरी पसल स्थापना तथा सुधार | संख्या | १५६ | २७६ | ३२० | ३५० | ३७० | ३९० |
| चिलिंग सुविधा सहितको मिटमार्टस्थापना | संख्या | ३ | ३ | १० | १२ | १५ | २० |
| आधुनिक पशुपन्छी वधस्थल निर्माण तथा सुधार | संख्या | ० | १२ | २० | ३० | ३५ | ४० |
| दुग्ध प्रशोधन तथा विविधीकरण उद्योगका लागि सहयोग | संख्या | ० | २ | ५ | १० | १२ | १४ |
| छुर्पी तथा चीज उद्योग स्थापना | संख्या | ० | २ | ३ | ५ | ७ | १० |
| स्थानीय तहको सहकार्यमा एकीकृत फार्म स्थापना | संख्या | ० | १२ | १२ | १२ | १५ | १७ |
| भेटेरीनरी एम्बुलेन्स खरिद | संख्या | ० | २ | ३ | ३ | ५ | ७ |
| पशुपन्छी पर्यटन प्रवर्द्धन | संख्या | ४ | ८ | १० | १२ | १५ | १८ |
| कृषि तथा पशुपन्छी हाटबजार | संख्या | ३० | ४५ | ६० | ९० | १०० | १२० |
| माछापालन | | | | | | | |
| मत्स्य वीज उत्पादन | संख्या (लाखमा) | ५३१८ | ६३८२ | ७८७१ | ८५१० | ९००० | ९५०० |
| पोखरीमा मत्स्यपालन जलाशय क्षेत्र विस्तार | हेक्टर | २८०० | ३१०० | ४८५१ | ५५४४ | ६५०० | ७००० |
| घोल, ताल तथा प्राकृतिक जलाशय माछापालन (थप) | हेक्टर | | २० | ४० | ६० | ८० | १०० |
| व्यावसायिक मत्स्यपालन फार्म क्षेत्रफल(थप) | हेक्टर | | १०० | २०० | ३०० | ५०० | ७०० |
| मत्स्य दानाउद्योग स्थापना | संख्या | २ | ३ | ४ | ५ | ७ | ९ |
| मत्स्य वीज नर्सरीबाट भुरा उत्पादन | हेक्टर | १८२ | २०० | २०९ | २१८ | २२५ | २३० |
| मत्स्य महोत्सव | संख्या | ० | ३ | ६ | ९ | ११ | १३ |
| प्लास्टिक पोखरी निर्माण | संख्या | ० | १२ | २० | ३० | ३५ | ४० |

| नतिजा सूचक | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| चीसोपानीमा मत्स्यपालन | फर्म | ० | २ | ५ | ६ | ९ | १२ |
| जिउँदो माछास्टल निर्माण | संख्या | ० | १२ | २० | ३० | ३५ | ४० |
| मत्स्य बीज ह्याचरीबाट ह्याचिङ/फ्राई उत्पादन | संख्या (लाखमा) | १९४० | २३२८ | २८७२ | ३१०५ | ३३०२ | ३५५६ |
| सहकारी | | | | | | | |
| नविनतम सोचमा आधारितउत्पादन तथा रोजगारी प्रवर्द्धन कार्यक्रम | योजना संख्या | १९ | ३४ | ५० | ६० | ६५ | ७० |
| सहकारी बजार | संख्या | ९ | १२ | २२ | २५ | ३० | ५० |
| एकीकृत बसोबास कार्यक्रम | संख्या | ० | १ | १ | १ | १ | १ |
| गुठीका लागि संरचनागत सहयोग | संख्या | ० | १० | १२ | १२ | १५ | २० |
| सार्वजनिक जग्गामा फलफूल तथा पुष्पबाटिका निर्माण | संख्या | ० | ५ | १० | १५ | २० | २५ |
| चक्लाबन्दी सहितको नमूना फार्म स्थापना | संख्या | ० | १० | २० | ३० | ३५ | ४० |
| जडिवुटी | | | | | | | |
| व्यावसायिक रूपमा जडीवुटी खेती | हेक्टर | १०० | ११० | १२० | १४० | १६० | १८० |
| जडीवुटी नर्सरी | संख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |

## ४.३.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

### प्रभाव

| क्र. स. | प्रमुख सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्या | प्रतिशत | १८.२ | १६.८ | १५.२ | १३.६ | १२ | १० | प्रतका/केतवि |
| २ | गैरकृषि क्षेत्रमा रोजगारी वृद्धि | प्रतिशत | | | | | | | प्रतका/केतवि |
| ३ | गैरकृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशत | ७.८२ | ९.७ | १०.३ | १०.९ | ११.५ | १२.० | प्रतका/केतवि |

### असर

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारीमा योगदान<br>(क) उद्योग (दिविल ९.२)<br>(ख) खानी<br>(ग) व्यापार<br>(घ) पर्यटन<br>(ङ) वित्तीय | प्रतिशत | ८.९ | | | | | १८.० | प्रतका / केतवि |

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| कूल गार्हस्थ्य उत्पादनमा योगदान<br>(क) उद्योग (खानी, निर्माण, बिजुली र पानीसमेत)<br>(ख) थोक तथा खुद्रा व्यापार<br>(ग) पर्यटन<br>(घ) वित्तीय | प्रतिशत | १७.६<br>१०.४<br>४.४ | १८.४<br>१०.६<br>४.५ | १९.३<br>१०.८<br>४.५ | २०.३<br>१०.९<br>४.५ | २०.४<br>११.०<br>४.५ | २०.५<br>११.२<br>४.५ | प्रतका / केतवि |
| लघु उद्यम मार्फत रोजगारको सृजना | जना | ४००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | उपववाम |
| लघु उद्यम मार्फत आम्दानीमा बृद्धि भएका उद्यमीहरू | जना | ३००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | उपववाम |
| खानी तथा खनीज पदार्थ | | | | | | | | |
| खनिज क्षेत्रमा रोजगारी सिर्जना | संख्या | | | | | | | प्रतका/ केतवि |
| खनिज क्षेत्रको कूल उत्पादन | रू. करोड | | | | | | | प्रतका / केतवि |
| **वाणिज्य तथा आपूर्ति** | | | | | | | | |
| थोक तथा खुद्रा व्यापारमा निजी क्षेत्रको लगानी | रू करोड | | | | | | | प्रतका / केतवि |
| थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | संख्या | | | | | | | प्रतका / केतवि |
| थोक तथा खुद्रा व्यापारमा कूल मूल्य अभिवृद्धि | रू करोड | | | | | | | प्रतका / केतवि |
| **पर्यटन** | | | | | | | | |
| पर्यटन उद्योगको कूल उत्पादन | रू करोड | | | | | | | प्रतका/ केतवि |
| प्रति पर्यटक बसाइ अवधि (औषत) | दिन | | | | | | | उपववाम |
| प्रति पर्यटक प्रति दिन खर्च | US$ | | | | | | | उपववाम |

## प्रतिफल

| सूचकहरू | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| | | उद्योग | | | | | |
| औद्योगिक क्षेत्रविस्तार | संख्या | २ | | ४ | ४ | ४ | ४ |
| ठूला उद्योग संख्या (१० जना भन्दा बढी रोजगारी दिएका उद्योग) (औद्योगिक जनगणना २०६८ अनुसार) | संख्या | ९०० | | | | | |
| साना तथा मझौला उद्योग | संख्या | | | | | | |
| दर्ता भएका घरेलु तथा साना उद्योग (आर्थिक सर्वेक्षण २०७४ /२०७५) | संख्या | २४०४४ | | | | | |
| लघु उद्यम शुरू गरेका | संख्या | १६९२२ | | | | | |
| लघु उद्यमी सिर्जना (वार्षिक) | संख्या | ४०४३ | ४००० | ४००० | ४००० | ४५०० | ४५०० |
| लघु उद्यमी स्तरोन्नति (वार्षिक) | संख्या | २१२२ | २००० | २००० | २००० | २५०० | ३००० |
| लघु उद्यमी ऋण पहुँच (वार्षिक) | संख्या | ८०० | ८०० | ८०० | ८०० | ९०० | १००० |
| उद्योग ग्रामहरूको संख्या | संख्या | ० | | २ | ४ | | |
| | | खानी तथा खनिज पदार्थ | | | | | |
| खनिज क्षेत्रमा निजी क्षेत्रको लगानी | रू. करोडमा | | | | | | |
| खानी अन्वेषण | संख्या | | | | | | |
| खानी उत्खनन | संख्या | | | | | | |
| | | वाणिज्य तथा आपूर्ति | | | | | |
| व्यावसायिक फर्महरू (वार्षिक) | संख्या हजारमा | १४७८९२ | १००० | १००० | १००० | १००० | १००० |
| व्यवसायीहरूलाई अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | १२० | १३० | १४० | १५० | २०० | २०० |
| मूल्य सूचना एप्सकाप्रयोगकर्ता (वार्षिक) | संख्या | | १००० | ५००० | १०००० | १५००० | २०००० |
| | | पर्यटन | | | | | |
| पूर्वाधार तयार भएका पर्यटकीय स्थल | संख्या | ४ | ७ | १० | १५ | २० | २५ |

| सूचकहरू | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| पर्यटन क्षेत्रको लागि आवश्यक जनशक्ति उत्पादनः<br>पर्यटक गाइड (वार्षिक)<br>कुक उत्पादन (वार्षिक)<br>होटल व्यवस्थापन (वार्षिक) | संख्या<br>संख्या<br>संख्या | ८६ | ५०<br>५० | ५०<br>५०<br>५० | ५०<br>५०<br>५० | ६०<br>६० | ८०<br>७० |
| होमस्टेको संख्या (क्षमता) | संख्या | १० (२४०) | १५ (३६०) | २० (४८०) | २५ (६००) | ३० (७००) | ४० (८००) |
| हिलस्टेशनको संख्या | संख्या | ० | १ | २ | २ | ५ | १० |
| पर्यटक आगमन (लुम्बिनीमा) | संख्या (हजार) | १५३२ | २५०० | २५०० | २७०० | २९०० | ३०६० |
| प्रदेशका दश प्रमुख गन्तव्यस्थलमा सूचिकृत आगन्तुक | संख्या (हजार) | | | | | | |

**नोटः** यस नतिजा खाकामा रहेका प्रभाव र असर अन्तर्गतका सूचकहरूमा समग्र प्रदेशको गन्तव्यमा पुग्नको लागि विभिन्न सरोकारवालाहरूको लगानी र सहयोग सहितको आंकलन गरिएको छ भने, प्रतिफलमा राखिएका सूचकहरूको लक्ष्य प्रदेशको बजेटबाट मात्र गर्नेगरी आंकलन गरिएको छ।

# पाठ ५ : सामाजिक क्षेत्र

## ५.१ शिक्षा

### विद्यमान अवस्था

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षाको मौलिक हक सुनिश्चित गरेको छ। खासगरी आधारभूत तहसम्मको शिक्षा अनिवार्य एवम् निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक एवम् समावेशी पहुँचको व्यवस्था सुनिश्चित गर्न निर्देश गरेको छ। यस प्रदेशमा सबैका लागि गुणस्तरीय शिक्षाको सहज पहुँच सुनिश्चित गर्न र शैक्षिक उपलव्धिलाई पनि अपेक्षित रूपमा सुधार गर्न सकिएको छैन।

दिगो विकासको लक्ष्य नम्बर ४ ले समावेशी र समान गुणस्तरीय शिक्षाका साथै सबैलाई जीवनभर अध्ययनको अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ। दिगो विकासका लक्ष्यका लागि लैगिंक विभेदरहित बालविकासदेखि गुणस्तरीय प्राविधिक, व्यावसायिक र उच्च शिक्षा उपलब्ध हुनुपर्ने आवश्यकता छ। नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेशलाई दिएको छ।

### प्रमुख समस्या

विद्यालय छाड्ने दर उच्च रहनु, गुणस्तर कमजोर रहनु, प्राविधिक, उद्यमशील र नैतिकवान शिक्षा भन्दा पनि घोकन्ते शिक्षाको बाहुल्यता रहनु, स्वदेशमा काम गर्ने भन्दा विदेश जाने प्रवृति रहनु, नविनतम विधि र प्रविधिको कम प्रयोग हुनु, बजारमा दक्ष जनशक्तिको अभावसंगै बेरोजगारीको समस्या रहनु, प्रभावकारी दण्ड र पुरस्कारको अभावसंगै शैक्षिक सुशासनमा कमी रहनु र घर देखि विद्यालयसम्म बालमैत्री र सिकाइमैत्री वातावरणको अभाव रहनु प्रमुख समस्याको रूपमा रहेका छन्। साथै, उच्च शिक्षातर्फ विश्वविद्यालयहरूबाट बजारको आवश्यकता अनुसारका क्षमतावान् जनशक्ति उत्पादन हुन नसकेको र सामुदायिक स्तरमा उच्च प्राविधिक शिक्षालयहरू खोल्न नसकिएकोले त्यस्तो प्राविधिक शिक्षामा सहज रूपमा पहुँच उपलब्ध हुन नसकेको अवस्था छ।

सीमान्तकृत, लोपोन्मुख, पिछडिएका र विपन्न समुदायका बालबालिका शिक्षाको अवसरबाट बन्चित रहेका, विद्यालयमा भर्ना भएकालाई कक्षामा टिकाउन र विद्यालय बाहिर भएका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा प्रवेश गराउन थप समस्या रहेको छ।

## चुनौती र अवसर

दक्ष शिक्षकको व्यवस्था गर्नु, विद्यालय र क्याम्पसहरूको भौतिक सुधार गर्नु, सुशासन कायम गर्दै व्यवस्थापकीय सुधार गर्नु, विद्यालय छाड्ने दरमा कमी ल्याउनु, गुणस्तरीय प्राविधिक तथा उच्च शिक्षाको सहज पहुँच बढाउनु, नैतिक र चरित्रवान नागरिक उत्पादन गर्नु, धार्मिक विद्यालयहरूको मूल प्रवाहीकरण गर्नु र यस क्षेत्रलाई राजनीतिमुक्त राख्नु प्रमुख चुनौतीहरू हुन्। सीमान्तकृत, लोपोन्मुख, पिछडिएका र विपन्न समुदायका बालबालिकालाई विद्यालयमा ल्याउनु, समावेशी तथा लैङ्गिकमैत्री शिक्षण तथा सिकाइ वातावरण बनाउनु, विशेष प्रकृतिका बालबालिकाहरूका लागि आधुनिक विधि, प्रविधि, अनुकूल भौतिक पूर्वाधार र तदनुसारको सक्षम जनशक्तिको प्रयोग गरी सिकाइलाई अर्थपूर्ण र सिकाइमैत्री बनाउनु पनि चुनौतीको रूपमा नै रहेका छन्।

देश संघीय संरचनामा गए अनुरूप विद्यालय शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारमा र प्राविधिक शिक्षा र उच्च शिक्षाको व्यवस्थापन प्रदेश सरकारको अधिकार क्षेत्रमा आएको, शिक्षा हासिल गर्नेतर्फ मानिसहरूको जागरूकता बढेको, व्यावसायिक र प्राविधिक शिक्षाले महत्व पाउन थालेको छ। संविधानका मौलिक हकले समावेशी र लैङ्गिक शिक्षालाई प्रोत्साहन गर्नुका साथै दिगो विकास लक्ष्य ४ ले गुणस्तरीय शिक्षालाई स्थानीयकरण गर्न अवसर प्रदान गरेको छ।

## दीर्घकालीन सोच

समतामूलक गुणस्तरीय शिक्षाको माध्यमबाट सक्षम, नैतिकवान र समर्पित जनशक्तिको विकास।

## लक्ष्य

रोजगार, स्वावलम्बी, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, जीवन र जगतप्रति सकारात्मक, मानवीय मूल्यप्रति संवेदनशील, खुशी, इमान्दार, श्रमप्रति आस्थावान र नैतिकवान नागरिक तयार गर्ने।

## उद्देश्य

१. प्रारम्भिक वाल शिक्षा, विद्यालय र उच्च शिक्षामा समतामूलक एवम् समावेशी पहुँच विस्तार गर्नु।
२. सबै तहको शिक्षालाई मानवमूल्यमा आधारित बनाउँदै गुणस्तरीय बनाउनु।
३. प्राविधिक शिक्षाको सहज उपलब्धता बढाउनुका साथै अनुसन्धानमूलक उच्च शिक्षा प्रवर्द्धन गर्नु।
४. समग्र शिक्षा क्षेत्रमा सुशासन प्रवर्द्धन गर्नु।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १. स्थानीय तहको सहकार्यमा विद्यालय छाड्ने दरलाई घटाउदै लगी विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अनिवार्य सम्पन्न गर्ने व्यवस्था गर्ने। | १. विद्यालय बाहिर रहेका अति विपन्न र सीमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा ल्याउन र टिकाउनका लागि भर्ना अभियान, मिडियासँगको सहकार्य, अभिभावक सचेतना, छात्रवृत्ति, पोषणयुक्त दिवा खाजा, पोशाक जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।<br>२. स्थानीय तहमार्फत स्थानीय स्तरमा रहेका बालबालिकाहरूलाई अनिवार्य रूपमा माध्यमिक तहसम्मको अध्ययन गर्ने व्यवस्था गरिनेछ।<br>३. सार्वजनिक विद्यालयमा आवश्यक भवन र पानी तथा सरसफाइ सहितको शौचालय निर्माणमा सहयोग पुराइनेछ।<br>४. बालबालिकाको आधारभूत तहको शिक्षा पूरा गर्ने सवालमा जिम्मेवार हुन नसक्ने अभिभावकलाई आवश्यक कानून र कार्यक्रमको माध्यमबाट नैतिक रूपमा जवाफदेही र जिम्मेवार बनाइनेछ।<br>५. अल्पसंख्यक, विपन्न, न्यून आय भएका दलित, सीमान्तकृत, पिछडावर्ग, अनाथ र अपाङ्गता भएका व्यक्तिलाई आधारभूत तहको शिक्षा हासिल गर्न छात्रवृतिको व्यवस्था गरिनेछ। |
| २. प्रारम्भिक वालविकासका साथै आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा गुणस्तर सुनिश्चित गरी विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्ने। | १. प्रत्येक विद्यालयमा प्रारम्भिक बालविकासका न्यूनतम मापदण्ड सहितका बालविकास केन्द्रको विस्तार गर्दै प्रत्येक स्थानीय तहमा नमूना बालविकास केन्द्रको विकास गर्न स्थानीय तहलाई आवश्यक सहयोग प्रदान गरिनेछ।<br>२. नक्शाङ्कनको आधारमा विद्यालयहरूको समायोजन, दरबन्दी मिलान र स्थापना गर्दै कम विद्यार्थी भएका दुर्गम क्षेत्रका विद्यालयहरूमा बहुकक्षा शिक्षण पद्धति लागु गर्न स्थानीय तहलाई आवश्यक सहयोग प्रदान गरिनेछ।<br>३. आवश्यक भौतिक पूर्वाधारको व्यवस्थासँगै विद्यालयहरूमा सूचना प्रविधिको प्रयोग बढाइनेछ।<br>४. यस प्रदेशको आवश्यकता अनुरूप विद्यालयको पाठ्यक्रममा सुधार र परिमार्जन गर्दै लगिनेछ। स्थानीय |

| रणनीति | कार्यनीति |
|---|---|
| | तहको पाठयक्रम निर्माणमा स्थानीय तहलाई सहयोग पुऱ्याइनेछ।<br>५. प्रदेश शिक्षा श्रोत केन्द्र स्थापना गरी सार्वजनिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न शिक्षक तालिम र सुपरिवेक्षणको कार्य गर्ने व्यवस्था गरिनेछ।<br>६. सरकारी कर्मचारी, जनप्रतिनिधि र सरकारी शिक्षक लगायत सरकारी कोषबाट पारिश्रमिक सुविधा लिने सबैका छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन जोड दिइनेछ।<br>७. शिक्षाको जोखिम न्यूनीकरण र शिक्षा सम्बन्धी विपद व्यवस्थापन योजना बनाई लागु गरिनेछ। |
| ३. माध्यमिक तथा उच्च शिक्षामा प्राविधिक, व्यावसायिक, नैतिक, जीवनोपयोगी तथा रोजगारमूलक शिक्षाको विस्तार गर्ने। | १. प्राविधिक शिक्षाको पहुँच बढाउन सबै स्थानीय तहमा प्राविधिक शिक्षालयहरू खोल्ने नीति लिइनेछ।<br>२. विभिन्न साझेदार निकायसँगको सहयोगमा लक्षित वर्गलाई विशेष छात्रवृति सहित व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय गरिनेछ।<br>३. प्रदेशभित्र प्राविधिक तथा व्यावसायिक सिपयुक्त जनशक्ति विकासको योजना, परामर्श, तालिम एवम् सिप परीक्षणसम्वन्धी कार्य गर्न संस्थागत व्यवस्था गरिनेछ।<br>४. प्राविधिक शिक्षालाई प्राथमिकता दिदै उच्च शिक्षातर्फ सहज अवसर तथा पहुँच बढाउन प्रदेश विश्वविद्यालय मार्फत आवश्यक उच्च शैक्षिक संस्थाहरू संचालन गरिनेछ।<br>५. स्थानीय तह र नेपाल सरकारसँगको सहकार्यमा सामुदायिक विद्यालय र क्याम्पसहरूको भौतिक पूर्वाधारमा सुधार गर्दै लगिनेछ। भौतिक पूर्वाधारहरूलाई अपाङमैत्री र लैङ्गिकमैत्री बनाइनेछ। |
| ४. नीतिगत र कानूनी व्यवस्था गरी शैक्षिक सुशासनलाई प्रवर्द्धन गर्ने। | १. शिक्षासम्बन्धी प्रादेशिक नीति,ऐन, नियम, कार्यविधि र निर्देशिकाहरूको निर्माण गरी सोको कार्यान्वयन गरिनेछ।<br>२. प्रदेश परीक्षा बोर्ड, प्रदेश शैक्षिक सामग्री विकास केन्द्र र प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको स्थापना |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरी सञ्चालन गरिनेछ।<br>३. विद्यालयहरूको स्वमूल्याकंनका साथै सामाजिक लेखा परीक्षण पद्धतिको व्यवस्था गरिनेछ।<br>४. प्रदेशमा सञ्चालनमा रहेका मदरसाहरूको सेवा, सुविधा र सञ्चालनका साथै मूल प्रवाहीकरणका लागि प्रदेशस्तरीय संस्थागत व्यवस्था गरिनेछ।<br>५. सबै प्रकारका शिक्षा सेवा प्रदायक संस्थाहरूको जिम्मेवार तहबाट निरीक्षण, अनुगमन तथा नियमन गर्ने र अनुगमनमा स्थानीय सहभागिता सुनिश्चित गरी यसलाई प्रभावकारी बनाइनेछ।<br>६. प्रादेशिक शैक्षिक सूचना प्रणालीको विकास गरी शैक्षिक तथ्याङ्क व्यवस्थित गरिनेछ। |
| ५. निजीस्तरमा सञ्चालित शिक्षण संस्थाहरूको नियमन गर्दै सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने। | १. निजीस्तरमा सञ्चालित विद्यालय, शैक्षिक तथा परामर्श प्रदायकसंस्था सञ्चालनको मापदण्ड बनाई नियमन गरिनेछ।<br>२. निजीस्तरमा सञ्चालित विद्यालय सञ्चालन एवम् व्यवस्थापनमा अभिभावक तथा समुदायको सहभागिता बढाइनेछ।<br>३. संस्थागत विद्यालयले दिनुपर्ने छात्रवृत्ति जस्ता सुविधाहरूलाई पारदर्शी गराइनेछ। |
| ६. खुला, अनौपचारिक, निरन्तर तथा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी साक्षरता र आय आर्जनमा अभिवृद्धि गर्ने। | १. अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाई आवश्यक सहयोग गरिनेछ।<br>२. निरन्तर तथा जीवनपर्यन्त सिकाइ बातावरण विकासका लागि सबै स्थानीय तहलाई एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा लागु गर्न आह्वान गरिनेछ।<br>३. हाल सञ्चालित सिकाइ केन्द्रको संस्थागत सुधार र क्षमता विकास गर्दै क्रमशः बस्ती स्तरसम्म पुस्तकालयहरूको स्थापना र सञ्चालन गर्ने कार्यका लागि स्थानीय तहलाई सहयोग गरिनेछ।<br>४. गुरूकूल, बिहार, गुम्वा, मदरसा, खुला एवम् वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाई आवश्यक सहयोग गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ७. प्रादेशिक विश्वविद्यालय स्थापना गरी उच्च शिक्षालाई अनुसन्धानमूलक, प्राविधिक, वैज्ञानिक र व्यावसायिक बनाउने। | १. सम्भाव्यता अध्ययनका आधारमा आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गरी गुणस्तरीय उच्च शिक्षा प्रदान गर्न प्रादेशिक विश्वविद्यालय स्थापना र सञ्चालन गरिनेछ।<br>२. सामुदायिक क्याम्पसहरूलाई प्रादेशिक विश्वविद्यालय मातहत ल्याई उच्च शिक्षालाई अनुसन्धानमूलक, वैज्ञानिक र व्यावसायिक बनाउन प्रोत्साहन गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजनाको अन्त्यमा यस प्रदेशको १५-४९ उमेर समूहको साक्षरता दर ९५ प्रतिशतभन्दा माथि हुने, प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुन आउने बालबालिकाको संख्या ९० प्रतिशतको हाराहारीमा हुने, कक्षा १-८ को खूद भर्नादर ९७ प्रतिशत पुगेको हुने, कक्षा ९-१२ को ५५ प्रतिशत पुगेको हुने, कक्षा १-५ को सिकाइ उपलब्धि ६० प्रतिशतभन्दा माथि र कक्षा ६-८ को सिकाइ उपलब्धि ५० प्रतिशत भन्दा माथि पुगेको हुनेछ। योजनाको अन्त्यसम्ममा प्राविधिक शिक्षालय र त्यहाँ अध्ययन गर्ने विद्यार्थीहरूको संख्या कुल संख्याको एक तिहाइ भन्दा बढी भएको हुने, प्रायः सबै शैक्षिक संस्थाहरूको भौतिक पूर्वाधारमा सुधार भएको हुनेर प्रदेशस्तरमा आधुनिक र प्राविधिक प्रादेशिक विश्वविद्यालयको स्थापना र सञ्चालन भएको हुने।

## ५.२ स्वास्थ्य

### विद्यमान अवस्था

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ। नेपालको संविधानले आधारभूत स्वास्थ्य र सरसफाइ स्थानीय तहको अधिकार सूची भित्र र स्वास्थ्य सेवालाई प्रदेशको अधिकार सूची भित्र राखेको छ। दिगो विकासका लक्ष्य ३ अनुसार सन् २०३० सम्ममा सबै उमेर समूहका मानिसहरूको स्वस्थ जीवन सुनिश्चित गर्ने रहेको छ।

पछिल्ला वर्षहरूमा स्वास्थ्य चेतना र सेवाको विस्तार हुँदै गएको छ। स्वास्थ्य सेवाका सूचकका रूपमा रहेका अपेक्षित औसत आयु, मातृ मृत्युदर र बाल मृत्युदरमा सुधार हुँदै गएको छ।

जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार यस प्रदेशको औसत शिशु मृत्यु दर ३० प्रति हजार र ५ वर्षभन्दा कम उमेरको बाल मृत्यु दर ४५ प्रति हजार रहेको छ। स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलाहरूको हिस्सा यस प्रदेशमा ७५.२ प्रतिशत पाइएको छ। स्वास्थ्य संस्थाहरूको संख्यात्मक उपस्थिति राम्रै रहे पनि, जटिल रोगका उपचारको लागि अन्यत्र जानुपर्ने बाध्यता रहँदै आएको छ। अर्कोतर्फ ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरू सामान्य उपचारका लागि पनि शहर झर्नुपर्ने बाध्यता रहेको छ। यस प्रदेशका ४ वटा जिल्लाहरू कपिलवस्तु, बाँके, बर्दिया र रूकुम पूर्व, अझै पूर्ण खोपयुक्त घोषणा हुन बाँकी छन्। गुणस्तरीय र भरपर्दो स्वास्थ्य सुविधा उपलब्ध हुन सकेको छैन।

## प्रमुख समस्या

दक्ष स्वास्थ्य जनशक्तिका साथै गुणस्तरीय स्वास्थ्य सेवाको अभाव, स्वास्थ्य सेवा समेत व्यापारीकरण हुँदै गएको, स्वास्थ्य चेतनाको कमी, खाद्य तथा पोषणको व्यवहारिक ज्ञानको अभाव, सुत्केरी हुन अस्पताल नजाने प्रवृति, पर्याप्त गुणस्तरीय बर्थिङ सेन्टरको कमी, जटिल सुत्केरीका समस्याहरू समाधान गर्ने क्षमता र पर्याप्त मात्रामा यौन तथा प्रजनन स्वास्थ्य सुविधाको अभाव, किटजन्य र नसर्ने रोगहरूको बढोतरी, मलेरिया र कुष्ठरोग अन्त्य हुन नसकेको स्थिति समस्याका रूपमा रहेका छन्।

## चुनौती र अवसर

स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण गर्नु, नसर्ने रोगहरूको अनुपात बढ्दै गएको अवस्थामा प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई विस्तार गर्नु, निःशुल्क वितरण गरिने औषधि आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित गर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्नु, सबैका लागि स्वास्थ्य बीमा लागु गर्नु, गुणस्तरीय खोप सेवाको पहुँच सबैलाई पुऱ्याउनु, स्वास्थ्यसम्बन्धी सूचना व्यवस्था गर्नु, रणनैतिक स्थानका पालिकाहरूमा खोपका लागि कोल्डरूमको एवम् खोपलगाउने व्यवस्था गर्नु, औषधीहरू सहज रूपमा उपलब्ध गराउनु, सीमान्तकृत समुदायमा सुरक्षित मातृत्व र परिवार नियोजनका सेवाहरू पुऱ्याउनु र दक्ष जनशक्ति उपलब्ध गराउनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

स्वास्थ्य संस्थाहरूको प्रदेशव्यापी सञ्जाल तयार हुनु, बजारमा दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरण उपलब्ध हुनु, सर्वसाधारण नागरिकमा स्वास्थ्य सेवाको महत्व बारे जनचेतना बढ्दैजानु, प्रदेशका ठूला अस्पतालहरू प्रदेश मातहत आउनु, स्वास्थ्य जनशक्ति उत्पादन गर्नेगरी चारवटा मेडिकल कलेज संचालनमा रहनु र स्वास्थ्य चौकीहरू स्थानीय तहले व्यवस्थापन गर्नु यस क्षेत्रको अवसरको रूपमा रहेका छन्।

## दीर्घकालीन सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँचमार्फत स्वस्थ र सबल नागरिकको विकास।

## लक्ष्य

सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवाहरू सर्वसुलभ रूपमा उपलब्ध गराउने।

## उद्देश्य

१. आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गराउनु।
२. गुणस्तरीय प्रवर्द्धनात्मक, निरोधात्मक एवम् उपचारात्मक सेवामा जनताको सहज पहुँच बनाउनु।
३. जनस्वास्थ्य प्रवर्द्धनको क्षेत्रमा देखापर्ने जोखिम तत्वको न्यूनीकरण गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने। | १. स्थानीय तहहरूको सहकार्यमा सबै वडाहरूमा स्वास्थ्य चौकी र प्रत्येक स्थानीय तहमा १५ शैयाको आधारभूत सेवा सहितको अस्पताल संचालन गरिनेछ।<br>२. आवश्यकताका आधारमा जिल्लामा ५० शैयाको अस्पताल क्रमशः स्थापना गरिनेछ।<br>३. स्थानीय तहको सहकार्यमा आधारभूत सेवा सहितको अस्पतालमा अनिवार्य रूपमा एम्बुलेन्सको व्यवस्था गरिनेछ।<br>४. विरामीको चाप रहेका जिल्ला अस्पतालहरूलाई क्षमता विस्तार र सेवाको गुणस्तर सुधार गरिनेछ।<br>५. स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसार दक्ष स्वास्थ्य जनशक्ति उपलब्ध गराइनेछ।<br>६. स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला र आधुनिक स्वास्थ्य उपकरणहरू उपलब्ध गराइनेछ।<br>७. बर्थिङ सेन्टरहरूको विस्तारतथा गुणस्तर सुधार गरी सुरक्षित रूपमा बच्चा जन्माउने वातावरण सिर्जना गरिनेछ।<br>८. स्थानीय तहको सहकार्यमा महिला स्वयमसेविकाहरूको क्षमता अभिवृद्धि र प्रोत्साहन गरिनेछ।<br>९. जिल्लाहरूमा संकट व्यवस्थापन केन्द्र सहित मानसिक स्वास्थ्य व्यवस्थापनका लागि प्रादेशिक मानसिक अस्पताल र मनोपरामर्श सुविधा उपलब्ध गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १०. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि प्रजनन स्वास्थ्य, परिवारनियोजन, सुरक्षित मातृत्व, गर्भपतन, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ।<br>११. ग्रामिण क्षेत्रमा नियमित रूपमा स्वास्थ्य शिबिरहरू संचालन गरिनेछ।<br>१२. स्वास्थ्य चौकीहरूमा मधुमेह र रक्तचापको निःशुल्क जाँचको व्यवस्था गरिनेछ।<br>१३. स्वास्थ्य बीमालाई प्रभावकारी ढंगले संचालन गरी स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिनेछ।<br>१४. असल उत्पादन अभ्यास अनुरूप गुणस्तरीय औषधि उत्पादन एवम् औषधिको आयात र बिक्री वितरण प्रक्रियालाई प्रभावकारी बनाउन संस्थागत व्यवस्था गरी प्रभावकारी नियमन गर्नुका साथै एन्टीबायोटिक औषधिको दुरूपयोग रोकिनेछ।<br>१५. स्थानीय तहको सहकार्यमा सबै पालिकाहरूमा भ्याक्सिन सबसेन्टर र कोल्ड सेन्टर स्थापना गर्दै पूर्ण खोपको सुनिश्चितता गरिनेछ।<br>१६. स्थानीय तहको सहकार्यमा सर्पदंश र रेविज उपचारको व्यवस्था गरिनेछ।<br>१७. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन प्रभावकारी नियमनका लागि स्वास्थ्य सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।<br>१८. भवन संहिता अनुसार स्वास्थ्य संस्था निर्माण गरिनुका साथै ती संरचनाहरूलाई अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिक मैत्री तथा भूकम्प प्रतिरोधि बनाइनेछ।<br>१९. जिल्लास्थित अस्पतालहरूमा शववाहनको उपलब्धता गराइनुको साथै व्यवस्थित शवगृहको व्यवस्था गर्ने नीति लिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २०. प्राथमिक तहसम्म फार्मेसी र पोष्टमार्टमको व्यवस्था क्रमशः मिलाइनेछ।<br>२१. स्थानीय तहको सहकार्यमा माध्यमिकस्तरका विद्यालयमा एक जना नर्स अथवा स्वास्थ्य सहायकको व्यवस्था गरिनेछ।<br>२२. अति गरिब, विपन्न, बेवारिशे, अनाथ, ज्येष्ठ नागरिक र असहायलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ।<br>२३. परिवार नियोजनको जानकारी तथा सेवाको सहज उपलब्धताका लागि लागत सहित योजना बनाई लागु गरिनेछ।<br>२४. किशोर किशोरीहरूलाई प्रजनन अधिकार, प्रजनन स्वास्थ्य/ वृहत यौनिकतासम्बन्धी शिक्षा उपलब्ध गराउने व्यवस्था गरिनेछ।<br>२५. लागु औषधि जस्ता दुर्व्यसनी कम गर्न जनचेतना अभिवृद्धिका साथै Drop-in सेन्टरहरू संचालनमा सहयोग गरिनेछ। |
| २. गुणस्तरीय उपचारात्मक सेवा लगायत अस्पतालहरूको दक्षता बढाई प्रादेशिक विशिष्टीकृत स्वास्थ्य सेवा उपलब्ध गराउने। | १. यस प्रदेशका ठूला अस्पतालहरूको गुणस्तर सुधार र क्षमता विस्तार गरी विशेषज्ञ सेवा उपलब्ध गराइनेछ।<br>२. सडक दुर्घटना कम गर्न सचेतना बढाउनुको अतिरिक्त घाइतेहरूको उपचारको लागि प्रादेशिक ट्रमा सेन्टर स्थापना गरिनेछ।<br>३. अस्पतालहरूमा प्रसामक (प्यायालेटिक) विरामीहरूका लागि व्यवस्थित कक्षहरूको व्यवस्था गर्दै लगिनेछ।<br>४. स्वास्थ्यसम्बन्धी अनुसन्धान र स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि उचित संस्थागत व्यवस्था गरिनेछ।<br>५. अस्पताल विकास समिति तथा स्वास्थ्यसँग सम्बन्धित व्यावसायिक परिषद्हरूलाई सक्षम तथा जवाफदेही बनाइनेछ।<br>६. स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिहरूको अधिकतम प्रयोग गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ७. गम्भीर प्रकृतिका रोगहरू लागेका व्यक्तिलाई उपचारमा सहुलियत प्रदान गरिनेछ।<br>८. जिल्लास्तरसम्म मृगौला डायालिस सेवा विस्तार गरिनेछ।<br>९. ब्लड बैंक विस्तार गर्दै निःशुल्क रगत उपलब्ध गराउँदै जाने नीति लिइनेछ।<br>१०. थारू बस्तीहरू भएका जिल्ला अस्पतालहरूमा सिकलसेलको परीक्षण, जनचेतना अभिवृद्धि र उपचार हुने व्यवस्था गरिनेछ। साथै, थालमेसिया रोगको उपचारको लागि पनि जोड दिइनेछ।<br>११. गैर नाफामुखी स्वास्थ्य संस्थाहरू संचालनलाई उत्प्रेरित गर्न जनस्वास्थ्यमा पुऱ्याएको योगदानको आधारमा सहयोग उपलब्ध गराइने छ र त्यस्ता संस्थाहरूको संचालन समितिमा प्रदेश सरकार एवम् स्थानीय तहको प्रतिनिधित्वको व्यवस्था गरिनेछ।<br>१२. स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा योग साधना केन्द्र र प्राकृतिक चिकित्सा सेवा संचालन गर्न प्रोत्साहन गरिनेछ।<br>१३. महामारीजस्ता स्वास्थ्यसँग सम्बन्धित विपद सामना गर्न प्रतिकार्य केन्द्र स्थापना गरिनेछ।<br>१४. अस्पतालबाट निस्कने फोहरको व्यवस्थित व्यवस्थापन गर्न अस्पतालहरूलाई सहयोग गरिनेछ। |
| ३. स्वास्थ्य उपचारका वैकल्पिक उपायहरू अवलम्बन र प्रवर्द्धन गर्ने। | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त संरचनाको विकास र आयुर्वेदिक औषधि उत्पादन वृद्धि गरिनुका साथै आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरूलाई नियमन र नियन्त्रण गरिनेछ।<br>२. होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा प्रणाली तथा अन्य पूरक चिकित्सा प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागु गरिनेछ।<br>३. स्थानीय स्तरमा रहेका परम्परागत जडीबुटी एवम् सोको प्रयोग सम्बन्धी ज्ञानहरूलाई सम्प्रेषण तथा विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ४. स्वास्थ्यसम्बन्धी जनजागरण अभियान संचालन गर्ने। | १. स्थानीय तहको सहकार्यमा धुमपान, लागु औषधी र मध्यपानलाई कम गर्न जनचेतना, नियमन र नियन्त्रणात्मक कार्य गरिनेछ।<br>२. सर्ने र नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक उपायहरूबारे चेतना अभिवृद्धिका साथै सेवा विस्तार गरिनेछ।<br>३. स्थानीय तहको सहकार्यमा नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनलाई निरूत्साहित गरिनेछ। |
| ५. बजारमा गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्री उपलब्ध हुने व्यवस्था गर्ने। | १. स्थानीय तहको सहकार्यमा नियमित बजार अनुगमन गर्ने व्यवस्था गरी गुणस्तरीय खाद्य वस्तुको आपूर्ति सुनिश्चितता गरिनेछ।<br>२. न्यून आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा बालबालिकाहरूलाई पोषणयुक्त खानाको पहुँच बढाइनेछ।<br>३. बालबालिका र सुत्केरी, गर्भवती आमाहरूलाई विभिन्न प्रकारका खोप र सरसफाइ सम्बन्धी जानकारीका साथै षोषणयुक्त खाना र आहारविहारको सवालमा चेतना अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ। |

### अपेक्षित उपलब्धि

स्वास्थ्य सेवाको सहज पहुँच बढेर दिगो विकासका स्वास्थ्यसम्बन्धी लक्ष्य हासिल भएको हुने, ट्रमा सेन्टर स्थापना भएको हुने तथा प्रादेशिक अस्पतालहरूले विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गरेका हुनेछन्।

## ५.३ ज्येष्ठ नागरिक र अपाङ्गता

### विद्यमान अवस्था

नेपालको संविधानले ज्येष्ठ नागरिकहरूलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। ज्येष्ठ नागरिकहरूलाई सरल र सहज स्वास्थ्य सुविधा र स्याहारसुसारको खाँचो हुन्छ। राष्ट्रिय स्तरमा ज्येष्ठ नागरिकसम्बन्धी ऐन, नियमावली र कार्ययोजना कार्यन्वयनमा

रहेको छ। समाज परिवर्तन हुँदै गएकाले हिजोको संयुक्त परिवारको संस्कार हराउँदै जाँदा छोराछोरीहरूले ज्येष्ठ नागरिकहरूलाई रेखदेख गर्ने प्रचलन घट्दै गएको छ। २०५२ सालदेखि सरकारले व्यवस्था गरेको सामाजिक सुरक्षा व्यवस्थाले धेरै राहत दिएको छ।

अर्कोतर्फ शारिरिक रूपले अशक्त, विभिन्न रूपका अपाङ्गता भएका मानिसहरूलाई पनि सरल रूपमा जीवनयापन गर्ने वातावरण प्रदान गर्नु पनि राज्यको कर्तव्य भित्र पर्दछ। नेपालको संविधानले सामाजिक न्यायको हकअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्य निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ। साथै, अपांगता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने उल्लेख्य गरेको छ। यसैगरी अपांगता भएका नागरिकलाई सामाजिक सुरक्षाको हक पनि प्रदान गरेको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार १.६ प्रतिशत महिला र २.२ प्रतिशत पुरूष गरी कुल जनसंख्याको १.९ प्रतिशत मानिसहरू यस प्रदेशमा अपाङ्ग रहेका छन् जुन राष्ट्रिय औसतकै हाराहारी हो। त्यस्तै, यस प्रदेशको कुल जनसंख्याको १.५ प्रतिशत (करीब ६८ हजार मानिसहरू) ७५ वर्ष भन्दा माथिका रहेका छन्।

## प्रमुख समस्या

बदलिँदो पारिवारिक परिवेशसंगै एकल परिवारको बढ्दो संख्याले गर्दा ज्येष्ठ नागरिकहरूको उचित स्याहार सुविधा हुन नसकेको र वृद्धाश्रम पनि व्यवस्थित र सहज रूपमा उपलब्ध हुन नसक्ने गरेको समस्या छन्। अर्कोतर्फ अपाङ्गताको सवालमा अपाङ्गमैत्री भौतिक संरचनाको अभाव, विभिन्न किसिमका अपाङ्गहरूको अन्तरनिहीत क्षमता उपयोग गर्ने व्यवस्थाको कमी, पर्याप्त मात्रामा अपाङ्गता भएका व्यक्तिहरूको रेखदेखका लागि सहयोग केन्द्रको अभाव र अपाङ्गता भएका विद्यार्थीहरूको लागि उचित शिक्षादीक्षाको प्रबन्ध हुन नसक्नु जस्ता समस्या रहेको छन्।

## चुनौती र अवसर

ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहयोग सुविधा पुऱ्याउन पर्याप्त वित्तीय स्रोतको प्रबन्ध गर्नु र आवश्यक भौतिक सुविधा एवम् हेरविचार गर्ने जनशक्ति व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ।

ज्येष्ठ नागरिकका लागि वृद्धाश्रम र अपाङ्गहरूको लागि अपाङ्ग सहयोग केन्द्रहरू स्थापना र संचालनको लागि सामाजिक उतरदायित्व अन्तर्गत विभिन्न संस्थाहरूबाट केही रकम परिचालन गर्न सकिने स्थिति रहनु र प्रविधिको सहयोगले ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक उपार्जनमा लगाउन सकिने अवसर रहेको छ।

## दीर्घकालीन सोच

ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूले सम्मानित जीवनयापन गर्न सक्ने अवस्थाको सिर्जना।

## लक्ष्य

सबै ज्येष्ठ तथा अपाङ्गता भएका नागरिकहरूले आधारभूत सेवा प्राप्त गरी सम्मानपूर्वक जीवननिर्वाह गर्नसक्ने स्थिति सिर्जना गर्ने।

## उद्देश्य

ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई घर तथा समाजमा भेदभाव रहित सम्मानजनक र सहज ढंगले जीवनयापन गर्ने वातावरण तयार गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. ज्येष्ठ नागरिकहरूलाई सम्मानपूर्वक जीउनका लागि आधारभूत आवश्यकता परिपूर्ति गर्ने। | १. यस प्रदेशका ज्येष्ठ नागरिकको लगत तयार पारी उनीहरूको वर्तमान अवस्थाको बारेमा अध्ययन गरिनेछ।<br>२. ज्येष्ठ नागरिकको लागि सार्वजनिक निजी साझेदारी वा सामाजिक संस्था तथा स्थानीय तहहरूसंग सहकार्य गरी प्रत्येक पालिकामा कम्तीमा एउटा वटा ज्येष्ठ नागरिक सेवा केन्द्र संचालन गरिनेछ।<br>३. ज्येष्ठ नागरिकहरूलाई सरकारी अस्पतालहरूमा निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ।<br>४. सरकारी अस्पतालहरूमा जेराटिक वार्डको व्यवस्था गर्दै लगिनेछ।<br>५. स्थानीय तहको समन्वय र सहकार्यमा ज्येष्ठ नागरिकलाई अनिवार्य, नियमित र निःशुल्क स्वास्थ्य परीक्षण र परामर्श सेवा संचालन गरिनेछ।<br>६. ज्येष्ठ नागरिकहरूको ज्ञान र अनुभवको सदुपयोग गर्ने वातावरण निर्माण गरिनेछ। |
| २. अपाङ्गता भएका मानिसहरूलाई पनि जनजीविकाका लागि सहज वातावरण सिर्जना गर्दै उनीहरूको | १. भौतिक संरचनाहरूको निर्माण गर्दा अपाङ्ग मैत्री हुनेगरी बनाइनेछ।<br>२. अपाङ्गमैत्री खेलकूद तथा अतिरिक्त क्रियाकलापहरू संचालन गरिनेछन्।<br>३. सिपमूलक तालिमहरूको व्यवस्था गरी रोजगारी र |

| रणनीति | कार्यनीति |
|---|---|
| क्षमताको उपयोग गर्ने। | स्वरोजगारीमा अपाङ्गता भएका मानिसहरूलाई प्राथमिकता दिएर सशक्तीकरण हुने वातावरणको सिर्जना गरिनेछ।<br>४. अपाङ्गता भएका व्यक्तिहरूलाई जीवन निर्वाहका लागि सामाजिक सुरक्षाका कार्यक्रममा समेटिनेछ।<br>५. आवश्यकता अनुसार अपाङ्ग पुनर्स्थापना केन्द्रहरू स्थापना तथा संचालित यस्ता केन्द्रहरूलाई सहयोग उपलब्ध गराइनेछ।<br>६. अपाङतामैत्री विद्यालयहरूको भौतिक सुधार लगायतका बिषयमा सहयोग गरिनेछ।<br>७. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई दुर्व्यवहार गर्ने कार्यलाई दण्डनीय बनाई यस्ता कार्यलाई निरूत्साही गरिनेछ। |

### अपेक्षित उपलब्धि

ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूले सम्मानपूर्वक बाँच्न पाउने अवस्था सिर्जना भएको हुने, अपाङ्गता भएका व्यक्तिहरूले क्षमता अनुसार अर्थतन्त्रमा योगदान दिएका हुनेछन्।

## ५.४ महिला विकास तथा सशक्तीकरण

### विद्यमान अवस्था

यस प्रदेशको जनसख्याको ५२.४ प्रतिशत महिलाको संख्या रहेको छ। नेपालको संविधानले समतामूलक समाजको परिकल्पना गर्दै मौलिक हकको रूपमा महिलाको हकको व्यवस्था गरेको छ। संघीयताको कार्यान्वयनका सिलसिलामा महिलाको हक अधिकारको प्रत्याभूति दिलाउन प्रदेश सरकारले लैङ्गिक मूलप्रवाहीकरण तथा सशक्तीकरणका माध्यमबाट लैङ्गिक हिंसा भेदभावको अन्त्य गर्ने, सहाराविहीन व्यक्तिहरूको संरक्षणात्मक र निरोधात्मक उपाय अवलम्बन गर्ने, असहाय र महिलाहरूको क्षमता आभिवृद्धि गरी जीवनस्तर सुधार गर्ने गर्ने नीति लिएको छ। नेपालमा हालसम्म गरिएका प्रयासहरूले  सकारात्मक प्रतिफल दिए पनि पितृसतात्मक सामाजिक सोच र परम्पराबाट कतिपय विषयमा अझै पनि महिलाहरूको स्थिति सुधार गर्न धेरै कार्यहरू गर्नु बाँकी रहेको छ।

## प्रमुख समस्या

सामाजिक, आर्थिक, सांस्कृतिक गतिविधिहरूमा महिलाको सहभागिताबढ्दै गएपनि अझै अर्थपूर्ण सहभागिता हुन नसक्नु, आधाभन्दा बढी जनसंख्याको रूपमा रहेका महिलाहरूको आर्थिक योगदान राष्ट्रिय आयमा गणना हुन नसक्नु, आज पनि अधिकांश महिलाहरू हिंसा भोग्न बाध्य हुनु, कानूनमा उल्लेख भए बमोजिम सहभागिता नहुनु, कानून कार्यान्वयन पक्ष कमजोर हुनु, हिंसा पीडितहरूका लागि सुरक्षित आश्रयस्थलहरू पर्याप्त मात्रामा नहुनु र भएका पनि उपयुक्त नहुनु, लैङ्गिक रूपमा खण्डीकृत तथ्याङ्कको कमी र बेचबिखन तथा ओसारपसारको उच्च जोखिममा रहनु जस्ता समस्याहरू महिला क्षेत्रमा विद्यमान छन्।

## चुनौती र अवसर

लैङ्गिक मूलप्रवाहीकरण तथा सशक्तीकरणका माध्यमबाट लैंङ्गिक हिंसा र भेदभावको अन्त्य गर्नु, असहाय व्यक्तिहरूलाई क्षमता अभिवृद्धि गरी संरक्षणात्मक सेवा प्रवाह एवम् सशक्तीकरण गर्नु, महिला र पुरूषको समान सामाजिक, आर्थिक, राजनैतिक हैसियत स्थापित गर्नु र कुरीतिजन्य परम्पराको अन्त्य गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

संविधानमा महिलाका हकलाई मौलिक हकका रूपमा स्थापित गरिनु, महिलाका सवालहरूमा धेरै अन्तर्राष्ट्रिय प्रतिबद्धतामा हस्ताक्षर भई तदनुरूप कार्यान्वयन योजना तयार हुनु, संघदेखि स्थानीय तहसम्म महिला प्रतिनिधित्वको सुनिश्चितता हुनु, विभेदयुक्त कानूनहरू संशोधन हुदै जानु, केन्द्रमा लैंङ्गिक उत्तरदायी बजेट कार्यान्वयन हुनुका साथै सामाजिक रूपमा कुरीतिविरूद्ध आवाज उठ्न थालेका अवस्थाहरूलाई अवसरको रूपमा लिन सकिन्छ।

## दीर्घकालीन सोच

लैंङ्गिक समानतामा आधारित समतामूलक समाज निर्माण।

## लक्ष्य

विकासका हरेक क्रियाकलापमा महिला र पुरूषको समान सहभागिता सुनिश्चित गर्ने।

## उद्देश्य

१. समाजका हरेक वर्ग तथा सामाजिक समूहका महिलाहरूको समतामूलक र अर्थपूर्ण सहभागिता वृद्धि गराई मूलप्रवाहीकरण र सशक्तीकरण गर्नु।
२. आर्थिक, सामाजिक, राजनीतिक लगायतका क्षेत्रमा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्नु।

३. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य र महिलाको हक अधिकारको सुनिश्चित गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. चेतनामूलक एवम् लैङ्गिक सशक्तीकरणद्धारा अर्थपूर्ण ढंगबाट महिला सहभागिता बढाउने। | १. महिलाको अर्थपूर्ण सहभागिताका लागि नीतिगत तथा कानूनी व्यवस्था गरी त्यसको पूर्ण पालना गराइनेछ।<br>२. महिला हिंसा न्यूनिकरण एवम् सशक्तीकरणका लागि विभिन्न किसिमका चेतनामूलक कार्यक्रम सन्चालन गरिनेछन्।<br>३. महिला सेल संचालन गर्नको लागि जिल्लातहमा महिला इन्पेक्टर सहितको महिला टोलीका साथै आवश्यकता अनुसार महिला परामर्शदाताको व्यवस्थापन गरिनेछ।<br>४. मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि विशेष गरी भारतसँग सीमा जोडिएका जिल्लामा सचेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ। |
| २. आधारभूत स्वास्थ्य, शिक्षा तथा रोजगारीका विभिन्न अवसरमा महिलाको पहुँच अभिवृद्धि गरी रोजगारीमा सुनिश्चित गर्ने। | १. आर्थिक हैसियत कमजोर भएका महिलाहरूलाई सिपमूलक व्यवसाय संचालन र व्यवस्थापनमा आवश्यक सहयोग गरी लगानी मैत्री वातावरण सिर्जना गर्नमा सहयोग पुऱ्याइनेछ।<br>२. दलित तथा विपन्न वर्गका महिलाहरूलाई विशेष जोड दिदैं विभिन्न निकायहरूसँगको सहकार्यमा सिप तथा क्षमता विकास गरी रोजगारीका अवसर मिलाइनेछ।<br>३. गर्भवति तथा सुत्केरी महिलाको प्रजनन् स्वास्थ्य र पोषणयुक्त खानपानको अधिकारलाई सुनिश्चित गरिनेछ।<br>४. महिलाहरूमा रहेको परम्परागत सिप प्रवर्द्धन गर्नुको साथै महिला उद्यमशीलता प्रवर्द्धन गर्न प्रत्येक वडामा स्थानीय तहसँग सहकार्य गरी महिला उद्यमशीलता केन्द्र स्थापनाको लागि सहयोग गरिनेछ। |
| ३. जनचेतना र प्रभावकारी कानून कार्यान्वयनको माध्यमबाट हिंसामुक्त समाज निर्माणमा सहयोग गर्ने। | १. १२ वर्षभन्दा बढी समय पति बेपत्ता भएको खण्डमा निजलाई एकल महिला सरहको सुविधा उपलव्ध गराउने व्यवस्था गरिनेछ।<br>२. स्थानीय तहको सहकार्यमा सबै गाउँपालिका तथा नगरपालिकामा अल्पकालीन आश्रयस्थल स्थापना गरी व्यवस्थित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. सन्चालनमा रहेका अल्पकालीन तथा दीर्घकालीन आश्रयस्थलहरूको स्तरोन्नति गरी आमासंगै शिशुलाई बस्न पाउने व्यवस्थापन समेत गरिनेछ।<br>४. दीर्घकालीन पुनर्स्थापना केन्द्रको स्थापना गरी हिंसा प्रभावित महिलाको सिप तथा व्यावसायिकता विकासमा जोड दिइनेछ।<br>५. विपन्न वर्गका महिलाहरूको कानूनी मुद्दा मामिलामा लाग्ने खर्च र परामर्श सेवा नि:शुल्क उपलब्ध गराइनेछ।<br>६. प्रदेशलाई लैङ्गिक हिंसामुक्त र दाइजो प्रथाबाट उन्मुक्ती हुनेगरी कार्यक्रमहरू संचालन गरिनेछन्। |

### अपेक्षित उपलब्धि

महिलाको सामाजिक, आर्थिक, राजनीतिक अवस्थामा सुधार आएको हुने, नेतृत्वमा महिलाको सार्थक सहभागिता भएको हुने, हिंसाका घटनामा कमी भएको हुने, महिलाहरूको सिप विकास भई आर्थिक क्रियाकलापमा पहुँच वढेको हुने र हिंसापीडित महिलाका लागि एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना भई सन्चालन भएको हुनेछ।

## ५.५ बालवालिका

### विद्यमान अवस्था

यस प्रदेशमा १९ वर्ष मुनिका बालबालिका तथा किशोर किशोरीहरू ४७.८ प्रतिशत रहेका छन्। नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूति गरेअनुरूप प्रदेश सरकारले बालमैत्री स्थानीय शासनलाई प्रोत्साहन गर्ने र बालक्लब, बालसंजाल मार्फत सचेतना फैलाउन स्थानीय सरकारलाई सहयोग गर्ने नीति लिइएको छ। बालबालिकाका क्षेत्रमा सरकारी तथा निजी क्षेत्रबाट बिभिन्न कार्यक्रमहरू संचालन गरिएका छन्। विद्यालय तह र समुदायस्तरमा बालक्लवहरू गठन भई क्षमता विकास कार्यक्रमहरू संचालन भइरहेका छन्। भोलिका कर्णधारका रूपमा रहेका बालबालिकाहरूलाई उचित वातावरण र अवसरहरू प्रदान गरी मानवीय पूँजीको रूपमा विकास गर्नु जरूरी छ।

### प्रमुख समस्या

विगतमा संचालित बालबालिका लक्षित नीति तथा कार्यक्रम प्रभावकारी नहुनु, संरचना, स्रोत सामग्री न्यून रहनु, बालबालिकाका समस्यालाई सम्बोधन गर्न नसकिनु, सबै बालबालिकालाई समान रूपमा चौतर्फी विकासको अवसर उपलब्ध नहुनु, बालश्रम, बेचबिखन र बालविवाह अझै विद्यमान रहनु प्रमुख समस्याहरू हुन्।

## चुनौती र अवसर

बालविवाह, बालयौन दुर्व्यवहार र बालश्रम निर्मूल गर्नु, संरक्षणबिहीन सडक बालबालिकालाई व्यवस्थापन गर्नु, बालअधिकारको प्रत्याभूति गर्नु, अभिभावकीय सचेतना बढाउनु, बालमैत्री संरचनाको निर्माण गर्नु, बालबालिका मैत्री वातावरण निर्माण गर्नु, लागुपदार्थको दुर्व्यसनबाट मुक्त राख्नु चुनौतीको रूपमा रहेका छन्।

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गर्नु, विभिन्न नीति तथा कार्यक्रमद्वारा बालबालिकालाई सम्बोधन गरिनु, सरोकारवाला निकायहरूबीच समन्वयात्मक वातावरण बन्नु, हानिकारक व्यवहारप्रति अवज्ञा गर्ने वातावरण बन्दै जानु केही अवसरहरू हुन्।

## दीर्घकालीन सोच

बालअधिकारको पूर्ण सुनिश्चितता प्रदान गर्दै सक्षम र सबल नागरिक तयार।

### लक्ष्य

सबैको सहकार्यमा बाल बचाउ, संरक्षण, विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।

## उद्देश्य

बालबालिकाहरूको सर्वाङ्गीण विकास हुने गरी बालअधिकारको पूर्ण प्रत्याभूति दिलाउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विशेष संरक्षणको आवश्यकतामा रहेका सबै बालबालिकाको अधिकार सुनिश्चित गर्ने। | १. विशेष संरक्षणको आवश्यकता रहेका सबै बालबालिकाहरूका लागि स्थानीय तह र गैर सरकारी संस्थासँगको सहकार्यमा विशेष व्यवस्था गरिनेछ।<br>२. प्रदेशस्तरमा बाल सुधारगृहहरूको स्थापना गरी संचालन गरिनेछ।<br>३. प्रदेशलाई बालश्रम र बालविवाह मुक्त घोषणा गरिनेछ।<br>४. न्यून आय भएका परिवारका बालबालिकाहरूलाई पोषण |

| रणनीति | कार्यनीति |
|---|---|
| | सुरक्षा व्यवस्था गरिनेछ।<br>५. विभिन्न कारणले बाबुआमा गुमाएर अनाथ भएका बालबालिकाहरूको पालनपोषण, शिक्षा तथा स्वास्थ्य सम्बन्धी व्यवस्था गरिनेछ। |
| २. बालबालिकाका सर्वाङ्गीण विकासका लागि सहयोग पुऱ्याउने किसिमका नीति, कानून, कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने। | १. बालबालिकामाथि हुने हिंसाविरूद्ध कानूनी उपचारको उचित प्रवन्ध मिलाइनेछ।<br>२. बालबालिका हकहीत संरक्षण गर्न प्रादेशिक कानून तर्जुमा गरी संस्थागत संरचना बनाइनेछ।<br>३. बालबालिकासँग सम्वन्धित सरोकारवालाहरूसंग समन्वय र सहकार्य गरी श्रोत परिचालन एवम् सेवाको प्रभावकारीता र जवाफदेही बढाईनेछ। |
| ३. बालबालिकासँग सम्बन्धित विकास र शासनका सबै गतिविधिहरूको निर्णय र कार्यान्वयन चरणमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने। | १. बालबालिकाका आधारभूत अधिकार प्रासिका लागि बालमैत्री वातावरणमा गुणस्तरीय सेवा सुविधा सुनिश्चित गरी बालबालिकाहरूको सहभागितामा अभिवृद्धि गरिनेछ।<br>२. सबै बालबालिकाहरूको शिक्षा र स्वास्थ्यको सुनिश्चताको व्यवस्था गरिनेछ।<br>३. बालक्लबहरू स्थापना तथा संचालनलाई प्रोत्साहन गरिनेछ।<br>४. प्रदेश बाल अधिकार समितिको संस्थागत व्यवस्था गरिनेछ। |

### अपेक्षित उपलब्धि

सहकार्य एवम् समन्वयात्मक रूपमा बालबालिकाको विकास तथा सशक्तीकरण भएको हुने, बालबालिकामैत्री वातावरण सिर्जना एवम् बाल अधिकार संरक्षण भएको हुने र शिक्षा तथा स्वास्थ्य सेवामा सबै बालबालिकाहरूको पहुँच पुगेको हुनेछ।

## ५.६ खेलकूद

### विद्यमान अवस्था

स्वस्थ नागरिक,सामाजिक सम्बन्ध, मनोरञ्जन र अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रको परिचय राख्न खेलकूदको महत्व रहेको हुन्छ। खेलकूदको विकास गरी अन्तर्राष्ट्रिय रूपमा मुलुकको परिचय

बनाउन प्रदेशले गहन भूमिका खेल्न सक्छ। खेलकूदलाई पर्यटन र व्यवसाय एवम् रोजगारी प्रवर्द्धन गर्ने माध्यमका रूपमा पनि विकास गर्न सकिन्छ। अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा नेपालको प्रस्तुति सन्तोषजनक नरहेकोले यस क्षेत्रको विकासमा थुप्रै कार्यहरू गर्न बाँकी छ। नेपालको संविधानले खेलकूदलाई संघ र प्रदेशको साझा सूची र तीनै तहको साझा सूचीमा राखेको छ।

## प्रमुख समस्या

खेलकूदका लागि पूर्वाधारको अभाव रहनु, यस क्षेत्रको लागि साधन विनियोजन न्यून हुनु, निजीक्षेत्र लगायतको सहभागिता न्यून रहनु, बालबालिकाको खेलकूद क्षमता पहिचान गर्ने प्रवृत्तिको कमी रहनु र खेलकूदलाई पर्यटन लगायत अन्य आर्थिक गतिविधिसंग जोड्न नसकिनु प्रमुख समस्याहरू हुन्।

## चुनौती र अवसर

खेलकूदलाई व्यावसायीकरण गर्नु, अन्तर्राष्ट्रिय स्तरको क्षमता भएका खेलाडी उत्पादन गर्नु, खेलकूदका लागि पर्याप्त भौतिक पूर्वाधार व्यवस्था गर्न वित्तीय स्रोत जुटाउनु र लैङ्गिकमैत्री तथा समावेशी बनाउनु चुनौतीपूर्ण रहेको छ।

जनसंख्यामा युवाहरूको बाहुल्यता रहेको र खेलकूदलाई क्रमश: व्यावसायिक रूपमा ग्रहण गर्ने वातावरण बन्दै जानु अवसरका रूपमा देखिएका छन्।

## दीर्घकालीन सोच

खेलकूद क्षेत्रको समग्र विकास गरी युवाहरूको व्यक्तित्व विकास तथा मुलुकको अन्तर्राष्ट्रिय रूपमा पहिचान।

## लक्ष्य

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गर्ने।

## उद्देश्य

पूर्वाधारहरूको विकास एवम् युवा, महिला, पुरूष र बालबालिकाहरूलाई समान तर प्रतिस्पर्धी अवसर सिर्जना गर्दै खेलकूदको समग्र विकास गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. खेलकूदका लागि आवश्यक पूर्वाधारहरू निर्माण गर्ने। | १. स्थानीय तहको सहकार्यमा सबै गाउँ तथा नगरपालिकाका वडाहरूसम्म खेलमैदान निर्माण गरिनेछ।<br>२. प्रदेशस्तरमा खेलकूदको विकास तथा व्यवस्थापनका लागि कानूनी एवं संस्थागत व्यवस्था गरिनेछ।<br>३. अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका रंगशालाहरू निर्माण गरी खेल खेल्ने अवसर प्रदान गरिनेछ।<br>४. स्थानीय तहको सहकार्यमा बालबालिकाहरूको खेलकूद क्षमता पहिचान गरी खेलकूद प्रशिक्षण दिने व्यवस्था गरिनेछ। |
| २. नियमित रूपमा प्रदेशस्तरीय खेलकूद प्रतियोगिताहरू आयोजना गर्ने। | १. प्रदेशस्तरीय खेलकूद प्रतियोगिताहरू नियमित रूपमा संचालन गर्नुका साथै अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरको खेलकूद प्रतियोगितामा विजयी यस प्रदेशका खेलाडीलाई पुरस्कृत गरिनेछ।<br>२. प्रदेशका अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका खेलाडीहरूलाई जीविकोपार्जनको सहयोग उपलब्ध गराइनेछ।<br>३. डण्डीवियो कपर्दी, कुस्ती जस्ता परम्परागत मौलिक खेलहरू जगेर्ना गरी प्रवर्द्धन गरिनेछ। |
| ३. खेलकूदलाई अन्य आर्थिक क्रियाकलापसँग आवद्ध गर्ने। | १. प्रदेशस्तरीय खेलकूद प्रतियोगिता आयोजना गरी खेलकूद प्रवर्द्धनका अतिरिक्त पर्यटन व्यवसायको विकासलाई सहयोग गरिनेछ।<br>२. खेलकूदलाई व्यावसायीकरण गरेर खेलाडीहरूको आयआर्जन बढाउने र यसप्रति सामाजिक वातावरण सकारात्मक बनाउन अभिमुखीकरण गरिनेछ।<br>३. विद्यालय तहमा खेलकूद शिक्षा अनिवार्य गर्ने र नियमित खेल खेल्ने व्यवस्था गरी विद्यार्थीलाई स्वास्थ्य राख्ने नीति लिई स्थानीय तहलाई सहयोग गरिनेछ। |

## अपेक्षित उपलब्धि

प्रदेश स्तरमा नियमित रूपमा खेलकूद प्रतियोगिता भइरहेको हुने, क्षमता विकास मार्फत् राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन भएको हुने र खेलमैदान तथा रंगशालाहरू निर्माण भएका हुनेछन्।

## ५.७ भाषा, कला, साहित्य तथा संस्कृति

### विद्यमान अवस्था

नेपाल क्षेत्रफलका हिसावले सानो भए पनि विविध भाषा, साहित्य, कला र संस्कृतिका दृष्टिकोणले धनी छ। यस प्रदेशमा सयभन्दा बढी सामाजिक समूह वा जातजाति वसोवास गर्दछन्। यहाँ धेरै सामाजिक समूहहरूको आफ्नै मातृभाषा र संस्कृति रहेको छ। यसले सांस्कृतिक विविधतामा रमाउन एवम् अध्ययन गर्न थुप्रै पर्यटकहरूलाई आकर्षण गर्न सकिने स्थिति छ। यी भाषा र संस्कृतिको पर्याप्त प्रवर्द्धन भने हुन सकिरहेको छैन। हुनत अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी हुन अंग्रेजी लगायतका भाषाहरूको ज्ञान हुनु पनि त्यत्तिकै जरूरी रहेकोले आफ्नो भाषा र संस्कृतिलाई बचाउँदै विश्वका भाषा र संस्कृतिको ज्ञान बढाउनुपर्ने खाँचो छ। यस प्रदेशमा थारू, मगर, नेवार, कुमाल, मुस्लिम, मधेशीहरूको आफ्नो छुट्टै भाषा र संस्कृति रहेको छ। नेपालको संविधानले पनि मौलिक हकका रूपमा भाषा र संस्कृतिको हकको व्यवस्था गरेको छ। साथै, संविधानले भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग प्रदेशको अधिकारसूचीभित्र र भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास स्थानीय तहको अधिकारसूचीभित्र राखेको छ।

### प्रमुख समस्या

भाषा, कला, साहित्य र संस्कृतिले प्राथमिकता पाउन नसकी विकास हुन नसक्नु, कतिपय भाषा तथा संस्कृति लोप हुन लाग्नु, यस क्षेत्रमा लाग्ने सर्जक र अभियन्ताहरूको जीवनयापनमा हुने कठिनाइ र युवा पिढीमा विदेशी संस्कृतिको प्रभाव बढ्दै जानु प्रमुख समस्याहरू हुन्।

### चुनौती र अवसर

विविधतायुक्त भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्नु, भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र विकासका लागि साधन एवम् जनचेतना स्तर उठाउनु चुनौतीपूर्ण रहेका छन्।

तीन तहको सरकार, संवैधानिक रूपमा समावेशिता प्रवर्द्धन भइरहेको अवस्था, आफ्नो भाषा र संस्कृति बचाउनुपर्छ भने बढ्दो जागरूकता, आफ्नो साहित्य र कलाप्रतिको आकर्षण यस क्षेत्रका केही अवसरहरू हुन्।

### दीर्घकालीन सोच

प्रदेश भित्र बोलिने सबै भाषा तथा संस्कृतिको जगेर्ना र साहित्य तथा कलाको सन्तुलित विकास।

### लक्ष्य

मुलुकमा बोलिने सबै भाषा, साहित्य, कला र संस्कृतिको उचित संरक्षण, सम्वर्द्धन र विकास गर्ने।

## उद्देश्य

१. यस प्रदेशका विविध भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नु।
२. भाषा र संस्कृतिको प्रवर्द्धनमार्फत पर्यटकलाई आकर्षण गर्नु।
३. प्रादेशिक साहित्य तथा कलाको विकास र प्रवर्द्धन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यमान भाषा र संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरी मौलिकता कायम राख्ने। | १. प्राथमिक तहसम्म मातृभाषामा अध्ययन गर्नसक्ने व्यवस्था व्यवहारमा कार्यान्वयन गर्न अनुकूल बातावरण सिर्जना गरिनेछ।<br>२. लोपोन्मुख भाषाको संरक्षण तथा सम्वर्द्धनका लागि लागि सहयोग गरिनेछ।<br>३. परम्परागत सांस्कृतिक संरक्षणका लागि सम्बन्धित सामाजिक समूहसँग सहकार्यका साथै आवश्यक सहयोग गरिनेछ।<br>४. भाषा र संस्कृति सम्वर्द्धनको लागि स्थानीय तह र सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ।<br>५. प्रदेशमा रहेका विश्वविद्यालयहरू मार्फत भाषा संस्कृति सम्बन्धी अनुसन्धान गर्ने व्यवस्था गरिनेछ। |
| २. साँस्कृतिक विविधतालाई सदुपयोग गरी वाह्य तथा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने। | १. विविध जातिहरूका मौलिकता संरक्षण गर्न सांस्कृतिक संग्रहालयहरू निर्माण गरिनेछ।<br>२. संस्कृतिमा आधारित होमस्टेहरू संचालनलाई प्रोत्साहन तथा सहयोग गरिनेछ।<br>३. स्थानीय भाषाभाषी र संस्कृतिको सूचना तथा संचारका सामग्रीहरू तयार पारी प्रचार प्रसार गरिनेछ। |
| ३. सम्मान र पुरस्कारको माध्यमबाट प्रादेशिक साहित्य तथा कलाको विकास र प्रवर्द्धन गर्ने। | १. प्रादेशिक साहित्य र कला एकडेमी स्थापना गरिनेछ।<br>२. साहित्य र कलाको प्रवर्द्धन गर्न प्रादेशिक साहित्यिक एवम् कला पुरस्कारको स्थापना गरिनेछ। |

### अपेक्षित उपलब्धि

प्रदेशमा विभिन्न जाति विशेषका भाषा र संस्कृति संरक्षण भएको हुने, साँस्कृतिक संग्रहालयहरू निर्माण भएका हुने, प्रादेशिक साहित्य र कला एकडेमी स्थापना भएका हुने र प्रादेशिक साहित्यिक कला पुरस्कारको स्थापना भएको हुनेछ।

## ५.८ सम्पदा संरक्षण

### विद्यमान अवस्था

सम्पदाहरू हाम्रो मौलिकता र ऐतिहासिक पहिचान र चिनारीको रूपमा रहेका हुन्छन्। ऐतिहासिक र सांस्कृतिक धरोहरको रूप रहेका सम्पदाको संरक्षण र सम्वर्द्धन गरी भावी पिढीलाई हस्तानान्तरण गरिनुपर्दछ। सम्पदाहरूको संरक्षण गरी यिनीहरूलाई पर्यटन प्रवर्द्धनको आधार बनाउनु उत्तिकै आवश्यक छ। यस प्रदेशमा रहेका ऐतिहासिक र पूरातात्विक सम्पदाहरूको पर्याप्त संरक्षण हुन सकेको छैन। धेरै जसो त्यस्ता सम्पदाहरू जीर्ण अवस्थामा रहेका छन्। यिनीहरूको ऐतिहासिक र पूरातात्विक महत्व खुलाई पर्याप्त प्रचार प्रसार हुन सकेको छैन।

### प्रमुख समस्या

ऐतिहासिक, धार्मिक, पूरातात्विक महत्वका सम्पदाहरूको संरक्षण पर्याप्तमात्रामा हुन नसकी यस्ता सम्पदाहरू चोरी एवम् अतिक्रमणमा पर्ने गरेका छन्।

### चुनौती र अवसर

सम्पदाहरूको प्रभावकारी रूपमा संरक्षण गर्ने संरचनाको निर्माण र यसका लागि स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र लगायत जनपरिचालन गर्नुका साथै आवश्यक साधनको व्यवस्था चुनौतीपूर्ण रहेको छ। नयाँ संरचना र अधिकारसहितका स्थानीय तहहरू रहेकोले यस्ता सम्पदाहरूको संरक्षणलाई पर्यटनसंग जोड्न सकिने अवसर पनि रहेको छ।

### दीर्घकालीन सोच

प्रदेशका सबै सम्पदाहरूको समुचित संरक्षण, पुन:निर्माण एवम् विकास।

### लक्ष्य

ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, पुन:निर्माण तथा विकास गरी भावी सन्ततिले समेत गौरव गर्न सक्ने स्थिति बनाउने।

### उद्देश्य

सम्पदाहरूको अभिलेखाकंन गरी जीर्ण सम्पदाहरूको पुनर्निर्माण गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. व्यवस्थित ढंगले प्राकृतिक, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने। | १. सम्पदा संरक्षणका लागि आवश्यक कानूनी तथा संस्थागत संरचनाको व्यवस्था गरिनेछ।<br>२. सम्पदा संरक्षणमा कार्य गरिरहेका संघसंस्था र स्थानीय तहसंग सहकार्य गरी सम्पूर्ण प्राकृतिक, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको पहिचान, अभिलेखाकंन, पुनःनिर्माण तथा संरक्षण गरिनेछ।<br>३. प्रदेशका सम्पदा सम्बन्धमा अनुसन्धान गर्न यस प्रदेशमा रहेका विश्वविद्यालयहरूसँग सहयोग र सहकार्य गरिनेछ। |
| २. सम्पदाहरूमा आधारित भएर पर्यटन प्रवर्द्धन गर्ने। | १. सम्पदाहरूको पूरातात्विक र ऐतिहासिक महत्वका बारे प्रचार प्रसार गरिनेछ।<br>२. सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धनमा प्रतिकूल प्रभाव नपर्ने गरी सम्पदा स्थललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। |

### अपेक्षित उपलब्धि

यस प्रदेशमा रहेका सम्पदाहरू संरक्षण भएका हुने र सम्पदामा आधारित भएर पर्यटकीय गतिविधि बढेको हुनेछ।

## ५.९ गुठी व्यवस्थापन

### विद्यमान अवस्था

धर्म संस्कृतिका विविध पक्षहरूलाई सहयोग पुऱ्याउने र परोपकारी कार्यहरूका लागि जग्गाको व्यवस्था गरी गुठी स्थापना गर्ने गरिएको थियो। धर्म संस्कृति र ऐतिहासिक सम्पदासंग जोडिएका सार्वजनिक सम्पतिको रूपमा रहेका यस्ता गुठीहरू जोगाई निरन्तरता प्रदान गरिनुपर्छ। नेपालको संविधानले प्रदेशको अधिकारको सूचीमा गुठी व्यवस्थापन पनि समावेश गरेको छ। त्यसैगरी संविधानकै धारा २९० (१) मा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भइरहेको किसान एवम् गुठीको अधिकारका सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानून बनाउने भन्ने व्यवस्था रहेको छ।

## प्रमुख समस्या

गुठी सम्पत्तिको सदुपयोग सम्बन्धमा प्रश्न उठ्नु, त्यसको संरक्षण एवम् उपयोगमा पर्याप्त ध्यान पुग्न नसक्नु, गुठीका अधिकांश घर,पाटी,पौवा तथा सत्तलहरू मर्मत सम्भार हुन नसक्नु, यस्ता जग्गाको अतिक्रमण बढ्दै जानु र गुठी भएका ऐतिहासिक सम्पदाहरूको मर्मत सम्भारको लागि सरकारले खर्च गर्न परिरहनु प्रमुख समस्याहरू हुन्।

## चुनौती र अवसर

गुठी जग्गाको अभिलेखाकंन गरी अतिक्रमण हुन नदिनु, यसको उचित व्यवस्थापन गर्नु र यस्तो जग्गाको उत्पादनमूलक प्रयोग गर्नुका साथै गुठीसँग सम्बन्धित सम्पदाहरूको संरक्षण गर्नु चुनौतीपूर्ण रहेको छ।

नयाँ संविधानपछि अधिकार र स्रोतसहित स्थानीय तह संचालनमा आउनु, गुठी सम्पदाहरूको संरक्षणप्रति जागरूकता बढ्नु र यस्ता जग्गा व्यवस्थित ढंगले उत्पादनमूलक प्रयोजनमा लगाउने वातावरण बन्दै जानु यस क्षेत्रका अवसरहरू हुन्।

## दीर्घकालीन सोच

गुठी जग्गाको संरक्षण र ऐतिहासिक सम्पदाहरूको सम्वर्द्धन सहित भावी पुस्तालाई हस्तान्तरण।

## लक्ष्य

गुठी जग्गाहरूको उचित व्यवस्थापन तथा र सम्पदाहरूको दिगो व्यवस्थापन गर्नु।

## उद्देश्य

१. गुठी जग्गाहरूको अतिक्रमण रोकी र गुठीको आय वृद्धि गर्नु।
२. गुठीसंग सम्बन्धित ऐतिहासिक मन्दिर तथा सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. गुठी जग्गाको व्यवस्थापनका लागि प्रभावकारी संरचनाको व्यवस्था गर्ने। | १. गुठी जग्गाका व्यवस्थापनको लागि प्रादेशिक कानूनी व्यवस्था र संस्थागत संरचना बनाइनेछ।<br>२. गुठीसंग सम्बन्धित सम्पदा र जग्गाको प्रयोगको अवस्थाको विवरण तयार पारिनेछ। |
| २. गुठी जग्गाको सदुपयोग गरी उत्पादन बढाउने। | १. गुठी जग्गालाई सदुपयोग गरी गुठी सम्पदाको आय वृद्धि गरी आयलाई पर्यटन प्रवर्द्धनमा उपयोग गरिनेछ।<br>२. गुठी जग्गाको संरक्षण, व्यवस्थापन र विकासका लागि |

| रणनीति | कार्यनीति |
|---|---|
| | स्थानीय तह र गुठी सम्बद्ध संस्थासंग सहकार्य गरिनेछ।<br>३. गुठीसंग सम्बन्धित मठमन्दिरको व्यवस्थापन सुनिश्चतता गर्दै आवश्यकताको आधारमा गुठी जग्गाहरू रैकर गर्दै लगिनेछ। |

### अपेक्षित उपलब्धि

गुठी जग्गा अभिलेखाकंन भई व्यवस्थित भएको हुने र गुठीसँग जोडिएका सम्पदाहरूको संरक्षण भएको हुनेछ।

## ५.१० जनसंख्या, युवा तथा बसाइसराइ

### विद्यमान अवस्था

वि.स. २०५८ र २०६८ बीचमा यस प्रदेशको औसत जनसंख्या वृद्धिदर १.३७ प्रतिशत रहेको थियो जुन नेपालको कुल नेपालको औसत जनसंख्या वृद्धिदर भन्दा ०.०२ प्रतिशतले बढी हो। यस प्रदेशका पहाडी जिल्लाहरूमा गुल्मी, अर्घाखाँची र पाल्पामा उक्त समयावधिमा जनसंख्या वृद्धिदर नकारात्मक रह्यो भने अन्य पहाडी जिल्ला रोल्पा, रूकुम र प्युठानमा जनसंख्या वृद्धिदर ०. ६७ प्रतिशत र १ प्रतिशतका बीचमा रह्यो। तराई मधेशका सबै जिल्लाहरूमा जनसंख्या वृद्धिदर १ प्रतिशत भन्दा माथि रहेको छ। यो प्रदेशको जनसंख्याको उमेर बनावटको विश्लेषण गर्दा सक्रिय जनसंख्या (१५– ५९ वर्ष) को प्रतिशत ५५.८ प्रतिशत रहेको छ भने बालबालिका (०– १४ वर्ष) को ३६.३ प्रतिशत, ज्येष्ठ नागरिक (६० वर्ष माथिको जनसंख्या) को ७.९ प्रतिशत रहेको छ।

### प्रमुख समस्या

तराईका ६ जिल्लामा अधिक जनसंख्या केन्द्रित हुनु; तराईका जिल्लाहरूमा परिवारका आकार ठूलो हुनु (प्रति परिवार ५ जनाभन्दा बढी); सापेक्षित रूपमा पहाडी जिल्लाहरूमा लैङ्गिक अनुपात असन्तुलित भइ महिलाको तुलनामा पुरूषहरूको संख्या कम हुनु; तराईका जिल्लाहरूमा खासगरी मधेसी समुदाय तथा पहाडी जिल्लामा विपन्न जातजातिमा बाल विवाह गर्ने प्रचलन अझै उल्लेख्य रहनु; कतिपय पिछडिएको दलित, मुस्लिम समुदायमा प्रजनन दर अझै उच्च रहनु; परिवार नियोजनका साधनको प्रयोगदर राष्ट्रिय औसत दर भन्दा कम हुनु; किशोरीहरू (१५ देखि १९ वर्ष उमेरमा) गर्भवती हुनु र बच्चा जन्माउनु (१३ प्रतिशतभन्दा बढी) र किशोरीहरूको परिवार नियोजनको साधनहरूको प्रयोग दर अत्यन्तै कम हुनु; आन्तरिक बसाइसराइ उच्च हुनु; पहाडका कतिपय जिल्लामा जनसंख्या वृद्धिदर ऋणात्मक हुनु, युवा बेरोजगार हुनु र वैदेशिक रोजगारबाट

सिर्जित सामाजिक, सांस्कृतिक तथा मनोवैज्ञानिक समस्याहरू यस प्रदेशका जनसंख्या व्यवस्थापनका प्रमुख समस्याहरू हुन्।

## चुनौती र अवसर

जनसंख्याको ठूलो हिस्सा ओगटेको युवा जनशक्तिको उचित परिचालन र व्यवस्थापन गर्नु, पहाडका कतिपय जिल्लाहरूबाट भएको आन्तरिक बसाइसराइलाई रोक्नु; विद्यमान बसाइसराइबाट उत्पन्न हुने सामाजिक, आर्थिक, साँस्कृतिक तथा स्वास्थ्यसम्वन्धी समस्या समाधान गर्दै तराईका कतिपय शहरी क्षेत्रहरूमा व्यवस्थित बसोवास गराउनु; पहाडी जिल्लामा छरिएर रहेका बस्तीहरूमा भौतिक सुविधाहरूको व्यवस्था गर्नु; बाल विवाह तथा महिला विरूद्ध गरिने हिंसा तथा भेदभावलाई न्यूनीकरण गर्नु; दलित, विपन्न आदिवासी/जनजाति, मुस्लिममा यौन प्रजनन स्वास्थ्य तथा परिवार नियोजनका सेवाको पहुँचमा वृद्धि गर्नु; स्थानीय सरकारको क्षमता वृद्धि गरी जन्म, मृत्यु बसाइसराइ र विवाह सम्वन्धी अद्यावधिक तथ्याङ्क राख्नु र यस्ता तथ्याकंलाई नीति तथा योजना निर्माणमा प्रयोग गर्नु चुनौतीका रूपमा रहेका छन्।

नेपालको संविधानले प्रदेश र स्थानीय सरकारलाई पनि जनसंख्या व्यवस्थापन सम्वन्धी अधिकार प्रदान गर्नु; नेपालले जनसंख्या र विकास सम्वन्धमा अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गर्नु; वर्तमान जनसंख्याको बनौट जनसांख्यिक लाभांशको लागि उपयुक्त अवस्थामा रहनु; राजमार्ग वा अन्य सडकका छेउछाउमा सुरक्षित तथा व्यवस्थित शहरीकरण गर्न सकिने अवस्था हुनु; बालविवाह, किशोर अवस्थामा हुने गर्भधारण तथा बच्चा जन्माउने दरमा कमी ल्याउन स्थानीय संचार माध्यम र स्थानीय मातृभाषामा सचेतना कार्यक्रम संचालन गर्न सकिने अवस्था हुनु, युवाहरूमा उद्यमशीलता सम्बन्धी सोचको विकास हुनु र विद्यालयको औपचारिक शिक्षामा जनसंख्या वातावरण तथा स्वास्थ्य जस्ता विषयको अध्यापन हुनु आदि जनसंख्या व्यवस्थापनका अवसरहरू हुन्।

## दीर्घकालीन सोच

सन्तुलित जनसंख्या वृद्धिदर, व्यवस्थित बसाइसराइ, यौन तथा प्रजनन स्वास्थ्य सुधार भएको गुणस्तरीय जीवनयापन गर्ने प्रदेश।

### लक्ष्य

जनसांख्यिक लाभ लिनेगरी जनसंख्या र बसाइसराइ व्यवस्थापन गर्ने।

## उद्देश्य

१. यौन तथा प्रजनन स्वास्थ्य र, परिवार नियोजन सेवालाई अधिकारमुखी धारणाअनुसार पहुँच वृद्धि गर्नु।

२. आन्तरिक र बाहिरी बसाइसराइ व्यवस्थित गर्नु।

३. जनसाख्यिक लाभांश हासिल हुनेगरी सक्रिय युवा शक्तिलाई प्रदेशको विकासमा अधिकतम प्रयोग गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सुरक्षित मातृत्व, सुरक्षित गर्भपतन, यौन तथा प्रजनन स्वास्थ्य र परिवार नियोजन सेवालाई अधिकारमुखी धारणा अनुसार पहुँचमा वृद्धि गर्ने। | १. सुरक्षित मातृत्व, यौन तथा प्रजनन स्वास्थ्य सूचना तथा सेवालाई गुणस्तरीय बनाउँदै पहुँच बढाइनेछ।<br>२. किशोरी अवस्थामा हुने गर्भधारण र असुरक्षित यौन सम्वन्ध जस्ता क्रियाकलापमा कमी ल्याउन यौन शिक्षा र प्रजनन स्वास्थ्य शिक्षालाई विद्यालय तथा समुदायमा विस्तार गरिनेछ।<br>३. असुरक्षित गर्भपतनलाई प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक विधिबाट न्यूनीकरण गर्दै लगिनेछ।<br>४. परम्परागत सोच र अभ्यासलाई निरूत्साहित गरी छोराछोरी समान हुन् भन्ने धारणा अभिवृद्धि गर्दै लिङ्ग पहिचान गरी गैर कानूनी तरीकाले गरिने गर्भपतनलाई पूर्णरूपमा नियन्त्रण गरिने छ।<br>५. परिवार नियोजनका साधनको गुणस्तरीय सेवा तथा इच्छाएको साधनको छनोट र भरपर्दो सेवा विस्तार गरिनेछ। साथै, महिलाहरूको प्रजनन स्वास्थ्यलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम ल्याइनेछ।<br>६. अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख जातिहरूको संरक्षण गर्ने नीति अपनाइनेछ। |
| २. जनसंख्या र विकास सम्वन्धी अन्तर सम्वन्धका विविध पक्षलाई सूचना, शिक्षा र संचारसँग आवद्ध गर्ने। | १. यौन र प्रजनन स्वास्थ्य तथा अधिकारसम्वन्धी सचेतना अभिवृद्धि गर्न किशोर- किशोरी तथा युवा (१० वर्ष देखि २४ वर्ष) मैत्री स्वास्थ्य सूचना, सचेतना र सेवामा विस्तार गरिनेछ।<br>२. बालविवाहलाई निर्मूल गर्न सचेतनामूलक कार्यक्रम लगायत छोरीहरूलाई माध्यमिक तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षाको व्यवस्था र कानूनको पालना गराइनेछ।<br>३. किशोर- किशोरीको चालचलनमा सुधार गर्न लागु पदार्थ दुर्व्यसनी, दुराचार तथा यौन दुराचार जस्ता कार्यबाट किशोर किशोरीलाइ टाढा राख्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।<br>४. जनसंख्या र विकास तथा बसाइसराइ सम्वन्धी विभिन्न पक्षमा अध्ययन, अनुसन्धान गर्न र त्यस्ता अध्ययनका निष्कर्षहरूलाई नीति निर्माणमा प्रयोग गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. बसाइसराइ प्रक्रियालाई विकासको एक अभिन्न अङ्गका रूपमा लिई व्यवस्थित गर्ने । | १. राजमार्ग वा अन्य महत्वपुर्ण सडकहरूमा एकीकृत तथा दिगो बस्ती विकास गर्नुका साथै त्यस्ता बस्तीहरूलाई ग्रामिण इलाकासँग कार्यगत रूपमा जोडिनेछ।<br>२. आन्तरिक बसाइसराइबाट स्थानीय बासिन्दाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा नकारात्मक असर हुन नदिन कार्यक्रम संचालन गरिनेछ।<br>३. आन्तरिक बसाइसराइ कम गर्न पहाडी जिल्लामा व्यवस्थित बस्ती विकास र रोजगारीका अवसरहरू सिर्जना गरिनेछ।<br>४. सरकारी, गैरसरकारी, निजी तथा विकास साझेदार संस्थाहरूको सहकार्यमा जनसंख्या व्यवस्थापनका क्रियाकलापहरू समन्वयात्मक रूपबाट संचालन गरिनेछ। |
| ४. स्थानीय स्तरमा जनसंख्या र विकास सम्वन्धीत कार्यक्रमको तर्जुमा गर्दा युवाहरूको सहभागिता गराउने। | १. जनसंख्या लाभांशको उच्चतम प्रतिफल प्राप्त गर्नका लागि युवाहरूलाई प्राविधिक तथा जीवनोपयोगी शिक्षा र स्वास्थ्यमा लगानी वृद्धि गरिनेछ।<br>२. सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको सहकार्यमा युवाहरूलाई स्वरोजगार तथा उत्पादनमूलक कार्य गर्न ऋण सुविधा तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। |
| ५. स्थानीय तहको सहकार्यमा व्यक्तिगत घटना दर्ता प्रणालीको विस्तार गरी विश्वसनीयता तथा प्रभावकारिता बढाउने। | १. प्रदेशमा जन्म, विवाह, बसाइसराइ र मृत्यु जस्ता व्यक्तिगत घटनाको अभिलेख अद्यावधिक गर्ने कार्यलाई व्यवस्थित र अनिवार्य गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।<br>२. स्थानीय तहमा राखिने जनसांख्यिक तथ्याङ्कलाई प्रदेशसँग आवद्ध गर्दै सूचना अद्यावधिक हुने प्रणालीको विकास गरिनेछ। |

## अपेक्षित उपलब्धि

जनसंख्या वृद्धिदर सन्तुलित अवस्था रहेको हुने, लैङ्गिक अनुपातमा सुधार भएको हुने, बसाइसराइ व्यवस्थित भएको हुने, जनसांख्यिक लाभ प्राप्त भएको हुने, बालबिवाह र किशोर अवस्थामा हुने गर्भधारण कमी हुने र प्रजनन स्वास्थ्यमा सुधार आएको हुनेछ।

## ५.११ सामाजिक क्षेत्रसम्बन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरू

### शिक्षा

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्था | आवश्यक नीति, कानून तर्जुमा र संस्थाको स्थापना | कार्यान्वयन तथा संचालन | | | | साविम |
| २ | नमुना बालविकास केन्द्र स्थापना तथा प्रारम्भिक बाल शिक्षा कार्यक्रम | आवश्यकता पहिचान र स्थान छनोट | स्थापना र संचालन | | | | साविम/स्थानीय तह/नेपाल सरकार |
| ३ | अनिवार्य आधारभूत शिक्षा सबलीकरण कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम/स्थानीय तह |
| ४ | सामुदायिक विद्यालय र क्याम्पसमा विज्ञान शिक्षा प्रवर्द्धन कार्यक्रम (कम्तीमा प्रत्येक जिल्लामा एक वटा) | स्थान र संस्था छनोट | कार्यक्रम संचालन | | | | साविम/स्थानीय तह/नेपाल सरकार |
| ५ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | कार्यक्रम संचालन | कार्यक्रम संचालन | | | | साविम/स्थानीय तह/नेपाल सरकार/ संघ संस्थाहरू |
| ६ | धार्मिक विद्यालय सवलीकरण र मूलप्रवाहीकरण कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन शुरूवात | कार्यक्रम संचालन | | | | साविम/स्थानीय तह/नेपाल सरकार |
| ७ | प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन शुरूवात | कार्यक्रम संचालन | | | | साविम /स्थानीय तह/नेपाल सरकार |
| ८ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रम | कार्यक्रम तर्जुमा र शुरूवात | कार्यक्रम संचालन | | | | साविम/स्थानीय तह/नेपाल सरकार/ संघसंस्थाहरू |
| ९ | प्रादेशिक विश्व विद्यालय स्थापना र संचालन | स्थापना | संचालन | | | | साविम |
| १० | उच्च शिक्षा प्रदान गर्ने सामुदायिक क्याम्पस भौतिक सुधार कार्यक्रम | आवश्यकता पहिचान र कार्यान्वयन | कार्यान्वयन | | | | साविम |

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| ११ | शिक्षासम्बन्धी विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन | योजना तर्जुमा | कार्यान्वयन | | | | साविम |
| १२ | शैक्षिक सुशासन प्रवर्द्धन कार्यक्रम | कार्यक्रम तर्जुमा र शुरूवात | संचालन | | | | साविम / स्थानीय तह |
| १३ | नमुना इ विद्यालय- कार्यक्रम | प्रत्येक जिल्लामा एक वटा माध्यमिक विद्यालय छनोट गरी कम्प्युटर, इन्टरनेट, इ-पुस्तकालय, डिजिटल सिकाइ तथा डिजिटल कार्यालयको अवधारणा लागू | •निर्वाचन क्षेत्रमा एक वटाका दरले विस्तार गर्ने। | | | | साविम/ स्थानीय तह |

नोटः साविम = सामाजिक विकास मन्त्रालय

## स्वास्थ्य

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्थापन (स्वास्थ्यमा विपद् व्यवस्थापन सहित) | आवश्यकता पहिचान, तर्जुमा र स्थापना | आवश्यकता पहिचान, तर्जुमा र स्थापना | | | | साविम |
| २ | महिला स्वास्थ्य कार्यक्रम (बर्थिङ सेन्टर, आमा सुरक्षा, परिवार नियोजन, किशोर किशोरी स्वास्थ्य,वृहत यौनिकता शिक्षा, सुरक्षित गर्भपतन, पाठेघर समस्या, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन प्रणाली) | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम/ स्थानीय तह |
| ३ | सरूवारोग (औलो, कालाजार, फाईलेरियासिस, डेंगु, तथा महामारी) नियन्त्रण, विपद् व्यबस्थापन तथा वातावरणीय स्वास्थ्य कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम/ स्थानीय तह |
| ४ | यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम |
| ५ | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली तथा स्वास्थ्य व्यवस्थापन कार्यक्रम (कडा रोगको उपचारको लागि आर्थिक सहयोग समेत) | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम/ स्थानीय तह |

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| ६ | क्षयरोग तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम |
| ७ | वाल स्वास्थ्य कार्यक्रम (खोप, भिटामिन ए वितरण, पोषण, वाल्परोगको एकिकृत व्यवस्थापन) | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम/ स्थानीय तह |
| ८ | स्वास्थ्य तालिम तथा अनुसन्धान कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम |
| ९ | स्वास्थ्य शिक्षा, बीमा, जनचेतनामूलक कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम/ स्थानीय तह/संघसंस्थाहरू |
| १० | नसर्ने रोग व्यवस्थापन कार्यक्रम (मुटुरोग, मृगौला रोग,दम, मधुमेह, क्यान्सर सिकलसेल एनिमिया, थालमेसिया समेत) | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम/ स्थानीय तह |
| ११ | स्वास्थ्य उपकरण, औषधि आपुर्ति तथा भवन र अन्य निर्माण कार्यक्रम (प्रादेशिक ट्रमा सेन्टर, कृत्रिम अङ्ग, एम्बुलेन्स तथा शव बाहन समेत) | आवश्यकता पहिचान, खरीद व्यवस्थापन, डीपीआर निर्माण, ट्रमा सेन्टर स्थापना | खरीद, आपूर्ति र निर्माण | | | | साविम |
| १२ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम |
| १३ | विशिष्टिकृत स्वास्थ्य सेवा प्रवर्द्धन | प्रादेशिक अस्पतालको लागि कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम |
| १४ | स्वास्थ्य संस्था तथा अस्पताल गुणस्तर तथा फोहर व्यवस्थापन कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम/ सम्बन्धित अस्पाताल |
| १५ | आपतकालीन सेवा सञ्चालन गर्न स्वास्थ्य निकाय तथा अस्पतालहरूको क्षमता बिस्तार कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यक्रम कार्यान्वयन | | | | साविम/ सम्बन्धित अस्पताल |

नोटः साविम = सामाजिक विकास मन्त्रालय, प्रास्वानि = प्रादेशिक स्वास्थ्य निर्देशानलय

## जेष्ठ नागरिक र अपाङ्गता

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक तथा अपाङ्गताको लगतका साथै वर्तमान अवस्था अध्ययन | अध्ययन सम्पन्न | | | | | साविम |
| २ | जेष्ठ नागरिक सेवा केन्द्र | उपमहानगरपालिका वडाहरूमा | ३२ नगरपालिकामा | ३४ वटा गाउँपालिका | ३९ वटा गाउँपालिका | | साविम / स्थानीय तह/ सामाजिक संघसंस्थाहरू |
| ३ | बृद्धाश्रमको नियमित अनुगमन र आर्थिक सहयोग र मानव सेवा आश्रमको व्यवस्था | नियमित अनुगमन र आवश्यकताको आधारमा अनुदान सहयोग | | | | | साविम / स्थानीय तह/संघसंस्थाहरू |
| ४ | जेष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण | सबै वडामा छ छ महिनामा निःशुल्क स्वास्थ्य परीक्षण | | | | | साविम / स्थानीय तह |
| ५ | अपाङ्ग मैत्री खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू संचालन | अपाङ्ग मैत्री खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू संचालन | | | | | साविम / स्थानीय तह/संघसंस्थाहरू |
| ६ | अपाङ्गता भएका व्यक्तिहरूलाई सिपमुलक कार्यक्रम (नदोहरिने र स्वरोजगार हुने गरी) | सिपमूलक कार्यक्रम संचालन | | | | | साविम / स्थानीय तह/सामाजिक संघसंस्था |
| ७ | अपांगता पुनःस्थापना गृह स्थापना तथा स्तरोन्नति | सम्भाव्यता अध्ययन, स्थान छनोट | निर्माण तथा स्तरोन्नति | | | | साविम / स्थानीय तह |

नोटः साविम = सामाजिक विकास मन्त्रालय

## महिला विकास तथा सशक्तीकरण

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | महिला सशक्तीकरण कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | साविम/ स्थानीय तह/संघसंस्थाहरू |

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| २ | लैंगिक हिंसा निराकरण तथा बेचबिखन नियन्त्रणका लागि सचेतना मूलक कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | साविम/ स्थानीय तह/संघसंस्थाहरू |
| ३ | स्थानीय तहहरूमा महिला उद्यमशीलता कार्यक्रम संचालन | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | साविम /स्थानीय तह/संघसंस्थाहरू |
| ४ | महिला पुर्नस्थापना कार्यक्रम (अल्पकालीन आश्रयस्थलको व्यवस्था समेत) | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | साविम/स्थानीय तह/संघसंस्थाहरू |
| ५ | महिला प्रहरी सेलको व्यवस्था | आवश्यकता पहिचान र महिला प्रहरी सेलको व्यवस्था | कार्यान्वयन | | | | आमाकाम |
| ६ | कार्यक्षेत्रहरूमा शिशु स्याहार केन्द्रको व्यवस्था | आवश्यकता पहिचान गरी शिशु स्याहार केन्द्रको व्यवस्था | | | | | साविम |

नोट साविम = सामाजिक विकास मन्त्रालय

## बालबालिका

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेशस्तरमा बाल सुधार गृहको स्थापना र संचालन | बाल सुधार गृहको स्थापना र संचालन | व्यवस्थापन र संचालन | | | | साविम |
| २ | बालकल्याण समितिको व्यवस्था | व्यवस्थापन | व्यवस्थापन | | | | साविम |
| ३ | बालश्रम र बाल विवाहमुक्त अभियान कार्यक्रम | अभियानमूलक कार्यक्रमहरू संचालन | | | | | साविम/स्थानीय तह/संघसंस्थाहरू |
| ४ | न्यून आयभएका परिवारका बालबालिकाहरूका लागि पोषण सुधार कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | साविम/स्थानीय तह/संघसंस्थाहरू |
| ५ | स्थानीय तहको सहकार्यमा बालक्लवहरूको स्थापना र संचालन | बालक्लवहरूको स्थापना र संचालन | संचालन | | | | साविम/स्थानीय तह/संघसंस्थाहरू |

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| ६ | आश्रयविहीन बालबालिकाहरूका लागि पुनर्स्थापना गृहहरूको स्थापना, स्तरोन्नती तथा सहयोग कार्यक्रम | आवश्यकता पहिचान र कार्यक्रम संचालन | कार्यक्रम संचालन | | | | साविम/संघसंस्थाहरू |

नोट साविम = सामाजिक विकास कार्यक्रम

## खेलकुद

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेशस्तरीय खेलकुदको संस्थागत संरचना निर्माण | नियम कानून तर्जुमा गरी संस्थागत संरचना निर्माण | संचालन | | | | प्रदेश सरकार/ साविम |
| २ | गाउँ तथा नगरपालिकाका वडाहरूसम्म खेलमैदान निर्माण (आवश्यकताका आधारमा सशर्त तथा समपूरक अनुदान) | स्थान छनोट र निर्माण | | | | | साविम/ स्थानीय तहहरू |
| ३ | रंगशालाहरूको निर्माण | स्थान छनोट डिपीआर बनाउने निर्माण शुरू | निर्माण चरण | निर्माण चरण | | निर्माण सम्पन्न | साविम / भौपूम / नेपाल सरकार |
| ४ | खेलकुद प्रशिक्षण कार्यक्रम | सबै स्थानीय तहमा | | | | | साविम/ स्थानीय तह |
| ५ | प्रदेशस्तरीय खेलकुद प्रतियोगिता (मुख्यमन्त्री रनिंग शिल्ड, वर्षको एक चोटी, नेपाली मौलिक खेलहरू समेत समावेश) | प्रतियोगिता संचालन | | | | | साविम |

नोटः साविम = सामाजिक विकास मन्त्रालय / भौपूम = भौतिक पूर्वाधार मन्त्रालय

## भाषा, साहित्य, कला तथा संस्कृति

### प्रमुख आयोजना तथा कार्यक्रम

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | लोपोन्मुख तथा अन्य भाषासम्बन्धी शोध कार्य, लिपि विकास र संरक्षण कार्यक्रम | कार्यक्रमको कार्यविधि तयारी र शुरूवात | कार्यक्रम संचालन | | | | साविम/ स्थानीय तह |
| २ | सांस्कृतिक संग्रहालयहरू निर्माण (थारू, मगर, मुश्लिम आदि) | आवश्यकता पहिचान, स्थान छनोट र डिपीआर निर्माण | सांस्कृतिक संग्रहालयहरू निर्माण | सांस्कृतिक संग्रहालयहरू निर्माण | सांस्कृतिक संग्रहालयहरू निर्माण | | साविम/ भौपूविम/ स्थानीय तह |
| ३ | प्रादेशिक साहित्य र कला प्रवर्द्धन कार्यक्रम | प्रादेशिक साहित्य र कला एकडेमी र प्रादेशिक साहित्यिक कला पुरस्कारको स्थापना | संचालन र वार्षिक रूपमा पुरस्कार प्रदान | | | | प्रदेश सरकार / साविम |

नोटः साविम =सामाजिक विकास मन्त्रालय / भौपूविम = भौतिक पूर्वाधार विकास मन्त्रालय

## सम्पदा संरक्षण

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७ /७८ | २०७८ /७९ | २०७९ /८० | २०८० /८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | कानूनी तथा संस्थागत संरचनाको व्यवस्था | कानूनी तथा संस्थागत संरचना गठन | संस्थागत संरचनाको संचालन | | | | प्रदेश सरकार/साविम |
| २ | प्राकृतिक, ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको अनुसन्धान अभिलेखाकंन, संरक्षण र प्रचारप्रसार कार्यक्रम | अनुसन्धान र अभिलेखाकंन | संरक्षण र प्रचार प्रसारका काम | | | | साविम / स्थानीय तह |
| ३ | सम्पदामा आधारित पर्यटन विकास कार्यक्रम(ऐतिहासिक संग्रहालय समेत) | सम्पदा छनोट र डिपीआर तयार | डिपीआर बमोजिम कार्य | | | | साविम / उपववाम/ स्थानीय तह |

नोटः साविम = सामाजिक विकास मन्त्रालय

## गुठी व्यवस्थापन

| क. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | कानूनी व्यवस्था र प्रादेशिक संस्थागत संरचना | आवश्यक कानूनी व्यवस्था गरी संस्थागत संरचना स्थापना | संचालन | | | | प्रदेश सरकार / साविम/भूव्यकृसम |
| २ | गुठी जग्गाको अभिलेखांकन | गुठीको जग्गा अभिलेखाकंन | | | | | गुठीसम्बन्धी संस्थागत संरचना |
| ३ | गुठी जग्गाको संरक्षण र सदुपयोग | | अभिलेखाकंन पश्चात गुठी जग्गाको संरक्षण र सदुपयोग गुरूयोजना तर्जुमा | गुरूयोजनाको कार्यान्वयन | | | गुठीसम्बन्धी संस्थागत संरचना / स्थानीय तह |

नोटः साविम = सामाजिक विकास मन्त्रालय

## जनसंख्या, युवा र बसाइसराइ

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य शिक्षा तथा सूचना कार्यक्रम (स्थानीय भाषामा समेत, परिवार नियोजनका साधनको उपलब्धता समेत) | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम |
| ३ | युवा स्वरोजगार कार्यक्रम (संघीय कार्यक्रमसंग तालमेल मिल्ने गरी) | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम /स्थानीय तह/नेपाल सरकार |
| ४ | युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम /स्थानीय तह |
| ५ | युवा उद्यमशीलता विकास कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम /स्थानीय तह/संघसंस्थाहरू |
| ६ | वैदेशिक रोजगार सचेतना कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम /स्थानीय तह/नेपाल |

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सरकार/संघसंस्थाहरू |
| ७ | बालिका शिक्षा प्रवर्द्धन, बालविवाह र बहुविवाह निर्मूल कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम /स्थानीय तह/नेपाल सरकार/संघसंस्थाहरू |
| ८ | लागु औषधि दुर्व्यसन नियन्त्रण कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम /स्थानीय तह/नेपाल सरकार/संघसंस्थाहरू |
| १० | जन्म, मृत्यु, विवाह र बसाइसराइ जस्ता घटनादर्ता कार्यक्रम र नियमित विश्लेषण | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम /स्थानीय तह/नेपाल सरकार |

## ५.१२ सामाजिक क्षेत्रका नतिजा खाका

### प्रभाव

| प्रमुख सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| मानव विकास सूचकाङ्क | | ०.५१ | | | | | ०.६३० | प्रतका/केतवि |
| जन्मदाको अपेक्षित आयु | वर्ष | ६९.३ | ६९.५७ | ९.७७ | ६९.९७ | ७०.१७ | ७२ | प्रतका/केतवि |
| लैंगिक सशक्तीकरण सूचकाङ्क | | | | | | | | प्रतका/केतवि |

## असर

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| शिक्षा | | | | | | | | |
| प्रारम्भिक बाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर | प्रतिशत | ८४ (बालक ८५, बालिका ८३) | | | | | ९४ | साविम |
| प्रारम्भिक बाल शिक्षा तथा पूर्व प्राथमिक शिक्षाको अनुभव भइ कक्षा१मा भर्नाहुने दर | प्रतिशत | ६४.३ (बालक ६२.३, बालिका ६४.३) | | | | | ९० | साविम |
| आधारभूत शिक्षा (कक्षा १– ८) को खूद भर्नादर | प्रतिशत | ९०.५ | ९२.३ | ९३.४ | ९४.६ | ९५.८ | ९७ | साविम |
| आधारभूत शिक्षा (कक्षा १– ८) को पूरा गर्ने दर | प्रतिशत | ३४.८ (बालक ३३.६, बालिका ३६) | | | | | १०० | साविम |
| माध्यमिक तह (कक्षा ९– १२) को कूल भर्नादर (दिविल ४.१) | प्रतिशत | ७४.७ | | | | | ९३ | साविम |
| माध्यमिक तह (कक्षा ९– १२) को खूद भर्नादर (दिविल ४.१) | प्रतिशत | ४०.५ | | | | | ५५ | साविम |
| साक्षरता दर (१५ देखि ४९ वर्ष)<br>पुरूष<br>महिला | प्रतिशत | ७९.४<br>८६.९<br>७२.६ | | | | | ९५ | साविम |
| कक्षा १० सम्मको टिकाउ दर | प्रतिशत | | | | | | | साविम |
| कक्षा १२ सम्मको टिकाउ दर | प्रतिशत | | | | | | | साविम |
| इन्टरनेट पहुँच भएका विद्यालयहरू | प्रतिशत | | | | | | ६५ | साविम |
| विद्यालय व्यवस्थापनमा बाल क्लबहरूलाई | संख्या | | | | | | | साविम |

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सहभागी गराइएको विद्यालय | | | | | | | | |
| प्राविधिक शिक्षा पढ्ने विद्यार्थीको हिस्सा विद्यालय तह उच्च शिक्षा | प्रतिशत | | | | | | | साविम |
| स्वास्थ्य | | | | | | | | |
| बाल मृत्यु दर (५ वर्ष मुनिका, प्रति हजार जीवित जन्म) (दिविल ३.२.१) | संख्या | ४५ | | | | | ३० | जस्वास |
| नवजात शिशु मृत्यु दर (प्रति हजार जीवित जन्म) दिविल ३.२.२) | संख्या | ३० | | | | | २० | जस्वास |
| मातृ मृत्यु दर (प्रति लाख जीवित जन्म) दिविल ३.१.१) | संख्या | २१५ | | | | | | प्रतका/केतवि |
| ४ पटक पूर्व प्रसुति सेवा लिएका महिला (दिविल ३.३.१) | प्रतिशत | ७७.५ | ८० | ८२ | ८५ | ८७ | ९० | जस्वास |
| प्रसुति पश्चात ३ पटक सेवा लिएका महिला (दिविल ३.८) | प्रतिशत | २१.७ | २३ | २४ | २५ | २६ | २७ | जस्वास |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने महिला (दिविल ३.८) | प्रतिशत | ७५.२ | ७७ | ७९ | ८१ | ८२ | ८४ | जस्वास |
| DPT, HepB, Hib सुई लिएका शिशुहरूको प्रतिशत (दिविल ३.८) | प्रतिशत | ८७ | ९० | ९५ | १०० | | | जस्वास |
| ३० मिनेट भित्रको दुरीमा स्वास्थ संस्थामा पहुँच हुने परिवार (दिविल ३.८.१) | प्रतिशत | ५२.२ | ६५ | ७० | ८० | ९५ | १०० | जस्वास |
| जेष्ठ नागरिक तथा अपाङ्ता | | | | | | | | |
| सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित जेष्ठ नागरिक | संख्या | | | | | | | साविम |
| रोजगारी तथा स्वरोजगारीमा संलग्न अपाङ्गता भएका व्यक्तिहरू | संख्या | | | | | | | साविम |

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **महिला तथा बालबालिका** | | | | | | | | |
| बैंक खाता भएका महिलाहरू | प्रतिशत | ३८.७ | | | | १०० | | |
| यौन हिंसा भोगेका (१५ देखि ४९ वर्षका) महिलाहरूको अनुपात (दिविल ५.२.२) | प्रतिशत | ८.३ | | | | | ४.० | साविम |
| १५ वर्ष नपुग्दै विवाह गर्ने २० देखि २४ वर्ष उमेरका महिला (दिविल ५.३.१) | प्रतिशत | ४.७ | | | | | २.२ | साविम |
| श्रम शक्तिमा पुरूषमा महिलाहरूको अनुपात (दिविल ५.४.१) | प्रतिशत | ६९ | | | | | ८० | साविम |
| प्रजनन स्वास्थ्य, परिवार नियोजन र यौन सम्वन्धबारे आफै सुसूचित निर्णय गर्ने १५ देखि ४९ वर्षका महिलाहरू (दिविल ५.६.१) | प्रतिशत | २०.३ | | | | | ६०.० | जस्वास |
| घरजग्गाको स्वामित्व महिलाको भएका घरपरिवार अनुपात (दिविल ५.६.१) | प्रतिशत | ११.८ | | | | | २८.० | साविम |
| **भाषा कला संस्कृति** | | | | | | | | |
| साहित्यिक पुस्तक प्रकाशन | संख्या | | | | | | | साविम |
| **जनसंख्या, युवा तथा बसाइसराइ** | | | | | | | | |
| बाल विवाह (१८ वर्षभन्दा कम) गर्ने अनुपात | प्रतिशत | | | | | | | साविम |
| कम उमेर(१५ देखि १९ वर्ष) मा आमा बनेको अनुपात | प्रतिशत | १७ | | | | | | साविम |
| परिवार नियोजनका साधनहरूको उपलब्धताबाट सन्तुष्ट १५ देखि ४९ वर्षका महिला (दिविल ३.७.१) | प्रतिशत | ५१.३ | | | | | ६८.० | साविम |
| परिवार नियोजनका साधन उपलब्धता दर (दिविल ३.७.१) | प्रतिशत | ३८.९ | | | | | ५०.० | साविम |

| सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६ /७७ | २०७७ /७८ | २०७८ /७९ | २०७९ /८० | २०८० /८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| कूल प्रजनन दर– प्रति महिला (दिविल ३.७.१) | प्रतिशत | २.४ | | | | | | जस्वास |

## प्रतिफल

| सूचक | एकाइ | २०७५ /७६ | २०७६ /७७ | २०७७ /७८ | २०७८ /७९ | २०७९ /८० | २०८० /८१ |
|---|---|---|---|---|---|---|---|
| **शिक्षा** | | | | | | | |
| नमूना बालविकास केन्द्र | संख्या | १२ | १२ | २० | २० | २० | २० |
| बालशिक्षामा प्रारम्भिक सिकाइ विकासका मापदण्ड लागू भएका बालशिक्षा कक्षाहरू | संख्या | १२९३ | १४९३ | १७०० | १९०० | २००० | २२०० |
| ११– १२ मा विज्ञान पढाइ हुने सामुदायिक विद्यालय | संख्या | ३५ | ४० | ४५ | ५० | ५५ | ६० |
| इन्टरनेट पहुँच भएका विद्यालयहरू | संख्या | ९३५ | १२७५ | १५०० | २००० | ३५०० | ५००० |
| छात्रवृत्ति प्राप्त विद्यार्थीहरू | संख्या | | | | | | |
| छात्रा | | १२३० | १३५० | १५०० | १७०० | १८०० | २००० |
| छात्र | | – | ७०० | १००० | १५०० | १८०० | २००० |
| दलित | | – | २०० | ३०० | ४०० | ६०० | ७०० |
| नमूना विद्यालयहरू | संख्या | – | १०९ | | | | |
| प्राविधिक विषयमा कक्षा ९– १२ मा भर्ना हुने विद्यार्थी | संख्या | – | १०४०० | ११००० | १४००० | १६००० | १८००० |
| भौतिक सुधार गरिएका सामुदायिक क्याम्पस (थप वार्षिक) | संख्या | ८५ | २२ | ३० | ३२ | ३४ | ३६ |
| प्राविधिक उच्च शिक्षा पढ्ने विद्यार्थी | संख्या | ८७० | १००० | ११५० | १२०० | १५०० | १६०० |
| **स्वास्थ्य** | | | | | | | |
| स्वास्थ्य शिविरबाट लाभान्वित व्यक्तिहरू(वार्षिक) | संख्या | २५००० | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० |
| नयाँ एच.आई. भि संक्रमित व्यक्ति (दिविल ३.३) | संख्या | ६६४ | ६०० | ५५० | ५०० | ४५० | ४०० |
| लिम्फेटिक फ्लोरिसबाट संक्रमित | संख्या | १८८ | १३० | १०० | ८५ | ७० | ६० |

| सूचक | एकाइ | २०७५ /७६ | २०७६ /७७ | २०७७ /७८ | २०७८ /७९ | २०७९ /८० | २०८० /८१ |
|---|---|---|---|---|---|---|---|
| डेंगु लागेका मानिस | संख्या | १८९ | १५० | १३० | १०० | ८० | ६० |
| टर्चोमा (Trachoma) भएका मानिस | संख्या | ३४१ | | | | | |
| क्षयरोग प्रकोप दर (प्रति लाख जनसंख्यामा)(दिविल ३.३) | संख्या | १३६ | १३० | १२५ | १२० | ११५ | ११० |
| मलेरिया प्रकोप दर(प्रति हजार जनसंख्यामा)(दिविल ३.३) | संख्या | ०.०४९ | ०.०४० | ०.०३० | ०.०१० | | |
| कुष्ठरोग प्रकोप दर(प्रति हजार जनसंख्यामा) (दिविल ३.३.१) | संख्या | २.८ | २ | १.५ | १ | | |
| स्वास्थ्यबीमा भएका व्यक्ति(वार्षिक) | हजार | २२५ | २५० | ५०० | १००० | १५०० | १७०० |
| बर्थिङ सेन्टर | संख्या | ३६३ | ३७८ | ३९३ | ४०८ | ४१५ | ४३० |
| पाठेघर खस्ने रोगको उपचार | संख्या | ७५० | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| किशोरकिशोरी मैत्री सरकारी स्वास्थ्य संस्था | संख्या | २१ | २५ | ३० | ३५ | ४० | ४५ |
| **जेष्ठ नागरिक तथा अपाङ्गता** | | | | | | | |
| जेष्ठ नागरिक सेवा केन्द्र | संख्या | | ८० | १०० | १०० | १०९ | ११५ |
| जेष्ठ नागरिकको निशुल्क स्वास्थ्य परीक्षण | संख्या | | १९६६ | १९६६ | १९६६ | २००० | २००० |
| सिपमूलक तालिम लिएका अपाङ्गता भएका व्यक्तिहरू(वार्षिक) | संख्या | | १४० | १६० | २०० | २५० | २६० |
| अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना | संख्या | | ५० | ५० | ५० | | |
| **महिला तथा बालबालिका** | | | | | | | |
| सिपयुक्त तालिम प्राप्त महिलाहरू (वार्षिक) | संख्या | | २४० | २८० | ३२० | ३५० | ४०० |
| उद्यमी महिलाहरू विकास (वार्षिक) | संख्या | | १८० | २०० | २२५ | २३० | २५० |
| बालक्लबहरू | संख्या | | ६० | ९० | १२० | १५० | १७० |
| पुनर्स्थापित बालबालिका | संख्या | | ४० | १०० | १०० | १०० | १०० |
| खेलमैदान | संख्या | १६ | १०९ | | | | |
| रंगशाला | संख्या | | | | २ | | |

| सूचक | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|---|---|
| प्रशिक्षण प्राप्त गर्ने खेलाडी | संख्या | | | | | | |
| प्रदेशस्तरीय खेलकूद प्रतियोगिता | संख्या | २ | २ | २ | २ | २ | २ |
| **भाषा कला संस्कृति** | | | | | | | |
| भाषा कक्षा संचालन(वार्षिक) | संख्या | | २५ | २५ | २५ | २५ | २५ |
| सांस्कृतिक संग्रहालयहरू निर्माण | संख्या | | | २ | २ | २ | २ |
| प्रादेशिक साहित्यिक कला पुरस्कार वितरण | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| **सम्पदा संरक्षण** | | | | | | | |
| सम्पदाहरूको संरक्षण(वार्षिक) | संख्या | | १० | १० | १० | १० | १० |
| सम्पदामा आधारित पर्यटन पूर्वाधार(वार्षिक) | संख्या | | ३ | ३ | ३ | ४ | ४ |
| **जनसंख्या, युवा तथा बसाइसराइ** | | | | | | | |
| युवा उद्यमीहरू (हजार) | संख्या | | २५ | २५ | २५ | २५ | २५ |
| नयाँ एकिकृत वस्ती(लाभान्वित घर परिवार) | संख्या | | १ | १ | १ | १ | १ |

**नोटः** यस नतिजा खाकामा रहेका प्रभाव र असर अन्तर्गतका सूचकहरूमा समग्र प्रदेशको गन्तव्यमा पुग्नको लागि विभिन्न सरोकारवालाहरूको लगानी र सहयोग सहितको आंकलन गरिएको छ भने, प्रतिफलमा राखिएका सूचकहरूको लक्ष्य प्रदेशको बजेटबाट मात्र गर्नेगरी आंकलन गरिएको छ।

# पाठ ६: पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार विकास कार्यान्वयन

### विद्यमान अवस्था

नेपालमा योजनाबद्ध विकासको ६ दशकको अवधिमा यस प्रदेशमा करिब ११,००० किलोमिटर सडक निर्माण भएको, सबै १२ जिल्लामा सडक सञ्जाल बिस्तार भएको, करिब ९० प्रतिशत घरपरिवारलाई आधारभूत खानेपानी सुविधा, करिब ८१ प्रतिशत जनसंख्यालाई विद्युत् सेवा र आधाभन्दा बढी कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुगेको छ। त्यसै गरी टेलिफोन घनत्त्व १३४ प्रतिशत पुगेको छ तथा ५० प्रतिशत घरपरिवारमा इन्टरनेट पुगेको छ। यस अवधिमा धेरै परिवर्तन भएपनि अपेक्षाकृत उपलब्धि भने हासिल हुन सकेको छैन। विनियोजित पूँजीगत खर्च कम हुने, भौतिक पूर्वाधार निर्माणका काम समयमा नसकिने र निर्मित पूर्वाधार संरचनाको गुणस्तर कमजोर रहने गरेको छ। देश संघीय संरचनामा आइसकेपछि प्रदेशस्तरमा भौतिक पूर्वाधार विकास द्रुतगतिमा गर्ने र केन्द्रमा हालसम्म पूर्वाधार विकास आयोजनाको तर्जुमा तथा कार्यान्वयनमा रहने गरेका समस्याहरू दोहोरिन नदिई आर्थिक, वित्तीय तथा अन्य सूचकका आधारमा सम्भाव्य देखिएका बढी प्रतिफलदायी आयोजना मात्र पूर्ण पूर्वतयारीका साथ कार्यान्वयनमा ल्याउनु र पूर्व निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा सम्पन्न हुने सुनिश्चितता गर्नु जरूरी रहेको छ।

### प्रमुख समस्या

बजेटमा व्यवस्था गरिएको पूँजीगत बजेटको ठूलो अंश खर्च हुन नसक्नु, गुणस्तरीय निर्माण हुन नसक्नु र पूर्वाधार विकास आयोजनाहरू समयमा निर्माण सम्पन्न हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्। मन्त्रालयहरूबीच समन्वयको अभाव भई आयोजनाहरूको विकास तथा कार्यान्वयनमा असर पर्ने गरेको विगतको अनुभव रहेको छ। तीन तहका सरकारहरूको कार्यक्षेत्रबारे एक किसिमको अन्योल कायमै रहेको छ भने कार्यालय तथा कर्मचारीको व्यवस्थापनले पूर्णता पाउन सकेको छैन।यसैगरी धेरै युवाहरू बेरोजगारीको समस्या दर्शाउँदै कामको खोजीमा विदेश जाने प्रवृति रहेकै स्थितिमा पूर्वाधार विकास परियोजनाहरूमा श्रमिकको अभाव रहनुजस्तो विरोधाभासपूर्ण स्थिति रहेको छ।

### चुनौती र अवसर

तीन तहका सरकारहरूबीच समन्वय र दरबन्दी बमोजिमको समायोजन वा नयाँ नियुक्ति गरी विकासका कामहरू अघि बढाउनु, विनियोजित पूँजीगत बजेट पूरै खर्च गर्नसक्ने संयन्त्र र

क्षमताको विकास गर्नु, पूर्वाधार विकासमा हुने भ्रष्टाचार र चुहावट रोक्नु र पूर्वाधार विकास गर्न चाहिने ठूलो लगानी जुटाउनु चुनौतीपूर्ण छ। साथै, आयोजनालाई आवश्यक पर्ने वन क्षेत्र लगायतको जग्गा प्राप्ती पनि चुनौतीपूर्ण रहेको छ।

पूर्वाधार विकासका लागि जनस्तरसंग रहेको पूँजी एवम् गैर आवासीय नेपाली तथा वैदेशिक लगानी परिचालन र आधुनिक प्रविधिको प्रयोग गर्न सकिने अवसर छ। नयाँ सिर्जना भएको प्रदेश सरकारले द्रुतगतिमा पूर्वाधार विकास गर्ने संस्थागत संयन्त्र बनाएर अघि बढ्न सक्छ। पूर्वाधार विकासमा भएको नेपाली अनुभव र सिर्जित ज्ञानलाई उपयोग गर्नसक्ने अवसर छ। देश जनसांख्यिक लाभको युगमा रहेको हुँदा धेरै बेरोजगार युवालाई पूर्वाधार विकासको काममा रोजगारी दिने अवसर छ।

## दीर्घकालीन सोच

पूर्वाधारसम्बन्धी आयोजनाहरूको सहज र प्रभावकारी कार्यान्वयन हुने अवस्था।

## लक्ष्य

पूर्वाधार विकासका आयोजनाहरूको कार्यान्वयन प्रभावकारी र द्रुततर गतिले गर्ने।

## उद्देश्य

१. पूर्वाधार विकासका काम सन्तुलित, प्रभावकारी, गुणस्तरीय र चुहावट रहित ढंगले गर्नु।
२. पूर्वाधार विकासका लागि आवश्यक पुँजी संकलन र परिचालन गर्नु।
३. पूर्वाधार विकासमार्फत् रोजगारी सिर्जना गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यमान संरचनाको अधिकतम प्रयोगको अतिरिक्त पूर्वाधार क्षेत्रको द्रुततर विकास गर्ने विशिष्ट प्रकृतिको निकाय स्थापना गर्ने। | १. द्रुत गतिमा विशेष महत्वका पूर्वाधार विकास गर्न समयसीमा तोकिएको पूर्वाधार विकास संस्थागत संरचना स्थापना र संचालन गरिनेछ।<br>२. तीन तहका सरकारबीच समन्वय गरी प्रदेश मातहतका पूर्वाधार आयोजनाहरू कार्यान्वयन गरिनेछ।<br>३. नेपाल सरकारसँगको सहकार्यमा निर्माणाधीन अधुरा पूर्वाधार आयोजनाहरू सम्पन्न गर्न प्राथमिकता दिइनेछ।<br>४. आयोजनाहरू अनुगमन तथा मूल्यांकनका लागि प्रदेश योजना आयोगको नेतृत्त्वमा अनुगमन तथा मूल्यांकन संयन्त्र बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. पूर्वाधार विकासका कामहरू आयोजना मोडेलमा कार्यान्वयन गर्न जोड दिइनेछ। |
| २. कर्मचारीहरूको क्षमता, मनोबल तथा उत्प्रेरणा अभिवृद्धि गर्ने। | १. प्रोत्साहन कोष खडा गरि योगदानको मूल्याङ्कन र योगदानमा आधारित प्रोत्साहन तय गर्ने संयन्त्र बनाइनेछ।<br>२. पूर्वाधार निर्माणमा संलग्न उत्कृष्ट व्यक्ति, समूह र संस्थाहरूलाई सम्मान र पुरस्कृत गर्नुको साथै असल अभ्यासलाई जानकारी गराउने र अनुभवहरू साटासाट गर्ने व्यवस्था मिलाइनेछ। |
| ३. पूर्वाधार विकास सम्बन्धी नेपालमा सिर्जित सूचना,ज्ञान र अनुभवको संकलन, विश्लेषण तथा प्रयोग गर्ने। | १. पूर्वाधार निर्माणको अनुभवको अभिलेखीकरण, नयाँ ज्ञानको सिर्जना र पूर्वाधार निर्माणको तालिम प्रदान गर्न पूर्वाधार पुस्तकालय तथा पूर्वाधार तालिम केन्द्रको स्थापना र संचालन गरिनेछ। |
| ४. पूर्वाधार क्षेत्रलाई चाहिने ठूलो लगानी जुटाउने संयन्त्र स्थापना गरी लगानी परिचालन गर्ने। | १. कर्मचारी, व्यवसायी तथा जनस्तरको पूँजी अभियानका रूपमा संकलन गरेर पूर्वाधारमा लगानी गर्नेगरी प्रदेश लगानी कोषको स्थापना गरिनेछ।<br>२. पुँजीबजारमार्फत् प्रदेशका वासिन्दा, गैर आवासीय नेपाली र वैदेशिक लगानीलाई परिचालन गरी पूर्वाधारमा लगानी वृद्धि गरिनेछ।<br>३. पूर्वाधार निर्माणमा सार्वजनिक, निजी र सामुदायिक साझेदारीलाई प्रवर्द्धन गरिनेछ। |
| ५. बेरोजगार युवालाई रोजगारी दिने तथा पूर्वाधार विकासमा सहयोगी हुनेगरी श्रमिकको संस्थागत व्यवस्था गर्ने। | १. एकीकृत श्रमिक दस्ता सम्बन्धी ऐन बनाएर सार्वजनिक-निजी साझेदारीमा श्रमिक आपूर्ति कार्यालय संचालनमा ल्याइनेछ। संघीय एवम् स्थानीय तहसित सहकार्य गर्दै बेरोजगार युवाहरूलाई पूर्वाधार विकासमा रोजगारी दिइनेछ। |
| ६. पूर्वाधार आयोजना कार्यान्वयन गर्न नीतिगत व्यवस्था र परियोजना बैंक तयार गर्ने। | १. प्रदेश योजना आयोगमार्फत प्रदेश परियोजना बैंक बनाइनेछ।<br>२. प्रादेशिक महत्त्वका पूर्वाधार कार्यान्वयनमा आउने जग्गा प्राप्ती, वनको उपयोग, निर्माण सामग्रीको व्यवस्थापन तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| | अन्य उल्झन कम गर्न नीतिगत व्यवस्था गरिनेछ।<br>३. लाभग्राहीलाई पूर्वाधार निर्माणमा प्रत्यक्ष सहभागी गराई लाभको समन्यायिक वितरण गरिने व्यवस्था गरिनेछ। |

### अपेक्षित उपलब्धि

पूर्वाधार विकास प्राधिकरणमार्फत् ५० अर्ब रूपैयाँभन्दा माथिको लगानीका पूर्वाधार परियोजनाहरू निर्माण सम्पन्न भएका र एक खर्ब रूपैयाँभन्दा माथिको लगानीका परियोजनाहरू निर्माणाधीन हुनेछन्। प्रदेश संचय तथा लगानी कोषको स्थापना भई कम्तीमा एक खर्ब रूपैयाँको लगानी भएको हुनेछ। कर्मचारीको मनोबल तथा कार्यक्षमतामा उल्लेख्य सुधार भई पूँजीगत बजेट पूरै खर्च हुने स्थिति हुनेछ। पूर्वाधार पुस्तकालय तथा पूर्वाधार तालिम केन्द्रको संचालन भएको हुनेछ। श्रमिक आपूर्ति कार्यालय संचालनमा आई कम्तीमा वार्षिक १०,००० जनाले रोजगारी पाएका हुनेछ।

## ६.२ सिँचाइ

### विद्यमान अवस्था

आधुनिक र व्यावसायिक कृषिको बिस्तार एवम् उत्पादकत्त्व वृद्धिकालागि अन्य कुराको अतिरिक्त भरपर्दो सिँचाइ सुविधाको आवश्यकता पर्दछ। यस प्रदेशमा खेतीयोग्य भूमिको ५१ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा पुगेको छ। त्यसमा पनि वर्षभरी सिँचाइ सुविधा पुगेको भूमि एक तिहाइभन्दा थोरै छ। प्रशस्त नदी नालाहरू भए पनि वैज्ञानिक ढंगले सिँचाइ सुविधा विस्तार हुन नसक्दा यस प्रदेशको उल्लेख्य खेतीयोग्य भूमि आकाशे खेतीमा निर्भर रहेको छ। नेपालको संविधानले प्रदेशस्तरको सिँचाइ प्रदेशको अधिकार सूचीभित्र र स्थानीय सिँचाइ स्थानीय तहको अधिकार क्षेत्रभित्र राखेको छ।

### प्रमुख समस्या

यो प्रदेशको करिब साढे ६ लाख हेक्टर सिँचाइयोग्य जमिनमध्ये आधाजसो भू-भागमा सिँचाइको सुविधा नपुग्नु र सिँचाइ पुगेको भूमिमा पनि बाह्रैमास सिँचाइ सुविधा नहुनु प्रमुख समस्या हुन्। ठूला सिँचाइ आयोजना समयमा नसकिनु, मर्मत सम्भारको अभाव रहनु र सिँचाइ प्रणालीको प्रभावकारी व्यवस्थापन हुन नसक्नु पनि प्रमुख समस्याका रूपमा रहेका छन्।

## चुनौती र अवसर

धेरैभन्दा धेरै भूमिमा सिँचाइ सुविधा पुऱ्याउनु ,सिँचाइ सुविधा वर्षैभरी उपलब्ध गराउनु र जनसहभागिता जुटाई दिगो व्यवस्थापन गर्नु मुख्य चुनौती छन्। पानी निकास हुने व्यवस्था नगरी सिँचाइको सुविधा पुऱ्याउने प्रचलनले थप चुनौती ल्याएको छ। यसका अतिरिक्त सिँचाइ सुविधा पुगेका खेतीयोग्य जमिनलाई खण्डीकरण गरेर अनुत्पादक हुनबाट रोक्नु चुनौतीपूर्ण छ।

भौगोलिक अवस्थालाई हेर्दा जलाशयहरू निर्माण गरेर पनि तराईका खेतीयोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउन सकिनु, राष्ट्रिय गौरवका तीन वटा सिँचाइ आयोजनाहरू कार्यान्वयनमा रहनु र नयाँ प्रविधि तथा जल व्यवस्थापन अपनाएर सिँचाइ विस्तार र समुचित प्रयोग गर्न सकिनु प्रमुख अवसर हुन्।

## दीर्घकालीन सोच

कृषि उत्पादकत्व वृद्धिको लागि पर्याप्त सिँचाइ सुविधा भएको प्रदेश।

## लक्ष्य

कृषियोग्य भूमिमा भरपर्दो एवम् दिगो सिँचाइको व्यवस्थापन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने।

## उद्देश्य

दिगो र भरपर्दो सिँचाइ सुविधाको विस्तार गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विभिन्न प्रविधिको प्रयोग गरेर दिगो रूपमा सिँचाइ सुविधा विस्तार गर्ने। | १. प्रदेशका सिँचाइसम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषणसहित गुरूयोजना बनाएर काम गरिनेछ।<br>२. सतही, भूमिगत, लिफ्ट, थोपा सिँचाइ तथा स्प्रिङ्कलर जस्ता प्रविधि प्रयोग गरी सिँचाइ सुविधा बिस्तार गरिनेछ।<br>३. स्थानीय तहले गर्नसक्ने आयोजनाहरू (५० हेक्टर भन्दा कम) स्थानीय तहमार्फत् गर्न प्रोत्साहन गरिनेछ।<br>४. मर्मत सम्भार कोष स्थापना गर्ने र नियमित मर्मत सम्भार गर्ने व्यवस्था गरिनेछ। |
| २. सिँचाइको प्राथमिक उद्देश्य सहितका | १. नौमुरे आयोजनालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।<br>२. कालीगण्डकी तिनाउ तथा माडी-दाङ्ग बहुउद्देश्यीय पथान्तरण (diversion) आयोजनाको वातावरणीय, आर्थिक र सामाजिक |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रादेशिक गौरवका आयोजना विकास गर्ने। | प्रभावको अध्ययन गरी कार्यान्वयनमा लगिनेछ।<br>३. नौमुरे तथा कालीगण्डकी-तिनाउ आयोजनाहरूको नहर विकास गर्दा रासीदेखि तिनाउसम्म नदी बेसिन जोड्ने अवधारणालाई ध्यान दिइनेछ।<br>४. प्रदेशभित्र पर्ने सिँचाइका राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्न आवश्यक समन्वय गरिनेछ।<br>५. नदी तथा खोलाको पानी संकलन गरी पहाडका खोँच तथा चुरेको फेदीमा सुरक्षा प्रवन्ध सहितका बहुउद्देश्यीय जलाशय एवम् कृत्रिम तालहरूको निर्माण र पुराना पोखरीको बिस्तार तथा मुहानको संरक्षण गरिनेछ। |
| ३. साना किसानहरूलाई सिँचाइ पहुँच वृद्धिको साथै साना सिँचाइका लागि स्थानीय तहसंग सहकार्य गर्ने। | १. सम्पन्न आयोजनाको संचालन तथा दिगो व्यवस्थापनका लागि स्थानीय तह तथा जलउपभोक्ता समितिलाई सक्षम र प्रभावकारी बनाउन सहयोग र प्रोत्साहन गरिने नीति लिइनेछ।<br>२. सिँचाइ महसुल एवम् सिंचाइ आयोजनाका लागि जम्मा गरिएको प्रारम्भिक कोषलाई निर्माण सम्पन्न भएपछि मर्मत संभार कोषमा परिणत गरिनेछ।<br>३. सिंचित कृषि भूमिलाई कृषि प्रयोजनमा मात्रै प्रयोग गर्ने सुनिश्चितता गरी स्थानीय तहले माग गरेका सिँचाइ आयोजनालाई प्राथमिकतामा राखी कार्यक्रम तथा बजेट विनियोजन गरिनेछ।<br>४. साना किसानहरूका सिंचाइसम्बन्धी मागलाई सम्बोधन गर्नेगरी नीतिगत व्यवस्था गरिनेछ।<br>५. सिंचाइमा प्रयोग हुने डिप बोरिङमा लाग्ने विद्युत महशुलमा डिमाण्ड चार्ज नलाग्ने व्यवस्था मिलाइनेछ। |
| ४. सिंचाइ आयोजनाहरूबाट सह-उत्पादनको रूपमा विद्युत् निकाल्न प्रोत्साहन गर्ने। | १. सिंचाइ आयोजनाहरूको अध्ययन गर्दा बहुउद्देश्यीय संभावनाको अध्ययन गरिनेछ।<br>२. विद्यमान आयोजनाका नहरहरूमा सिँचाइलाई असर नगर्ने गरी जलविद्युत तथा सौर्य ऊर्जा विकास गर्न प्रोत्साहन गरिनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा ७० प्रतिशत कृषियोग्य भूमिमा सिंचाइ पुगेको, ३५ प्रतिशतमा बाह्रै महिना सिंचाइ पुगेको, सिँचित क्षेत्रको बिस्तारले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढेको हुनेछ।

## ६.३ जलविद्युत तथा प्रसारण लाइन

### विद्यमान अवस्था

नेपालमा वर्षेनि खपत हुने ऊर्जाको करिब ३ प्रतिशत मात्रै विद्युतीय ऊर्जा छ र १० वर्षमा विद्युत्‌को प्रति व्यक्ति खपत हालको ११० बाट १५०० किलोवाट-घण्टा पुऱ्याउने नीति नेपाल सरकारले प्रस्तुत गरेको छ। राष्ट्रिय स्तरमा ५ वर्षमा ५,००० मेगावाट र १० वर्षमा १५,००० मेगावाट जडित क्षमता पुऱ्याउने नीतिसित तादात्म्य हुने गराउँदा जनसंख्याको अनुपातमा यस प्रदेशले ५ वर्षमा ७५० मेगावाट विद्युत प्लान्ट थप्नुपर्ने हुन्छ। तर राष्ट्रिय स्तरमा ऊर्जा मिश्रणको हिसाबले र प्रदेशको जलविद्युत संभाव्यताको हिसाबले यस प्रदेशमा जलविद्युतलाई विद्युत् ऊर्जा उत्पादनको एक हिस्साको रूपमा विकास गरिनेछ। उत्पादनको वृद्धि सँगसँगै विद्युतसेवा नपुगेका स्थानहरूमा सेवा बिस्तार गर्नुपर्नेछ।

यस प्रदेशको जलविद्युत् संभाव्यता तुलनात्मक रूपमा कमजोर छ र हालसम्म ३६ मेगावाटको हाराहारी मात्रै जलविद्युत् उत्पादन भएको छ। ७ मेगावाट जलविद्युत् निकाल्ने गरी दरमखोलामा र ४८ मेगावाट जलविद्युत् निकाल्ने गरी भेरी-बबई परियोजना निर्माणाधीन छ। २४५ मेगावाटको बहुउद्देश्यीय नौमुरे तथा १०४ मेगावाटको कालीगण्डकी-तिनाउ पथान्तरण आयोजनाहरू पहिचान भएका छन्। सीमा नदी उत्तरगंगाबाट कर्णाली र गण्डकी प्रदेशसितको संयुक्त प्रयासमा ६०० मे.वा. जलविद्युत् उत्पादन गर्ने संभावना छ। कालीगण्डकी, माडी, झिम्रुक नदीमा करिब १,००० मेगावाटको हाराहारीका जलाशययुक्त आयोजना पहिचान भएका छन्। त्यस्तै यो प्रदेशमा करिब १० मेगावाट निर्माणाधीन र करिब ५० मेगावाट अध्ययनको क्रममा रहेका साना तथा मझौला जलविद्युत् आयोजनाहरू पर्दछन्।

### प्रमुख समस्या

पूर्वाधारको पनि पूर्वाधार मानिने र औसतमा जलविद्युत् लगानीको १० प्रतिशत पनि नलाग्ने प्रसारण लाइनको विकास गर्नलाई उत्पादन केन्द्रको विकासलाई पर्खनु युक्तिसंगत हुँदैन। देशमा एउटा मात्रै बिजुली खरीद गर्ने निकाय हुनु, विद्युत् खरीद सम्झौता समयमै नहुँदा उत्पादित विद्युतको बिक्री सुनिश्चित नहुनु, विद्युत खपत बढाउने रणनीति नलिइनु र वर्तमानको मागमा सीमित भई आपूर्ति व्यवस्थापन तथा उत्पादन रणनीति लिइनुलाई समस्याको रूपमा मान्नुपर्ने हुन्छ। निजी क्षेत्र तथा जनस्तरमा जलविद्युतप्रति उत्साहजनक आकर्षण हुँदाहुँदै प्रसारण लाइनको

अभाव र उत्पादित विद्युत बिक्री गर्ने प्रबन्ध नहुँदा जलविद्युतको सोचेजस्तो विकास हुनसकेको छैन। लोडसेडिङ हटेपनि नियमित, भरपर्दो र गुणस्तरीय विद्युत आपूर्ति हुन सकेको छैन।

## चुनौती र अवसर

जलविद्युत विकासमा पर्याप्त इच्छाशक्ति जुटाउनु, पर्याप्त पुँजीको परिचालन गर्नु, उत्पादनसंगै यसको खपत बढाउँदै जानु तथा प्रदेश तहमा जलविद्युत् उत्पादन, प्रसारण र वितरणसम्बन्धी अधिकार, क्षमता र संस्थागत व्यवस्था गर्नु यस क्षेत्रका मुख्य चुनौतीहरू हुन्।

विद्युत उत्पादन बढाएर हाल वर्षमा १.५ खर्ब रूपैयाँभन्दा बढी मात्रामा भएको पेट्रोलियमको आयात कम गर्ने, परनिर्भरता कम गर्ने र कार्वन उत्सर्जन घटाउने अवसर छ। सिँचाइ, खानेपानी, बाढी तथा भूक्षय नियन्त्रण र पर्यटन प्रवर्द्धन गर्ने सहलाभ लिनेगरी जलविद्युत् विकास गर्ने अवसर छ। नेपालको जलविद्युतमा स्वदेशी एवम् विदेशी लगानीकर्ताहरूको तथा जनताको उल्लेख्य आकर्षण हुनु, प्राविधिक ज्ञान, अनुभव र निर्माण क्षमता नेपालमै पाइनु यो क्षेत्रको लागि अनुपम अवसर हुन्।

## दीर्घकालीन सोच

प्रदेशको जलविद्युत संभावनाको अधिकतम सदुपयोग र यसको प्रयोग अभिवृद्धि।

## लक्ष्य

स्वच्छ ऊर्जाको रूपमा जलविद्युत उत्पादन र यसको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धिमा योगदान पुऱ्याउने।

## उद्देश्य

१. विद्युतमा सबै जनताको पहुँच पुऱ्याउनु।
२. विद्युत खपत बढाउनुका साथै जलविद्युतमा भएको संभावनाको सदुपयोग गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्युत नपुगेका स्थानहरूमा विद्युत सेवा बिस्तार गर्ने। | १. जलविद्युत विकासका लागि आवश्यक प्रादेशिक संरचना निर्माण गरिनेछ।<br>२. स्थानीय तहको सहभागितामा सबै प्रकारका ऊर्जास्रोत उपयोग गरी शत प्रतिशत जनतालाई विद्युत पुऱ्याइनेछ।<br>३. प्रदेशका सबै जिल्लालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्नुका साथै प्रसारण तथा वितरण प्रणालीको बिस्तार तथा सुधार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. विद्युतीकरणमा आउने व्यवधान हटाउने गरी आवश्यक नीतिगत व्यवस्था गरिनेछ।<br>५. प्रसारण लाइनलाई पूर्वाधारको पनि पूर्वाधारको रूपमा लिई निर्माण गरिनेछ। |
| २. यातायात, उद्योग र घरायसी प्रयोगमार्फत् विद्युत खपत बढाउने। | १. विद्युतको खपत बढाउन र पेट्रोलियम पदार्थको उपभोग घटाउन नागरिकहरूलाई अभिमुखीकरण गर्ने र विद्यमान अनुदान नीति पुनरावलोकन गर्न संघीय तहसँग समन्वय गरिनेछ।<br>२. शहरी क्षेत्रमा विद्युतीय यातायात संचालनलाई प्राथमिकतामा राखिनेछ।<br>३. औद्योगिक क्षेत्रमा नियमित विद्युत आपूर्तिको व्यवस्था गरिनेछ। |
| ३. जलविद्युतमा निजी, सामुदायिक तथा वैदेशिक लगानी आकर्षित गर्ने। | १. प्रवर्द्धकहरूलाई जग्गा प्राप्ति तथा वनको स्वीकृतिमा सहजीकरण गरिनेछ।<br>२. निजी लगानीकर्तालाई आकर्षित र सहजीकरण गर्न कानूनी व्यवस्था परिमार्जन गर्न सहजीकरण गरिनेछ।<br>३. प्रदेश नं ५ भित्र तोकिएको अवधिसम्म संचालनमा आइसक्ने शर्तमा निर्माण हुने निजी जलविद्युत आयोजनाहरूलाई प्राथमिकता प्राप्त क्षेत्र तोकी सहुलियत दिने नीति लागु गरिनेछ। |
| ४. बहु-उपयोगी परियोजना पहिचान, प्रोत्साहन र विकास गर्ने। | १. निजी जलविद्युत परियोजनाले पर्यटनको समेत कार्यक्रम समावेश गरेर अतिरिक्त आम्दानी गरेमा आवश्यक सहुलियत दिइनेछ।<br>२. निजी जलविद्युत परियोजनाले सिँचाइको समेत कार्यक्रम समावेश गरेमा सिँचाइ सुविधाको लागत अनुपात हिसाब गरी करमा सहुलियत तथा आंशिक अनुदानका लागि सहजीकरण गरिनेछ।<br>३. यस प्रदेशका पहाडी जिल्लामा रहेका नदी तथा खोलाहरूबाट निकाल्न सकिने जलविद्युतको सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गरिनेछ।<br>४. स्थानीय तहलाई परियोजना पहिचान र उत्पादनमा प्रोत्साहित गरिनेछ। |

### अपेक्षित उपलब्धि

नौमुरे परियोजनाको निर्माण शुरू भएको हुने, प्रदेशमा १५० मेगावाट जलविद्युत उत्पादन भएको हुने, पर्याप्त प्रसारण लाइनहरू बनेका हुने, विद्युतीय यातायात सेवा संचालन भएको हुने र अन्य ऊर्जासमेत गरी शत प्रतिशत घरपरिवारमा विद्युत सेवा पुगेको हुने तथा विद्युत उपयोग बढेको हुनेछ।

## ६.४ सौर्य ऊर्जा

### विद्यमान अवस्था

नेपालमा वैकल्पिक ऊर्जाको रूपमा करिब ६ लाख घरायसी सौर्यपाता जडान भई अनुमानित १५ मेगावाट र एक मेगावाट जति व्यावसायिक गरी करिब १६ मेगावाट सौर्य ऊर्जा जडान भएको छ। करिब २५ मेगावाट निर्माणाधीन समेत करिब ५० मेगावाट क्षमताको सौर्य ऊर्जाको विद्युत खरिद सम्झौता भएको र करिब २४० मेगावाटको लागि सर्वेक्षण अनुमतिपत्र जारी भएको छ।

विश्वव्यापी सन्दर्भमा सन् २०१० देखि २०१७ सम्ममा सौर्य ऊर्जाको लागत ७३ प्रतिशतले झरेको र सन् २०२० पछि सौर्य ऊर्जा कुनै पनि किसिमका ऊर्जाको समकक्षी वा सस्तो लागत पर्ने अन्तर्राष्ट्रिय नविकरणीय ऊर्जा एजेन्सीको प्रतिवेदनमा उल्लेख हुनुले तथा छिमेकी देशमा प्राथमिकताका साथ सौर्य ऊर्जा विकास गरिनुले विश्वव्यापी रूपमा सौर्य ऊर्जाले महत्त्व पाउँदै गएको दर्शाउँछ।

नेपाल सौर्य ऊर्जाको हिसाबले राम्रो संभावना भएको देशमा पर्छ र सालाखाला हिसाबले नेपालको क्षेत्रफलको १ प्रतिशत जमिनमा मात्रै सौर्यपाता जडान गर्दा करिब ४०,००० मेगावाट सौर्य ऊर्जा प्लान्ट राख्न सक्ने संभावना छ। प्रदेश नं ५ को हकमा जलविद्युतको तुलनात्मक रूपमा कम संभावना भएको कारणले यहाँ सौर्य ऊर्जाबाट लाभ लिन सकिने स्थिति छ।

### प्रमुख समस्या

सौर्य ऊर्जाको धेरै संभावना भएर पनि उत्पादन नगण्य रहनु, यसको संभावनाको बारेमा यथेष्ट जानकारी नहुनु, विद्युत नीतिहरू तथा यससम्बन्धी निकायहरूले विद्युत भनेकै जलविद्युत हो भन्नेगरी परिभाषित गर्नु तथा नियमनकारी निकाय तथा कर्मचारीहरूमा अनुभव र विज्ञताको कमी रहनु प्रमुख समस्या हुन्।

## चुनौती र अवसर

सौर्य ऊर्जालाई वैकल्पिक नभई मूल ऊर्जाको रूपमा लिने वातावरण सिर्जना गर्नु, प्रति मेगावाट २-३ हेक्टरको दरले आवश्यक पर्ने जग्गा उपलब्ध गराउनु र लगानी जुटाउनु चुनौतीपूर्ण देखिएको छ।

सौर्य ऊर्जाको विश्वव्यापी लहर र मूल्यमा आएको भारी गिरावट, उपयोगमा नआएका प्रशस्त डाँडापाखाहरूको उपलब्धता, नविकरणीय ऊर्जामार्फत आत्मनिर्भर हुनसक्ने संभावना, सिँचाइका लागि बहु-उद्देश्यीय जलाशय बनाई सौर्य ऊर्जा उत्पादन गर्ने संभावना र निजी क्षेत्रको यस्तो ऊर्जाप्रतिको आकर्षण प्रमुख अवसर हुन्। जलविद्युतको तुलनामा निर्माण अवधि छोटो हुनु र निर्माणाधीन हुँदादेखि नै आंशिक उत्पादन लिन सकिनु यसको अर्को आकर्षण हो। सबै घरमा बिजुली पुऱ्याउने लक्ष्यको सन्दर्भमा ग्रिड पुऱ्याउन नसक्ने घरका लागि सौर्य ऊर्जा राम्रो अवसर हो।

## दीर्घकालीन सोच

सौर्य ऊर्जालाई मूलधारको विद्युत ऊर्जाको रूपमा विकास गरेको अग्रणी प्रदेश।

### लक्ष्य

नमूना परियोजनाहरूमा लगानी तथा निजी क्षेत्रलाई आकर्षित गरेर यस प्रदेशलाई सौर्य ऊर्जा उत्पादनमा अग्रणी प्रदेश बनाउने।

## उद्देश्य

सौर्य ऊर्जाको उत्पादन तथा उपभोग बढाउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सौर्य उर्जा सम्बन्धी नीति तर्जुमा र संरचनागत व्यवस्था गर्ने। | १. सौर्य ऊर्जाको विकासका लागि आवश्यक नीतिनियम तर्जुमा र संरचना बनाइनेछ।<br>२. उत्पादित विद्युत उचित मूल्यमा बिक्री हुने वातावरण सिर्जना गरिनेछ।<br>३. तापीय सौर्य चुल्होको प्रवर्द्धन तथा प्रयोगमा प्रोत्साहन गरिनेछ। |
| २. सौर्य ऊर्जाको अध्ययन र विकासमा प्रदेश सरकारले उल्लेख्य लगानी गर्ने। | १. सौर्य ऊर्जाको संभाव्यता अध्ययन र आयोजना पहिचानका लागि यथाशीघ्र अध्ययन गराइनेछ।<br>२. प्रदेश सरकार आफै र निजी क्षेत्र तथा स्थानीय तहको सहकार्यमा सौर्य ऊर्जा उत्पादन गरिनेछ। |

| | |
|---|---|
| ३. स्थानीय तह र निजी क्षेत्रसँग सौर्य ऊर्जा उत्पादनमा सहकार्य गर्ने। | १. स्थानीय तहसित समन्वय गरी आयोजना स्थल पहिचान गरी सौर्य ऊर्जा आयोजना कार्यान्वयन गरिनेछ।<br>२. झन्झटरहित तरिकाले लिजमा जग्गा उपलब्धता, उपकरण किन्न सहजीकरण र अन्य सहुलियत प्रदान गरी निजी क्षेत्रलाई सौर्य उर्जा उत्पादनमा प्रेरित गरिनेछ।<br>३. सिँचाइ, कृषि, पर्यटन तथा उद्योग संचालनमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहन दिइनेछ।<br>४. ग्रिडको बिजुली पुऱ्याउन कठिन हुने ठाउँमा सौर्य ऊर्जा जडान गरिनेछ।<br>५. सार्वजनिक स्थलहरूलाई उज्यालो बनाउन सौर्य ऊर्जाको उपयोग गरिनेछ। |

### अपेक्षित उपलब्धि

जल र वायू ऊर्जासमेतको योगदानमा विद्युतीय ऊर्जामा आत्मनिर्भर प्रदेश भएको हुने, शतप्रतिशत घरमा विद्युत् पुगेको हुने, प्रदेश आफै (५० मेवा) र निजी तथा स्थानीय तहको सहकार्य गरी कम्तिमा ३०० मेगावाट सौर्य ऊर्जा जडान भएको हुनेछ।

## ६.५ अन्य नवीकरणीय ऊर्जा

### विद्यमान अवस्था

नेपालको ऊर्जा खपतको तीन-चौथाईभन्दा बढी हिस्सा स्थानीय जैविक पदार्थ (काठ, दाउरा तथा गुँइठा) बाट प्राप्त हुन्छ। प्रभावकारिताको कमी, धूवाँले स्वास्थ्यमा पार्ने नकारात्मक असर तथा वनजंगल जोगाउने नीतिले गर्दा यस्ता पदार्थको प्रयोग निरूत्साहित भएको र क्रमशः एलपि ग्यास र मट्टितेलको प्रयोग बढ्दै गई ऊर्जामा परनिर्भरता बढेको छ। रूख तथा पातपतिङ्गर कुहिएर खेर गएको तथा देशको ठूलो धनराशि विदेशिएको यथार्थ पनि वैकल्पिक ऊर्जाको विकासद्वारा सम्बोधन गर्न सकिने हुन्छ। दिगोविकासको दृष्टिले हेर्दा जीवाश्म इन्धन (पेट्रोलियम र कोइला) नविकरणीय ऊर्जा होइनन्। फेरि यस्तो ऊर्जानिकट भविष्यमा लोप हुनसक्ने अड्कलबाजीहरू छन् भने काठ-दाउरा नविकरणीय तथा कार्वन-तटस्थ ऊर्जाका स्रोत हुन्।

गोबर तथा मानव मलमूत्रबाट बायोग्यास निकालेर खाना पकाउन प्रयोग गर्ने घरधूरीहरू यस प्रदेशमा करिब २.९ प्रतिशत रहेको तथ्यांक देखिन्छ।शहरहरूबाट निस्कने फोहोरबाट बायोग्यास उत्पादन गर्नु, अनुसन्धानबाट परिस्कृत गरेर मूलधारको इन्धन बन्नसक्ने गरी ब्रिकेटहरू तथा गुणस्तरीय प्रशोधित दाउरा बनाउनु, सजिवन लगायतका खेतीमा जोड दिएर बायोडिजेल उत्पादन

गर्नु र विद्युतीय ऊर्जाबाट खाना पकाउने चलन बढाउनु दिगो विकासका लक्ष्य हासिल गर्न तथा समृद्ध प्रदेश बनाउन गर्नुपर्ने कदमहरू हुन सक्छन्।

## प्रमुख समस्या

इन्धनको तीन-चौथाई भन्दा बढी हिस्सा ओगट्ने ऊर्जालाई वैकल्पिक ऊर्जाभित्र समेटी त्यसको विकासले प्राथमिकतामा नपाउनु प्रमुख समस्या हो।

## चुनौती र अवसर

जैविक विविधतामा भएको वैभव र वन-पैदावरको प्रचुर खानीलाई सदुपयोग गरेर मौलिक विकासमार्फत् ऊर्जामा क्रान्ति ल्याउनु र नविकरणीय ऊर्जालाई व्यावसायिक इन्धनको रूपमा विकास तथा उपभोग गरी अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउनु चुनौतीपूर्ण छ।

आय वृद्धि र विकाससंगै ऊर्जा खपत बढ्दै नविकरणीय उर्जाको माग बढ्दै जाने र यसतर्फ नयाँ प्रविधिको विकास र प्रयोग गरी यस्तो ऊर्जा उत्पादन गर्न सकिने अवसर रहेको छ।

## दीर्घकालीन सोच

जैविक ऊर्जाको प्रवर्द्धनमार्फत नविकरणीय ऊर्जामा निर्भर प्रदेश।

## लक्ष्य

बायोग्यास, बायोडिजेल, बायोब्रिकेट, बायोइन्धन र वायूमा आधारित विद्युत तथा ताप ऊर्जाको प्रवर्द्धनद्वारा ऊर्जामा परनिर्भरता कम गर्ने र नविकरणीय ऊर्जामा अग्रणी बन्ने।

## उद्देश्य

जैविक तथा वायू ऊर्जाको विकास र उपभोगमा प्रवर्द्धन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. जैविक तथा वायू ऊर्जा उत्पादन तथा उपयोगमा प्रोत्साहित गर्ने। | १. बायोब्रिकेटको उत्पादन तथा प्रवर्द्धन गरिनेछ।<br>२. सजिवन उत्पादनको तथ्याङ्क संकलन तथा कार्यक्रम संचालन गरिनेछ।<br>३. बायोइन्धनवाला गाडीलाई सहुलियत प्रदान गर्न सहजीकरण गरिनेछ।<br>४. बायोग्यासको व्यावसायिक उत्पादन र बिक्रीका लागि नीतिगत व्यवस्था तथा लगानी साझेदारी गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. गोबरग्यास प्लान्ट स्थापना तथा संचालनको लागि सहयोग गरिनेछ।<br>६. प्रशोधित दाउरा उत्पादन सम्बन्धमा अध्ययन गरिनेछ। |
| २. जैविक ऊर्जामा अध्ययन र अनुसन्धान गरी बायोडिजेलको व्यापारिक उत्पादन र बिक्री प्रबन्ध गर्ने। | १. विश्वविद्यालय तथा अनुसन्धान गर्ने संस्थाहरूसित सहकार्य गरी जैविक ऊर्जाको अध्ययन, अनुसन्धान र नविकरणीय ऊर्जाको संभाव्यता अध्ययन गरिनेछ।<br>२. विगतमा संचालित बायोडिजेल प्लान्टको अनुभव र उपलब्धिको समीक्षा गरी यस्तो प्लान्ट स्थापना तथा प्रवर्द्धन गरिनेछ।<br>३. जेनेरटरमा तथा कृषिमा प्रयोग हुने उपकरणहरूमा जैविक इन्धन राख्ने व्यवस्था गरिनेछ। |

### अपेक्षित उपलब्धि

कम्तीमा ५ नगरपालिका र १० उद्योगमा व्यावसायिक बायोग्यास उत्पादन भएको हुने, प्रत्येक पालिकामा ब्रिकेटको उपलब्धता तथा प्रयोग भएको हुने, बायोइन्धनमा आधारित विद्युत तथा प्रशोधित दाउराको बारेमा अध्ययन भएको हुने, खाना पकाउने इन्धनको रूपमा परम्परागत दाउरा तथा आयातित एलपिजी ग्यास दुवैको प्रयोगमा कमी आएको हुनेछ।

## ६.६ यातायात पूर्वाधार विकास

### विद्यमान अवस्था

यातायात पूर्वाधार, विकासका पूर्वाधारहरूको पनि पूर्वाधार हो। प्रदेश ५ भित्र यातायातको एकमात्र विकल्पको रूपमा सडकको विकास भइरहेको छ। पछिल्ला वर्षहरूमा सडक यातायातको विस्तारलाई प्राथमिकता दिई गरेको लगानीले गर्दा यो प्रदेशमा सडक संजालहरू फैलदैं गएका छन्। यस प्रदेशमा मा करिब १९३८ कि.मी. कालोपत्रे सडक, ३५७७ कि.मी. ग्राभेल सडक र ५७१८ कि.मी. कच्ची सडक रहेको छ। सडकको विकासको दर भने लम्बाईका हिसाबले अधिक र गुणात्मक हिसाबले कम छ। स्थानीय स्तरमा योजनाबिनै बाटो खन्ने प्रचलन बढेको, सडकको विस्तारसँगै यातायात सुविधाको विस्तार हुन नसकेको, बाटोको विकासमा गरेको लगानीको उच्चतम प्रतिफल पाउन नसकिएको तथा सडकको विकास वातावरणमैत्री हुन नसकेको अवस्था छ।

प्रदेशभित्रको सडक विकासमा प्रादेशिक सडक, ग्रामीण सडक, गाडी हिँड्ने पुल र झोलुंगे पुलका कार्यक्रमहरूको अवधारणा छ। सडकबाहेकका साधनमा नेपाल सरकारको रेल विभागले पूर्व-पश्चिम रेलमार्गको विस्तृत अध्ययन सम्पन्न गरेको छ जसमा पूर्व-पश्चिम राजमार्गको आसपास हुँदै जाने रेलका अतिरिक्त बुटबलबाट भैरहवा हुँदै लुम्बिनी जोड्ने रेलको पनि डिजाइन गरिएको छ। संविधानतः रेलमार्गको विकास नेपाल सरकारको क्षेत्राधिकारभित्र पर्दछ। प्रदेश लोकमार्ग प्रदेशको अधिकार क्षेत्र भित्र रहेको छ।

## प्रमुख समस्या

अधिकांश पहाडी भूबनोट र छरिएर रहेको बस्तीले गर्दा सबै बस्तीहरूमा सडकको पहुँच पुऱ्याउन कठिनाई रहनु, सडकमा पर्याप्त नालीको व्यवस्था नहुँदा पानीले सडक बिगार्नु, पहाडी जिल्लामा सडकमा गुणस्तर कमजोर रहने र यसले गर्दा दुर्घटना हुनु एवम् त्यस क्षेत्रमा धेरैपहिरो जानु, भित्री मधेस र तराईमा वर्षामा सडक डुबान हुनु समस्याको रूपमा रहेका छन्। धेरैजसो सडकहरूको निर्माण गुणस्तरीय हुन सकेको छैन भने निर्मित सडकहरूको यथा समयमा आवश्यक मर्मत सम्भार हुन सकेको छैन।

## चुनौती र अवसर

नयाँ सडकको विस्तार, नयाँ तथा पुराना सडकको कालोपत्रे तथा गुणस्तर सुधार र पुराना सडकको मर्मत संभारको लागि लगानी जुटाई अधिकतम प्रतिफल सुनिश्चित हुने गरी भरपर्दो यातायात सुविधा वातावरणमैत्री ढंगले उपलब्ध गराउनु चुनौतीपूर्ण रहेको छ।

सडक विकासको लागि चाहिने ज्ञान, अनुभव तथा प्रविधि देशमै उपलब्ध रहेको, निर्माण सामग्री तथा उपकरणहरूको सहज उपलब्धता र सडकको विकास तथा विस्तारले प्राथमिकता पाउनु अवसरका रूपमा रहेका छन्। लुम्बिनीमा पर्यटन प्रवर्द्धन गर्न रेलसेवा विकास गर्नका लागि विदेशीहरूले चासो देखाएकाले नेपालसरकार तथा लगानी बोर्डसित समन्वय गरेर रेल विकास गर्ने अवसर छ। साथै, केही ठाँउहरूमा उपयोगी हुने केबलकारमा निजी क्षेत्र आकर्षित भइरहेको कुरा अवसरको रूपमा लिन सकिन्छ।

## दीर्घकालीन सोच

अन्तर्राष्ट्रिय मापदण्डसहितका यातायात पूर्वाधारको सञ्जाल विकाससहितको समृद्ध प्रदेश।

### लक्ष्य

सबै बस्तीहरूमा स्तरीय सडक सञ्जालसंगै सुलभ र भरपर्दो यातायात सुविधाको विस्तार गर्ने।

## उद्देश्य

१. प्रदेशबासीहरूलाई गुणस्तरीय सडकको पंहुच पुऱ्याउनु।
२. भरपर्दो र सहज यातायात प्रणालीको विकास गर्नु।
३. वैकल्पिक यातायात पूर्वाधारहरू विकास गर्नु।
४. यातायात प्रणालीलाई लैङ्गिकमैत्री बनाउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. रणनीतिक सडकहरू पहिचान गरी निर्माण र गुणस्तर सुधार गर्ने। | १. सडक क्षेत्रलाई प्रादेशिक सडक, शहरी सडक, ग्रामीण सडक,सडक पुल, आकाशे पुल र झोलुंगे पुलमा वर्गीकरण गरी विकास गरिनेछ।<br>२. संघीय तथा स्थानीय सरकारसितको सहकार्यमा सबै पालिकाको केन्द्रहरूमा कालोपत्रे सडक र जिल्लाहरू जोड्ने रणनीतिक सडकहरू आवश्यकताअनुरूप दुईलेनमा स्तरोन्नति गर्ने नीति लिइनेछ। साथै तोकिएको मापदण्ड अनुरूपको चौडाई, झुकाव, घुम्ती तथा नाली व्यवस्था भएपछि मात्र सडकलाई कालोपत्रे गरिनेछ।<br>३. प्रदेशभित्र निर्माणाधीन हुलाकी राजमार्ग निर्माण सम्पन्न गर्न समन्वय र सहजीकरण गरिनेछ।<br>४. प्रदेश अन्तर्गत पर्ने हुलाकी राजमार्ग र मध्यपहाडी लोकमार्गलाई जोड्ने सडकहरूको पहिचान र विकास गरिनेछ।<br>५. सीमा क्षेत्रका बस्तीहरूलाई यातायात सुविधासँग जोड्नेगरी विशेष कार्यक्रम संचालन गरिनेछ।<br>६. प्रदेशस्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना तथा संचालन गरिनेछ।<br>७. सडकको भारबहन क्षमता सम्बन्धमा अध्ययन गरी भारबहन क्षमताको नयाँ मापदण्ड लागु गरेर सडक निर्माण गर्ने नीति लिइनेछ।<br>८. बस्ती र उत्पादन हुने ठाँउका आधारमा रणनीतिक सडकको पहिचान गरी निर्माण गरिनेछ। |
| २. निजी तथा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्दै सुदृढ | १. केवुलकार जस्ता वैकल्पिक यातायात पूर्वाधार निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>२. सडक दुर्घटनाका कारण पहिचान गरी आधुनिक प्रविधिको |

| रणनीति | कार्यनीति |
|---|---|
| यातायात प्रणालीको विकास गर्ने। | प्रयोग गरेर दुर्घटना न्यूनीकरण गरिनेछ। |
| ३. वातावरणमैत्री तथा विपद्प्रतिरोधी सडकको विकासमा जोड दिने। | १. विद्यमान सडकको मर्मत संभार तथा गुणस्तर सुधार गरिनेछ।<br>२. अध्ययन सकिएका आयोजनामा मात्रै निर्माणका लागि बजेट विनियोजन गरिनेछ।<br>३. प्रदेश सरकारको लगानी हुने कुनै पनि सडकमा नालीको व्यवस्था शुरूदेखि नै अनिवार्य गरिनेछ। |
| ४. प्रिकास्ट कंक्रिट र अन्य द्रुत निर्माणका प्रविधिहरू प्रोत्साहन र प्रवर्द्धन गर्ने। | १. नाली तथा पुलहरूमा प्रिकास्ट कंक्रिटको प्रयोगलाई बढावा दिइनेछ। |
| ५. केवुलकार र रेलसेवा जस्ता यातायात पूर्वाधार विकासलाई प्रवर्द्धन गर्ने। | १. नेपाल सरकारसँग सहकार्य गरी प्रदेशमा रेल यातायात विकास गरिनेछ।<br>२. नेपालगन्ज विमानस्थलको स्तोरन्नति र दाङमा वैकल्पिक विमानस्थलको निर्माण सम्बन्धमा आवश्यक कार्य गर्न नेपाल सरकारसंग पहल गरिनेछ।<br>३. लुम्बिनी क्षेत्रमा बुद्ध सर्किट रेल यातायात विकास गर्न बैदेशिक लगानी आकर्षित गरिनेछ। |

### अपेक्षित उपलब्धि

१५६२ कि.मी. सडक कालोपत्रे भएको हुने, १२६७ कि.मी. नयाँ कच्ची सडक बनेको हुने र १०,१७१ कि.मी. विद्यमान सडकको मर्मत संभार भएको हुने, यात्रुमैत्री र भरपर्दो यातायातको सुविधा पुगेको हुने, र कृषि, उद्योग तथा पर्यटनमा यातायात पूर्वाधारले उल्लेख्य योगदान दिएको हुनेछ।

## ६.७ यातायात व्यवस्थापन

### विद्यमान अवस्था

बढ्दो शहरीकरण, बढ्दो कार्यजीवनको व्यस्तता र क्रमशः बढ्दै गएको मध्यमवर्गको कारण यातायातका साधनहरूमा बढोत्तरी हुँदै गएको छ। बढ्दो यातायातका साधन अनुरूप सडक

पूर्वाधारको विकास हुन सकेको छैन भने देशको भूगोल र जलवायू परिवर्तनको विश्वव्यापी विषयलाई समेत ध्यान दिएर यातायातका साधनहरूमा विविधीकरण गर्नुपर्ने स्थिति छ। पेट्रोलियम पदार्थमा आधारित सवारी साधन र सडक यातायातको प्रधानता रहेको अहिलेको यातायात प्रणालीमा स्पष्ट एकीकृत यातायात नीतिको समेत अभाव रहेको छ। एकीकृत यातायात नीतिको अभावमा यातायातको विकास र यातायात व्यवस्थापनमा रणनीतिक दृष्टिकोण अपनाउन सकिएको छैन।

## प्रमुख समस्या

शहरी क्षेत्रमा स्तरीय एवम् विश्वासिलो यातायात सेवाको अभाव रहनु, ग्रामीण क्षेत्रसम्म आधारभूत यातायातको पहुँचको अभाव रहनु, ट्राफिक जाम तथा सवारी दुर्घटना हुनु र यातायात सिर्जित प्रदूषण तथा यातायात क्षेत्रमा रहेको सिण्डिकेट पूर्ण रूपमा हटिनसक्नु यस क्षेत्रका मुख्य समस्या हुन्। यातायात सुविधाले एकीकृत संजालको स्वरूप नलिँदा इन्टरमोडल यातायात प्रणाली (जस्तैः हवाई यातायात र सडक यातायात) को तादात्म्यता छैन। साथै, सडक यातायातमा पनि विभिन्न खाले सवारी साधनहरूको एकीकृत व्यवस्थापन नहुँदा कतै चाहिनेभन्दा बढी साधनहरूको चाप हुने र कतै यातायात सुविधा नपाइने अवस्था छ।

## चुनौती र अवसर

यातायात प्रणालीमा रणनीतिक दृष्टिकोण अपनाई जलवायू परिवर्तन अनुरूप रूपान्तरण गर्ने, यातायातका पूर्वाधारहरूलाई जलवायू परिवर्तन र विपद् प्रतिरोधी बनाउने, देशको भौगोलिक बनावट अनुरूपको यातायात प्रणालीको विकास गर्ने, यातायात सेवालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप स्तरीय र विश्वसनीय बनाउने, ग्रामीण क्षेत्रमा यातायातको पहुँच पुऱ्याउने र शहरी यातायातलाई व्यवस्थित बनाउने चुनौतीहरू छन्।

प्रदेशलाई यातायात व्यवस्थापनको अधिकार रहनु, यातायात व्यवस्थापनमा बढ्दो चासो रहनु, यातायातका साधनहरूमा वैकल्पिक इन्धनको शुरूवात हुनु, मेट्रो र मोनोरेलजस्ता नयाँ प्रणालीहरूतर्फ सरकारको ध्यान आकर्षित हुनु, हरित जलवायू कोषले यातायात क्षेत्रलाई जोड दिनु यस क्षेत्रको व्यवस्थापनमा रहेका अवसरहरू हुन्।

## दीर्घकालीन सोच

यातायात व्यवस्थापनमा प्रदेशका जनताबीच आपसी आबद्धता बढाई समुन्नत प्रदेशको निर्माण।

### लक्ष्य

आधुनिक, किफायती, गुणस्तरीय, विश्वासिलो र सुरक्षित यातायात प्रणालीको विकास गर्ने।

## उद्देश्य

१. भौगोलिक अवस्था अनुकूलको जनमैत्री, आधुनिक र वैज्ञानिक यातायात प्रणालीको विकास गर्नु।

२. विभिन्न यातायात प्रणालीबीच उचित प्रकारको समिश्रण गराउँदै इन्टरमोडल यातायात सम्बन्धलाई विकास गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रादेशिक एकीकृत यातायात गुरूयोजना निर्माण गर्ने। | १. प्रदेशस्तरीय यातायात नीति तथा कानून तर्जुमाका अतिरिक्त एकीकृत यातायात व्यवस्थापन गुरूयोजना तयार गरिनेछ।<br>२. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणपछिको अवस्थालाई ध्यानमा राखी यातायात व्यवस्थापनको कार्यक्रम ल्याइनेछ।<br>३. सरकारी गाडी खरिद र प्रयोगलाई व्यवस्थित गर्न मापदण्ड लागु गरिनेछ। विद्युतीय गाडी खरिदलाई जोड दिइनेछ।<br>४. विदेशी कम्पनीको साझेदारीमा प्रदेशमा विद्युतीय गाडी उत्पादन केन्द्र स्थापना गर्न प्रोत्साहन तथा पहल गरिनेछ। |
| २. आधुनिक र वैज्ञानिक यातायात प्रणाली अनुरूपको संस्थागत विकास गर्ने। | १. प्रदेशको यातायात प्रणालीको व्यवस्थापनको लागि उचित व्यवस्था गरिनेछ। सार्वजनिक-निजी साझेदारीमा यातायात सेवा संचालन गर्ने नीति लिइनेछ।<br>२. आधुनिक सुविधा र व्यापारिक मलसमेत हुनेगरी स्तरीय बसपार्कहरूको निर्माण गरिनेछ।<br>३. प्रदेश केन्द्र जोड्नेगरी प्रादेशिक सार्वजनिक यातायात सेवा सन्चालन गरिनेछ।<br>४. प्रदेशको पहिचान हुनेगरी इम्बोस्ड नम्बर प्लेट र मुख्य सडक र नाकाहरूमा चिप्स रिडरको व्यवस्था गरिनेछ।<br>५. सार्वजनिक सवारीहरूलाई जिपिएस ट्र्याकिङको व्यवस्था गरिनेछ। |
| ३. यातायात प्रणालीमा रणनीतिक दृष्टिकोण अबलम्बन गरी वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूल रूपान्तरण गर्ने। | १. शहरी सडकमा साइकल लेनको विकास गरी साइकल प्रयोगलाई प्रवर्द्धन गरिनेछ। भाडाका साइकलको व्यवस्था शुरू गर्न प्रोत्साहन गरिनेछ।<br>२. विद्युत तथा वैकल्पिक ऊर्जाबाट संचालित हुने सवारी तथा यातायातका साधनहरूको विकास र प्रयोगमा प्रोत्साहन गरिनेछ।<br>३. सडकहरूलाई सौन्दर्ययुक्त ढंगले हरियाली बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. यातायात क्षेत्र व्यवस्थापनमा सार्वजनिक, निजी र सहकारीको साझेदारी प्रवर्द्धन गर्ने। | १. सार्वजनिक यातायातलाई प्रवर्द्धन गर्न निजी र सहकारी क्षेत्रलाई सहभागी गराइनेछ।<br>२. अन्तर-प्रदेश तथा अन्तर-जिल्ला हवाई यातायात संचालनका लागि नेपाल सरकारसँग सहकार्य गरिनेछ।<br>३. आधुनिक प्रविधिको प्रयोग गरेर सार्वजनिक यातायात प्रणालीलाई व्यवस्थित र आधुनिकीकरण गरिनेछ। |
| ५. यातायात व्यवस्थापनका अन्तर्राष्ट्रिय असल व्यवहारहरूबाट सिक्दै यातायात क्षेत्रलाई यात्रु र जनमैत्री बनाउने। | १. विभिन्न ठाँउहरूमा पुनर्ताजगी केन्द्रहरू, विद्युतीय चार्जिङ स्टेशन तथा गाडीको तन्दुरूस्ती परीक्षण गर्ने केन्द्रहरूको स्थापना र कार्यान्वयन गरिनेछ।<br>२. निजी सवारीसाधनको कर अनलाइनबाट तिर्ने व्यवस्था गरिनेछ।<br>३. सार्वजनिक सवारीमा ध्वनि प्रदूषणलाई नियमन गरिनेछ। लामो दुरीका यातायात साधनहरूमा फोहोर विसर्जन, खाना, पानी तथा नास्ताको व्यवस्था, यात्रा अवधि र यात्राका मुख्य स्थलहरूबारे प्रत्येक यात्रामा अनिवार्य उद्घोषण गर्ने व्यवस्था मिलाईदुईजना चालकको व्यवस्था गरिनेछ।<br>४. सार्वजनिक र निजी पार्किङको विकासमा जोड दिइनेछ। विश्वविद्यालय, विद्यालय, सुपरमार्केट र कार्यालयहरू भएका स्थानहरूमा पार्किङको व्यवस्था अनिवार्य गरिनेछ।<br>५. भिडभाड हुने बजार केन्द्रहरूमा गुडाउने ट्रलीहरूको व्यवस्थापन गरिनेछ।<br>६. अशक्त तथा अपाङ्गमैत्री यातायात पूर्वाधार र सेवाको विस्तारमा जोड दिइनेछ।<br>७. अपाङ्ग/ज्येष्ठ नागरिक/विद्यार्थीलाई यातायातमा विशेष छुट हुने कानूनी व्यवस्थाको परिपालना गराइनेछ।<br>८. सबैखाले यातायात सेवामा यात्रु बीमाको व्यवस्था अनिवार्य गरिनेछ।<br>९. वैज्ञानिक भाडादर कडाइका साथ लागु गरिनेछ। सार्वजनिक बसमा लगेजको छुट्टै भाडा लिन नपाइने नीति लागु गरिनेछ। यात्रु बसमा व्यापारिक सामान बोक्ने प्रचलनलाई निरूत्साहित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १०. सार्वजनिक यातायात पर्मिट पाएका गाडीलाई राजमार्ग तथा शहरी क्षेत्रमा रातिको निश्चित समयसम्म अनिवार्य सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरिनेछ।<br>११. यातायातको व्यवस्थापन, अनुगमन तथा नियमनमा प्रदेश सरकारको उपस्थिति बढाइनेछ।<br>१२. कुनै रूटमा नियमित यात्रा गर्ने यात्रुलाई एउटा रूटमा चल्ने निश्चित वर्गीकरणको जुनसुकै सवारी साधनमा चढेपनि मान्य हुने यात्रु पासको व्यवस्था गर्दै लगिनेछ।<br>१३. सडक दुर्घटनालाई कम गर्न सडक सुरक्षा योजना बनाइ लागु गरिनेछ।<br>१४. सडक सुरक्षा अडिटको व्यवस्था शुरू गरिनेछ। |

### अपेक्षित उपलब्धि

प्रदेशको यातायात गुरूयोजना तयार भएको हुने, यातायात सेवाबीच राम्रो अन्तरसम्बन्ध कायम भई यात्रुमैत्री यातायात सेवा संचालन भएको हुने, सडक दुर्घटना कम भएको हुने तथा यातायात सुविधा विपद् प्रतिरोधी बनेको हुनेछ।

## ६.८ शहरी विकास

### विद्यमान अवस्था

नेपाल एसियाका तीब्रत्तर गतिमा शहरीकरण भएका देशहरूमा पर्छ। विगत ५ दशकमा नेपालको शहरी जनसंख्याको औसत वृद्धिदर करिब ५ प्रतिशत छ र शहरी जनसंख्या प्रदेशको जनसंख्याको करिब ५२ प्रतिशत पुगेको छ। केही अपवाद बाहेक विगतमा योजनावद्ध शहरीकरण भएको छैन। केन्द्रीकृत शासन व्यवस्थामा अनियन्त्रित शहरीकरण भोगेको काठमाडौं अत्यन्त अव्यवस्थित र यातायातको हिसाबले निरीह शहरको नमुनाको रूपमा लिन सकिन्छ। देश संघीयतामा गइसकेको परिवेशमा शहरीकरणको स्वरूपमा केही भिन्नता आउने अनुमान गर्न सकिन्छ। तर, तराई र भित्री मधेसका शहरहरू केन्द्रित बसाइसराइले यस प्रदेशका चार वटा उपमहानगरपालिकामा समेत व्यवस्थित रूपमा शहरीकरण हुन सकिरहेको छैन। शहरी क्षेत्रमा आवश्यक पार्क, खुला ठाँउ र उद्यानहरूको अभाव छ। व्यवस्थित र विश्वासिलो यातायात सुविधा उपलब्ध हुनसकेको छैन। शहरीकरण व्यवस्थित नहुँदा कृषिभूमि खण्डीकरण हुँदै गएको छ। बेलैमा योजनावद्ध शहरी विकासमा ध्यान दिनु जरूरी भइसकेको छ।

यो प्रदेशमा मूलतः पहाडी जिल्लाबाट तराई र भित्री मधेसतिर तथा स्थानीय स्तरमा गाउँबाट बजारतिर बसाइसराइ गर्ने प्रवृति रहेको छ। जनसंख्याको बहावका मूल कारणहरू सम्बोधन नगरिकन योजनावद्ध शहरीकरण गर्न नसकिने हुँदा पूर्णतः नयाँ जग्गामा बस्ती बसाल्नुभन्दा परम्परागत आकर्षणका केन्द्रसित जोडिने गरी योजनावद्ध बस्ती विकास गर्नु सहज हुने देखिन्छ।

दिगो विकासका लक्ष्यले समावेशी र दिगो सहरीकरण गर्ने, सबैलाई सुरक्षित, पर्याप्त र क्षमता भित्र रहनेगरी आवासको व्यवस्था गर्ने, शहरी गरिबीलाई कम गर्ने, सबैलाई हरियाली र खुला ठाँउहरू उपलब्ध गराउने जस्ता कुराहरू उल्लेख गरेको छ।

## प्रमुख समस्या

अव्यवस्थित शहरीकरण, खुला पार्कहरूको अभाव, अस्तव्यस्त शहरी यातायात प्रणाली, पर्याप्त खानेपानी र सरसफाइको अभाव समस्याका रूपमा रहेका छन्। धेरै जनतालाई जीवनभर कमाएको पैसा खर्चेर घर-घडेरी जोर्नुपर्ने अवस्था छ भने जग्गाको मूल्य अनियन्त्रित भई सीमित व्यवसायीहरूले बिना परिश्रम ठूलो कमाइ गर्ने, जग्गाको आकाशिँदो कमाइले गर्दा अनुत्पादक खर्च बढ्ने, आयात बढ्ने, बजारमा महँगी बढ्ने तथा श्रम गर्ने संस्कारमा ह्रास आउने समस्याहरू उब्जिएका छन्।

## चुनौती र अवसर

सामाजिक र कानुनी कारण तथा व्यापारिक स्वार्थले गर्दा शहरी विकासका लागि अपरिहार्य हुने जमिनको खण्डीकरण गर्ने कार्य रोक्नु, शहरी विकासका लागि जग्गा र आवासका अतिरिक्त यातायात, खानेपानी, सरसफाई, ऊर्जा, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, घुमफिर र रोजगारीका सुविधाहरूको उचित व्यवस्था हुनुपर्ने हुँदा यसका लागि विभिन्न निकायहरूको समन्वय र सहकार्य गर्नु चुनौतीपूर्ण देखिन्छ।

प्रदेशको स्थायी राजधानी घोषणा नभइसकेको सन्दर्भमा योजनावद्ध शहरी विकासलाई महत्व दिएर राजधानी शहरको विकास गर्न सकिने, अहिले नगरपालिकाहरू अधिकार सम्पन्न रहेका र थुप्रै नगरपालिकाहरू बनेकाले नयाँ स्थानहरूमा व्यवस्थित शहरीकरण गर्न सकिने र विद्यमान शहरहरूलाई पनि सुधार गर्न सकिने अवसर रहेको छ। प्राचीन सभ्यता, मौलिक संस्कृति, प्राकृतिक सम्पदा तथा भौगोलिक विविधतामा धनी भएको कारणले पर्यटन प्रवर्द्धनसमेत हुनसक्ने गरी मौलिकतासहितका आधुनिक शहरहरू विकास गर्ने अवसर छ।

## दीर्घकालीन सोच

नेपाली मौलिकता बोकेका समावेशी, सभ्य, सम्पन्न र व्यवस्थित शहरी विकास।

## लक्ष्य

यस प्रदेशमा तीन मुख्य शहर कोरिडरसहित स्याटेलाइट शहरहरूको व्यवस्थित एवम् योजनाबद्ध हिसाबले विकास गर्ने।

## उद्देश्य

१. विद्यमान शहरहरूलाई सुविधासम्पन्न बनाउनु।
२. योजनाबद्ध नमुना स्मार्ट शहरहरूको विकास गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. नेपाली मौलिकता सहितका आधुनिक सुविधा सम्पन्न तीनवटा ठूला मुख्य शहर विकास गर्ने। | १. बुटवल-भैरहवा, कोहलपुर-नेपालगन्ज (गुलरिया समेत) र घोराही-तुलसीपुरलाई एकीकृत र व्यवस्थित रूपमा महानगर पूर्वाधार विकासको अवधारणा अनुरूप विकास गरिनेछ। |
| २. प्रत्येक जिल्लामा साना स्याटेलाइट स्मार्ट शहरहरू व्यवस्थित ढंगले विकास गर्ने। | १. ठूला शहरहरूका निकटवर्ती साना शहरहरूलाई स्याटेलाइट शहरको रूपमा विकास गरिनेछ।<br>२. स्थानीय तहहरूको सहकार्यमा उपयुक्त ठाँउमा सुविधा सम्पन्न साना शहरहरू विकास गरिनेछ।<br>३. ल्याण्ड पूलिङ तथा प्लटिङको अवधारणा लागु गरी व्यवस्थित शहरी विकास गरिनेछ।<br>४. प्रदेशका स्थानीय तहहरूका लागि शहरी विकास मापदण्ड तथा निर्देशिका तयार गरी लागु गराइनेछ। |
| ३. शहरमा आवश्यक भौतिक पूर्वाधारहरू एकीकृत ढंगले निर्माण गर्ने। | १. प्रदेशको स्थायी राजधानी तोकिएपछि राजधानी शहरको योजनावद्ध विकास गर्न आवश्यक पूर्वाधार निर्माण गरिनेछ।<br>२. स्थानीय तहहरूको सहकार्यमा शहरी क्षेत्रको यातायात व्यवस्थित र भरपर्दो बनाइनेछ।<br>३. स्थानीय तहको सहकार्यमा शहरी क्षेत्रमा खुला पार्क र उद्यानहरू निर्माण गरिनेछ।<br>४. मुख्य शहरी क्षेत्रहरूमा बहुतले भवन बनाउन प्रोत्साहन गरिनेछ।<br>५. शहरी पूर्वाधार तथा सेवाहरूको विकासकालागि सार्वजनिक निजी साझेदारीमा लगानी प्रवर्द्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ६. सेवाप्रवाहमा सूचना-प्रविधिको प्रयोग गरी आधुनिक सुविधा उपलब्ध गराइनेछ। |

### अपेक्षित उपलब्धि

विशिष्ट मौलिक पहिचान बोकेका तीनवटा ठूला शहरहरू व्यवस्थित रूपले विकास हुँदै गरेका हुने, अन्य साना स्याटेलाइट शहरहरू विकास भएका हुने, पर्यटक आकर्षित गर्ने शहरहरू भएको प्रदेश हुने र यो प्रदेशका करीब ६० प्रतिशत जनसंख्या शहरमा बसेका हुनेछन्।

## ६.९ खानेपानी तथा सरसफाइ

### विद्यमान अवस्था

प्रदेश ५ का ८९.८३ प्रतिशत घरधुरीमा खानेपानीको सुविधा पुगेको छ। तर उपलब्ध खानेपानीमा गुणस्तरीयताको समस्या रहेको छ। तराईका जिल्लामा आर्सनिकको समस्या रहेको छ भने पहाडी जिल्लामा पानीका मुहान सुक्दै गएका छन्। वर्षाद्को समयमा पानीका स्रोतहरू बगाउने, पुर्ने तथा धमिलो पानी मिसिने समस्याहरू बग्रेल्ती छन्। कपिलवस्तु बाहेकका जिल्लामा शत प्रतिशत घरधुरीमा शौचालय भएको र सो बाहेकका ११ जिल्लाहरू खुला दिसामुक्त घोषणा भइसकेको भएपनि यी तथ्याङ्क अनुरूप शौचालय प्रयोग गर्ने आनीबानी विकास हुन सकेको छैन। शहरबजार क्षेत्रहरूबाट ठूलो मात्रामा (ठोस) फोहोर निस्कने र त्यसको प्रभावकारी व्यवस्थापन हुन नसकेको अवस्था छ। सडक तथा अन्य निर्माणका काममा उड्ने धूलो, आगजनी तथा इन्धनको जथाभावी प्रयोग गर्ने कलकारखानाहरू, सवारीसाधन र उद्योगहरूबाट निस्कने धूवाँ, धूलो तथा विषाक्त ग्यासहरूले केही ठाँउहरूमा वायु प्रदूषण गराएका छन्।

दिगो विकासका लक्ष्यमा सन् २०३० सम्ममा सबैलाई स्वच्छ खानेपानी र सरसफाइ पुऱ्याउने लक्ष्य निर्दिष्ट छ। खुला दिसामुक्त बस्ती, ढल निकासको उचित व्यवस्था, खानेपानीको गुणस्तर सुधार, जलाधार क्षेत्रको संरक्षण यस लक्ष्य अन्तर्गत पर्दछन्।

### प्रमुख समस्या

भरपर्दो र स्वच्छ खानेपानीको आपूर्ति हुन नसकेको, शहरी तथा बजार क्षेत्रमा प्रभावकारीरूपमा फोहोरको व्यवस्थापन हुन नसकेको, ग्रामीण क्षेत्रमा शौचालय प्रयोगको महत्त्वसम्बन्धी ज्ञानको अभाव रहेको छ। सडक तथा सार्वजनिक स्थलहरूमा खानेपानी, शौचालय तथा फोहोर व्यवस्थापन हुने गरेको छैन। तराईका ग्रामीण बस्तीहरूमा कम गहिराइका चापाकलबाट पानी प्राप्त हुने भएपनि स्वच्छ नहुने भएकोले डीप बोरिङको स्वच्छ पानी वितरण गर्ने आयोजनाहरूमा

समुदायहरूको आकर्षण नहुने, महसुल तिर्न इच्छुक नहुने र उचित व्यवस्थापन नहुने समस्या छन्।

## चुनौती र अवसर

स्वच्छ खानेपानीका स्रोतहरूको व्यवस्था गर्नु, छरिएर रहेका बस्तीहरूमा खानेपानी तथा ढलहरू पुऱ्याउनु, प्लाष्टिकको जथाभावी प्रयोगमा कमी ल्याउनु, बनिसकेका शौचालय तथा फोहोर संकलन संयन्त्रहरूलाई प्रभावकारी उपयोग गर्नु र फोहरको वर्गीकरण गरी प्रभावकारी व्यवस्थापन गर्नु प्रमुख चुनौती हुन्। सरकारी कार्यालयहरू, स्वास्थ्य संस्था, विद्यालय, बाटोघाटो, मन्दिर र सार्वजनिक भेलास्थलहरूलाई पनि खानेपानी तथा सरसफाइको दायरामा ल्याउने चुनौती पनि रहेको छ।

बढ्दो साक्षरता, संचार तथा चेतनास्तर, दाताहरूको उल्लेख्य सहयोग एवम् नविनतम प्रविधिहरूको आगमन खानेपानी तथा सरसफाइको विकासका लागि अवसर हुन्।

## दीर्घकालीन सोच

पूर्ण सरसफाइयुक्त तथा स्वच्छ खानेपानीमा शत प्रतिशत पहुँच भएको समृद्ध प्रदेश।

### लक्ष्य

यस प्रदेशका सबै बस्तीहरूमा स्वच्छ र भरपर्दो खानेपानी पुऱ्याउने र सबै प्रकारका फोहोरको प्रभावकारी व्यवस्थापन गर्ने।

## उद्देश्य

१. प्रदेशका सबै जनताहरूलाई गुणस्तरीय तथा भरपर्दो खानेपानी सेवा पुऱ्याउनु।
२. प्रदेशको मानवकेन्द्रित सबै ठाँउहरूमा सरसफाइ सेवा बिस्तार गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको खानेपानी तथा सरसफाइको गुरूयोजना बनाएर काम गर्ने। | १. खानेपानी सेवा उपलब्ध नभएका बस्ती पहिचान गरी त्यहाँ खानेपानी सुविधा पुऱ्याइनेछ।<br>२. आवश्यकता अनुसार जलाशय, पोखरी, ट्याङ्की, पक्की घैंटाहरू तथा लिफ्ट प्रणाली निर्माण गरी खानेपानीको स्रोत सुनिश्चित गरिनेछ।<br>३. पम्पिङ र लिफ्ट प्रणालीबाट खानेपानी सेवा पुऱ्याएका आयोजनाहरूलाई सौर्यऊर्जा जडान गर्न प्रोत्साहन अनुदान दिइनेछ। त्यस्ता आयोजनाहरूलाई विद्युतको डिमाण्ड चार्जमा अनुदान दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४. निजी जग्गामा रहेका पानीका मूलहरूलाई उपभोक्ताको प्रयोगको लागि स्थानीय तहसँग समेत सहकार्य गरी सहजीकरण गरिनेछ।<br>५. संचालनमा रहेका खानेपानी आयोजनाहरूको मर्मत सम्भार तथा पानीको गुणस्तरपरीक्षण गरिनेछ। आवश्यकता अनुसार गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।<br>६. खानेपानीको बजेटलाई जनसंख्याको अतिरिक्त भूगोललाई समेत आधार लिई विनियोजन गरिनेछ।<br>७. अति विपन्न बस्तीहरूमा स्वच्छ पिउने पानीको व्यवस्था गर्न समुदायको लगानीको अनुपात कम गरी जनतालाई व्यवस्थापनमा प्रत्यक्ष सहभागी गराउने गरी आयोजनाहरू संचालन र व्यवस्थापन गर्न पहल गरिनेछ।<br>८. स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक धारालाई एक घर एक धारा नीति अनुसार निजी धारामा परिणत गरिनेछ र आवश्यक नयाँ धारा थपिनेछ।<br>९. तराईका ग्रामीण बस्तीमा भएका ट्युबवेलहरूको गुणस्तर प्रमाणीकरण तथा नियमित अनुगमन गरी सुरक्षित ट्युबवेललाई एक घर एक धाराको नीति बमोजिम धाराको परिभाषामा समेटिनेछ।<br>१०. शौचालयसहितको गोबरग्यास (बायोग्यास) लाई पूर्ण सरसफाइ कार्यक्रममा समावेश गरी यसको विकासलाई प्रोत्साहन गरिनेछ। |
| २. स्थानीय सरकार, निजी क्षेत्र तथा विकास साझेदारहरूसित सहकार्य गर्ने। | १. शहरी फोहर व्यवस्थापनबाट जैविक ग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने कारखाना स्थापना गर्न प्रोत्साहन र सहयोग गर्नुका साथै आवश्यकता अनुसार त्यस्ता कारखानाहरूमा रणनैतिक साझेदारी गरिनेछ।<br>२. स्थानीय तहको सहकार्यमा शौचालय नभएका घरधुरीहरू पहिचान गरी अनिवार्य रूपमा शौचालय बनाउन प्रोत्साहन गरिनेछ।<br>३. स्थानीय स्तरमा सरसफाइ कायम राख्न स्थानीय तह बढी जिम्मेवार हुने भएकाले त्यसका लागि प्रदेश तहबाट सहयोग पुऱ्याइनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ४. स्वच्छ गाँउपालिका र नगरपालिकाहरू छनोट गरी पुरस्कृत गरिनेछ।<br>५. व्यवस्थित ढल निकासकालागि स्थानीय तहसँग सहकार्य गरिनेछ। प्रशोधन नगरिएको ढललाई खोला तथा नदीमा मिसाउन प्रतिवन्ध लगाइनेछ।<br>६. सार्वजनिक स्थल र सडकहरूमा फोहोर संकलनको यथेष्ट प्रवन्ध मिलाइनेछ।<br>७. राजमार्ग, चोक, व्यस्त क्षेत्र तथा पर्यटकीय स्थलहरूमा नविनतम प्रविधिमा आधारित सार्वजनिक शौचालयको निर्माण तथा संचालनलाई प्रोत्साहन गरिनेछ।<br>८. राजमार्ग छेउछाउका वनजंगल तथा बस्ती नभएको क्षेत्रमा दिसापिसाब गर्न रोकिने स्थानहरू पहिचान गरी महिला र पुरूषका लागि पृथक शौचालय बनाइनेछ।<br>९. विमानस्थल र ठूला बसपार्कको छेउछाउमा सार्वजनिक स्नानघर संचालनको लागि स्थानीय तह र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>१०. आवश्यक संख्यामा ल्याण्डफिल साइटको विकास गर्न सहयोग गरिनेछ।<br>११. घनाबस्ती भएका शहरहरूमा प्रशोधन सुविधायुक्त ढल सुविधा पुऱ्याइनेछ।<br>१२. गाउँ, नगर तथा उद्योगहरूलाई वैज्ञानिक फोहोर व्यवस्थापनमा आबद्ध गरिनेछ।<br>१३. गार्हस्थ फोहोरलाई कुहिने र नकुहिनेमा वर्गीकरण गरी संकलन,पृथकीकरण,पुनःप्रयोग तथा बिसर्जन गर्ने संस्कार बसालिनेछ।<br>१४. सार्वजनिक कार्यक्रम गर्दा उत्पन्न भएको फोहोरको व्यवस्थापनको लागि आयोजकहरूलाई जिम्मेवार बनाउने र सफा नगरेमा जरिवाना गरिनेछ। |
| ३. सरकारी कार्यालयहरूलाई खानेपानी तथा | १. प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरूमा महिला तथा पुरूष एवम् वृद्धवृद्धा र अपांगता भएका सेवाग्राहीले उपभोग गर्न पाउने गरी पानीको भरपर्दो व्यवस्था भएका तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| शौचमैत्री बनाउने। | नियमित सफाई गरिने शौचमैत्री शौचालयको अनिवार्य व्यवस्था गरिनेछ।<br>२. प्रदेश सरकारको मातहतका हरेक कार्यालयहरूमा सेवाग्राहीले उपभोग गर्न पाउने गरी स्वच्छ पिउनेपानीको नियमित व्यवस्था गरिनेछ। |
| ४. सवारीबाट सडकमा फोहोर फाल्न प्रतिबन्ध लगाउने। | १. सवारीबाट कुनै किसिमको फोहोर सडक वा छेउछाउ नफाल्ने बानी विकास गर्न सूचना तथा जनचेतना सन्देश प्रवाह गरिनेछ।<br>२. सार्वजनिक सवारी भित्र  डस्टविन राख्ने व्यवस्था अनिवार्य गरिनेछ। |
| ५. प्रादेशिक मापदण्डहरू बनाएर प्रदूषण नियन्त्रण गर्ने। | १. विज्ञ तथा सरोकारवालाहरूको सहभागितामा प्रदूषणका प्रदेश अनुकूल मापदण्डहरू बनाएर लागु गरिनेछ।<br>२. प्लाष्टिकको प्रयोगबारे प्रदेशको वस्तुस्थिति तथा प्लाष्टिकका प्रभावहरूबारे तथ्यमा आधारित अध्ययन एवम् विश्लेषण, वैकल्पिक व्यवस्था गरी यसको प्रयोगमा कमी गर्दै लगिने र यसको प्रशोधन गर्न स्थानीय तहलाई सहयोग गरिनेछ। स्वदेशी जैविक कच्चापदार्थबाट बन्ने वैकल्पिक झोलाको उत्पादन र प्रयोगलाई जोड दिइनेछ। |

### अपेक्षित उपलब्धि

योजना अवधिमा शत प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी सुविधा पुगेको हुने, ६५ प्रतिशत परिवारमा प्रशोधित खानेपानी पुगेको हुने, फोहोर व्यवस्थापन भएको हुने, जनचेतना बढेको हुने, तथा व्यक्तिगत, पारिवारिक र सामुदायिक सरसफाइमा उल्लेख्य सुधार भई सभ्य र स्वस्थ नागरिक समाजको विकास भएको हुनेछ।

## ६.१० भवन, आवास तथा बस्ती विकास

### विद्यमान अवस्था

आवास मानिसको आधारभूत आवश्यकता हो र नेपालको संविधानमै आवासको हकबारे व्यवस्था छ। राष्ट्रिय स्तरमा दशवर्षे राष्ट्रिय आवास योजना (२०७१-२०८१) कार्यान्वयनमा रहेको छ। गरिब, पिछडिएका एवम् सीमान्तकृत वर्गलाई आवास सुविधा उपलब्ध गराउने क्रममा दलित,

मुस्लिम, चेपाङ, राउटे, कुसुण्डा, वनकरिया, गन्धर्व, वादी एवम् सुरेल समुदायलाई लक्षित गरी जनता आवास कार्यक्रम संचालनमा रहेको छ।

यो प्रदेशमा स्थायी र सुरक्षित आवास नभएको उल्लेख्य जनसंख्या छ। राष्ट्रिय जनगणना २०६८ का अनुसार यस प्रदेशमा ६ लाख ६७ हजार घरहरू कच्ची प्रकारका रहेका छन्। करीब २ लाख घरहरू फुस तथा खरको छाना भएका छन्। तराईका जिल्लाका धेरै ठाउँहरूमा सार्वजनिक जग्गा अतिक्रमण गरी बस्तीहरू बसेका छन्। केही त्यस्ता बस्तीहरू नदीको किनारजस्ता जोखिमयुक्त ठाउँहरूमा रहेका छन्। पहाडी भेगमा कतिपय बस्तीहरू पहिरोको जोखिम भएका स्थानमा छन्। पहाडी भेगमा बस्तीहरू छरिएर रहेका छन् जसको कारण भौतिक पूर्वाधार र सेवासुविधाहरू पुऱ्याउन कठिन छ। बसाइको प्रकृति हेर्दा परम्परागत रोजगारीको स्थलले आवासको स्थललाई प्रभावित पारेको देखिन्छ।उदाहरणका लागि पशुपालन र खेतीपाती गर्नेहरू बारी वा खेतको छेउमा बस्ने, माटाका भाँडा बनाउने कुमाल समुदाय भाँडा बनाउने माटो पाइने ठाउँमा केन्द्रित हुने, माछा मार्ने जातिहरू खोलाछेउमा बस्ने आदि। यसले अब विकास गरिने आवासहरूमा पनि दिगोपनको लागि रोजगारीको पाटोलाई सँगै लैजानुपर्ने संकेत गर्दछ। एकीकृत बस्ती र रोजगारीको माध्यमसँगै विकास गर्न सकेमा स्थानीय स्तरमा हुने बसाइसराइलाई नियोजित बसाइसराइ गराएर सहज रूपमा भौतिक पूर्वाधार र सुविधाहरू पुऱ्याउन सकिनेछ, श्रम र उत्पादनमा वृद्धि हुनेछ तथा गरिबी हटाउन सहयोग हुनेछ।

प्रदेश सरकार नयाँ संरचना भएकाले यसकालागि आवश्यक भवनहरू रहेका छैनन्। त्यस्तै ज्येष्ठ नागरिक, हिंसा पीडित महिला र अपाङ्गता भएका मानिसहरूको लागि सुरक्षित आवास पनि पर्याप्त रहेको छैन।

## प्रमुख समस्या

न्यून आय भएका जनताहरूकालागि सुरक्षित आवासको अभाव रहनु, छरिएर रहेका बस्तीहरूले गर्दा आवश्यक भौतिक पूर्वाधार पुऱ्याउन महंगो र कठिन हुनु, अधिकांश बस्तीहरूमा घरहरू प्रायः कच्ची हुने हुनाले प्राकृतिक प्रकोपले जीउधनको नोक्सान पुऱ्याउनु यस क्षेत्रका प्रमुख समस्या हुन्। तराईका जिल्लाहरूमा कच्ची घरहरू आगलागी र बाढीले नोक्सान पुऱ्याउने गरेको छ भने पहाडका घरहरू पहिरोको जोखिममा पर्ने गरेका छन्।

## चुनौती र अवसर

छरिएर रहेको बस्ती र आफ्नो ठाँउ छोड्न नचाहने प्रवृत्ति, गरिबी र न्यून आयले गर्दा सुरक्षित आवास बनाउन नसक्ने स्थिति, निर्माण सामग्रीको बढ्दो मूल्य, शहरी क्षेत्रमा अव्यवस्थित बस्ती विस्तार र महंगो जग्गा यस क्षेत्रका चुनौती हुन्। अर्कोतिर, परम्परागत प्रविधि र निर्माण सामग्रीका सबल पक्षहरूलाई नजरअन्दाज गरी ढलानयुक्त घरमात्रै सुरक्षित हो भन्ने मानसिकता

व्याप्त हुनु र चाहिनेभन्दा ठूलो धनराशि खर्च हुनेगरी तथा गाउँठाउँको मौलिकता मासिने गरी घरहरू बनाउने प्रचलन विकास हुनु पनि आवास तथा बस्ती विकासमा चुनौती बनेका छन्।

नयाँ पिँढी शहरी क्षेत्रतर्फ बसाइ सरिरहेको, स्थानीय तहहरूले आवासको विकासमा काम गरिरहेको, विप्रेषण आप्रवाहले आवास व्यवस्था गर्ने क्षमता विस्तार भइरहेको जस्ता केही अवसरहरू छन्। परम्परागत नेपाली प्रविधिका राम्रा पक्षहरूलाई उजागर गर्दै पर्यटनको प्रवर्द्धन गर्न नेपाली मौलिकता झल्किने आवास तथा बस्ती विकास गर्न सकिने अवसर पनि छ।

## दीर्घकालीन सोच

सबैको लागि सुरक्षित तथा व्यवस्थित आवासको सुनिश्चितता।

## लक्ष्य

जोखिमपूर्ण बस्ती स्थानान्तरण, स्थानीय सामग्री तथा प्रविधिको समुचित प्रयोग र एकीकृत बस्ती विकासमार्फत् सुव्यवस्थित आवास र बस्ती विकास गर्ने।

## उद्देश्य

सबै नागरिकलाई सुरक्षित आवासको व्यवस्था र एकीकृत बस्ती विकास गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विपन्न तथा लक्षित वर्गका परिवारहरूलाई सुरक्षित आवास बनाउन सहयोग गर्ने। | १. न्यून आय भएका विपन्न वर्गका तथा लोपोन्मुख जातिका परिवारहरूको न्यूनतम आवास व्यवस्थाकालागि स्थानीय तहमै संचालन गर्नेगरी आवास कार्यक्रम प्रभावकारी ढंगले संचालन गरिनेछ। एकीकृत बस्ती विकासमा जोड दिइनेछ।<br>२. न्यून मध्यमवर्गीय परिवारहरूको लागि आवास निर्माणमा सहुलियत दिइनेछ।<br>३. आगलागीको जोखिम भएका छाना हटाउन स्थानीय तहसंगको सहकार्यमा त्यस्ता छानाहरूलाई जस्ता वा अन्य उपयुक्त छानाले प्रतिस्थापन गरिनेछ।<br>४. ज्येष्ठ नागरिक, हिंसा पीडित महिला तथा अपाङ्गता भएका व्यक्तिका लागि आवास बनाउन सहयोग गरिनेछ। |
| २. जोखिमयुक्त बस्तीहरू पहिचान गरी स्थानान्तरण गर्ने र विपद | १. जोखिमयुक्त बस्तीहरूको सर्वेक्षण गर्ने र त्यस्ता बस्तीहरूलाई उपयुक्त ठाउँमा एकीकृत बस्ती निर्माण गर्ने गरी स्थानान्तरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| व्यवस्थापनकालागि बहुउद्देश्यीय भवन बनाउने। | २. विपद् व्यवस्थापनको समयमा अस्थायी आवासको व्यवस्थासमेत हुनेगरी सबै पालिकाहरूमा बहुउद्देश्यीय भवन (आपतकालीन समेत) निर्माण गरिनेछ। |
| ३. अव्यवस्थित बस्तीहरूलाई व्यवस्थित गर्नुका साथै एकीकृत बस्तीहरू विकास गर्ने। | १. भौतिक पूर्वाधार सहितको नमुना एकीकृत बस्तीहरू निर्माण गरी सोही अनुरूप बस्ती बसाइनेछ।<br>२. योजनाबद्ध बस्ती विकासमा टेवा पुग्ने गरी पूर्वाधार विकासको लगानीलाई बस्तीअनुसार प्राथमिकीकरण गरिने छ। यसको लागि स्थानीय सरकारहरूसँग सहकार्य तथा सहयोग गरिनेछ।<br>३. औद्योगिक क्षेत्र वरपर श्रमिक लक्षित एकीकृत बस्ती निर्माण गरिनेछ।<br>४. अव्यवस्थित बस्तीहरूलाई एकपटकलाई नियमित गरी त्यस्ता बस्ती विस्तारलाई नियन्त्रण गरिनेछ।<br>५. पालिका अनुसार आफ्नै मौलिक विशेषता भएका एउटै डिजाइनका घरहरू रहने गरी मनमोहक बस्तीको विकास गर्न स्थानीय सरकारहरूसित सहकार्य गरिनेछ।<br>६. स्थानीय सरकारसितको सहकार्यमा पहाडी क्षेत्रमा १० हजार जनसंख्या लक्षित गरी स्थानीय मौलिकता बोकेका साना शहरहरूको विकास गरिनेछ। |
| ४. आवास निर्माणमा आयातित वस्तु भन्दा स्वदेशी वस्तुहरूको प्रयोगलाई जोड दिने। | १. विदेशबाट आयात हुने र खासै उपादेयता नहुने विलासी निर्माण सामग्री (जस्तै टायल, मार्बल) लाई निरूत्साहित गरिनेछ र त्यस्ता सामग्रीको बिकल्पमा स्थानीय ढुंगा, कंक्रिट, बाँस, काठजस्ता सामग्रीहरू प्रवर्द्धन गर्ने उद्यमीलाई प्रोत्साहन गरिनेछ।<br>२. टिकाउ नहुने र ठूलो धनराशि विदेशिने निर्माण सामग्रीको सट्टा स्वदेशी कच्चा पदार्थ प्रयोग हुने, रोजगारीलाई बढावा दिने र आधुनिक प्रविधि प्रयोग हुने निर्माण सामग्रीको उत्पादन र प्रयोगलाई प्राथमिकता दिइनेछ।<br>३. स्थानीय स्तरमा सजिलै उपलब्ध हुने काठ र बाँसलाई घरनिर्माणमा उपयोगमा बढावा दिइनेछ। काठ र |

| रणनीति | कार्यनीति |
|---|---|
| | ढुंगाको प्रयोगसम्बन्धमा इन्जिनियरिङ विधामा अध्ययन, अनुसन्धान तथा तालिमको व्यवस्था गरिनेछ।<br>४. परम्परागत निर्माण सामग्री र शैलीका राम्रा पक्षहरूलाई प्रवर्द्धन गर्नेगरी सुपथ घरका मापदण्ड, डिजाइन तथा नमुना विकास गरिनेछ।<br>५. निर्माणजन्य सामग्रीहरूको सहज उपलब्धता गराउने व्यवस्था गरिनेछ। |
| ५. प्रादेशिक सरकारी कार्यालय, विशिष्ट व्यक्ति र सरकारी कर्मचारीहरूकोलागि आवास निर्माण गर्ने। | १. प्रदेशका सरकारी कार्यालय भवन, विशिष्ट व्यक्ति तथा कर्मचारीहरूको लागि आवास निर्माण गरिनेछ। |
| ६. पहाड काटेर तथा अनुत्पादक जग्गालाई विकास गरेर शहर बसाल्ने अवधारणा लागु गर्ने। | १. पहाड काटेर तथा अनुत्पादक जग्गालाई विकास गरेर योजनाबद्ध बस्ती बसाली भूमिहीनले विशेष अवसर पाउने गरी लिजमा घरजग्गा उपलब्ध गराउने नीति लिइनेछ। |
| ७. शहरी क्षेत्रमा बहुतले भवनहरू बनाउन प्रेरित गर्ने। | १. मुख्य शहरी क्षेत्रमा प्राथमिकताका साथ बहुतले आवासीय भवन बनाउन प्रेरित र प्रोत्साहन गरिनेछ। |

## अपेक्षित उपलब्धि

आगलागीको उच्च जोखिम भएका छानाहरू पूर्णरूपमा विस्थापित भएको हुने, अधिकांश विपन्न वर्गहरूलाई आवास सुविधा भएको हुने, पहाडी जिल्लाहरूमा एकीकृत बस्तीहरू बनेका हुने, स्थानीय निर्माण सामग्री र निर्माण प्रविधिका सबल पाटाको प्रवर्द्धन भएको हुने, सुपथ मूल्यमा आधुनिक सुविधायुक्त र स्थायी किसिमका घर निर्माण भएका हुने तथा अव्यवस्थित बस्तीहरू व्यवस्थित भएका हुनेछन्।

## ६.११ विज्ञान तथा प्रविधि

### विद्यमान अवस्था

अहिलेको विज्ञान र प्रविधिको युगमा सबै आर्थिक क्षेत्रमा यसको प्रयोग बढाई उत्पादन र उत्पादकत्व बढाउनुपर्ने आवश्यकता छ। समग्र देशमा र यो प्रदेशमा विज्ञान र प्रविधिको प्रयोग कमजोर रहेको छ। प्रमुख आर्थिक क्षेत्रको रूपमा रहेको कृषि अझै परम्परागत प्रविधिमा नै आधारित छ र पर्याप्त यान्त्रिकीकरण हुन सकेको छैन। औद्योगिक क्षेत्रमा पनि विज्ञान र प्रविधिको प्रयोग पर्याप्त छैन भने स्वदेशी प्रविधिको विकास र विस्तार भएको छैन। मोबाइलजस्ता कतिपय सामग्रीको सहज उपलब्धताले ठूलो रकम विदेशिएको र विज्ञान-प्रविधिको विकासमा लाग्ने उत्प्रेरणा घटिरहेको अवस्था पनि छ। नेपाली प्राविधिकहरूले अनुकूल वातावरण पाएमा देशमै प्रविधिको विकासमा योगदान दिन सक्छन्। अन्तरराष्ट्रिय बजारबाट अरबौं रूपैयाँको वस्तु र सेवा खरीद गर्ने दूरसंचार सेवा प्रदायक कम्पनीहरूलाई प्रविधिको स्थानीयकरण गर्न र मौलिक ज्ञान सिर्जना गर्ने अनुसन्धानमा लगानी गर्न प्रेरित गर्नुपर्ने देखिन्छ। विश्वबजारमा उपलब्ध प्रविधिलाई हाम्रो आवश्यकता अनुसार परिमार्जन र उपयोग गरी उत्पादन र उत्पादकत्व बढाउन सकिएमा नै आर्थिक समृद्धि हासिल गर्न सहज हुन्छ।

### प्रमुख समस्या

धेरैजसो विद्यार्थी विज्ञान तथा प्रविधि तर्फभन्दा पनि मानविकी,सामाजिक, व्यवस्थापन र शिक्षा विषय अध्ययन गर्ने प्रवृत्तिले गर्दा प्राविधिक ज्ञानको आत्मसात् गर्न आवश्यक विज्ञानको ज्ञानको कमी,अनुसन्धान र विकासमा न्यून खर्च, वैज्ञानिक प्रयोग र अनुसन्धानको संस्थागत व्वस्थाको अभाव, अनुसन्धानको महत्त्वको बुझाइमा कमी, विश्वविद्यालयहरूको पढाइ अनुसन्धानमुखी भन्दापनि कोरा किताबी हुने गरेको स्थिति, आन्तरिक प्रविधिको विकास हुननसक्नु जस्ता समस्या रहेका छन्। विज्ञान तथा प्रविधिको क्षेत्रमा सेवा तथा व्यापार गर्ने संस्थाहरू र विज्ञान प्रविधिमा अध्यापन अनुसन्धान गर्ने संस्थाहरूबीच सहकार्य नहुनु पनि समस्याको रूपमा रहेको छ।

### चुनौती र अवसर

विज्ञान र प्रविधिको शिक्षालाई अनुसन्धानमुखी बनाउनु, अनुसन्धानको महत्त्व स्थापित गर्नु, स्वदेशमै राम्रा वैज्ञानिक उत्पादनहरू संभव छन् भन्ने मानसिकता तयार गर्नु र उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न प्रविधिको समुचित प्रयोग गर्नु चुनौतीपूर्ण रहेको छ। नविनतम प्रविधिलाई आत्मसात् गर्ने र नयाँ खोजी गर्ने प्रवृत्ति बढाउनु पनि चुनौतीपूर्ण रहेको छ।

विकसित देशहरूमा तीव्रदरमा भइरहेको प्रविधिको विकास र भूमण्डलीकरणले गर्दा सहज रूपमा त्यस्ता प्रविधिहरू भित्र्याउन सकिने अवस्था, शिक्षाको पहुँचसंगै नयाँ पुस्ता तुलनात्मक रूपमा बढी

प्रविधिमैत्री हुँदै गएको स्थिति, जैविक विविधतामा रहेको अपार संभावनालाई वैज्ञानिक अनुसन्धान तथा प्रविधिको विकास र प्रयोगद्वारा उजागर गरी प्रदेशको अर्थतन्त्रमा उल्लेख्य योगदान दिनसक्ने अवसर छ। विश्वमा भइरहेको विकाससँगै तारा र अन्तरिक्ष हेर्न उपयुक्त हुने अँध्यारो आकाश पाइने स्थानको कमी हुँदै जाँदा तारा हेर्न मिल्ने उत्कृष्ट गन्तव्यको सूचीमा नेपालका भूभाग पनि पर्दछन्। ज्योतिष विज्ञानको उद्गम थलोको रूपमा नेपाललाई पुनः एकपटक खगोलविज्ञानमा अग्रणी बनाउने दीर्घकालको संभावना छ।

## दीर्घकालीन सोच

प्रदेशको समृद्धिका लागि नवप्रवर्तन, विज्ञान तथा प्रविधिको प्रचुर विकास।

## लक्ष्य

विज्ञान तथा प्रविधिको विकासमार्फत् आर्थिक वृद्धिमा योगदान पुऱ्याउने।

## उद्देश्य

वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन र प्रविधिको विकास तथा प्रयोगमार्फत् उत्पादन तथा उत्पादकत्व वृद्धि एवम् सेवाप्रवाहमा सुधार गर्ने।

| रणनीति | कार्यनीति |
|---|---|
| १. निजी क्षेत्र र विश्वविद्यालयसँग सहकार्य गरी अनुसन्धानमा उल्लेख्य लगानी गर्ने। | १. विज्ञान प्रविधिको अनुसन्धानलाई प्रदेशको बजेटबाट विनियोजन गरिनेछ।<br>२. विज्ञान प्रविधिमा अनुसन्धान गर्ने निकायको स्थापना र निजी क्षेत्रको सहकार्यमा विज्ञान प्रविधि पार्कको विकास गरिनेछ।<br>३. विज्ञान प्रविधिमा काम गर्ने संस्थाहरूसित सहकार्य गरिनेछ। विश्वविद्यालय, क्याम्पसहरूसित सहकार्य गरी प्राध्यापक तथा विद्यार्थीलाई वैज्ञानिक अनुसन्धानमा प्रोत्साहित गरिनेछ। |
| २. नविनतम प्रविधिको विकास र उपयोग गर्न प्रोत्साहन गर्ने। | १. प्रदेशका भौतिक पूर्वाधार विकासका आयोजनामा अनुसन्धानलाई समेट्ने व्यवस्था गरिनेछ।<br>२. पूर्वाधार विकासका आयोजनाहरूमा स्वयंसेवी, इन्टर्नसिप तथा शोधार्थीहरूलाई सहभागी गराउने परिपाटी विकास गरिनेछ।<br>३. पूर्वाधार पुस्तकालय तथा प्रशिक्षण प्रतिष्ठानमार्फत् विज्ञान र |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रविधिको विकास गरिनेछ।<br>४. कृषि क्षेत्र लगायतका उत्पादनमा नयाँ प्रविधिको प्रयोग र यान्त्रिकीकरण गर्न प्रोत्साहन गरिनेछ।<br>५. वनस्पतिसम्बन्धी अध्ययन अनुसन्धान गर्दै प्रमाणीकरणको काम गर्न र औषधिजन्य जीनहरू उत्पादन गर्न विश्वविद्यालयसँग सहकार्य गरी प्रादेशिक बायोटेक नविनता केन्द्र स्थापना गरिनेछ। |
| ३. विज्ञान र प्रविधिको प्रयोग बढाउदै शिक्षासंग आवद्ध गर्ने। | १. वर्षा तथा मौसम मापन, वायुऊर्जा तथा सौर्य ऊर्जाको संभावित क्षमता मापन र नदीहरूको बहाव मापनका लागि केन्द्रहरू स्थापना गरी संचालन गरिनेछ।<br>२. सँघीय सरकारसँग सहकार्य तथा समन्वय गरी मौसम तथा बहावहरूको अवस्था सार्वजनिक जानकारी दिने व्यवस्था मिलाइनेछ।<br>३. विज्ञान र प्रविधि शिक्षा बिस्तार तथा सबै जेहनदार व्यक्तिको पहुँच सुनिश्चित गर्दै दक्ष जनशक्ति उत्पादन गरिनेछ। |
| ४. खगोल विज्ञानको विकास गर्ने। | १. भविष्यको खगोल केन्द्र बन्नसक्ने गरी प्रदेशका ३ स्थानलाई खगोलपार्कको रूपमा घोषणा र संरक्षण गरिनेछ। खगोल पर्यटनको प्रवर्द्धन गरिनेछ। |

## अपेक्षित उपलब्धि

अनुसन्धानमा लगानी बढेको हुने, विज्ञान र प्रविधिसम्बन्धी अनुसन्धान तथा प्रकाशनहरू बढेका हुने, प्रदेशमा नयाँ प्रविधिमा आधारित उत्पादनहरू शुरू भएका हुने, प्रादेशिक बायोटेक नविनता केन्द्र स्थापना भएको हुने, भविष्यलाई लक्षित गरी तीनवटा खगोलपार्क स्थल संरक्षण गर्न शुरू भएको हुने र वैज्ञानिक अनुसन्धानका कारण प्रदेशले जैविक उपज तथा जडिबुटीबाट उल्लेख्य आम्दानी गरेको हुनेछ ।

## ६.१२ पूर्वाधार विकाससम्बन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरू

**पूर्वाधार विकास कार्यान्वयन**

| क्र. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/ ८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास प्राधिकरण | • नियम, कानून ,कार्यविधि तयार<br>• गठन, कार्यालय स्थापना तथा पदपूर्ति | पूर्ण क्षमता र अधिकारसाथ संचालन | | | | मुमका |
| २ | अधुरा आयोजना सम्पन्न कार्यक्रम | अधुरा आयोजनाको सूचीकरण तथा मूल्यांकन | अध्ययन, डिजाइन, तथा कार्यान्वयन | कार्यान्वयन | | | भौपूविम |
| ३ | प्रदेश परियोजना बैंक | • विषय विशेषज्ञको स्थायी दरबन्दी र अस्थायी पदपूर्ति सहितको परियोजना अध्ययन एकाइको संचालन<br>• माग, आवश्यकता र संभाव्यतामा आधारित प्रस्तावहरूको प्रथम चरणको औपचारिक अध्ययन<br>• पूर्वसंभाव्यता अध्ययन तथा वर्गीकरण गरी प्रदेश परियोजना बैंक तयार | | परियोजना बैंकको नियमित परिमार्जन र आयोजनाको विस्तृत अध्ययन | | | मुमका |
| ४ | कार्यदक्षता प्रवर्द्धन तथा प्रोत्साहन | कार्यसम्पादन करार तथा प्रोत्साहन कोषको व्यवस्था | कार्यक्रम संचालन | | | | मुमका |
| ५ | पूर्वाधार श्रोत सङ्ग्रह तथा तालिम प्रतिष्ठान | • स्थापना<br>• संचालनको लागि तयारी | • पूर्वाधार सम्बन्धी सामग्री संकलन, अभिलेखाङ्कन, विश्लेषण | • सामग्री संकलन, अभिलेखाङ्कन तथा विश्लेषण<br>• तालिम संचालन<br>• दक्षता तथा सिप प्रमाणीकरण | | | भौपूविम |
| ६ | एकीकृत श्रमिक आपूर्ति केन्द्र | • सार्वजनिक-निजी साझेदारीमा केन्द्र स्थापना | • संचालन | | | | साविम |

## सिँचाइ

| क्र. स. | कार्यक्रम। वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सिँचाइ विकास गुरुयोजना | राष्ट्रिय गुरूयोजना, प्रादेशिक तथ्याङ्क तथा सघन अन्तरक्रियाको आधारमा गुरूयोजना निर्माण | गुरूयोजनाको कार्यान्वयन | | | | भौपूविम | ५० लाख |
| २ | बहुउद्देश्यीय जलाशय निर्माण कार्यक्रम | • जलाशय सम्बन्धी मापदण्ड तथा डिजाइन निर्देशिका तयार गरी नमुना डिजाइन तयार<br>• मापदण्ड र आर्थिक उपायदेयता अध्ययनबाट जलाशय आयोजनाको पहिचान<br>• एकमुष्ठ प्रारम्भिक वातावरणीय परीक्षण<br>• स्थानीय तहसितको सहकार्यमा ५ जलाशयको निर्माण सम्पन्न | | • स्थानीय तहसितको सहकार्यमा जलाशयहरुको निर्माण सम्पन्न | | | भौपूविम | निर्माण पूर्वः २ करोड<br>सह-निर्माणः १५ करोड |
| ३ | ताल तथा पोखरी संरक्षण कार्यक्रम | • स्थानीय तहको सहकार्यमा प्रादेशिक महत्व हुने १२ पुराना ताल तथा पोखरीको संरक्षण, प्रवर्द्धन तथा सौन्दर्यकरण गरी खानेपानी, कृषि, मनोरञ्जन तथा पर्यटनमा उपयोग<br>• संरक्षण गरिएका ताल तथा पोखरीको प्रभावबारे वैज्ञानिक अनुसन्धान | | | | | भौपूविम/ स्थानीय तह | १५ करोड |
| ४ | एक गाँउ एक पोखरी कार्यक्रम | • आव २०८०/८१ को अन्त्यमा कम्तिमा ३०० वटा पोखरीको निर्माण सम्पन्न | | | | | भौपूविम, स्थानीय तह | ५ करोड |
| ५ | नौमुरे बहुउद्देश्यीय | • आयोजनालाई प्रदेश सरकार | • निर्माण | | | | पूर्वाधार विकास | ७० अरब |

| क्र. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | आयोजना | मातहत रहने गरी प्रासि<br>● आयोजनाको डिपिआर सम्पन्न<br>● प्रदेश लगानी कोषसमेतको लगानी हुने गरी वित्तीय व्यवस्थापन | | | | | प्राधिकरण / नेपाल सरकार | (प्रदेश लगानी कोषको लगानी सहित संयूक्त लगानीमा) |
| ६ | दाङ उपत्यका जलस्रोत आयोजना | ● दाङ उपत्यकाका विभिन्न खोलाहरूमा जलाशय निर्माणको लागि विस्तृत संभाव्यता अध्ययन | ● स्थानीय तहको सहकार्यमा विभिन्न खोलाहरूमा गरी कम्तिमा कुल ५० हेक्टर क्षेत्रफल ओगट्ने जलाशय निर्माण सम्पन्न | | | | भौपूविम / नेपाल सरकार | अध्ययनः ४ करोड<br>जलाशय सह-निर्माणः ५० करोड |
| ७ | विभिन्न सिँचाइ आयोजनाहरूको संभाव्यता अध्ययन तथा कार्यान्वयन | ● शेखुनीया ताल मर्मत तथा विकास, मर्चवार लिफ्ट, लामीदह जलाशय, बर्दघाट-रामग्राम सिँचाइ, पनाड जलाशय, रिडी एकिकृत जलाधार, सुरही खोला सिँचाइ, झिम्रुक-लुङ जलाशय, जलजला बहुउद्देश्यीय जलाशय लगायतको संभाव्यता अध्ययन | | ● अध्ययनपछि संभाव्यमध्येका आकर्षक आयोजनाको निर्माण | | | अध्ययनः परियोजना अध्ययन एकाइ, प्रयोआ / भौपूविम | अध्ययनः ३ करोड<br>निर्माणः १.२ अरब |
| ८ | गण्डक नहरको सिँचाइ अवस्थाको विस्तृत अध्ययन | नेपाल सरकारसितको सहकार्यमा अध्ययन सम्पन्न गरी समस्याहरूको विश्वसनीय तथा दिगो समाधान | | | | | भौपूविम | ५० लाख |
| ९ | मझौला सिँचाइ सघन कार्यक्रम | संभाव्यता अध्ययन तथा स्थान छनोट | छनोट भएका जिल्लामा सघन सिँचाइ कार्यक्रम वर्ष | | | | भौपूविम | १.२ अरब |

## जलविद्युत् तथा प्रसारण लाइन

| क्र. स. | कार्यक्रम। वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रादेशिक विद्युत् विकास संयन्त्र स्थापना तथा संचालन | ● **प्रदेश विद्युत् ऐन** तर्जुमा<br>● विद्युत् विकासमा नियामक एकाईको स्थापना<br>● विद्युत् खरिदबिक्री,अध्ययन, उत्पादन, वितरण तथा प्रसारण गर्ने निकायको स्थापना | दुवै कार्यालयको पूर्ण क्षमतामा संचालन | | | | ● सुमका<br>● उपववाम<br>● भौपूविम | १५ करोड नयाँ ५०)<br>(दरबन्दी सहित |
| २ | १३२ तथा ६६ केभी प्रसारण लाइन बिस्तार | ● नीतिगत व्यवस्था<br>● औद्योगिक कोरिडोर तथा ऊर्जा विकास स्थल लक्षित गरी प्रदेशको आवश्यकता तथा प्राथमिकता पहिचान | ● नेपाल सरकारसित समन्वय गर्दै रूकुममा प्रसारण लाइन बिस्तार शुरू<br>● औद्योगिक कोरिडोर तथा ऊर्जा विकास स्थलसम्म प्रसारण लाइन बिस्तार | | | | बुँदा १ मा प्रस्तावित निकाय | ८ अर्ब |
| ३ | ३३ केभी एवम् ११ केभी लाइन बिस्तार | शत प्रतिशत जनतालाई विद्युत् उपलब्ध गराउने रणनीति अनुरुप स्थानीय तहसितको सहकार्यमा प्रदेश विद्युतीकरण नियमावली तर्जुमा<br>वितरण लाइनको आवश्यकता तथा प्राथमिकता पहिचान गरी **विद्युतसंकल्प कार्ययोजना**अनुरूप कार्यान्वयन | | | | | ● प्रदेश समन्वय परिषद्<br>● बुँदा १ मा प्रस्तावित निकाय | प्रदेशको ५०% लगानीको लागि ४० करोड |
| ४ | विद्युत्-वन हातेमालो कार्यक्रम | विद्युतीकरण गर्दा काटिने वनले भन्दा विद्युतीकरणले वातावरण संरक्षणमा बढी | ● प्रकाशनको आधारमा वनको एकमुष्ठ सहजीकरण | सामुदायिक वनका उपभोक्तालाई विद्युतीय चूल्हो तथा भाँडाकुँडा अनुदानमा वितरण | | | ● अनुसन्धानः प्रदेश योजना आयोग<br>● नीति निर्धारण तथा | ● अनुसन्धान, कार्यशाला तथा प्रकाशनः२५ लाख |

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | योगदान दिने वैज्ञनिक आधारको अनुसन्धान, कार्यशाला तथा प्रकाशन | ● नागरिकको विद्युत् महसुल तिर्ने क्षमता विकास | | | | अनुदान वितरणः मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम | ● अनुदानः७ करोड (GCF वा अन्य वातावरणीय कोषबाट जुटाउने) |
| ५ | जलविद्युत् प्रवर्द्धक प्रोत्साहन अनुदान | ● आवश्यक नीतिगत व्यवस्था<br>● अनुदान प्रदान | | | | | आमायोम | १५ करोड |
| ६ | वाणगंगा र ग्वारखोला जलाशययुक्त आयोजना | ● विस्तृत संभाव्यता अध्ययन तथा डिपिआर सम्पन्न | ● संभाव्यता र क्षमताको आधारमा निर्माण | | | | ● प्रयोआ<br>● पूर्वाधार विकास प्राधिकरण<br>● नेपाल सरकार | ● डिपिआरसम्म १.५ करोड |
| ७ | जलाशयमा आधारित जलविद्युत् उत्पादन कार्यक्रम | सिँचाइका लागि निर्माण गरिएका जलाशयबाट जलविद्युत् उत्पादनको अध्ययन र कार्यान्वयन | | | | | भौपूविम | सह ६०निर्माणः - करोड |
| ८ | जलविद्युत् संभाव्यता अध्ययन | विस्तृत संभाव्यता अध्ययन | | | | | संभाव्यताको आधारमा निर्माण | ● भौपूविम<br>● नेपाल सरकार |

## सौर्य ऊर्जा

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | सौर्य ऊर्जा विकास संयन्त्र स्थापना तथा संचालन | स्थापना तथा संचालन | | | | | भौपूविम | चालु खर्चबाट |
| २ | सौर्य ऊर्जा संभाव्यता अध्ययन कार्यक्रम | ● सौर्य ऊर्जाको पूर्व-तथा संभाव्यता अध्ययन पकेट क्षेत्र निर्धारण | ● विस्तृत संभाव्यता अध्ययन तथा डिपिआर<br>● निजी क्षेत्रलाई | निजी क्षेत्रबाट अध्ययन तथा निर्माण | | | ● परियोजना अध्ययन एकाइ<br>● विद्युत् नियमन | ५ करोड |

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | ● पकेट क्षेत्रको जग्गा वर्गीकरण तथा अधिग्रहण<br>● सार्वजनिक निजी - साझेदारीमा सौर्य ऊर्जा विकासका लागि नमुना र कार्यविधि तर्जुमा | प्रतिष्पर्धात्मक आव्हान | | | | एकाइ<br>● पूर्वाधार विकास प्राधिकरण | |
| ३ | प्रदेश गौरवसौर्य ऊर्जा कार्यक्रम | प्रादेशिक गौरवको सौर्य ऊर्जा आयोजनाको छनोट | ● निर्माण सम्पन्न | | | | पूर्वाधार विकास प्राधिकरण | २.५ अरब |
| ४ | विद्युत् संकल्प सौर्य ऊर्जा कार्यक्रम | ● वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहकार्यमा २५,००० घरधुरी पहिचान<br>● ३००० घरमा अनुदानमा आधारित सौर्य ऊर्जा जडान | थप २२,००० घरधुरीमा जडान | | | | ● वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र<br>● विद्युत् नियमन एकाइ<br>● स्थानीय तहहरू | प्रदेशको अनुदान अंशः १५ करोड |
| ५ | सौर्य पाता पुनर्प्रयोग प्रवर्द्धन कार्यक्रम | ● ग्रिड पुगेका घरको सौर्य पाता ग्रिड नपुगेका ठाउँमा पुनर्प्रयोगको कार्यविधि तर्जुमा | ८,००० घरधुरीमा कार्यक्रम संचालन | | | | ● विद्युत् नियमन एकाइ<br>● स्थानीय तहहरू | प्रदेशको अनुदान अंशः ३ करोड |

## अन्य नवीकरणीय ऊर्जा

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | बायो ब्रिकेट प्रवर्द्धन कार्यक्रम | ● उच्च गुणस्तरको बायो ब्रिकेटको लागि नीति, अध्ययन तथा मापदण्ड निर्माण | ● उत्कृष्ट चुलो तथा उत्कृष्ट ब्रिकेट प्रतियोगिता आयोजना<br>● बायो ब्रिकेटको | स्थानीय तहको सहकार्यमा विपन्न परिवारलाई बायो ब्रिकेट र चुलो वितरण | | | ● उपववाम<br>● मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम | १.५ करोड |

| क्र.स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रादेशिक ब्राण्डिङको व्यवस्था शुरू | | | | | |
| २ | बायोग्यास उत्पादन अनुदान कार्यक्रम | ● बायोग्यास बिक्रीको नीतिगत व्यवस्था<br>● फोहोरबाट बायोग्यास प्लान्ट स्थापनाको लागि स्थानीय तहसँग सहकार्य | ● ५ नगरपालिकामा संकलित फोहोरबाट चल्ने बायोग्यास प्लान्ट स्थापना<br>● १० उद्योगमा फोहोरबाट चल्ने बायोग्यास प्लान्ट स्थापना<br>● १० कृषि तथा पशु फार्ममा फोहोरबाट चल्ने बायोग्यास प्लान्ट स्थापना<br>● १० सार्वजनिक शौचालयमा बायोग्यास प्लान्ट स्थापना | | | | आमायोम/ स्थानीय तह | ३ करोड |
| ३ | प्रशोधित दाउरा कार्यक्रम | विकसित देशहरूमा जस्तै स्तरीय प्रशोधित दाउरा उद्योग स्थापनार्थ अवधारणा प्रतिवेदन तथा नीतिगत व्यवस्था | ● सामुदायिक वन तथा सहकारीको सहकार्यमा प्रशोधित दाउरा उद्योग स्थापना<br>● उत्पादनलाई प्रादेशिक ब्राण्ड प्रदान | ● परम्परागत दाउरामा खाना पकाउने विपन्नपरिवारलाई प्रवर्धनात्मकरूपमा प्रशोधित दाउरा वितरण<br>● एलपि ग्यासको आंशिक विस्थापन गर्ने गरी बजार प्रवर्द्धन कार्यक्रम संचालन<br>● परम्परागतबाट प्रशोधित दाउरामा समुदाय रूपान्तरण गर्न जनचेतना कार्यक्रम | | | उपववाम | ८ करोड |

## यातायात पूर्वाधार विकास

| क्र.स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | पालिकाकेन्द्र पक्की सडक क्रमागत कार्यक्रम | ● पालिका केन्द्रमा पक्की सडकको लागि योजना छनोट तथा ४ वर्षलाई वर्गीकरण र क्रमिक | ● ६० कि.मि. सडक निर्माण | ● ७० कि .मि. सडक निर्माण | ● ७० कि .मि. सडक निर्माण | ● ६० कि .मि. सडक निर्माण | भौपूविम | ४ अरब |

| क्र. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | डिपिआर*<br>● ४० कि.मि. | | | | | | |
| २ | सीमाक्षेत्र सडक कार्यक्रम (समग्रमा ६० कि.मि.) निर्माण | ● सीमाक्षेत्र सडक छनोट*<br>● १० कि.मि. निर्माण | १५ कि.मि. | १० कि.मि. निर्माण | १५ कि.मि. निर्माण | १० कि.मि. निर्माण | भौपूविम | १.२ अर्ब |
| ३ | रणनैतिक, आर्थिक तथा फिडर सडक कार्यक्रम (५ वर्षमा १५० कि.मि.) | ● रणनीतिक र फिडर सडकहरुको पहिचान र निर्माण | | | | | भौपूविम | ३ अर्ब |
| ४ | पर्यटनविशेष सडक कार्यक्रम (९० कि.मि.) | ● तानसेन-श्रीनगर तथा तानसेन-रानीमहल कालोपत्रे सडक (१० कि.मि.)<br>● ठाकुरद्वारा तथा बढैयाताल पहुँचमार्ग कालोपत्रे<br>● तम्घास-रेसुङ्गा (श्रृंगी ऋषि) मार्ग कालोपत्रे; ऋषिकेश मन्दिर-रिडीबजार सडक कालोपत्रे<br>● धारापानी (दाङ) पहुँचमार्ग, तुलसीपुर-चमेरे गुफा तथा घोराही-घोडदौडा डबली सडक कालोपत्रे<br>● शहिदमार्गबाट रुन्टी जोड्ने कालोपत्रे सडक<br>● अन्य स्थानको पहिचान र निर्माण<br>● ठूला होटलहरुको पहुँच मार्ग निर्माण (मागमा आधारित) | | | | | भौपूविम | २ अर्ब |
| ५ | बाइसे-चौबिसे राजमार्ग डिपिआर कार्यक्रम ** | ● डिपिआर निर्माण<br>● स्तरोन्नति | | | | | भौपूविम | ५० करोड |
| ६ | कृषिविशेष सडक कार्यक्रम | ● नेपालगञ्ज-गौघाट- बर्दियाको हुलाकी सडकसग जोडने कृषि सडक डिपिआर तथा निर्माण<br>● माग र आवश्यकताका आधारमा कृषि तथा पशुपालन केन्द्र तथा उद्योगहरूका पहुँच मार्ग डिपिआर तथा निर्माण | | | | | ● छनोटः भूव्यकृसम<br>● कार्यान्वयनः भौपूविम | ७५ करोड |

| क्र.स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| ७ | उद्योगविशेष सडक कार्यक्रम (५० कि.मि.) *** | ● चरङ्गे-दोभान सडक स्तरोन्नति<br>● सौर्य ऊर्जा पकेट क्षेत्र पहुँच मार्ग निर्माण<br>● जलाशय क्षेत्र (नौमुरे, वाणगंगा, ग्वार) पहुँच मार्ग निर्माण<br>● निर्माण सामग्री स्रोत पहुँच मार्ग<br>● औद्योगिक कोरिडरको पहिचान गरी सडक आवश्यकताको आंकलन | | | | | ● परियोजना अध्ययन एकाईको सिफारिस<br>● कार्यान्वयन: भौपूविम | १ अर्ब |
| ८ | जीवराज आश्रित-कृष्णसेन मार्ग | रेखाङ्कन तथा डिपिआर | विद्यमान ट्र्याकहरूको स्तरोन्नति तथा सडक निर्माण | | | | भौपूविम | ३ अर्ब |
| ९ | बृहद् लुम्बिनी चक्रपथ | रेखाङ्कन तथा डिपिआर | | लगानीको लागि पहल गरी निर्माणको थालनी | | | भौपूविम | २ करोड (निर्माण बाहेक) |
| १० | क्रमागत सडक | रणनैतिक प्राथमिकताका आधार क्रमश निर्माण | | | | | भौपूविम | ४ अर्ब |
| ११ | सडक पुल तथा झोलुङ्गे पुल कार्यक्रम | ● मापदण्ड बनाएर सडक पुल छनोट तथा डिपिआर<br>● १२ पुल निर्माण | ● १५ पुल निर्माण<br>● व्यवसाय तथा बस्ती विकास पुल कार्यक्रम संचालन **** | ● १५ पुल निर्माण<br>● व्यवसाय तथा बस्ती विकास पुल कार्यक्रम संचालन **** | ● १५ पुल निर्माण<br>● व्यवसाय तथा बस्ती विकास पुल कार्यक्रम संचालन **** | ● १५ पुल निर्माण<br>● व्यवसाय तथा बस्ती विकास पुल कार्यक्रम संचालन **** | भौपूविम | ६ अर्ब |
| १२ | अधूरा सडक र पुलहरुको निर्माण सम्पन्न कार्यक्रम | • प्रदेशले गर्न सक्ने डिपीआर भएका र रणनैतिक महत्त्वका अधुरा सडक पहिचान र निर्माण<br>● सुस्ता जोड्ने झोलुङ्गे पुल | | | | | भौपूविम/ नेपाल सरकार | |
| १३ | मर्मत सम्भार र सवलीकरण कार्यक्रम | सडकको नियमित मर्मत सम्भारको व्यवस्था | | | | | भौपूविम | |

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| * खजुरा (बाँके), बोधवार (रुपन्देही), थुम्हवा सम्मरी, होलिया डुँडुवा, लक्ष्मणपुर-गणेशपुर भन्सार, महेशपुर-सुनवल-गण्डक करिडर लगायतका मध्येबाट प्राथमिकताका आधारमा छनोट गर्ने।<br>** बृहद् नेपाली शब्दकोषमा उल्लेख भएअनुसार प्रदेश नं ५ को भूगोलमा रूकुम, रोल्पा, दाङ, छिल्ली गरी ४ बाइसे तथा गुल्मी, इस्मा, धुर्कोट, मुसिकोट, पाल्पा, अर्घा, खाँची, र प्यूठान गरी ८ चौबिसे राज्यहरू पर्नेमा ती राज्यहरू सडकले जोड्ने अवधारणामा आधारित।<br>*** विशेष गरी खनिज पदार्थ बोक्ने मालबाहक सवारीलाई लक्षित गरी डिजाइन गरिने। सिमेन्ट कम्पनीहरूसित लगानी साझेदारी गरी विकास गर्न जोड दिने।<br>**** कृषि, उद्योग, पर्यटन तथा बस्ती विकासको लागि पहुँच पुऱ्याउनको लागि स्थानीय तह वा निजी क्षेत्रले निर्माण गर्न चाहेका पुलको वार्षिक ५ वटासम्मको दरले डिजाइन र निर्माण सुपरिवेक्षण गरिदिने। | | | | | | | | |

## यातायात व्यवस्थापन

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत यातायात व्यवस्थापन गुरूयोजना | प्रदेश यातायात नीति तथा गुरूयोजना निर्माण सम्पन्न | कार्यान्वयन | | | | आमाकाम/ भौपूविम | ५० लाख |
| २ | बुटवल-गौतमबुद्ध विमानस्थल-लुम्बिनी बस सेवा | सा-नि-सा मोडेलमा सेवाप्रदायकको व्यवस्था | ● वातानुकुलित बसद्वारा समयतालिका मोबाइल एप तथा जिपिएस ,अनलाइन , ट्र्याकिङ सुविधायुक्त साधारण तथा द्रुत बस सेवा संचालन<br>● तिलौराकोट तथा रामग्राममा सेवा बिस्तार | | | | उपववाम | प्रदेशको सहलगानी ५ करोड |
| ३ | हलुका सवारी उत्पादन कार्यक्रम | ● संभाव्यता अध्ययन<br>● सँघीय सरकारमार्फत् | रणनैतिक साझेदारहरूसित सघन छलफल तथा समझदारी र कार्यान्वयन | | | | उपववाम, नेपाल सरकार | |

| क्र. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | मित्रराष्ट्रहरूसित राजनैतिक तहमा पहल | | | | | | |
| ४ | आधुनिक बसपार्क | २ सुविधासम्पन्न बसपार्कको डिपिआर | बुट मोडेलमा २ बसपार्कको निर्माण सम्पन्न<br>थप २ वटाको डिपिआर सम्पन्न | | बुट मोडेलमा २ वटा बसपार्कको निर्माण सम्पन्न | | भौपूविम | डिपिआर तथा बुट व्यवस्थापन: ३ करोड |
| ५ | विश्रामस्थल निर्माण कार्यक्रम | मुख्य सडकमा विश्रामस्थल निर्माणको लागि मापदण्ड, स्थान छनोट तथा डिपिआर | ३ केन्द्र स्थापना | ३ केन्द्र स्थापना | ४ केन्द्र स्थापना | ४ केन्द्र स्थापना | भौपूविम | १० करोड |
| ६ | सडक सुरक्षा अडिट तथा व्यवस्थापन कार्यक्रम | कार्यक्रमको रूपरेखा तथा कार्यविधि तयार | २०० किमी सडकको अडिट सम्पन्न | ८०० किमी सडकको अडिट सम्पन्न | | | आमाकाम/भौपूविम | २ करोड |
| ७ | प्रदेश बससेवा | प्रादेशिक व्यवस्थापनमा बससेवा संचालनको तयारी | प्रदेश राजधानीबाट प्रदेशका मुख्य स्थान र अन्य प्रादेशिक राजधानीसम्म बस सेवा संचालन | | | | उपववाम | १५ करोड |
| ८ | अनलाइन मार्फत् सवारी कर | प्रदेशका दर्ता भएका सवारी साधनको कर अनलाइनमार्फत् तिर्ने व्यवस्था | | | | | आमाकाम/भौपूविम/आमायोम | २ करोड |
| ९ | विद्युतीय | ● प्रदेश सरकारको खरीदमा विद्युतीय सवारीमा जोड | | | | | सबै मन्त्रालयहरू | ५ करोड |

| क्र.स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | सवारीसाधन प्रवर्द्धन कार्यक्रम | ● निजी क्षेत्रमा विद्युतीय सवारी साधन प्रवर्द्धन<br>● विद्युतीय सार्वजनिक सवारीको प्रवर्द्धन | | | | | | |
| १० | शहरी क्षेत्रमा ट्राफिक व्यवस्थापन कार्यक्रम | ● शहरी क्षेत्रमा टाफिक लाइट तथा डिजिटल डिस्प्लेहरु।<br>● सुरक्षा चेकजाँच पोष्ट विकास<br>● ओभरहेड पुल तथा अण्डरपास, जेब्रा क्रसिङ, लेन व्यवस्थापन | | | | | आमाकाम | ५ करोड |

## शहरी विकास

| क्र.स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानगर उन्मुख शहरी क्षेत्रको एकीकृत पूर्वाधार विकास कार्यक्रम | ● नीति,नियम,कार्यविधि, तथा सूचकांक तयार गर्ने<br>● तीनवटा मुख्य शहरहरु (बुटवल- भैरहवा; घोराही-तुलसीपुर र कोहलपुर-नेपालगंज) को विस्तृत अध्ययन गरी महानगर पूर्वाधार योजना तयार गर्ने। | कार्यान्वयन | | | | पूर्वाधार विकास प्राधिकरण | १०अर्ब |
| २ | स्याटलाईट शहर कार्यक्रम | ● स्याटलाईट शहरहरुको दिगो शहरी विकास सम्बन्धी नीति, नियम, कार्यविधि तयार गर्ने<br>● ठूला शहरको नजिक पर्ने ६ वटा स्याटलाईट शहर (तानसेन,होलेरी,लमही,गुलरिया,तौलिहवा,बर्दघाट आदि) हरुको डिपिआर तयार गर्ने | कार्यान्वयन | | | चालू परियोजनाहरु को व्यवस्थापन तथानिरन्तरता | भौपूविम | १. ५ अरब |
| ४ | सहरी पार्क तथा | ● नीति, नियम, निर्देशिका तयार गर्ने | ६ वटा | थप६ वटा | थप६ वटा | थप६वटा | भौपूविम/ | १० |

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | खुल्ला क्षेत्र कार्यक्रम | ● छनौट गरिएका २४ वटा सहरी पार्क तथा खुल्ला क्षेत्र को बिस्तृत योजना रिपोर्ट तयार गर्नेर जग्गा प्राप्ति गर्ने। | योजनाहरुको थालनी गर्ने | योजनाहरुको थालनी गर्ने | योजनाहरुको थालनी गर्ने | योजनाहरुको थालनी गर्ने | साविम/ स्थानीय तह | करोड |
| ५ | शहरी विकास मापदण्ड तथा निर्देशिका | दिगो शहरी विकास तथा शहरी डिजाइन सम्बन्धी मापदण्ड तथा निर्देशिका तयार गर्ने | ४ वर्षमा शहरी मापदण्ड तथा निर्देशिकाहरुको पूर्ण रुपमा लागू गर्ने तथा नियमित रुपमा प्रभावकारिताको मापन गर्ने | | | | भौपूविम | १ करोड |
| ६ | जग्गा एकीकरण (ल्याण्ड पुलिङ) र नयाँ बस्ती विकास कार्यक्रम | ● नीति नियम र कार्यविधि तयार<br>● राजमार्गहरूको सेरोफेरोमा स्थल छनोट तथा जग्गा प्राप्ति | ५०० हेक्टर जग्गा प्लटिङ गरी लीज तथा बिक्री वितरण | | | | | ७५ करोड |
| ७ | प्रदेश राजधानी गुरुयोजना तथा निर्माण कार्यक्रम | जग्गाको एकीकृत विकास, प्रादेशिक भवनहरू र नमूना राजधानी विकास निर्माण परियोजनाहरुको गुरूयोजना तथा डिपिआर् | निर्माण | | | | भौपूविम | २ अर्ब |

## खानेपानी तथा सरसफाइ

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | खानेपानी पहूँच विस्तार कार्यक्रम | •नीतिगत व्यवस्था<br>•शत प्रतिशत जनतालाई आधारभूत खानेपानी उपलब्ध गराउने रणनीति अनुरुप स्थानीय तहसितको सहकार्यमा **खानेपानी संकल्प कार्ययोजना** अनुमोदन तथा कार्यान्वयन<br>•चापाकलको गुणस्तर प्रमाणीकरण कार्यविधि तयार<br>•प्रदेशस्तरीय प्रदुषण मापदण्ड निर्माण, कार्यान्वयन तथा क्षेत्र बिस्तार<br>•स्थान विशेष खानेपानी आयोजनाहरु | | | | | •साविम<br>•आमायोम<br>•भौपूविम | ३ करोड |
| २ | खानेपानी सघन कार्यक्रम | सघन कार्यक्रम तयार स्थल छनोट | छनोट भएका जिल्लामा सघन कार्यक्रम संचालन | | | | भौपूविम | २.५ अर्ब |

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| ३ | खानेपानी स्रोत सुरक्षा कार्यक्रम | •पानी सुरक्षा कार्यक्रमको कार्यविधि तयार तथा नियमन | •१५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा | •जम्मा ४५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा | •जम्मा ७५ स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा | •सबै स्थानीय तहमा पानी सुरक्षा कार्यक्रम घोषणा | साविम/ स्थानीय तहहरू | १करोड ७५. |
| ४ | खानेपानी गुणस्तर अभिवृद्धि कार्यक्रम | •कपिलवस्तु र बर्दियामा प्रयोगशाला स्थापना<br>•अत्यधिक लवणले समस्या ल्याएका शहरी खानेपानी वितरण प्रणालीको अध्ययन | •चापाकलको गुणस्तर प्रमाणीकरण गरी एक घर एक धारामा गणना प्रारम्भ | •आवश्यकता विश्लेषण गरी थप ३ प्रयोगशालाहरू स्थापना | •गुणस्तर मापनलाई नियमितता दिने गरी कार्यविधि तथा कार्य संचालन | •नियमित गुणस्तर मापन | भौपूविमर मातहतका खानेपानी डिभिजनहरू | १२ करोड |
| ५ | शौचालय निर्माण अभियान | •खुल्ला दिसामुक्त घोषणा हुन बाँकी स्थानहरूमा सघन कार्यक्रम र घोषणा<br>•घोषणा भएका स्थानमा अनुगमन तथा सुधार कार्यक्रम (निरन्तर) | •प्रादेशिक कार्यालय नमुना शौचालय कार्यक्रम<br>•सडकक्षेत्र शौचालय कार्यक्रम<br>•बाल, अपाङ्ग, वृद्धमैत्री शौचालय कार्यक्रम<br>•पर्यटन क्षेत्र शौचालय कार्यक्रम<br>•बजार क्षेत्र शौचालय कार्यक्रम | | | | •साविम<br>•भौपूविम<br>•स्थानीय तहहरू | २५ करोड |
| ६ | पूर्ण सरसफाइ कार्यक्रम | संस्थागत व्यवस्था तथा स्थानीय तहको सहकार्य हुनेगरी कार्यविधि तयार | •पूर्ण सरसफाइ कार्यक्रम संचालन<br>•कम्तीमा १५ पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा | •पूर्ण सरसफाइ कार्यक्रम संचालन<br>•समग्रमा कम्तीमा ५० पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा | •पूर्ण सरसफाइ कार्यक्रम संचालन<br>•समग्रमा कम्तीमा ९० पालिकालाई पूर्ण सरसफाइयूक्त घोषणा | •पूर्ण सरसफाइ कार्यक्रम संचालन<br>•सबै पालिका र प्रदेशलाई पूर्ण सरसफाइयूक्त घोषणा | •साविम<br>•स्थानीय तहहरू | ५० करोड विकास ) साझेदारहरू बाट लगानी (जुटाउने |
| ७ | ठोस फोहोर | •नीतिगत व्यवस्था | | | | | •साविम | २५ करोड |

| क्र. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन सहकार्य कार्यक्रम | •नास्ट तथा नगरपालिकाहरूको सहकार्यमा प्लाष्टिकबाट डिजेल निकाल्ने प्लान्ट स्थापना<br>•निजी क्षेत्रसित साझेदारीमा नमूना बायोग्यास उत्पादन कार्यक्रम<br>•बायोग्यास अनुदान कार्यक्रम<br>•सिर्जनशील फोहोर व्यवस्थापन साझेदारी तथा सापटी कार्यक्रम | | | | | •भौपूविम<br>•स्थानीय तहहरू | |
| ८ | सवारीजन्य सडक-फोहोरमुक्त प्रदेश कार्यक्रम | •सहभागितामूलक प्रक्रियाबाट सवारीबाट कुनै किसिमका फोहोर सडकमा फाल्न प्रतिबन्ध लगाउने कानुन निर्माण तथा कार्यविधि तयार<br>•अन्तरक्रिया तथा जनचेतना कार्यक्रम | •अन्तरक्रिया तथा जनचेतना कार्यक्रम<br>•सार्वजनिक सवारीलाई रद्दी टोकरी वितरण कार्यक्रम<br>•सडकमा सवारीको फोहोर संकलन केन्द्र स्थापना<br>•चालक, सहचालक अभिमुखीकरण कार्यक्रम | | | | •आमाकाम | ६ करोड |
| ९ | जनचेतना अभिवृद्धि तथा विशेष वर्ष कार्यक्रम* | •श्रव्यदृश्य सामग्री, पाठ्यक्रम, आमसंचार लगायतबाट जनचेतना<br>•स्वच्छ पालिका पुरस्कार कार्यक्रम<br>•खानेपानी संकल्प कार्ययोजना वर्ष | •नियमित जनचेतना कार्यक्रम<br>•स्वच्छ पालिका पुरस्कार कार्यक्रम<br>•सडक तथा सवारी सरसफाइ वर्ष | •नियमित जनचेतना कार्यक्रम<br>•स्वच्छ पालिका पुरस्कार कार्यक्रम<br>•ठोस फोहोरबारे जनचेतना वर्ष | •नियमित जनचेतना कार्यक्रम<br>•स्वच्छ पालिका पुरस्कार कार्यक्रम<br>•नदी सरसफाइ वर्ष | •नियमित जनचेतना कार्यक्रम<br>•स्वच्छ पालिका पुरष्कार कार्यक्रम<br>•वायू प्रदुषण जनचेतना वर्ष | •साविम/ स्थानीय तह | १० करोड विकास ) साझेदारबाट (जुटाउने |

*विशेष वर्ष घोषणालाई राष्ट्रिय र अन्तरराष्ट्रिय सन्दर्भअनुसार वर्ष र विषय यताउता पार्न सकिने।

## भवन, आवास तथा बस्ती विकास

| क्र स | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवारनिकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत नयाँ बस्ती कार्यक्रम | •नीतिनियम र कार्यविधि तयार अनधिकृत तथा जोखिमयूक्त बस्तीहरूको तथ्याङ्क संकल<br>•स्थानीय तहलाई आव्हान गरी उपयुक्त स्थलहरु छनौट | २४ स्थलको डिजाइन तथा निर्माण | | | | भौपूविम | ४०करोड |
| २ | बहुतले आवास तथा सघन बस्ती विकास कार्यक्रम | •नीति नियम र कार्यविधि तयार<br>•बढी जनसंख्या भएका नगरपालिकाहरूलाई आव्हान गरी १० स्थल छनोट | १०स्थलको निर्माण | | | | पूर्वाधार विकास प्राधिकरण | ३० करोड |
| ३ | स्थानीय वास्तुकलामा आधारित सुपथ घरहरुको मापदण्ड, डिजाइन तथा नमूना निर्माण कार्यक्रम | •मापदण्ड तथा डिजाइन तयार<br>•स्थानीय निर्माण सामग्री तथा वास्तुकलाको प्रयोग तथा प्रवर्द्धन<br>•निर्माण सामग्रीको रूपमा बाँस तथा काठको प्रयोगबारे अनुसन्धान, डिजाइन र नमूना निर्माण<br>•सरकारी भवनहरुको निर्माणमा स्थानीय वास्तुकलाको अनिवार्यता | प्रवर्द्धन तथा निर्माण | | | | भौपूविम, स्थानीय तह | ७ करोड |
| ४ | बहुउद्देश्यीय भवन निर्माण कार्यक्रम | •मापदण्ड तथा डिजाइन निर्देशिका तयार<br>•प्रत्येक स्थानीय तहमा बहुउद्देश्यीय भवन निर्माण गर्न उपयुक्त स्थल छनोट<br>•जनसंख्या, प्राकृतिक जोखिम र आवश्यकताको आधारमा बहुउद्देश्यीय भवनहरुको वर्गीकरण तथा रुपरेखा तयार<br>•विपद्को समयमा आकष्मिक आश्रयस्थलका रुपमा प्रयोग हुनेगरी बहुउद्देश्यीय भवनहरुको डिपिआर | सबै स्थानीय तहहरुमा बहुउद्देश्यीय भवन निर्माण | | | | भौपूविम/ स्थानीय तह | २५ करोड |

| क स | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवारनिकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विशिष्ट व्यक्ति आवास कार्यक्रम | •आवश्यक नीति, नियम, मापदण्ड तथा डिजाइन निर्देशिका तयार<br>•प्रदेश राजधानी तथा अन्य जिल्लाहरुमा उपयुक्त स्थलहरुको छनौट<br>•आवासहरुको विस्तृत डिजाइन तथा परियोजना प्रतिवेदन तयार | निर्माण | | | | भौपूविम | ३० करोड |
| ६ | औद्योगिक क्षेत्र केन्द्रित आवास कार्यक्रम | •आवश्यक नीति,नियम, मापदण्ड तथा डिजाइन निर्देशिका तयार<br>•औद्योगिक क्षेत्र नजिक उपयुक्त स्थलहरुको छनौट<br>•प्रस्तावित स्थलको एकमुष्ठ र समानतायुक्त विस्तृतडिजाइन तथा परियोजना रिपोर्ट तयार | निर्माण | | | | पूर्वाधार विकास प्राधिकरण | २५ करोड |
| ७ | जग्गा विकास तथा लीजिंग बोर्डको स्थापना | जग्गा तथा आवास लीजमा लिनदिन लीजिङ बोर्डको स्थापना | •घरभाडा लिनेदिने<br>•एकीकृत बस्ती तथा जग्गा विकास तथा व्यवसाय गर्ने<br>•परियोजना र व्यवसायमा आवश्यक जग्गा लीजमा लिनेदिने | | | | साविम | २५ करोड |
| ८ | भूमिहीन नागरिकको सुरक्षित आवास कार्यक्रम | कार्यक्रम र कार्यविधि तर्जुमा | कार्यक्रमको कार्यन्वयन | | | | भूव्यकृसम/भौपूविम | |

## विज्ञान तथा प्रविधि

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | विज्ञान अनुसन्धान तथा प्रोत्साहन कार्यक्रम | कार्यविधि तयार र कार्यान्वयन | कार्यान्वयन | | | | उपववाम | ९० लाख |
| २ | विकास आयोजना अनुसन्धान प्रोत्साहन कार्यक्रम | अनुसन्धान, इन्टर्नसिप, शोध लगायतको लागि नीतिगत व्यवस्था तथा कार्यविधि तयार | पूर्वाधार विकास आयोजनामा अनुसन्धान र प्रतिवेदनको लागि सहयोग गरी ५० अनुसन्धान प्रतिवेदन तथा १० जर्नल पेपरको प्रकाशन<br>नेपाली क्याम्पसहरूमा पूर्वाधारसम्बन्धी स्नातकोत्तर र विद्यावारिधि गर्ने ५ विद्यार्थीलाई वर्षेनि बहुवर्षीय अनुसन्धान वृति<br>नेपाली क्याम्पसहरूमा पूर्वाधारसम्बन्धी स्नातक गर्ने १० विद्यार्थीलाई वर्षेनि इन्टर्नसिप तथा अनुसन्धान वृति<br>अनुसन्धान सिर्जित ज्ञान बाँड्नेगरी प्रत्येक पुसमा कर्मचारी, पदाधिकारी, प्राविधिक, अध्येता र विज्ञहरू सम्मिलित वार्षिक सम्मेलन | | | | • प्रयोआ<br>• पूर्वाधार श्रोत तथा प्रशिक्षण प्रतिष्ठान | ३ करोड |
| ३ | प्रादेशिक विज्ञान तथा प्रविधि पार्कहरू | पार्कहरूको अवधारणा पत्र तथा विस्तृत डिजाइन स्थल छनोट | भौगर्भिक पार्कको निर्माण सम्पन्न भई नियमित संचालन | वनस्पति पार्कको निर्माण सम्पन्न भई नियमित संचालन | जीवजन्तु पार्कको निर्माण सम्पन्न भई नियमित संचालन | खगोल पार्कको निर्माण सम्पन्न भई नियमित संचालन | उपववाम | ९ करोड |
| ४ | बायोटेक नवपर्वतन केन्द्र | प्रस्ताव आह्वान र केन्द्र स्थापना | संचालन आरम्भ बनस्पति विशेष कार्यक्रम | संचालनः जडिबुटी विशेष कार्यक्रम | संचालनः कृषि विशेष कार्यक्रम | संचालनः जीवजन्तु विशेष कार्यक्रम | उपववाम | २५ करोड |
| ५ | मौसम मापन केन्द्र | प्रति पालिका एक उच्च मावि मौसम मापन केन्द्र (२ जनालाई वार्षिक चक्रीय मौसममापन छात्रवृति)<br>प्रति जिल्ला तीन सुरक्षा दल (सेना, सशस्त्र प्रहरी तथा जनपथ प्रहरीका गणहरू) मौसम मापन केन्द्र<br>नदी बहाव मापन केन्द्र (२५ स्थान)<br>सौर्य ऊर्जा मापन केन्द्र (१५ स्थान)<br>वायु ऊर्जा मापन केन्द्र (१० स्थान) | | | | | आमाकाम/ स्थानीय तह | १२ करोड (जलवायु परिवर्तन कोषबाट व्यवस्था गर्ने) |
| ६ | विज्ञान प्रविधि उद्यम | प्रचूर व्यावसायिक | व्यावहारिक विज्ञान तथा प्रविधि प्रवर्द्धन गर्ने विशिष्ट किसिमका कम्तीमा ३ | | | | उपववाम | २ करोड |

| क. स. | कार्यक्रम\ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | उत्थान कार्यक्रम | संभावनायूक्त विज्ञान प्रविधिको उच्च विज्ञता र लगावको मूल्याङ्कनमा आधारित बीउपुँजी सापटी कोष स्थापना र कार्यविधि तयार | उदीयमान प्रतिफलमुखी उद्यमी संस्थालाई बीउपुँजी सापटी प्रदान | | | | | |
| ७ | प्रविधिजन्य राष्ट्रिय अन्तर्राष्ट्रिय असल अभ्यासको सम्प्रेषण तथा उपयोग | जनचेतना, प्रदर्शनी, अनुदान तथा नमूना विकास कार्यक्रम | | | | | उपववाम | १ करोड |

# ६.१३ पूर्वाधार क्षेत्रका नतिजा खाका

**प्रभाव**

| प्रमुख सूचकहरु | एकाइ | आधार वर्ष २०७५।७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| कूल गार्हस्थ्य उत्पादनमा यातायात तथा संचार क्षेत्रको योगदान | प्रतिशत | ७.०५ | ७.१२ | ७.१९ | ७.२३ | ७.२६ | ७.२९ | प्रतका/ केतवि |
| कूल गार्हस्थ्य उत्पादनमा विद्युत ग्यास पानीको योगदान | प्रतिशत | ०.७४ | ०.७३ | ०.७३ | ०.७६ | ०.८० | ०.८० | प्रतका/ केतवि |
| कूल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान | प्रतिशत | ९.६८ | १०.०९ | १०.५१ | १०.९८ | ११.५१ | १२.०६ | प्रतका/ केतवि |

**असर**

| प्रमुख सूचकहरु | एकाइ | आधार वर्ष २०७५।७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **सडक** | | | | | | | | |
| ३० मिनेटको दुरीमा पक्की सडकमा पहूँच भएको जनसंख्या (दिविल ११.२.१) | प्रतिशत | ५२.६ | | | | | ७० | प्रतका/ केतवि |
| स्थानीय बाहेकको सडक घनत्व (किमी/१०० वर्ग किमी) | | ६३ | | | | | ७० | प्रतका/ केतवि |
| स्थानीय समेतको सडक घनत्व (किमी/१०० वर्ग किमी) | | १२७ | | | | | १३२ | प्रतका/ केतवि |
| बाहैमास चल्ने सडकको २ किमी भित्र बस्ने ग्रामीण जनसंख्या | प्रतिशत | ८८.८ | | | | | ९५.० | प्रतका/ केतवि |
| **सिँचाइ** | | | | | | | | |
| बाहै महिना सिंचाइ उपलब्ध सिँचित भूमि (दिविल २.४.१) | प्रतिशत | २४.३ | २५ | २७ | २९ | ३२ | ३५ | प्रतका/ केतवि |
| सिँचाइ पुगेको कृषि भूमि | प्रतिशत | ५१ | ५३.३ | ५८.३ | ६६.८ | ६८.२ | ७० | प्रतका/ केतवि |
| **उर्जा** | | | | | | | | |
| विद्युतमा पहूँच पुगेका जनसंख्या (दिविल ७.१.१) | प्रतिशत | ८१.०३ | | | १०० | १०० | १०० | प्रतका/ केतवि |
| खाना पकाउन परम्परागत इन्धन प्रयोग गर्ने घरपरिवार (दिविल ७.१.२) | प्रतिशत | ६५.३ | | | | | ४०.० | प्रतका/ केतवि |
| खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने घरपरिवार (दिविल ७.१.२) | प्रतिशत | ३४.५ | | | | | ६०.० | प्रतका/ केतवि |
| खाना पकाउन एलपीजी ग्यास प्रयोग गर्ने घरपरिवार (दिविल ११.३.२) | प्रतिशत | ३०.० | | | २५ | | २०.० | प्रतका/ केतवि |

| प्रमुख सूचकहरु | एकाइ | आधार वर्ष २०७५।७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **शहरी विकास** | | | | | | | | |
| शहरी क्षेत्रमा बसोवास गरेका जनसंख्या | प्रतिशत | ५२ | | | | | ६० | प्रतका/ केतवि |
| **खानेपानी तथा सरसफाइ** | | | | | | | | |
| आधारभूत खानेपानी पहुँच पुगेका घरपरिवार | प्रतिशत | ८९.८३ | ९२ | ९५ | १०० | १०० | १०० | प्रतका/ केतवि |
| स्वच्छ तथा प्रशोधित खानेपानी पहुँच पुगेका घरपरिवार | प्रतिशत | ४२ | ४३ | ५० | ५५ | ६० | ६५ | प्रतका/ केतवि |
| शौचालय भएका घरधुरी | प्रतिशत | ९९.२९ | १०० | १०० | १०० | १०० | १०० | प्रतका/ केतवि |
| पूर्ण सरसफाइ भएका घरधुरी | प्रतिशत | | | | | | | प्रतका/ केतवि |
| **आवास** | | | | | | | | |
| फुस तथा खरका छाना भएका घरपरिवार (दिविल ११.१.१) | प्रतिशत | १२.१ | | | | | ७.० | प्रतका/ केतवि |
| अपर्याप्त ठाउँ भएको घरमा बसेका शहरी जनसंख्या (दिविल ११.१.१) | प्रतिशत | ६८.७ | | | | | ३० | प्रतका/ केतवि |
| आधुनिक एकीकृत आवासमा छुट्टाछुट्टै घरधुरीमा बसोबास गर्ने घरपरिवार | संख्या | ० | ० | १०० | ४०० | ८०० | १,२०० | प्रतका/ केतवि |
| बहुतले आवास (एपार्टमेन्ट) मा बसोबास गर्ने घरपरिवार | संख्या | ० | ० | ० | १०० | ४०० | ८०० | प्रतका/ केतवि |
| एक्ल रुपमा सुधारिएको सरसफाइ प्रयोग गर्ने घरपरिवार (दिविल ६.२.१) | प्रतिशत | ७३.५ | | | | | ८५ | प्रतका/ केतवि |

## प्रतिफल

| प्रमुख सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **सडक / यातायात** | | | | | | | | |
| स्थानीयबाहेकको सडकको जम्मा लम्बाई | कि मी | ११,२३३ | ११,६०० | ११,८०० | १२,२०० | १२,३५० | १२,५०० | भौ.पू.वि.म. |
| थप गरिने कालोपत्रे सडक | कि मी | - | १६० | ३६० | ५६५ | ७५० | ९४० | भौ.पू.वि.म. |
| विद्युतीय बस संचालन | सख्या | ० | ० | १५ | १५ | २५ | ३० | भौ.पू.वि.म. |
| नयाँ पुल निर्माण | सख्या | १५ | २७ | ४२ | ५७ | ७० | ८५ | भौ.पू.वि.म. |
| डिपीआर भएका नयाँ पुल | सख्या | ८५ | ११० | १४० | १७५ | १९० | २०० | भौ.पू.वि.म. |
| कृषि विशेष सडक | कि मी | ० | १० | २० | ४० | ४५ | ५० | भौ.पू.वि.म. |
| पर्यटन विशेष सडक | कि मी | ० | १० | ३० | ५० | ७० | ९० | भौ.पू.वि.म. |
| उद्योग विशेष सडक | कि मी | ० | १० | २० | ४० | ४५ | ५० | भौ.पू.वि.म. |
| सीमा क्षेत्र सडक | कि मी | ० | १५ | ३० | ४५ | ५० | ६० | भौ.पू.वि.म. |
| स्थानीय तह पहुँचमार्ग | कि मी | १५० | २०० | २५० | ३०० | ३०० | ३०० | भौ.पू.वि.म. |
| **सिंचाइ** | | | | | | | | |
| नयाँ सिँचाइ नहर (मूल तथा शाखा) निर्माण | किमी | १३.३० | १७ | २१ | २४ | ३० | ३५ | भौ.पू.वि.म. |
| थप भएको सिँचित क्षेत्र (सतही) | हेक्टर | - | १००० | २००० | २८०० | ५००० | ६००० | भौ.पू.वि.म. |
| थप भएको सिँचित क्षेत्र (भूमिगत) | हेक्टर | ६४० | १६४० | २६४० | ३४४० | ५६४० | ६६४० | भौ.पू.वि.म. |
| सिँचाइ क्षेत्र नविकरण (मर्मत संभार) | हेक्टर | - | १२०० | २५०० | ४४०० | ६५०० | ८५०० | भौ.पू.वि.म. |
| लघु जलाशय निर्माण | संख्या | ० | ४ | ६ | १० | १५ | २५ | भौ.पू.वि.म. |
| पोखरी निर्माण | संख्या | ० | २५ | १०० | १५० | २२५ | ३०० | भौ.पू.वि.म. |
| नदी नियन्त्रण कार्यक्रम | कि.मी | ३२ | ५२ | ७७ | १०५ | १३० | १५० | भौ.पू.वि.म. |
| **ऊर्जा** | | | | | | | | |
| जलविद्युत उत्पादन (नयाँ) | मे वा | ० | ० | ० | ५ | ५ | १० | भौ.पू.वि.म. |
| सौर्य ऊर्जा उत्पादन (नयाँ) | मे वा | ०.२५ | १० | ३० | ४० | ४५ | ५० | भौ.पू.वि.म. |
| वितरण लाइन निर्माण (नयाँ) | कि मी | ० | १०० | १५० | २०० | २५० | ३०० | भौ.पू.वि.म. |

| प्रमुख सूचकहरू | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| विद्युत पहुँच भएका घरधुरीहरू (सौर्य ऊर्जा सहित) | प्रतिशत | ७५ | ९० | ९८ | १०० | १०० | १०० | भौ.पू.वि.म. |
| नयाँ व्यावसायिक बायोग्यास प्लान्ट स्थापना | संख्या (क्षमता) | ० | १० | १५ | २५ | ३० | ३५ | भौ.पू.वि.म. |
| बायोग्यासमा आधारित विद्युत योजना | संख्या (क्षमता) | ० | १ | २ | ३ | ३ | ४ | भौ.पू.वि.म. |
| बायोब्रिकेट उत्पादन | मे.टन | - | १०० | २०० | ३०० | ४०० | ५०० | उपववाम |
| प्रशोधित दाउरा उत्पादन | मे.टन | - | २५ | १०० | ३०० | ५०० | १००० | उपववाम |
| **आवास, भवन तथा शहरी विकास** | | | | | | | | |
| नयाँ एकीकृत वस्ती | संख्या | १० | २६ | ३५ | ४५ | ५० | ५० | भौ.पू.वि.म. |
| नयाँ आवास (जनता आवास) | संख्या | ७८५० | ९८५० | ११८५० | १३८५० | १५५०० | १७००० | भौ.पू.वि.म. |
| सरकारी भवन तथा आवास र सभा हल निर्माण | संख्या | ० | ३ | ७ | १० | १५ | २० | भौ.पू.वि.म. |
| नयाँ पार्कहरू निर्माण | संख्या | ० | २ | ६ | १२ | १५ | १८ | भौ.पू.वि.म. |
| बहुतले भवन निर्माण | संख्या | ० | ० | २ | ५ | ७ | १० | भौ.पू.वि.म. |
| **खानेपानी तथा सरसफाइ** | | | | | | | | |
| खानेपानी आयोजना सम्पन्न (नयाँ) | संख्या | ५ | १० | ६० | १५० | १८० | २०० | भौ.पू.वि.म. |
| खानेपानी पहुँच भएका थप घरधुरी | संख्या | – | २२४०० | ५०५०५ | ९१५०० | ९१८०० | ९२००० | भौ.पू.वि.म. |
| शौचालय निर्माण भएका थप घरधुरी | संख्या | ० | ५००० | ९,००० | १२,००० | १२,१०० | १२२०० | भौ.पू.वि.म. |
| शहरी क्षेत्रमा ढल निर्माण | किमी | ० | २ | ४० | १०० | १३० | १५० | भौ.पू.वि.म. |
| **विज्ञान तथा प्रविधि** | | | | | | | | |
| मौसम मापन केन्द्र | संख्या | | ५ | ३२ | ७५ | ११५ | १४५ | भौपूविम |
| नदी बहाव मापन केन्द्र | संख्या | | २ | ५ | १५ | २५ | २५ | भौपूविम |
| सौर्य ऊर्जा मापन केन्द्र | संख्या | | ५ | १० | १५ | १५ | १५ | भौपूविम |
| वायू ऊर्जा मापन केन्द्र | संख्या | | २ | ५ | १० | १० | १० | भौपूविम |

**नोटः** यस नतिजा खाकामा रहेका प्रभाव र असर अन्तर्गतका सूचकहरूमा समग्र प्रदेशको गन्तव्यमा पुग्नको लागि विभिन्न सरोकारवालाहरूको लगानी र सहयोग सहितको आंकलन गरिएको छ भने, प्रतिफलमा राखिएका सूचकहरूको लक्ष्य प्रदेशको बजेटबाट मात्र गर्नेगरी आंकलन गरिएको छ।

# पाठ ७ : सुशासन र सुरक्षा

## ७.१ सुशासन तथा भ्रष्टाचार नियन्त्रण

### विद्यमान अवस्था

सुशासन अर्थात् असल शासन भनेको राज्य वा सरकारका काम-कारवाही वा सरकारले जनतालाई प्रदान गर्ने सेवा-सुविधाहरू छिटो-छरितो र सजिलो ढंगबाट, कुनै झै-झमेला र सास्ती नब्यहोर्नुपर्ने गरी सम्पादनगर्ने वा उपलब्ध गराउने कुराको नीतिगत, कानूनी एव संस्थागत प्रत्याभूति हो। देशमा ठूलो राजनीतिक एवम् सम्वैधानिक परिवर्तनपश्चात् संघीय व्यवस्थाले तीन तहको सरकारको व्यवस्था गरेर सरकारलाई जनताको नजीक ल्याएको छ। त्यसैले अब जनताले सहज ढंगले सरकारी सेवा प्राप्त गर्ने अपेक्षा राखेका छन्। नेपालको संविधानमा राज्यका नीति अन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूत गर्ने कुरा उल्लेख छ।

प्रदेश सरकारको कार्यप्रणाली जनअपेक्षा अनुरूप स्थापित गर्दै प्रदेश सरकारमार्फत हुने सेवा प्रवाह पारदर्शी, जवाफदेही, जनमुखी र कानूनसम्मत एवम् सहज, सरल र मितव्ययी तरिकाले उपलब्ध गराई सबै तह र स्वरूपका भ्रष्टाचार र अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त, नैतिक एवम् सुसंस्कृत प्रदेशको निर्माण गर्न आवश्यक व्यवस्था गर्नुपर्ने छ। भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धीको नेपाल पक्ष राष्ट्र बनेको छ। यस महासन्धीमा गरेको प्रतिवद्धता पूरा गर्ने दायित्वमा प्रदेश सरकारको समेत सहयोग, सहकार्य र समन्वय आवश्यक रहेको छ।

प्रदेश सरकार यसका लागि तत्पर र प्रतिबद्ध छ। यसै क्रममा प्रदेश सरकारबाट हुने खर्चलाई मितव्ययी एवम् पारदर्शी बनाउन खर्चको मापदण्ड निर्माण गरी कार्यान्वनमा ल्याइएको छ।

सरकारी सेवामा भ्रष्टाचार हुने गरेको जनगुनासो रहेको, भ्रष्टाचारले गर्दा विकास निर्माण कमसल स्तरको हुने र समयमा नसकिने गरेको, अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा भ्रष्टाचारसम्बन्धी उजुरीहरूको मात्रा बढ्दै गएको र विश्वव्यापी भ्रष्टाचारको तुलनात्मक सूचकाङ्कमा नेपालको अवस्था कमजोर रहेको छ। त्यसैले, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न र नागरिकका आशा र विश्वास जगाउन जरूरी छ। दिगो विकासको लक्ष्यले पनि कानूनको शासन, सबै खालका भ्रष्टाचार र घुसखोरी रोक्नुपर्ने लक्ष्य राखेको छ।

## प्रमुख समस्या

संविधानद्वारा प्रदत्त अधिकारको अभ्यासका लागि पर्याप्त कानून निर्माण गर्न बाँकी रहेको तथा भौतिक पूर्वाधारका कार्यहरू तोकिएको समय, लागत र मापदण्डमा सम्पन्न गर्न नसक्दा विकास निर्माणका कार्यहरू खर्चिला, कमसल र विलम्बित हुने गरेको अवस्था, सार्वजनिक प्रशासनमा इमान्दारी एवम् सदाचारिताको खस्कँदो स्तर जस्ता कुराहरू गम्भीर समस्याको रूपमा रहेका छन्। भ्रष्टाचारजन्य कार्यको गहिराइमा पुगेर तिनको सूक्ष्म ढंगबाट निदानगरी कारणकै मूल निराकरणतर्फ कदम चाल्नुपर्नेमा केवल सतही परीक्षण र लक्षणको उपचारमा जोड दिइएको, भ्रष्टाचारजन्य क्रियाकलापहरूलाई सामाजिक अपराधको रूपमा स्थापित गरी यस्ता कार्यमा शून्य सहनशीलताको नीतिको प्रभावकारी कार्यान्वयन गर्न र समाजमा सदाचारको संस्कार र मूल्य-मान्यतालाई स्थापित गर्न नसकिइरहेको अवस्था छ।

## चुनौती र अवसर

संविधानद्वारा प्रदत्त अधिकारहरूको प्रयोग गर्न यथाशीघ्र सुशासन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानून निर्माण गर्नु, विकास निर्माणका कार्यहरू तोकिएको लागत, मापदण्ड र गुणस्तरमा तोकिएको समयमा सम्पन्न गर्नु, समग्र प्रदेशको सार्वजनिक प्रशासन संयन्त्रको नैतिकता, इमानदारी र सदाचारितामा अभिवृद्धि गरी प्रभावकारी, गुणस्तरीय एवं मितव्ययी सेवामा जनताको सरल र सहज पहुँच कायम गर्नु, समाज र कार्य संस्कृतिमा गडेर रहेको भ्रष्टाचारको मनोवृति र प्रवृति कम गर्नु अथवा रोक्नु प्रमुख चुनौती रहेका छन्।

सार्वजनिक सुनुवाई, सूचनाको हक, सूचना प्रविधिमैत्री कर्मचारी, प्रशासनिक परीक्षण लगायतका विषयहरूको बढ्दो प्रयोगले सुशासन कायम गर्न सहयोग हुने, राजनैतिक स्थीरता तथा प्रदेश सरकारसँग जनताको सकारात्मक अपेक्षा रहेको, तल्लो तहसम्म अधिकार र स्रोत आएसंगै जिम्मेवारी पनि आएकाले सार्वजनिक निर्माण तथा खरिदका कामको अनुगमन गर्न सहज हुने, केन्द्र (संघ) सरकारले भ्रष्टाचार नियन्त्रण गर्नेसम्बन्धी कानूनी, संस्थागत एवम् योजना तथा कार्यक्रमहरूको व्यवस्था गरी क्रियाशील रहेको, भ्रष्टाचार विरूद्ध आम नागरिक, नागरिक समाज, संचारजगत तथा सामाजिक संजालहरूको सशक्त सहयोग र सहकार्यले फैलिदै गएको भ्रष्ट प्रवृति र गतिविधि कम हुने अपेक्षा जस्ता अवसर प्राप्त भएको छ।

## दीर्घकालीन सोच

जनताले वास्तविक रूपमै अनुभूत गर्नेगरी भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति र सदाचारयुक्त समाजको निर्माण।

### लक्ष्य

प्रदेशको सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन सुनिश्चित गर्ने।

### उद्देश्य

१. भ्रष्टाचार र अनुचित कार्य निर्मूल वा अधिकतम रूपमा नियन्त्रण गर्नु र सदाचारको संस्कृति प्रवर्द्धन गर्नु।
२. प्रदेश अन्तर्गतको सरकारी सेवालाई जवाफदेही, जनउत्तरदायी र पारदर्शी बनाई विधिको शासन र सुशासन कायम गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. नैतिकता र सदाचारको संस्कृतिलाई बढावा दिई प्रदेशबाट प्रवाह हुने सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, मितव्ययी, एवम् पहुँचयोग्य बनाउने। | १. प्रदेशको सार्वजनिक सेवाहरूलाई गुणस्तरीय, प्रभावकारी एवम् जनताको पहुँचयोग्य बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र संक्षेपीकरण गरिनेछ।<br>२. सुझाव पेटी, हेलो सरकार, मोवाइल एप्स मार्फत जनगुनासो संकलन गरी तिनको यथाशीघ्र व्यवस्थापन र सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ।<br>३. नैतिकता र सदाचार प्रवर्द्धन गर्न विद्यालयहरूमा पाठ्यक्रम सुधार, शिक्षण-प्रशिक्षण, जनचेतना तथा जनजागरणका कार्यक्रम सन्चालन गरिनेछ।<br>४. प्रदेशका सार्वजनिक सरोकारका विषयसंग सम्बन्धित निकायमा रहेका सूचनामा कानून बमोजिम नागरिकको न्यून लागतमा सरल एवम् सहज पहुँचको व्यवस्था मिलाइनेछ।<br>५. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तथा सुशासन सम्बन्धी तालिम संचालन गर्नुको साथै आचारसंहिता जारी गरी लागु गरिनेछ।<br>६. कर्मचारी सरूवा, बढुवा र पदस्थापना प्रणालीलाई पारदर्शी, वैज्ञानिक र पूर्वानुमान योग्य बनाइनेछ। |
| २. प्रदेशको विकास निर्माण कार्य तोकिएको मापदण्ड कायम गरी तोकिएको समयमा सम्पन्न गर्ने। | १. विकास निर्माणका कार्यहरूको समयतालिका तयार गरी गुणस्तर एवम् परिमाण यकिन गरी सोही अनुरूप कार्यान्वयन गरिनेछ।<br>२. विकास निर्माणका कार्यहरूको सम्पूर्ण प्रगति विवरण |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रत्येक चौमासिकमा समीक्षा गरी प्रतिवेदन प्रकाशन गरिनेछ।<br>३. प्रदेश आयोजनास्थलमा आयोजनासम्बन्धी विवरण खुलेको सूचना-पट्टिका (होर्डिङ वोर्ड) राख्ने व्यवस्थालाई अनिवार्य बनाइनेछ। |
| ३. विकास कार्यक्रमहरूमा सार्वजनिक लेखापरीक्षणलाई अनिवार्य बनाउने। | १. विकास निर्माण र सरकारको काम कारवाहीको प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ।<br>२. सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षणको व्यवस्था गरिनेछ। |
| ४. भ्रष्टाचारको सवालमा शून्य सहनशीलताको नीति अबलम्बन गरी सरकारी कामकाजलाई निष्पक्ष, नतिजामुखी, पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउने। | १. सरकारी कामकाज तथा आर्थिक कारोवारलाई पारदर्शी ढंगले सम्पादन गरिनेछ।<br>२. सूचना प्रविधिको प्रयोग गरी सरकारी कामकाज छिटो छरितो ढंगले गरिनेछ।<br>३. प्रदेशका कर्मचारीहरूलाई समयमा राम्रो काम गर्नेलाई पुरस्कार र राम्रो काम नगर्नेलाई दण्डको व्यवस्था गरिनेछ।<br>४. कर्मचारीहरूसँग कार्य सम्पादन करार गर्ने पद्धति लागु गरिनेछ।<br>५. जनताको प्रत्यक्ष सरोकार हुने र आर्थिक कारोवार हुने सरकारी कार्यालयहरूमा सिसिटिभी जडान गरी अनुगमन गरिनेछ। |
| ५. सुशासन कायम गर्ने तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानून तर्जुमा गरी नागरिक समाज र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याउने। | १. सुशासन (संचालन तथा व्यवस्थापन) र भ्रष्टाचारनियन्त्रणसम्बन्धी प्रदेशको कानून र आवश्यक रणनीति तथा कार्ययोजना बनाई नागरिक समाज, संचार क्षेत्र र समुदाय समेतको सहयोग र सहकार्यमा कार्यान्वयनमा ल्याइनेछ।<br>२. प्रदेश सरकारका कामकारवाहीहरूलाई लैङ्गिकमैत्री र समावेशी बनाइनेछ। |

## अपेक्षित उपलब्धि

प्रदेशका सार्वजनिक सेवाहरूमा नागरिकको न्यून लागत र उच्च गुणस्तरसहितको सहज र सरल पहुँच हुनेछ। विकास निर्माणका कार्यहरू तोकिएको लागत, परिमाण, गुणस्तर र समयमै सम्पन्न गरिएको हुनेछ। भ्रष्टाचार कम भई असल शासनको अनुभूति भएको हुनेछ। सरकारी खर्च पारदर्शी भएको हुनेछ। भ्रष्टाचार नियन्त्रणको खवरदारीमा आम नागरिक, नागरिक समाज, गैरसरकारी संस्था एवम् सामुदायिक संस्थासंग सहकार्य वृद्धि भएको हुनेछ।

# ७.२ शान्ति सुरक्षा

## विद्यमान अवस्था

जनताको समृद्धि र खुशीका लागि नागरिक सुरक्षा सहितको शान्तिपूर्ण वातावरण आवश्यक पर्दछ। आर्थिक गतिविधिहरू सन्चालन गर्न पनि सुरक्षित वातावरणको खाँचो पर्दछ। समाजमा घट्ने हत्या, हिंसा, बलात्कार, अपहरण, मानव बेचविखन, ठगी, चोरीडकैती जस्ता आपराधिक गतिविधि नियन्त्रणमा राखी शान्तिसुरक्षा प्रदान गर्नु सरकारको कर्तव्य हुन आउँछ। पछिल्ला तथ्याङ्कहरू हेर्दा नेपालमा यस्ता अपराधका घटनाहरू बढ्दै गएका छन्। तुलनात्मक रूपमा यस प्रदेशका केही जिल्लाहरूमा आपराधिक घटनाहरू बढी घट्ने गरेका छन्। नेपालको संविधानले प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षालाई प्रदेशको अधिकार सूचीमा राखेको छ। प्रदेशस्तरीय सुरक्षा सयन्त्र स्थापना हुन बाँकी रहेको छ।

## प्रमुख समस्या

आपराधिक गतिविधिहरू नियन्त्रण गर्न पर्याप्त सूचनाको अभाव, सुरक्षा निकायको क्षमता, दक्षता र सक्रियताको अपर्याप्तता, खुला सीमाना, शहरीकरणसंगै घट्दो सामाजिक भावना, बढ्दो आय तथा सम्पतिको असमानता, सूचना प्रविधिको दुरूपयोग, वैदेशिक रोजगारीबाट सिर्जित पारिवारिक विखण्डन र समाजको पर्याप्त सहयोग नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन्।

## चुनौती र अवसर

प्रदेशस्तरीय प्रभावकारी सुरक्षा संयन्त्र समयमै स्थापना गर्नु, आपराधिक प्रवृति र मनोवृतिलाई नियन्त्रणमा राखु, शान्ती सुरक्षा खलल गर्ने अपराधिहरूलाई समयमा पहिचान गरी कारवाही गर्नु शान्ति सुरक्षाका चुनौतीहरू हुन्। सूचना प्रविधिको प्रयोगबाट हुने साइवर क्राइम नियन्त्रणको चुनौती पनि बढ्दै गएको छ।

तीनै तहको सरकारले शान्ति सुरक्षामा ध्यान दिनसक्ने, आधुनिक प्रविधिको प्रयोग गरेर अपराधिक गतिविधि नियन्त्रण गर्न सकिने, संचार माध्यमको प्रयोगमार्फत जनचेतना अभिवृद्धि गर्न सकिने

अवसरहरू रहेका छन्। आवश्यकता अनुसारको प्रभावकारी सुरक्षा संयन्त्र बनाउन सकिने अवसर रहेको छ।

## दीर्घकालीन सोच

शान्त, संयमित, हिंसारहित सुरक्षित र न्यायपूर्ण समाज निर्माण।

## लक्ष्य

प्रदेशमा शान्तिसुरक्षाको प्रत्याभूति गराउने।

## उद्देश्य

प्रदेशमा प्रभावकारी शान्ति सुरक्षा तथा अमनचयन व्यवस्था कायम गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. शान्तिसुरक्षा कायम राख्न प्रादेशिक संस्थागत क्षमता बनाउने। | १. प्रदेश प्रहरी संगठनलाई व्यवस्थित एवम् सुदृढिकरण गरी संचालनमा ल्याइनेछ।<br>२. प्रत्येक वडामा वडा प्रहरी इकाइ स्थापना गर्न सहजिकरण गरिनेछ।<br>३. लैङ्गिकमैत्री, बालमैत्री,अपाङ्गमैत्री र ज्येष्ठ नागरिकमैत्री शान्ति सुरक्षाको व्यवस्था गरिनेछ।<br>४. प्रदेश सूचना केन्द्र स्थापना गरी सबैखाले घटनाका सूचना संकलन र विश्लेषण गरी तत्काल पीडितहरूलाई सहयोग गर्ने प्रणाली स्थापना गरिनेछ।<br>५. कारागारहरूको भौतिक सुधारका अतिरिक्त बन्दीहरूको आचरण सुधार र व्यावसायिक बन्न नियमित सिपयुक्त तालिमहरू संचालन गरिनेछ। |
| २. दक्षता, क्षमता अभिवृद्धि गर्न नियमित तालिम प्रदान गर्नुका साथै आधुनिक प्रविधिको प्रयोग बढाउने। | १. तालिम केन्द्रहरू स्थापना र संचालन गरी प्रदेश प्रहरीको क्षमता अभिवृद्धि गरिनेछ।<br>२. प्रदेश अनुसन्धान व्यूरो स्थापना गरी संचालनमा ल्याइनेछ।<br>३. सिसिटिभी लगायतका आधुनिक प्रविधिको प्रयोग गरी अपराध नियन्त्रण गरिनेछ।<br>४. अपराध हुनु अगावै सुरक्षा निकायलाई सूचना प्राप्त हुने संयन्त्रको ब्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ३. अपराधिक गतिविधि कम गर्न सुरक्षासम्बन्धी सामाजिक चेतना अभिवृद्धि गर्ने। | १. आपराधिक गतिविधि कम गर्न सामाजिक जागरणका कार्यक्रमहरू संचालन गरिनुका साथै अपराध अनुसन्धानका लागि अत्याधुनिक प्रविधिको प्रयोग गरिनेछ।<br>२. प्रहरीहरूलाई जनता र समुदायसंग सहकार्य गराइनेछ।<br>३. स्थानीय तहहरूको सहकार्यमा प्रत्येक वडामा मेलमिलाप केन्द्रहरू स्थापना गर्न सहजीकरण गरिनेछ।<br>४. आपराधिक गतिविधिका कारक तत्वहरू कूलत, दुर्व्यसन जस्ता विकृति हटाउने कार्यक्रम संचालन गरिनेछ। साथै, खुल्ला जेलको नीति लिइ बन्दीहरूलाई रूपान्तरण र उत्पादनमा लगाउने अवधारणा अवलम्बन गरिनेछ।<br>५. लागु पदार्थ तथा मादक पदार्थ सेवनलाई नियन्त्रण गरिनेछ। कूलतमा परेका व्यक्तिहरूको पुनःस्थापनाका लागि सहकार्यमा पुनःस्थापना गृह स्थापना गर्दै लगिनेछ।<br>६. घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रणका लागि प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रम संचालन गरिनेछ। |
| ४. शान्तिसुरक्षा कायम गर्न नेपाल सरकार, स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गर्ने। | १. प्रदेश प्रहरीको क्षमता अभिवृद्धिको लागि नेपाल सरकारसंग र स्थानीय स्तरमा प्रभावकारी सुरक्षा कायम गर्न स्थानीय तहसंग सहकार्य गरिनेछ।<br>२. सामाजिक भेदभाव, आय असमानता र गरिबी हटाउन सरोकारवालासँग सहकार्य र समन्वय गरिनेछ।<br>३. स्थानीय तहको न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी सामाजिक सद्भाव कायम गर्न सहयोग गरिनेछ।<br>४. सीमा सुरक्षा र आपराधिक गतिविधि नियन्त्रणका लागि नेपाल सरकारसंग सहकार्य गरिनेछ। |

**अपेक्षित उपलब्धि**

प्रदेश प्रहरीको संगठनको संस्थागत क्षमता वृद्धि भएको हुने, आपराधिक गतिविधिहरू घटेका हुने र सर्वसाधारण मानिसहरूले सुरक्षित भएको अनुभूति गरेका हुनेछन्।

## ७.३ सुशासन तथा सुरक्षा क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

**सुशासन तथा भ्रष्टाचार नियन्त्रण**

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नीति, कानून एवम् कार्यविधि निर्माण र कार्यान्वयन | सदाचार तथा सुशासनसम्बन्धी नीति, कानून र कार्यविधिको निर्माण र क्रमिक कार्यान्वयन | | | | | मुमका |
| २ | विद्युतीय सुशासन | कार्यविधि (SOP) निर्माण तथा कार्यान्वयन, तदनुरुपको संस्थागत संरचना र स्रोतसाधन- विनियोजन (बजेट, जनशक्ति, उपकरणको व्यवस्था ) गरी सबै प्रदेश कार्यालयहरुमा सूचना प्रविधिको प्रयोग | | | | | मुमका |
| ३ | जनगुनासो संकलन तथा सम्बोधन | निर्देशिका निर्माण, नियमित गुनासो संकलन तथा सम्बोधन | | | | | मुमका/ स्थानीय तह |
| ४ | नैतिकता र सदाचार प्रवर्द्धन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | मुमका/ स्थानीय तह |
| ५ | जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तथा सुशासन सम्बन्धी तालिम कार्यक्रम | तालिम संचालन | | | | | मुमका/ स्थानीय तह |
| ६ | अनुगमन, मूल्यांकन जवाफदेहिता, तथा अनुपोषण (MEAL) | कार्यविधि एवम् निर्देशिका तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | मुमका/ स्थानीय तह |

## शान्ति सुरक्षा

| क. स. | कार्यक्रम । वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश प्रहरी संगठन गठन, स्थापना र संचालन | स्थापना र संचालन | संचालन | | | | आमाकाम |
| २ | वडामा वडा प्रहरी इकाइ स्थापना | आवश्यकताको पहिचान | आवश्यक ठाउँहरुमा प्रहरी इकाइ स्थापना | | | | आमाकाम/ स्थानीय तह |
| ३ | प्रदेश सूचना केन्द्र संचालन | नियमित संचालन र सूचनाको उपयोग | | | | | आमाकाम |
| ४ | कारागारको भौतिक सुधार कार्यक्रम | आवश्यकताको पहिचान, डिपीरआर तयार | कारागार भवनको मर्मत र निर्माण | | | | आमाकाम / भौपूम/ नेपाल सरकार |
| ५ | बन्दीहरुलाई आचारण सुधार र सिप विकास तालिम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | आवश्यकता अनुसार कार्यान्वयन | | | | आमाकाम |
| ६ | प्रदेश अनुसन्धान व्यूरो स्थापना र संचालन | स्थापना र संचालन | संचालन | | | | आमाकाम |
| ७ | प्रहरीहरूको क्षमता अभिवृद्धि कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन (तालिम, अपराध जोखिम स्थान पहिचान गरी सिसिटिभी जडान) | | | | | आमाकाम |
| ८ | शान्ती सुरक्षा प्रवर्द्धन कार्यक्रम (साइवर क्राइम नियन्त्रण समेत ) | कार्यक्रम तर्जुमा र संचालन | | | | | आमाकाम / भौपूम/ स्थानीय तह |
| ९ | पुनर्स्थापना गृहलाई सहयोग | आवश्यकता पहिचान र सहयोग | | | | | आमाकाम |
| १० | न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम | कार्यक्रम तर्जुमा र संचालन | कार्यक्रम संचालन | | | | आमाकाम/ स्थानीय तह |

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| ११ | द्वन्द्व प्रभावित विशेष कार्यक्रम (स्वास्थ्य उपचार, स्वास्थ्य बीमा, स्वरोजगार प्रवर्द्धन) | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | आमाकाम/ स्थानीय तह |

नोटः आमाकाम = आन्तरिक मामिला तथा कानून मन्त्रालय, भौपूम = भौतिक पूर्वाधार मन्त्रालय

## ७.४ सुशासन र सुरक्षा क्षेत्रका नतिजा खाका

**प्रभाव**

| सूचकहरु | एकाइ | आधार वर्ष २०७५।७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सुशासन रहेको अनुभूति (अनुभूति सर्वेक्षणका आधारमा) | प्रतिशत | | | | | | | |

**असर**

| सूचकहरु | एकाइ | आधार वर्ष २०७५।७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **शान्ती सुरक्षा** | | | | | | | | |
| विगत १२ महिनामा हिंसामा परेका जनसंख्याको प्रतिशत (दिविल १६.१) | प्रतिशत | ७.८ | | | | | | जस्वास |
| **सुशासन** | | | | | | | | |
| भष्ट्राचार सूचकाङ्क | | | | | | | | ट्रान्सपरेन्सी |

| सूचकहरु | एकाइ | आधार वर्ष २०७५।७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | इन्टरनेशनल |
| भष्ट्राचारका घटनाहरु<br>(क) उजुरी<br>(ख) मुद्दा दायर<br>(ग) कारवाही भएको | संख्या | | | | | | | आमाकाम/अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| बेरुजु रकम | रु करोड | | | | | | | महालेखा परीक्षक |
| **कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | | | |
| पूँजीगत बजेट खर्च प्रतिशत | प्रतिशत | ५५ | ८५ | ९० | ९५ | ९५ | ९८ | आमायोम |
| भौतिक प्रगति | प्रतिशत | - | ९० | ९५ | ९५ | ९८ | ९८ | आमायोम/ सबै मन्त्रालयहरु |
| लक्षित आयोजना सम्पन्न दर | प्रतिशत | | | | | | | आमायोम |

**प्रतिफल**

| प्रमुख सूचकहरू | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **शान्ति सुरक्षा** | | | | | | | | |
| प्रदेश प्रहरी, प्रहरी चौकी निर्माण | संख्या | | १२ | २० | ३० | ४० | ५० | आमायोम |
| सुधार भएका कारागार भवन संख्या | संख्या | १२ | १३ | | | | | |
| तालिम प्राप्त बन्दी | संख्या | ४५० | १५०० | | | | | |
| सिसिटिभी जडान गरिएको स्थान | संख्या | ४३ | ८३ | ११३ | १७३ | | | |

| प्रमुख सूचकहरू | एकाइ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक जागरणमा समेटिएका व्यक्ति | संख्या | १५०० | २००० | २२०० | २५०० | | | |
| अपराधिक घटना | संख्या | - | - | - | - | | | |
| कारागारमा बन्दीहरूबाट भएको उत्पादन | रु करोडमा | - | - | - | - | | | |
| सबै पालिकाका न्यायिक समितिले समाधान गरेका मुद्दाहरु | संख्या | | | | | | | |
| **सुशासन, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन** | | | | | | | | |
| नीतिकानून तर्जुमा , (वार्षिक) | संख्या | ५० | २५ | २० | १५ | १० | १० | |
| प्रदेशस्तरीय प्रशिक्षण केन्द्रबाट तालिम (वार्षिक) | संख्या | - | २०० | ३०० | ३०० | ३०० | ३०० | |
| प्राप्त जनगुनासो | संख्या | १५० | - | - | - | - | - | |
| सम्बोधन गरिएको जनगुनासो | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | |
| मूल्यांकन भएका आयोजना/कार्यक्रम | जना | - | २ | ३ | ४ | ६ | ७ | |

**नोटः** यस नतिजा खाकामा रहेका प्रभाव र असर अन्तर्गतका सूचकहरूमा समग्र प्रदेशको गन्तव्यमा पुग्नको लागि विभिन्न सरोकारवालाहरूको लगानी र सहयोग सहितको आंकलन गरिएको छ भने, प्रतिफलमा राखिएका सूचकहरूको लक्ष्य प्रदेशको बजेटबाट मात्र गर्नेगरी आंकलन गरिएको छ।

# पाठ ८ : अन्तरसम्बन्धित क्षेत्र

## ८.१ तथ्याङ्क सुदृढीकरण

### विद्यमान अवस्था

नीति, कार्यक्रम तथा योजना तर्जुमाका लागि विस्तृत तथ्याङ्कको आवश्यकता पर्दछ। पर्याप्त तथ्याङ्क उपलब्ध भए नै विद्यमान स्थितिको यथार्थ विश्लेषण गर्न सकिन्छ। संघीय संरचनामा गएसंगै प्रदेशतहका तथ्याङ्कको खाँचो रहेको छ। प्रादेशिक स्तरका प्रादेशिक गार्हस्थ्य उत्पादन लगायतका समष्टिगत आर्थिक तथ्याङ्कका अतिरिक्त अन्य आर्थिक सामाजिक विकासका तथ्याङ्कको अभाव रहेको छ। नयाँ ढंगको प्रादेशिक खण्डीकृत तथ्याङ्कको आवश्यकता रहेको छ। यस प्रदेशमा परेका दुईवटा जिल्ला रूकुम पूर्व र नवलपरासी पश्चिम पूरानो जिल्लाका संरचना अनुसार छैनन्। यी नयाँ जिल्लाहरूको पर्याप्त तथ्याङ्क उपलब्ध हुन सकेको छैन।दिगो विकासका लक्ष्यहरू अनुगमन गर्न सो अनुरूपका तथ्याङ्कको पनि आवश्यकता रहेको छ। तीनै तहको सरकारले तथ्याङ्क सम्बन्धी कार्य गर्नसक्ने संवैधानिक व्यवस्था रहेको छ।

### प्रमुख समस्या

तथ्याङ्कले पर्याप्त मात्रमा प्राथमिकता पाउन नसकिरहेको अवस्थासंगै, तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशनका लागि प्रदेशस्तरका संस्थागत संरचना बन्न बाँकी रहेको स्थिति छ। सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित ढंगले तथ्याङ्क संकलन, विश्लेषण, भण्डारण, र प्रयोग हुन सकिरहेको छैन।

### चुनौती र अवसर

नयाँ संरचनामा तथ्याङ्क संकलनका लागि प्रभावकारी संरचना बनाउनु, समयमै यसको लागि ऐन नियमहरू तर्जुमा गर्नु, पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गर्नु र तीनै तहका सरकारहरूबीच तथ्याङ्क संकलनमा समन्वय र सहकार्य गर्नु चुनौतीपूर्ण रहेको छ।

सूचना प्रविधिको विकासले गर्दा तथ्याङ्कलाई नयाँ ढंगले विस्तृत रूपमा संकलन गर्न सकिने र स्थानीय तहहरूको क्षमता अभिवृद्धि गरेर विस्तृत तथ्याङ्क संकलन गर्न सकिने अवसर रहको छ। प्रदेशले तथ्याङ्क संकलन र व्यवस्थापनका लागि आफ्नो प्रभावकारी संरचना बनाउन सकिने अवसर रहेको छ।

### दीर्घकालीन सोच

नीति निर्माण र योजना तर्जुमाका लागि प्रामाणिक, आधिकारिक एवम् विश्वसनीय पर्याप्त तथ्याङ्कको उपलब्धता।

## लक्ष्य

सुदृढ, गुणस्तरीय, भरपर्दो तथा व्यवस्थित तथ्याङ्क प्रणाली स्थापना गर्ने।

## उद्देश्य

प्रदेशस्तरीय तथ्याङ्क संकलन, प्रशोधन र व्यवस्थापन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. तथ्याङ्क संकलनको लागि ऐन नियम तर्जुमा र प्रभावकारी संरचनाको स्थापना गर्ने। | १. प्रादेशिक तथ्याङ्क संकलन, प्रशोधनका लागि आवश्यक प्रशासनिक संरचना निर्माण गरी एकीकृत प्रदेश तथ्याङ्क प्रणालीको विकास गरिनेछ।<br>२. प्रदेश तथ्याङ्क ऐन तर्जुमा गरी लागु गरिनेछ।<br>३. संघ र स्थानीय तहको सहकार्यमा प्रादेशिक तथ्याङ्क तयार गरिनेछ।<br>४. प्रत्येक स्थानीय तहमा सूचना तथा अभिलेख ईकाइ स्थापना गर्न सहजीकरण गरिनेछ।<br>५. प्रदेश सरकारका निकायहरूमा तथ्याङ्क समूहको दरवन्दीको व्यवस्था गरी तथ्याङ्क संकलनलाई प्रभावकारी बनाइनेछ।<br>६. तथ्याङ्क संकलनमा आधुनिक प्रविधिको प्रयोग र क्षमता विकास गरिनेछ। |
| २. संघीय, प्रदेश र स्थानीय तहबीच सहकार्य गरी प्रदेशका तथ्याङ्क संकलन प्रशोधन र प्रकाशन गर्ने। | १. प्रदेशको आर्थिक सामाजिक विकासलाई भौगोलिक सूचना प्रणाली मार्फत नक्शांकन गरिनेछ ।<br>२. केन्द्रीय तथ्याङ्क विभागको सहयोगमा प्रादेशिक गार्हस्थ्य उत्पादन र नेपाल राष्ट्र बैंकको सहयोगमा प्रादेशिक मूल्य सूचकाङ्क प्राप्त गरिनेछ।<br>३. व्यक्तिगत घटनादर्तालाई विस्तार गर्दै स्वास्थ्यलगायत अन्य क्षेत्रसंग समन्वयगरी उपयोग गरिनेछ।<br>४. प्रादेशिक तथ्याङ्क नियमित संकलन गरी प्रकाशन गर्ने व्यवस्था गरिनेछ।<br>५. दिगो विकास लक्ष्य समेतलाई अनुगमन गर्न तथ्याङ्क उपलब्ध हुनेगरी प्रदेशस्तरमा एक आर्थिक तथा सामाजिक तथ्याङ्कको प्राप्त हुने घर परिवार सर्भेक्षण प्रारम्भ गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६. संघीय तहबाट हुने गणना, घर परिवार सर्वेक्षण र राष्ट्रिय लेखाका तथ्याङ्क तथा सूचना प्रादेशिक एवम् स्थानीय तहको खण्डीकृत हुनेगरी संकलन तथा विश्लेशण गर्न सहजीकरण तथा समन्वय गरिनेछ। |
| ३. लैङ्गिक तथा समावेशी तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन गर्ने। | १. प्रादेशिक तथ्याङ्क संकलनमा महिला पुरूषको तथ्याङ्कका साथै भौगोलिक, सामाजिक, आर्थिक, क्षेत्रगत र समावेशी सिद्धान्तका आधारमा खण्डीकृत गर्न सकिने गरी संकलन गरिनेछ। |

### अपेक्षित उपलब्धि

तथ्याङ्कका लागि ऐन नियम र प्रशासनिक संरचना निर्माण भएको हुने, प्रादेशिक तथ्याङ्कहरू उपलब्ध भएको हुने, प्रदेशको आर्थिक सामाजिक विकासको स्तर भौगोलिक सूचना प्रणाली नक्शाङ्कनमा उपलब्ध भएको हुनेछ।

## ८.२ गरिबी निवारण

### विद्यमान अवस्था

पछिल्ला वर्षहरूमा नेपालमा गरिबीको रेखामुनी रहेका जनसंख्याको प्रतिशतमा कमी आउँदै गएको छ। यस प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्याको हिस्सा राष्ट्रिय औसत भन्दा केही कम रहेको छ। बहुआयामिक गरिबीको दर भने करीब ३० प्रतिशत रहेको छ जुन राष्ट्रिय औसत भन्दा बढी हो। अधिकांश जिल्लाहरूको निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्या राष्ट्रिय स्तर भन्दा बढी छ। त्यसमा पनि जिल्लाभित्र विभिन्न ठाँउहरूमा बसोवास गर्ने मानिसहरूको गरिबीको स्तर फरक फरक रहेको छ। कतिपय ठाँउहरूको गरिबी ज्यादै उच्च रहेको छ। वि. सं. २०६८ को जनगणना अनुसार बाँके जिल्लाका केही स्थानहरूमा ५८.४ प्रतिशतसम्म मानिसहरू गरिबीको रेखामुनि रहेका छन्। यस प्रदेशमा सबैभन्दा कम गरिबी भएको रूपन्देही र नवलपरासी (पश्चिम) जिल्लामा पनि कतिपय ठाउँहरूमा ३५ प्रतिशतसम्म जनसंख्या निरपेक्ष गरिबीको रेखामुनी रहेका छन्।

दिगो विकासको लक्ष्यले सन् २०३० सम्ममा चरम गरिबीलाई शून्यमा झार्ने लक्ष्य लिएको छ। राष्ट्रिय मापनमा गरिबीको दर सो समयमा आधामा झार्ने लक्ष्य रहेको छ जसअनुसार सन् २०३० सम्ममा गरिबीको दर ५ प्रतिशतमा ल्याउने लक्ष्य रहेको छ। दिगो विकासको लक्ष्य अनरूप अमेरिकी डलर १.२५ प्रतिदिन भन्दा कम आम्दानी (क्रयशक्तिमा आधारित) भएको जनसंख्याको

प्रतिशत सन् २०२२ मा १३.७ प्रतिशत र सन् २०३० सम्म ४.९ प्रतिशत ल्याउने लक्ष्य रहेको छ। बहुआयामिक गरिबीको दरलाई सन् २०२२ सम्ममा १८.२६ प्रतिशत र सन् २०३० सम्ममा ६.४८ प्रतिशतमा झार्ने नेपालको प्रतिबद्धता रहेको छ।

नेपालको संविधानले गरिबी निवारणलाई तीनै तहको साझा अधिकार क्षेत्र भित्र राखेकोले तीनै तहको सरकारको जिम्मेवारी भित्र गरिबी निवारण पर्दछ। तीनै तहले समन्वय र सहकार्यमा गरिबी कम गर्नुपर्ने खाँचो रहेको छ।

## प्रमुख समस्या

विगतमा धेरै प्रकारका गरिबी निवारणका कार्यक्रम संचालन भए पनि आंशिक सफलतामात्र प्राप्त भएको, गरिबीको कारणको रूपमा रहेका जनचेतनाको कमी, व्यावसायिकताको कमी, निर्वाहमुखी कृषि तथा अन्य पेशा, शिक्षा तथा सिपको कमी आदि अझै विद्यमान रहेको छ। परम्परागत सोच, अन्धविश्वास र कुरीतिहरूले पनि गरिबी बढाउन तथा गरिबी अपेक्षित रूपमा घट्न नदिने भूमिका खेलेका छन्।

## चुनौती र अवसरहरू

गरिबी निवारण सम्बन्धी कार्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, लैङ्गिक समानतालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नु,कृषि तथा गैरकृषि क्षेत्रलाई व्यावसायिक र आधुनिक पारी रोजगारी सिर्जना गर्नु, पर्याप्त मात्रामा शिक्षा, स्वास्थ्य र आधारभूत भौतिक पूर्वाधार पुऱ्याएर गरिबी निवारण गर्नु चुनौतीपूर्ण रहेको छ।

वैदेशिक रोजगारीमा जाने क्रम बढेसंगै बाहिरबाट सिप सिकेर आउने प्रवृति बढेको, तीन तहका सरकारहरूले गरिबी निवारणमा काम गर्न थालेको, सामाजिक सुरक्षाको व्यवस्था विस्तार हुँदै गएको, राजनैतिक स्थीरतासँगै आर्थिक गतिविधि बढी नेपाली अर्थतन्त्रले उच्च आर्थिक वृद्धिको चरणमा प्रवेश गरेको र दिगो विकासका लक्ष्य अनुरूप गरिबी निवारणमा दाताहरूको रूचि रहनु यस क्षेत्रको अवसरको रूपमा रहेका छन्।

## दीर्घकालीन सोच

निरपेक्ष गरिबी शून्य भएको समृद्ध प्रदेश।

### लक्ष्य

बहुपक्षीय ढंगबाट प्रदेशको आयमूलक, मानवीय तथा बहुआयामिक गरिबी न्यूनिकरण गर्ने।

## उद्देश्य

निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्याको रोजगारी, आयआर्जन सहित जीवनस्तर वृद्धि गर्ने।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सघन गरिबी भएका क्षेत्रहरू पहिचान गरी गरिबी निवारणका लागि लक्षित कार्यक्रम संचालन गर्ने। | १. प्रदेश स्तरमा गरिबीका कारणहरू पहिचान गर्न अध्ययन गरिनेछ।<br>२. स्थानीय तहसँग सहकार्य गरी गरिबीको सघनता र मानव विकासमा पछि परेका पिछडिएको क्षेत्रमा गरिब घरपरिवार पहिचान गरी मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम मार्फत लक्षित विकासका कार्यक्रम संचालन गरिनेछ।<br>३. सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई गरिब घर परिवारमा केन्द्रित गरिनेछ। |
| २. गरिबी निवारणका लागि रोजगारी र आय आर्जनका कार्यक्रम संचालनका साथै ती कार्यक्रममार्फत लैङ्गिक विभेद समेत न्यूनीकरण गर्ने। | १. कृषि, उद्योग र पर्यटनलाई गरिबी निवारणतर्फ परिलक्षित गरिनेछ।<br>२. भौतिक पूर्वाधार निर्माण गर्दा विपन्नलाई रोजगारी दिन प्राथमिकता दिइनेछ।<br>३. न्यून आय भएका मानिसहरूलाई नि:शुल्क सिपमूलक तालिम प्रदान गरिनेछ।<br>४. गरिब परिवारहरूलाई विभिन्न आर्थिक क्रियाकलाप संचालन गर्न अनुदान उपलब्ध गराइनेछ। साथै, आर्थिक सशक्तीकरण मार्फत लैङ्गिक विभेद कम गरिनेछ।<br>५. गरिब घरपरिवारलाई कम्तीमा एक घर एक रोजगारीको प्रत्याभूतिको व्यवस्था गरिनेछ। |
| ३. गरिबीलाई बहुआयामिक उपायबाट सम्बोधन गर्ने। | १. गरिब घरपरिवारहरूलाई आम्दानी, बचत र खर्चसँगै बैकिङ्ग ज्ञान प्रदान गरी बचत गर्ने बानीलाई प्रोत्साहन गरिनेछ।<br>२. गैर सरकारी संस्थाहरूलाई गरिबीको सघनता बढी भएका स्थानहरूमा गरिबी न्यूनीकरणका कार्यक्रम संचालन गर्न अभिप्रेरित गरिनेछ।<br>३. जनजागरणको माध्यमबाट परम्परागत अन्धविश्वास, कुरिती र कुसंस्कारहरू हटाइनेछ।<br>४. शिक्षा र स्वास्थ्यमा पहुँच बढाई मानवीय पूँजी विकास गरिनेछ।<br>५. भूमिहीन मानिसहरूलाई व्यावसायिक कृषि कर्म गर्न करारमा जग्गा उपलब्ध गराउन सहयोग गरिनेछ। |

### अपेक्षित उपलब्धि

प्रदेशको समग्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसंख्या ५ वर्षमा १० प्रतिशत भन्दा कम भएको हुने, बहुआयामिक गरिबीको दर १५ प्रतिशत भन्दा कम भएको हुनेछ।

## ८.३ श्रम तथा रोजगारी

### विद्यमान अवस्था

नेपालमा प्रर्याप्त मात्रामा आन्तरिक रोजगारी सिर्जना हुन नसक्दा युवाहरू वैदेशिक रोजगारीमा जान परिरहेको स्थिति छ। अर्कोतर्फ स्वदेशमै कृषिक्षेत्र, विकास निर्माण र उद्योगमा चाहिने दक्ष जनशक्ति उपलब्ध हुन सकिरहेको छैन। साथै युवाहरूको संस्कारगत मनोभाव र विदेशको आकर्षक ज्यालाका कारणले गर्दा नेपालमै उपलब्ध काम गर्न हिच्किचाउने गरेका छन्। त्यसैगरी प्राविधिक ज्ञान भएकाभन्दा बढी कोरा शिक्षा अध्ययन गरेका व्यक्तिहरू भएको हुनाले दक्ष जनशक्तिको अभावसँगै शिक्षित बेरोजगारीको अवस्था पनि छ। रोजगारमुखी र उद्यमशील शिक्षाको अभावमा स्वरोजगार हुने भन्दा पनि जागिर खोज्ने पद्धति बढी हावी छ।

नेपाल श्रम सर्वेक्षण २०१७/१८ का अनुसार यस प्रदेशमा ३४ लाख ३७ हजार मानिसहरू काम गर्ने उमेरसमूहका छन् र एक लाख ४४ हजार वेरोजगार छन्। यस प्रदेशको वेरोजगारीको दर ११.२ प्रतिशत रहेको छ जसमध्ये शहरी क्षेत्रमा १२.० प्रतिशत र ग्रामीण क्षेत्रमा १०.१ प्रतिशत वेरोजगारीको दर रहेको छ। त्यस्तै, महिलाहरूको वेरोजगारी दर ११.९ प्रतिशत पाइएको छ भने पुरूषहरूको वेरोजगारी दर १०.८ प्रतिशत छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गर्नुका साथै सामाजिक सुरक्षा तथा रोजगारी र रोजगारी तथा बेरोजगारी सहायता शीर्षकलाई संघ र प्रदेशको साझा अधिकार सूचिमा राखेको छ। स्थानीय तहलाई बेरोजगारीको तथ्याङ्क संकलनको जिम्मेवारी दिएको छ।

दिगो विकासका लक्ष्यले पूर्ण र उत्पादनशील रोजगारी र सबैकालागि सम्मानजनक काम उपलब्ध गराउनु पर्ने लक्ष्य तोकेको छ। सन् २०३० सम्ममा बालश्रमलाई पूर्ण रूपमा उन्मूलन गर्नुपर्ने लक्ष्य तोकेको छ भने अर्द्ध बेरोजगारीलाई १० प्रतिशतभन्दा कममा ल्याउनु पर्ने भएको छ।

### प्रमुख समस्या

नेपालको श्रम वजार व्यवस्थित भइनसकेको अवस्था, रोजगारीसम्वन्धी सूचनाहरू सहजरूपले उपलब्ध नहुनु र बजारमा उपलब्ध कतिपय रोजगारका अवसरहरूलाई आत्मसात नगर्ने प्रवृतिको बाहुल्यता समस्याको रूपमा रहेका छन्। साथै, श्रम बजारमा कस्तो जनशक्ति कति आवश्यक छ

भन्ने सवालमा अध्ययन पनि भएको छैन। सरकार अन्तर्गतका रोजगार केन्द्रहरू प्रभावकारी भएका छैनन्। श्रम बजारमा सिपयुक्त जनशक्तिको अभाव, अधिकांश जनशक्ति अनौपचारिक क्षेत्रमा संलग्न रहेको स्थिति ज्यालामा लैगिंक असमानता, कार्यस्थलमा लैङ्गिकमैत्री वातावरणको अभाव र बालश्रम अझै समस्याका रूपमा रहेका छन्।

## चुनौती र अवसर

वेरोजगारीको यथार्थ तथ्याङ्क संकलन गर्दै रोजगारी सिर्जना गर्नु, उद्यमशील बनाउँदै श्रमलाई सम्मान गर्ने सामाजिक संस्कृति विकास गरी स्वदेशमै रोजगारी र स्वरोजगारी सिर्जना गर्नु, विना सिप र तालिम अमर्यादित, असुरक्षित र अत्यन्त न्यून तलब पाइने वैदेशिक रोजगारीमा जाने क्रमलाई रोकी शिक्षा र सिप हासिल गर्नतर्फ जागरूक गराउनु यस क्षेत्रका चुनौतीहरू हुन्।

नयाँ युवा पिढी प्रविधिमैत्री रहेको र प्रविधिको विस्तार भैरहेको, वैदेशिक रोजगारबाट फर्केकाहरू उद्यमशील कार्यमा लागेका, महिला उद्यमीहरूको संख्यामा बढोत्तरी भएको, प्राविधिक शिक्षाको पहुँच विस्तार हुँदै गएको र बैकिङ्गलगायत आन्तरिक आर्थिक गतिविधिहरू विस्तार भइरहेकाले श्रम तथा रोजगारीका लागि सकारात्मक अवसरहरू सिर्जना भएका छन्।

## दीर्घकालीन सोच

सबै प्रकारका श्रमको सम्मान सहितको पूर्ण रोजगारीको स्थिति सिर्जना।

### लक्ष्य

श्रमबजारलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनसंगै पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्ने।

## उद्देश्य

१. दक्ष तथा सिपयुक्त जनशक्ति उत्पादनसंगै आन्तरिक रोजगारी सिर्जना गर्नु।
२. उद्यमशीलताको विकासमार्फत युवाहरूलाई स्वरोजगारतर्फ उन्मुख गराउनु।
३. श्रम बजारको प्रवर्द्धन र रोजगारदाता तथा श्रमिकको हकहित संरक्षण गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. श्रमवजारको माग विश्लेषण गरी सो अनुरूपको जनशक्ति उत्पादनगर्ने। | १. श्रमबजारमा भइरहेको परिवर्तन र श्रम माग र आपूर्तिको सम्बन्धमा नियमित अध्ययन गरिनेछ।<br>२. स्थानीय तहसंगको सहकार्यमा बेरोजगारी सम्वन्धी तथ्याङ्क संकलन गरिनेछ।<br>३. श्रमवजारको माग अनुसारको जनशक्ति उपलब्ध गराउन |

| रणनीति | कार्यनीति |
|---|---|
| | सोही अनुसारको प्राविधिक एवम् रोजगारमुखी शिक्षा र दक्षता विकास गराइनेछ।<br>४. सार्वजनिक निजी साझेदारीमा सिपयुक्त जनशक्ति विकास गर्न औद्योगिक प्रतिष्ठान, बैंकिङ्ग संस्था र तालिम केन्द्रहरूसँगको सहकार्यमा बजारको माग अनुसार तालिम संचालन गरिनेछ। |
| २. रोजगारी सिर्जना गर्ने क्रियाकलापहरू संचालन गर्न प्राथमिकता दिने। | १. स्थानीय श्रम, परम्परागत सिप र प्रविधिमा आधारित उद्योगको स्थापना र आयोजना तथा कार्यक्रमहरू कार्यान्वयनमा जोड दिइनेछ।<br>२. भौतिक पूर्वाधार निर्माण र उद्योगधन्दामा प्रदेशका स्थानीय नागरिक तथा द्वन्द्व प्रभावित व्यक्तिहरूलाई रोजगारीका अवसरमा प्राथमिकता दिने नीति लिइनेछ।<br>३. रोजगारी सूचना प्रवाहलाई प्रभावकारी पारिनेछ। |
| ३. उद्यमशीलताको प्रवर्द्धन गरी स्वरोजगारमा जोड दिने। | १. वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वरोजगार हुन सिप प्रमाणीकरण र सहुलियत ऋण उपलब्ध गराउन सहयोग गरिनेछ।<br>२. उद्यमशिल शिक्षा तथा तालिमको अवसर उपलब्ध गराई स्वरोजगारका लागि आवश्यक पूँजी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।<br>३. व्यावसायिक र प्राविधिक शिक्षामा सहज पहुँच बढाई युवाहरूलाई प्रोत्साहित गरिनेछ।<br>४. कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रका लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ। |
| ४. श्रमिकको हकहीत संरक्षण सहित श्रम बजारमा लैङ्गिक विभेद अन्त्यको वातावरण सिर्जना गर्ने। | १. श्रमिकहरूको बीमा अनिवार्य गर्दै सामाजिक सुरक्षामा जोड दिइनेछ।<br>२. कार्यस्थलमा हुनसक्ने जोखिमको न्यूनिकरणमा जोड दिइनेछ।<br>३. कार्यस्थलमा हुने लैङ्गिक विभेद तथा हिंसालाई निरूत्साहित गरिनेछ।<br>४. समयको आधारमा ज्यालादर निर्धारण हुने पद्धतिको विकास गरी न्यूनतम र समान ज्यालाको सुनिश्चितता |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरिनेछ।<br>५. श्रम बजारमा लैङ्गिक विभेदलाई अन्त्य गर्ने अभियान चलाइनेछ।<br>६. महिला उद्यमी तथा महिलाको रोजगारीको बढाउने नीति लिइनेछ। |
| ५. श्रमको उचित सम्मान र इज्जत गर्ने संस्कृतिको विकास गर्ने। | १. श्रमको सम्मान गर्ने संस्कार बसाई श्रमबजारमा उपलब्ध कामहरू गर्न युवाहरूलाई प्रेरित गरिनेछ।<br>२. विभिन्न क्षेत्रका उत्कृष्ट पेशाकर्मीहरूलाई सम्मान र पुरस्कृत गर्ने व्यवस्था गरिनेछ। |

### अपेक्षित उपलब्धि

दक्ष जनशक्ति उत्पादन भइ रोजगारका अवसर सिर्जना भएको हुने, श्रमशक्तिको उपलब्धता अभिवृद्धि भएको हुने, श्रमको सम्मान गर्ने संस्कृतिको विकास भएको हुने र अर्द्ध बेरोजगारीको दरमा कमी आएको हुनेछ।

## ८.४ वन तथा वातावरण

### विद्यमान अवस्था

वन क्षेत्रले जनताको  लागि आवश्यक उर्जा, निर्माण सामग्री, पशु आहार, तथा वातावरणीय सेवा प्रदान गर्दै आएको छ भने वनक्षेत्रले नेपाललाई जैविक विविधताको धनि मुलुक पनि बनाएको छ। यस प्रदेशको ५० प्रतिशतभन्दा बढी भूभाग वनजंगलले ओगटेको छ। प्रदेशका सबै जिल्लाहरूमा वनजंगलको उपलब्धता राम्रो रहेको छ।वनजंगलको उचित प्रयोग र व्यवस्थापनबाट वातावरण संरक्षणका साथै रोजगारी सिर्जना र आय आर्जनमा सहयोग पुग्ने हुन्छ। अहिले फर्निचर तथा झ्याल ढोकाको लागि काठ आयात गर्नुपरेको छ भने घर निर्माणमा आयातित आल्मुनियमका झ्याल ढोकाहरूको प्रयोग बढेको छ। वातावरण संरक्षण गर्ने प्रजातिका विरूवाहरू प्रवर्द्धन गर्ने कार्य पर्यनप्त मात्रामा भएको छैन। दिगो विकासको लक्ष्य १५ ले वनको दिगो व्यवस्थापन गर्ने र वन विनास रोक्ने लक्ष्य राखेको छ।

नेपालको संविधानले प्रदेशको अधिकार क्षेत्रभित्र प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापनलाई राखेको छ।साथै, संघ र प्रदेशको साझा सूचीमा वातावरण संरक्षण र जैविक विविधता, अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण र जल उपयोग रहेको छ।

## प्रमुख समस्या

वन अतिक्रमण तथा चोरी निकासी हुनु, गैरकाष्ठ वनपैदावरको अव्यवस्थित र अवैज्ञानिक संकलन हुनु, चुरे विनास, प्राकृतिक प्रकोपका साथै, शहरीकरणका कारण भैरहेको वातावरणीय प्रदूषण, वन डढेलो, जैविक विविधताको विनास, प्राकृतिक विपत्ति तथा जलवायू परिवर्तनका प्रभावहरूबाट धनजनको क्षति जस्ता समस्याहरू विद्यमान छन्।

## चुनौती र अवसर

संघीय संरचना अनुसारका नीति, कानून र कार्यक्रमहरू आत्मसात गरी लागु गर्नु, व्यवस्थित र दिगो रूपले चुरे क्षेत्रको संरक्षण गर्नुका साथै जलवायू परिवर्तनका कारणले हुने प्रभावहरूलाई न्यूनीकरण गर्नु र वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सुझाएका वातावरणीय पक्षहरूलाई लागु गर्नु यस क्षेत्रका चुनौतीको रूपमा रहेका छन्।

उल्लेख्य मात्रामा वन क्षेत्र रहनु, यस प्रदेशमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्षण हुनु, वनजन्य वस्तुहरूको बजार माग उच्च रहनु, दिगो र वैज्ञानिक वन व्यवस्थापनमा जागरूकता बढ्नु, वातावरण संरक्षणमा सरोकारवालाहरूको चासो बढ्नु यस क्षेत्रका अवसरहरू हुन्।

## दीर्घकालीन सोच

वातावरणीय सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुनेगरी वनको दिगो व्यवस्थापन।

### लक्ष्य

जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यबस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गर्दै वनपैदावारहरूको समूचित प्रयोगबाट रोजगारी र आयआर्जनमा वृद्धि गर्ने।

## उद्देश्य

१. वनजन्य वस्तुको उत्पादन विस्तार र यसमा आधारित उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्नु।
२. भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्नु।
३. वनको दिगो व्यवस्थापन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. वनसम्बन्धी प्रादेशिक नीति, कानून र उपयुक्त संरचना बनाउने। | १. वन नीति, वातावरण नीति र वन तथावातावरण सम्वन्धी आवश्यक प्रादेशिक कानूनको तथा नीति नियम निर्माण गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | २. प्रदेशअन्तर्गतका वनहरूको लगत तयार पारिनेछ।<br>३. वन अपराधका कृयाकलाप नियन्त्रण गर्न आवश्यक कानून तथा संयन्त्र तयार गरिनेछ। |
| २. विद्यमान वनक्षेत्र कायम राखी उत्पादकत्व वृद्धिका लागि वनको सहभागितामूलक, दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने। | १. सामुदायिक, कबुलियती, साझेदारी र निजी वनको दिगो तथा वैज्ञानिक व्यवस्थापनमार्फत वनजन्य उत्पादन बढाई वनको अधिकतम उपयोग गरिनेछ।<br>२. आय आर्जन बढाउन वन क्षेत्रको व्यवसायिक ढंगले विकास र प्रयोग गरिनेछ।<br>३. कृषि तथा वागबानी वनको अवधारणा अनुरूप वनमा आधारित उपभोग्य वस्तुहरू उत्पादन गरिनेछ।<br>४. फर्निचर उद्योग र घर निर्माणका लागि आवश्यक काठहरू व्यवस्थित ढंगले उपलब्ध गराइनेछ।<br>५. वन र वातावरणसम्वन्धी अनुसन्धानलाई जोड दिइनेछ।<br>६. वन डढेलो नियन्त्रण गर्न अग्नि रेखा बनाउने र नियन्त्रित जलान गर्ने काम गरिनेछ। |
| ३. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुनःस्थापना तथा पुनःनिर्माण गर्ने। | १. स्थानीय तह तथा निजीक्षेत्रसंगको समन्वयमा जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय, वनस्पति उद्यान र चिडियाखाना स्थापना गरिनेछ।<br>२. उपयुक्त वनहरूमा पर्यटन प्रवर्द्धन, जैविक विविधता र जलाधार संरक्षणका साथै सिमसार क्षेत्रको संरक्षण र प्रयोगलाई प्राथमिकता दिइनेछ।<br>३. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन गरिनेछ।<br>४. नगर र नगर वरिपरिका वन, हरियाली, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ।<br>५. आकर्षक विरूवाहरू रोपेर शहरी क्षेत्र तथा सडकको सुन्दरता बढाइनेछ।<br>६. नाङ्गा डाँडा र खाली भूभागमा व्यक्तिगत र व्यावसायिक दुवै तरीका अपनाई वृक्षारोपण गरी वनको प्रवर्द्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ४. जलवायू परिवर्तनलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने। | १. प्रदेशमा उपलब्ध तालतलैयाहरू संरक्षण र सम्वर्द्धन गरिनेछ।<br>२. जैविक प्रविधिको प्रयोग गरी जैविक विविधताको संरक्षणसंगै मूल्यवान् रसायनहरूको उत्पादन शुरू गरिनेछ। |
| ५. व्यक्तिगत र व्यावसायिक दुवै शैलीका वृक्षारोपण गरेर भू-स्खलन नियन्त्रण र भू-संरक्षण गर्ने। | १. भूक्षय भएको ठाउँ लगायत अन्य उपर्युक्त स्थानहरूमा अभियानको रूपमा वृक्षारोपण गरिनेछ।<br>२. राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त आयोजनाहरू वनक्षेत्रमा सचालन हुने अवस्थामा वातावरणीय प्रभावको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन कार्यान्वयनलाई अनिवार्य गरिनेछ। |

### अपेक्षित उपलब्धि

वनजंगलको आवश्यक र लक्षित अनुपातलाई कायम राख्दै वनजन्य उत्पादन बढेको हुने, चिडियाखाना स्थापना भएको हुने, प्राणी र वनस्पति उद्यान स्थापना भएका हुने र सडकहरूमा सौन्दर्यीकरण भएको हुनेछन्।

## ८.५ सूचना तथा संचार प्रविधि

### विद्यमान अवस्था

संचार तथा सूचना प्रविधिको क्षेत्र देशभरी नै विस्तार हुने क्रममा रहेको छ। यस प्रदेशको केही ठाँउहरूमा बाहेक अन्य स्थानमा मोवाइल टेलिफोन सुविधाको विस्तार भएको छ। सरकारी कामकाजदेखि निजी क्षेत्रले पनि सूचना प्रविधिको प्रयोग बढाउँदै लगेका छन्। शिक्षा, स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा इन्टरनेटको प्रयोगले ज्ञान विस्तार गर्न र गुणस्तर सुधार गर्न सहज हुने हुन्छ। तर, सूचना प्रविधिको प्रयोग उत्पादन र उत्पादकत्व बढाउने गरी हुन सकिरहेको छैन। नेपालको संविधानले प्रदेश र संघको साझा अधिकार क्षेत्र भित्र सञ्चार माध्यमसम्बन्धी विषयलाई समावेश गरेको छ।

## प्रमुख समस्या

कतिपय ठाँउहरूमा मोवाइल टेलिफोन सहज ढंगले काम नगर्ने गुनासाहरू रहेका छन्। इन्टरनेट सेवाको सहज उपलब्धता र पहुँच सीमित रहेको छ। सूचना प्रविधिको विस्तारका लागि चाहिने विद्युत सेवाको उपलब्धता नहुनु पनि सूचना प्रविधि क्षेत्रको एक मुख्य समस्या हो।

## चुनौती र अवसर

सूचना प्रविधिलाई सबै क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउने गरी विस्तार र यसको सही प्रयोग चुनौतीपूर्ण रहेको छ। शिक्षाको कमीले पुरानो पिंढीलाई सूचना प्रविधि प्रयोगबारे जानकारी गराउनु पनि चुनौतीपूर्ण छ।

नयाँ पिंढी सूचना प्रविधिमा बढी अभ्यस्त रहेका, प्रविधिको विकासले स्मार्ट मोवाइलको विस्तार उल्लेख्य रूपमा भएको, प्रायः सबै आर्थिक क्षेत्रमा सूचना प्रविधिको प्रयोगबाट फाइदा लिन सकिने अवसर रहेको छ। इन्टरनेटमार्फत् सेवा तथा सफ्टवेयर निर्यात गरेर उल्लेख्य मात्रामा वैदेशिक मुद्रा आर्जन गर्न सकिने, तुलनात्मक रूपमा थोरै लगानीका पूर्वाधारबाटै विश्वस्तरीय सेवा प्रवाह गर्न सकिने र कतिपय सेवाप्रवाहमा विश्वबजारमा प्रतिष्पर्धा गर्न समेत सकिने संभावना छ।

## दीर्घकालीन सोच

सूचना र संचार प्रविधिको सहज पहुँच र भरपुर उपभोगमार्फत आर्थिक र सामाजिक समुन्नति।

### लक्ष्य

सबै बस्तीहरूमा टेलिफोन र इन्टरनेटको सहज पहुँच पुर्‍याउने।

## उद्देश्य

सूचना प्रविधिको विस्तार एवम् व्यवस्थित प्रयोग गरी सरकारी कामकाज र सेवा प्रवाहमा सुधार, उत्पादन तथा उत्पादकत्व वृद्धि र आर्थिक समृद्धिमा सहयोग पुर्‍याउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. सूचना प्रविधिको विकास तथा व्यवस्थित प्रयोग गर्न कानूनी एवम् संस्थागत व्यवस्था गर्ने। | १. सूचना प्रविधि सम्वन्धी प्रदेशको नीति तथा कानून निर्माण गरिनेछ।<br>२. प्रदेश सरकारका काम कारवाही, सेवा प्रवाह र विकास निर्माण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न एकीकृत प्रणालीको विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ३. सूचना प्रविधिको व्यवस्थित विकासका लागि संस्थागत संरचना निर्माण गरिनेछ। |
| २. सूचना प्रविधिको पहुँच विस्तार तथा आर्थिक, सामाजिक विकासका क्षेत्रमा व्यापक प्रयोग गर्ने। | १. मोवाइल फोनको सिग्नल नपुगेका ठाँउहरूमा टावरहरू निर्माण गर्न सेवा प्रदायक कम्पनीहरूलाई आकर्षित एवम् सहजीकरण गरिनेछ। दूरसंचार सेवा विस्तारको लागि नेपाल दूरसंचार प्राधिकरणसंग सहकार्य गर्ने व्यवस्था गरिनेछ।<br>२. दुर्गम बस्तीहरूमा इन्टरनेट सुविधा पुऱ्याउन सेवा प्रदायक कम्पनीहरूलाई प्रोत्साहन गरिनेछ।<br>३. इन्टरनेटको पहुँच बढाउने लक्ष्य हासिल गर्न स्थानीय तहसँग सहकार्य गरी नमुनाका निःशुल्क वाईफाई वडाहरू बनाइनेछ।<br>४. सूचना प्रविधिको उचित प्रयोगको लागि जनचेतना अभिवृद्धि गरिनेछ।<br>५. शिक्षा र स्वास्थ्यको गुणस्तर सुधारमा सूचना प्रविधिको प्रयोग गर्न प्रोत्साहन र सहयोग गरिनेछ। साथै, प्रदेशभित्रका विद्यालय तथा क्याम्पसहरूमा इन्टरनेट पहुँच पुऱ्याउन सहयोग गरी शैक्षिक सामग्रीको सहज उपलब्धताको लागि सहजीकरण गरिनेछ।<br>६. प्रदेशका पुस्तकालयमा निःशुल्क इन्टरनेट सेवा र इ-पुस्तकालयको व्यवस्था गर्दै लगिनेछ।<br>७. प्रदेशको यातायात प्रणालीलाई इन्टरनेटमा आधारित सूचना प्रणालीमा आवद्ध गर्दै लगिनेछ।<br>८. प्रदेश सरकारका प्रशासनिक संरचनाहरूमा इ-गभर्नेसको अवधारणा अनुरूप सूचना प्रविधिको अधिकतम प्रयोग गरी काम कारवाही तथा सेवा प्रवाह गर्नुपर्ने व्यवस्था पारिनेछ।<br>९. मोवाईल एप, वेब साईटहरू मार्फत लैङ्गिक विभेद तथा समावेशी सम्वन्धि नीति, नियम र राम्रा अभ्यासहरूबारे जानकारी गराइनेछ।<br>१०. सूचना प्रविधि सम्बन्धी आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. प्रादेशिक सूचना प्रविधि पार्क संचालन गर्ने। | १. प्रादेशिक सूचना प्रविधि पार्कसम्बन्धी कानून बनाएर संस्थागत विकास गरिनेछ।<br>२. प्रादेशिक सूचना प्रविधि पार्कमा निजी क्षेत्रलाई उद्योग तथा सेवा विस्तार गर्न प्रोत्साहन सहित व्यवस्था गरिनेछ। इन्टरनेटमा आधारित सेवा तथा सफ्टवेयर उत्पादन तथा विक्रीको व्यवस्था मिलाइनेछ। |

### अपेक्षित उपलब्धि

प्रदेशको सबै स्थानमा टेलिफोन र इन्टरनेटको सेवा पुगेको हुने, प्रादेशिक सूचना प्रविधि पार्क संचालनमा आएको हुने, सूचना प्रविधि पार्कको माध्यमबाट सेवा निर्यात प्रारम्भ भएको हुने, सरकारको कार्य संचालनमा सूचना प्रविधिको प्रयोग बढी सेवा सुविधा छरितो ढंगले प्रवाह भएको हुने।

## ८.६ विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन व्यवस्थापन

### विद्यमान अवस्था

यस प्रदेशमा बाढी पहिरो, हुरीवतास, चट्टयाङ् र आगलागीका घटनाहरू र हिमाली जिल्लामा यदाकदा हिमपहिरोको संभावना छ। तराईमा लामखुट्टे र पहाडमा फोहोर पानीको कारण बेलाबेला महामारी फैलने गर्छ, यद्यपि औलोरोग र झाडापखाला तथा हैजाका महामारी उल्लेख्य मात्रामा घट्दै गएको छ। विगत लामो समयसम्म यस प्रदेश क्षेत्रमा ठूलो भूकम्प नगएका कारण कुनै पनि समयमा भूकम्प जानसक्ने सम्भावना रहेको अनुमान गर्न सकिन्छ। अझ विश्वव्यापी जलवायू परिवर्तनको असरले गर्दा यहाँका जनताले आफूले नगरेको गल्तीको सजाँयस्वरूप अतिवृष्टि, अनावृष्टि, बाढीपहिरो लगायतका प्रकोपहरूको बढ्दो असर भोग्नुपरेको छ। त्यसमा पनि प्रदेशका गरिब जनताहरू यसबाट बढी मारमा पर्ने गरेका छन्।

राष्ट्रिय अनुकूलन योजनाका अनुसार जलवायू परिवर्तनका दृष्टिले यस प्रदेशका जिल्लाहरूमा न्यूनदेखि मध्यमस्तरको जोखिममा रहेका छन्। यद्यपि निश्चित मौसमी सूचकांकका आधारमा कुनै स्थानहरूमा बढी जोखिम पनि रहेको छ। जल तथा मौसम विज्ञान विभागको अध्ययनले गर्मी दिनको संख्यामा वृद्धि, जाडो दिनको संख्यामा कमी र तापको मात्रामा केही परिवर्तन आएको देखाएको छ।

नेपालको संविधानले प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत, प्रतिकार्य र पुनर्लाभलाई संघ र प्रदेशको साझा अधिकार सूचीमा राखेको छ भने विपद व्यवस्थापन तीनै तहको साझा अधिकार सूचीमा छ।

## प्रमुख समस्या

जोखिमयुक्त भू-बनोट, गरिबीको कारण अव्यवस्थित र जोखिमयुक्त बस्ती विस्तार, खोलानाला अतिक्रमण गरेर घडेरी बेच्ने र किन्ने प्रवृति, जलवायू परिवर्तनको नकारात्मक असर, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको प्रभावकारी संयन्त्रको अभाव यस क्षेत्रका मुख्य समस्याहरू हुन्। नियमन एवम् सामाजिक उत्तरदायित्वको अभाव हुनु र सेवाका क्षेत्रमा समेत मुनाफा कमाउने सोचले गर्दा विद्यालय, अस्पताल र व्यापारिक भवनहरू समेत जोखिमयुक्त रहेका छन्। स्पष्ट भवनसंहिता र मापदण्ड एवम् यसको पालना नहुनु र विपद् व्यवस्थापनले कम महत्व पाउनु पनि समस्याकै रूपमा रहेका छन्।

## चुनौती र अवसर

विपद्को पूर्वानुमान, विपद् व्यवस्थापनको पूर्व तयारी, अव्यवस्थित बस्ती नियन्त्रण, विभिन्न निकायहरूबीचको प्रभावकारी समन्वय, विपद् भैसकेपछि समयमै उद्धार र प्रभावकारी विपद् व्यवस्थापनको संरचना निर्माण चुनौतीपूर्ण रहेको छ।

विपद् व्यवस्थापनमा तीनै तहको सरकारले ध्यान दिन थालेको, जलवायू परिवर्तनसम्बन्धी विश्वव्यापी जनचासो बढेको, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि वाह्य देशहरूबाट अनुभव लिन सकिने अवस्था रहेको, नयाँ राजनैतिक परिवेशमा अव्यवस्थित बस्तीहरू व्यवस्थापन गर्न सकिने स्थिति रहनु विपद् व्यवस्थापनको लागि अवसरको रूपमा रहेको छन्।

## दीर्घकालीन सोच

विपद्को घटना र यसको असर एवम् प्रभाव न्यूनीकरण भएको अवस्था।

## लक्ष्य

जलवायू परिवर्तन, प्राकृतिक प्रकोप तथा विपद् सिर्जित हानि र नकारात्मक प्रभाव न्यून गर्ने।

## उद्देश्य

१. विपद्जोखिम न्यूनीकरण, पूर्वानुमान तथा व्यवस्थापन गरी विपद्ले बढाउने गरिबी र संकट न्यून गर्नु।
२. विपद्को प्रभाव न्यूनीकरण गरी तदारूकताका साथ उद्धार ,राहत, प्रतिकार्य र यथाशीघ्र पुनरूत्थान गर्नु।
३. जलवायू परिवर्तन अनुकूलित हुनेगरी आर्थिक गतिविधि संचालन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. प्रदेशको अवस्था अनुरूपका भूमि तथा बस्ती व्यवस्थापन गर्ने। | १. संकटासन्न स्थानको पहिचान तथा नक्शांकन समेत गर्दै भूमि तथा बस्ती व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइनेछ।<br>२. विपद् व्यवस्थापन गर्न नसकिने स्थानका वासिन्दाहरूलाई सुरक्षित एवम् एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गरिनेछ। |
| २. विपद् सिर्जित गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरू संचालन गर्ने। | १. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोषको व्यवस्था गरी विपद्को उद्दार, राहत र प्रतिकार्य लागु गरिनेछ।<br>२. प्रभावित क्षेत्रमा गरिबी न्यूनीकरणका लागि विशेष कार्यक्रमहरू संचालन गरिनेछ।<br>३. विपदमा परेका घरपरिवारलाई रोजगारीमा प्राथमिकता दिने नीति लिइनेछ। |
| ३. विपद्ले असर गर्नसक्ने स्थानहरूको पहिचान गरी सम्भावित प्रभावको न्यूनीकरण गर्ने। | १. विपद्को कारणले जोखिममा पर्ने पूर्वाधारहरूको संरक्षणका कार्यक्रम लागु गरिनेछ।<br>२. जलाधारमा आधारित अवधारणा लागु गर्दै बाढीले प्रभाव पार्ने सम्भावित क्षेत्रहरूमा दिगो तटबन्धकाकार्यक्रम सञ्चालन गरिनेछ।<br>३. घनाबस्तीहरूमा भूकम्पको वेला सुरक्षित रहने खुला चौरहरूको व्यवस्था गरिनेछ।<br>४. स्थानीय तहसंगको सहकार्यमा खर तथा फुशका छानालाई विस्थापन गरिनेछ।<br>५. शीतलहर र आगलागीबाट बच्न तराईका जिल्लाहरूमा स्थानीय तहसंगको सहकार्यमा बहुउपयोगी सुरक्षित आवास आश्रयस्थलको व्यवस्था गरिनेछ।<br>६. व्यापक रूपमा वृक्षारोपण गरी पहिरो नियन्त्रण गरिनेछ।<br>७. पहाडमा हुने भू-क्षय कम गर्ने र नदीमा बाँध बनाउने नयाँ तरिका जस्तै जैविक तटबन्ध जस्ता प्रविधिको प्रवर्द्धन गरिनेछ। |
| ४. पूर्व तयारी गरी विपद व्यवस्थापनमा प्रभावकारिता ल्याउने। | १. प्रदेश तहमा पूर्वसूचना प्रणाली स्थापना गरी जल तथा मौसम मापन केन्द्रहरूको विस्तारका लागि सहजीकरण गरी प्रभावकारी ढंगले पूर्वसूचना प्रवाह गरिनेछ।<br>२. विपद् व्यवस्थापनका लागि भण्डारण गृह निर्माण गरी आवश्यक सामग्रीहरूको संचय गरिनेछ।<br>३. बाली, पशु र संरचनाको बीमा प्रणालीलाई थप विकसित गर्दै लगिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. भवन तथा संरचना निर्माणका संहिता कडाइका साथ लागु गर्ने। | १. भवन संहिता कार्यान्वयन गरी भूकम्पको सम्भावित असर तथा प्रभाव कम गरिनेछ।<br>२. विपद् पश्चातको उद्धार र राहतको व्यवस्थापनलाई प्रभावकारी ढंगले संचालन गर्ने गरी संरचना बनाइनेछ। |
| ६. विपद् पश्चातको व्यवस्था, शीघ्र उद्धार, प्रति कार्य तथा राहत प्रदानलाई प्रभावकारी ढगले संचालन गर्ने। | १. जलवायू परिवर्तन अनुकूलन र विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न प्रदेशस्तरका मापदण्डहरूको विकास, परिमार्जन र लागु गर्ने संयन्त्र बनाइनेछ।<br>२. विपद्पछिको शीघ्र पुनरूत्थानका लागि पूर्व योजनाहरू तयार पारिनेछ।<br>३. विपद् प्रतिकार्य तालिम केन्द्र स्थापना गरिनेछ।<br>४. विपद् व्यवस्थापनको संयोजन स्थानीय सरकारबाट गराइनेछ।<br>५. विपदको घटनापश्चात् शीघ्र उद्धार, राहत र प्रतिकार्य सेवा प्रदान गर्ने संरचना तयार पारिनेछ।<br>६. आकष्मिक उद्दारका लागि आवश्यक पर्ने स्थान पहिचान गरी हेलिप्याडहरू निर्माणको सहजीकरण गरिनेछ।<br>७. बहु प्रकोप जोखिम लेखाजोखालाई समयानुकूल संस्थागत गर्दै लगिनेछ र सूचनासङ्कलनमा नयाँ प्रविधिहरूको उपयोग गरिनेछ।<br>८. विपद् व्यवस्थापनमा सहयोग गर्ने गरी क्षमता विकास सहित स्वयंसेवक तयार पारिनेछ। |
| ७. जलवायू परिवर्तन अनुकूलनको कार्यक्रम लागु गर्ने। | १. जलवायूमा भइरहेको परिवर्तन र त्यसले पार्नसक्ने प्रभावको सूक्ष्म अध्ययन तथा अनुसन्धान गर्ने व्यवस्था गरिनेछ।<br>२. जलवायू परिवर्तन अनुकुलित आर्थिक गतिविधि तथा भौतिक पूर्वाधार निर्माण गरिनेछ।<br>३. जलवायू परिवर्तन तथा विपद्को जोखिममा रहेका महिला, बालबालिका, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू, दलित तथा सीमान्तकृत वर्ग र समुदायको फरक जोखिम एवम् सङ्कटासन्नतालाई दृष्टिगत गर्दै विशेष योजना तथा कार्यक्रम तयार गरी लागु गरिनेछ।<br>४. नीति, नियम, कानून बनाउँदा रैथाने रीतिथिति तथा स्थानीय ज्ञानलाई महत्व दिदै वैज्ञानिक अनुसन्धानबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्दै लगिनेछ।<br>५. विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन अनुकूलनका विषयवस्तुलाई विकास योजनामा मूलप्रवाहीकरण गरिनेछ। |

### अपेक्षित उपलब्धि

विपदबाट हुने नकारात्मक असर अत्यन्तै न्यून भएको हुने, विपद्बारे जनस्तर तथा संस्थागत हिसाबमा उल्लेख्य चेतना वृद्धि भएको हुने, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्रादेशिक मापदण्डहरू बनेका हुने, विपद्का कारण गरिबी बढ्ने स्थिति नहुने र विपद् उत्थानसील सुरक्षित बस्ती तथा भौतिक संरचनाहरू निर्माण भएका हुनेछन्।

## ८.७ मानव संशाधनको विकास

### विद्यमान अवस्था

उत्पादन र उत्पादकत्व वृद्धि गर्न सक्षम जनशक्तिको खाँचो हुन्छ। सुशिक्षित, सिपयुक्त, सदाचारी एवम् उर्जावान् मानव पूँजी देश विकासको अपरिहार्य आधार हो। यो प्रदेश पूर्ण साक्षर हुनेतर्फ अग्रसर रहेको छ। साक्षर भएर मात्र पुग्दैन, क्षमतावान् दक्ष जनशक्तिको खाँचो हुन्छ। कृषि, पर्यटन र उद्योगलाई जोड दिइरहेको अवस्थामा यी क्षेत्रतर्फ दखल राख्ने जनशक्तिको आवश्यकता पर्दछ। साथै, उद्यमशीलता र व्यवस्थापकीय क्षमतापनि त्यतिकै जरूरी हुन्छ। सक्षम जनशक्तिले नै उपलब्ध स्रोत र साधन उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सक्ने हुन्छ। मानवीय संसाधनको पर्याप्त विकास नहुँदा उद्यमशील र व्यवसायीक जनशक्तिको अभाव छ। बाह्य रोजगारीका लागि पनि सिपयुक्त जनशक्तिले बढी आय आर्जन गर्नसक्ने हुन्छ। सरकारी कर्मचारीहरूको पनि समयानुकूल क्षमता विकास गर्दै प्रभावकारी सेवा प्रवाह हुने र विकास निर्माणका काम कुशलतापूर्वक सम्पन्न हुने वातावरण सिर्जना गर्नु जरूरी छ।

### प्रमुख समस्या

पर्याप्त मात्रामा सक्षम र दक्ष जनशक्ति उत्पादन हुन नसकेको, आधारभूत विद्यालय शिक्षा नै पूरा नगर्ने व्यक्तिहरू उल्लेख्य संख्यामा रहेको, उच्च शिक्षा हासिल गर्ने पनि जीवनोपयोगी भन्दा बढी कोरा सैद्धान्तिक शिक्षातर्फ रहेकाले गर्दा शिक्षित बेरोजगारी र श्रम अभावको विरोधाभासपूर्ण स्थिति रहेको छ।

### चुनौती र अवसर

सार्वजनिक विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई प्राविधिक, व्यावसायिक र उद्यमशील शिक्षा हासिल गर्न सक्ने बनाउनु, सक्षम जनशक्ति उत्पादन गर्न पर्याप्त मात्रामा प्राविधिक शिक्षामा पहुँच पु-याउनु, बजारको जनशक्ति मागको नियमित रूपमा सूक्ष्म अध्ययन गर्नु चुनौतीको रूपमा रहेका छन्।

प्राविधिक शिक्षातर्फ चासो बढेको, साक्षरताको स्थिति पनि सुधार हुँदै गएको, परिवर्तित राजनैतिक अवस्था र राजनैतिक स्थीरताले गर्दा आर्थिक गतिविधि विस्तार भई श्रम माग बढी रहेकाले मानव संशाधन विकासका लागि अनुकूल अवसर रहेको छ।

## दीर्घकालीन सोच

दक्ष, उत्प्रेरित एवम् इमानदार जनशक्ति उत्पादन गरी उत्पादन र उत्पादकत्व वृद्धि।

## लक्ष्य

मानव संशाधन विकासका लागि आवश्यक व्यवस्था गरी प्रादेशिक अर्थतन्त्रलाई आवश्यक जनशक्ति उत्पादन गर्ने।

## उद्देश्य

प्रादेशिक अर्थतन्त्रका लागि चाहिने दक्ष मानव संशाधनको विकास गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. विभिन्न उत्पादन क्षेत्रहरूलाई चाहिने जनशक्तिको आवश्यकतालाई आँकलन गर्नु। | १. सरोकारवालाहरूको सहयोगमा प्रदेशलाई चाहिने दक्ष जनशक्तिको माग प्रक्षेपण गरिनेछ।<br>२. श्रमबजारको माग र आपूर्तिमा आउने परिवर्तनलाई सूक्ष्म रूपमा नियमित अध्ययन गरिनेछ। |
| २. व्यावसायिक र प्राविधिक शिक्षालाई प्रवर्द्धन गरी समावेशीपूर्ण ढंगले अर्थतन्त्रलाई आवश्यक जनशक्ति उत्पादन गर्नु। | १. काममा आधारित व्यावसायिक तालिमहरू प्रदान गर्ने व्यवस्था गरिनेछ।<br>२. प्रदेशस्तरीय जनशक्ति विकासका लागि तालिम केन्द्र स्थापना गरिनेछ।<br>३. मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादनमा बढी जोड दिई पोलिटेक्निक कलेजहरू संचालन गरिनेछ।<br>४. न्यून आय भएका यूवाहरूलाई सिप हासिल गर्न सहयोग गरिनेछ।<br>५. पराम्परागत सिप भएका व्यक्तिहरूलाई सिप प्रमाणीकरणको व्यवस्था गरिनेछ।<br>६. दक्ष जनशक्ति उत्पादन गर्न सार्वजनिक निजी साझेदारीका माध्यमबाट उपलब्ध सरकारी पूर्वाधारहरूको सदुपयोग गर्नका लागि प्रोत्साहन गरिनेछ।<br>७. निजी क्षेत्र, औधोगिक क्षेत्र, तथा शैक्षिक संस्थाहरूसँगको |

| रणनीति | कार्यनीति |
|---|---|
| | साझेदारीमा उद्यमशीलता इन्क्युबेटरहरूको विकास प्रवर्द्धन गरिनेछ।<br>८. प्रादेशिक विकास स्रोत (पुस्तकालय) तथा तालिम केन्द्र स्थापना गरिनेछ। |

## अपेक्षित उपलब्धि

योजना अवधिमा यस प्रदेशमा दक्ष जनशक्तिको अभाव हटेको हुने, समावेशी ढंगले सिपयुक्त जनशक्ति बढेको र बेरोजगारी घटेको हुनेछ।

# ८.८ आम संचार

## विद्यमान अवस्था

आर्थिक समृद्धिका लागि आम संचारले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा ठूलो भूमिका खेलेको हुन्छ।सर्वसाधारणको चेतना जगाउन र सूचना प्रवाह गर्न संचार जगतले महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्दछ। आम संचारका माध्यमको रूपमा रहेका रेडियो, टिभी र पत्रपत्रिकाको विस्तार उल्लेख्य रूप भएको छ। राष्ट्रिय जनगणना २०६८ का अनुसार यस प्रदेशमा ४९.२ प्रतिशत घरपरिवारमा रेडियो र ३०.४ प्रतिशत घरपरिवारमा टेलिभिजन रहेको थियो। यो थप विस्तार भएको छ। यस प्रदेशमा ८९ वटा एफएम् रेडियोहरू संचालनमा छन्। सबै जिल्लाहरूमा एफएम् रेडियोहरू रहेका छन्। रूकुम पूर्वमा मात्र एउटा एफएम् रेडियो संचालनमा रहेको छ। रूकुम पूर्व बाहेक सबै जिल्लाहरूमा कुनै न कुनै पत्रिकाहरू प्रकाशित भएको पाइन्छ।पछिल्लो समयमा स्थानीय टिभी र अनलाइन पत्रपत्रिकाहरूको पनि विस्तार भएको छ।

नेपालको संविधान अनुसार प्रदेशको अधिकार सूची भित्र रेडियो तथा एफएम संचालन र संघ र प्रदेशको साझा अधिकार सूचीभित्र टेलिभिजन संचालन रहेको छ। स्थानीय तहको अधिकार सूचीमा एफएम संचालन रहेको छ।

## प्रमुख समस्या

सबै स्थानहरूमा आम संचारको पहुँच पुग्न नसकेको, पूर्णरूपमा व्यावसायिक र विकासमैत्री बन्न नसकेको, सूचना प्रवाह पर्याप्त मात्रामा नरहेको, संचारको साधनमा पहुँच पर्याप्त नरहेको, स्थानीय भाषामा पर्याप्त संचार सामग्री उत्पादन तथा उपलब्धता नभएको र सूचनाको हकको पूर्ण कार्यान्वयन हुन नसकेको समस्या रहेका छन्। साथै, प्रदेशभरि प्रदेश सरकारका गतिविधि पर्याप्त मात्रामा प्रसारित हुन सकिरहेका छैनन्।

## चुनौती र अवसर

आम संचारको पहुँच सबै ठाँउमा पुऱ्याउनु, विकासमैत्री र सकारात्मक सोच विकास गर्ने खालको आम संचारको प्रवर्द्धन गर्नु, सरकारका गतिविधिको जानकारी जनसाधारणसम्म र नागरिकको गुनासो सरकार समक्ष ल्याइ पुऱ्याउने गरी दोहोरो संचार सम्पर्क सम्प्रेषण गर्नु चुनौतीको रूपमा रहेका छन्।

आम संचारमा क्रमश: व्यावसायिकता बढ्दै गएको, यसतर्फ जनचासो बढेको, स्थानीय टिभी तथा पत्रिकाहरू पनि विस्तार हुँदै गएको, सूचना प्रविधिको प्रयोग बढ्दै गएको, ठूला संचार गृहले प्रादेशिक प्रकाशन र प्रसारण शुरू गरेका जस्ता अवसरहरू यस क्षेत्रमा रहेका छन्।

## दीर्घकालीन सोच

सबै प्रदेशबासीहरूमा आम संचारको सहज पहुँच र यसको माध्यमबाट समाजको सकारात्मक रूपान्तरण।

## लक्ष्य

विकासमैत्री ढंगले आम संचारको विकास र विस्तार गर्ने।

## उद्देश्य

१. आम संचारको पहुँच विस्तार र क्षमता तथा व्यवसायिकताको विकास गर्नु।
२. आम संचार माध्यमको योगदान समेतबाट प्रादेशिक समृद्धिको लक्ष्य हासिल गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. पहुँच, व्यावसायिकता र संस्थागत क्षमता बढाउने। | १. स्थानीय तहसँगको सहकार्यमा वडातहसम्म आम संचारको पहुँच अभिवृद्धि गरिनेछ।<br>२. प्रादेशिक विज्ञापन नीति तर्जुमा गरी जनचेतनामूलक सूचना र सरकारी विज्ञापन विना भेदभाव प्रदान गरिनेछ।<br>३. आम संचारको नियमन र प्रवर्द्धन गर्न आवश्यक कानूनी र संस्थागत व्यवस्था गरिनेछ।<br>४. एफ.एम्. रेडियोको पहुँच नपुगेको ठाँउहरूमा स्थानीय तहको सहकार्यमा एफ.एम् रेडियो संचालनमा सहयोग पुर्याइनेछ । |
| २. सकारात्मक, खोजमूलक र विकासमुखी | १. सकारात्मक, खोजमूलक र विकास प्रवर्द्धन गर्ने संचार गृह तथा संचारकर्मीलाई पुरस्कृत र प्रोत्साहित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| संचारको प्रवर्द्धन गर्ने। | २. सामाजिक जागरण र व्यावसायिकता प्रर्वधनको लागि संचार माध्यमको प्रयोग र सहकार्य गरिनेछ।<br>३. स्वास्थ्य शिक्षा तथा स्वास्थ्य क्षेत्रमा सुशासनका लागि रेडियो बहस कार्यक्रममा आमसंचारको उपयोग गरिनेछ।<br>४. समृद्धिका आधारको रूपमा रहेका कृषि, उद्योग र पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा संचार माध्यमको सहयोग लिइनेछ। |
| ३. प्रदेश सरकारका गतिविधिहरूलाई जनसमक्ष पुऱ्याउन सम्प्रेषणको व्यवस्था गर्ने। | १. प्रदेश सरकारका कामकारवाहीलाई सहज ढंगबाट प्रादेशिक रेडियो र टेलिभिजन कार्यक्रम लयायतका आम संचार माध्यमबाट प्रवाह गरिनेछ।<br>२. सञ्चारसँग सम्बन्धित नीति, नियम, तर्जुमा गर्दा समावेशीता र लैगिक समानताको पक्षलाई समावेश गरिनेछ। |

### अपेक्षित उपलब्धि

ग्रामीण क्षेत्रमा समेत आमसंचारको पहुँच बढेको हुने, प्रादेशिक सरकारका गतिविधिहरूलाई रेडियो, टेलिभिजन मार्फत नियमित रूपमा सम्प्रेषित भएको हुने र आर्थिक विकासमा संचारको भूमिका बढेको हुनेछ।

## ८.९ सामाजिक समावेशिता

### विद्यमान अवस्था

राष्ट्रको मूलधारमा समावेश हुन नसकेका जात, जाति, धर्म, वर्ण, लिंग, भाषा, सम्प्रदाय, समुदाय र क्षेत्रका व्यक्तिहरूलाई आर्थिक एवम् सामाजिक सशक्तीकरणका माध्यमबाट उनीहरूको क्षमता र सामर्थ्यको विकास गर्दै राष्ट्रको मूलधारमा समावेश गरी शक्ति, श्रोत र अवसरमा न्यायोचित साझेदारी सुनिश्चितगर्नुलाई समावेशीकरण भनिन्छ। जातीय, भाषिक, धार्मिक, लैङ्गिक, आर्थिक, सामाजिक र राजनैतिक आधारमा समावेशीकरण गर्न सकिए मात्र शक्ति, श्रोत र अवसरमा सबैको न्यायोचित साझेदारी हुन सक्दछ। संविधानको धारा ४२ को सामाजिक न्यायको हक लगायत राज्यको निर्देशक सिद्धान्तको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिले पनि राज्यका पछाडि परेका सबै समुदाय र वर्गलाई मूलप्रवाहीकरण र अधिकार सम्पन्न गराउने व्यवस्था गरिएको छ।

यस प्रदेशमा १०० भन्दा बढी जातजाति बसोबास गर्ने गरेका छन् भने थारू र मगर जातिको बाहुल्यता रहेको छ। शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा केही खास जनजाति, सम्प्रदाय तथा धर्मावलम्बीहरू पिछडिएका छन् भने सुकुमबासी, मुक्त हलिया, कमैया, कम्लरी, दलित, थारू, मुस्लिम तथा अति पिछडिएका वर्गहरूको गरिबी तथा पछौटेपनको दर अन्य समुदायको भन्दा बढी छ। जस्तो कि दलित समुदायको गरिबीको दर राष्ट्रिय औसतभन्दा करिब १७ प्रतिशतले बढी भएको आँकडा छ। शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षालगायत अन्य सेवासुविधाहरूमा पहुँच बढाउँदै गरिबी न्युनीकरण गर्ने र सामाजिक समावेशिता कायम गर्नको लागि सीमान्तकृत वर्ग, पिछडिएका क्षेत्र, आर्थिक सामाजिक तथा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायलाई लक्षित कार्यक्रम गर्नुपर्ने देखिन्छ। यसै उद्देश्यअनुरूप यस प्रदेशमा मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम संचालनमा रहेको छ। संविधानत नेपाल छुवाछुतमुक्त भएतापनि व्यवहारमा अझैपनि छुवाछुतप्रथा पूर्णरूपमा हट्न सकेको छैन। वास्तवमै छुवाछुतमुक्त प्रदेश बनाउने दिशामा जनचेतनालगायतका कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ। राज्य व्यवस्था सञ्चालनमा समावेशीकरणको मर्म सुनिश्चित गर्न विद्यमान सामाजिक संरचनामा रहेको विभिन्न किसिमका बहिष्करण / भेदभावलाई ध्यान दिन अत्यन्त जरूरी हुन्छ।

## प्रमुख समस्या

सबै जातजाति, धर्म, भाषा, लैङ्गिक तथा यौनिक, वर्ग, क्षेत्र र सम्प्रदायका व्यक्तिहरूको आर्थिक अधिकार एवं न्यायमा समान रूपमा पहुंच पुग्न नसक्नु, राज्य व्यवस्थामा समावेशीकरणको सन्दर्भमा विद्यमान आर्थिक बहिष्करणको अवस्था हुनु, सामाजिक रूपमा भेदभाव र असमान व्यवहार हुनु, राजनीति र प्रशासनिक संयन्त्रमा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित नहुनु समस्याको रूपमा रहेको छ।

## चुनौती र अवसर

अधिकार सम्पन्न वर्ग/समूहहरूले समावेशीताको मूल मर्म नबुझ्नु र उनीहरूको सोचमा परिर्वतन हुन कठिन हुनु, समावेशिता सम्बन्धी नीति एवम् कानूनहरू कार्यान्वयनमा समस्या देखिनु र पछाडि परेका तथा पारिएका वर्ग, समुदायहरूको क्षमता अभिवृद्धि गर्नु मुख्य चुनौतीका रूपमा देखिन्छ।

सकारात्मक विभेदद्वारा लामो समयदेखि विभेदमा पारिएका समुदायहरूलाई क्षतिपूर्तिको व्यवस्था हुनु, संविधानमा समावेशी हक मौलिक हकको रूपमा व्यवस्था गरिनु, विभिन्न अन्तर्राष्ट्रिय कानूनहरूमा हस्ताक्षर गरी देशभित्रै कानून निर्माण र बजेट विनियोजनमा समावेशी सिद्धान्त अवलम्बन गरिनु, संघीयदेखि स्थानीय तहसम्म समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुनुलाई अवसरका रूपमा लिन सकिन्छ।

## दीर्घकालीन सोच

सामाजिक न्याय र समतामा आधारित प्रदेश निर्माण।

## लक्ष्य

समावेशी सिद्धान्त अवलम्वन गरी प्रादेशिक एवम् सबै नागरिकको समृद्धि हासिल गर्ने।

## उद्देश्य

१. सामाजिक रूपमा बहिष्करणमा पारिएका वर्ग समुदायलाई विशेष संरक्षण व्यवस्थाको सुनिश्चितता गर्नु।
२. आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, स्वास्थ्य एवम् प्रशासनिक लगायतका क्षेत्रमा पछाडि पारिएका समुदायहरूको आर्थिक एवम् सामाजिक सशक्तीकरणका गरी अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु।
३. भेदभावरहित समाजको निर्माण गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. पछाडि पारिएका वर्ग, सम्प्रदाय वा समूहको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक एवम् व्यावसायिक अवस्था सुधार्न सकारात्मक विभेदको नीति अवलम्बन गर्ने। | १. लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्तिहरू लगायत वहिष्करणमा पारिएका वर्ग, समुदायका लागि लक्षित एवम् मौलिकतामा आधारित क्षमता र आर्थिक सशक्तीकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२. सामाजिक र सांस्कृतिक भेदभाव अन्त्य गर्न बनेका कानूनहरूबारे आवश्यक संयन्त्र विकास गरी प्रदेश तहबाट जानकारी गराईनेछ।<br>३. वहिष्करणमा पारिएका वर्गलाई लक्षित गरी प्राविधिक, व्यावसायिक तथा सिपमूलक शिक्षा सञ्चालन गरिनेछ। |
| २. लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्तिहरू लगायत बहिष्करणमा पारिएका वर्ग र समुदाय केन्द्रित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | १. सकारात्मक विभेदमार्फत लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्तिहरू लगायत वहिष्करणमा पारिएकाहरूले पाएका अवसरहरू निक्यौंल गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ३. समावेशी सिद्धान्तलाई प्रवर्द्धन गर्ने नीति तथा कानूनहरू निर्माण गर्ने। | १. लक्षित वर्ग समुदायसँग सम्बन्धित नियम कानूनहरू अध्ययन गरी प्रदेश र स्थानीय तहमा सान्दर्भिक नीति तथा नियम र कानून निर्माण, संशोधन तथा कार्यान्वयन गरिनेछ। |

## अपेक्षित उपलब्धि

वहिष्करणमा पारिएका वर्ग, समुदायको मूलप्रवाहीकरण हुने, सीमान्तकृतहरूको क्षमता अभिवृद्धि भई शक्ति, स्रोत र अवसरमा पहुँच हुने, भेदभाव रहित समाज निर्माण भएको हुने, सामाजिक रूपान्तरण भएको हुनेछ। साथै, प्रदेश र स्थानीय तहमा सामाजिक न्यायको अनुभूति सम्वृद्धिको आधार निर्माण भएको हुनेछ।

## ८.१० अन्तरसम्बन्धित क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रमहरू

### तथ्याङ्क सुदृढीकरण

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश तथ्याङ्क कार्यालय गठन र संचालन | नियम कानूनको व्यवस्था, गठन र संचालन | कार्यालय संचालन | | | | प्रदेश सरकार / आमायोम | |
| २ | एकिकृत रुपमा प्रादेशिक तथ्याङ्क संकलन र वितरण | तथ्याङ्क संकलन र वितरण | | | | | प्रदेश तथ्याङ्क कार्यालय | |
| ३ | तथ्याङ्क संकलनमा स्थानीय तहको क्षमता विकास | कार्यविधि निर्माण सहित कार्यक्रम संचालन | कार्यक्रम संचालन | | | | प्रदेश तथ्याङ्क कार्यालय/ आमायोम / नेपाल सरकार/ स्थानीय तह | |

### गरिबी निवारण

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम | ३५ गाउँपालिकामा | गाउँपालिकामा ४५ | गाउँपालिकामा ५५ | गाउँपालिकामा ७३ | | मुमका/ स्थानीयतह |
| २ | जनजागरण कार्यक्रम | कार्यक्रम तर्जुमा र संचालन | संचालन | | | | साविम / स्थानीयतह |

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| ३ | विपन्न लक्षित छात्रवृति तथा सिप विकास कार्यक्रम | कार्यक्रम तर्जुमा र संचालन | संचालन | | | | साविम/ स्थानीय तह |
| ४ | भूमिहीन कृषि कार्यक्रम | संचालन | संचालन | | | | भूव्यकृसम |

नोट: मुमका = मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय /साविम =सामाजिक विकास मन्त्रालय /भूकृसम =भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## श्रम तथा रोजगारी

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | श्रम माग र आपूर्तिको सम्बन्धमा अध्ययन | संस्थागत व्यवस्था र अध्ययन | श्रमबजारको नियमित विश्लेषण र रोजगार सूचना प्रवाह | | | | साविम/श्रम विभाग/ स्थानीय तह |
| २ | बेरोजगारी तथ्याङ्क संकलन | तथ्याङ्क संकलन र बेरोजगारीको दर र व्यक्ति पहिचान | नियमित तथ्याङ्क संकलन र वेरोजगारलाई रोजगारको व्यवस्था | | | | साविम / स्थानीय तह/नेपाल सरकार |
| ३ | आवश्यकताका आधारमा सिपमूलक तालिम प्रतिष्ठान स्थापना तथा तालिम संचालन (निजी सार्वजनिक साझेदारी) | सिप आवश्यकताको पहिचान र तालिमको शुरुवात | बजारमा माग रहेको सिपसम्बन्धमा तालिम संचालन | | | | श्रम विभाग/निजी क्षेत्र/ विकास सहयोगी संस्था |
| ४ | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सिप परीक्षण, | कार्यक्रमको तर्जुमा र कार्यक्रमको शुरुवात | कार्यक्रम संचालन | | | | श्रम विभाग / सिप प्रदान गर्ने संस्थाहरु |

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| | प्रमाणीकरण र थप सिप विकास | | | | | | |
| ५ | सिपयुक्त जनशक्तिहरुको लागि शैक्षिक प्रमाणपत्रको धितोमा सहुलियत ऋण (वैदेशिक रोजगारबाट फर्केकाहरु समेत) | व्यक्ति पहिचान र वित्तीय संस्थाहरुबाट ऋण प्रवाह, सहुलियतको लागि व्याज अनुदान | कार्यक्रमको नियमितता | | | | साविम / आमायोम/बैंक तथा वित्तीय संस्थाहरु |
| ६ | धेरै रोजगारी सिर्जना गर्ने रोजगारदाता, नविनतम उद्यमीहरु र उत्कृष्ठ श्रमिकलाई पुरष्कार तथा सम्मान कार्यक्रम | कार्यविधि तर्जुमा र श्रमिक दिवसमा पुरस्कार वितरण | कार्यक्रमको नियमितता | | | | साविम |
| ७ | परम्परागत सिप तथा व्यवसाय संरक्षण र प्रवर्द्धन कार्यक्रम | कार्यविधि तर्जुमा र शुरुवात | कार्यक्रम संचालन | | | | साविम/उपववाम/ स्थानीय तह |

नोट: साविम = सामाजिक विकास मन्त्रालय

## वन तथा वातावरण

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत तथा कानूनी व्यवस्था | आवश्यक नीति तथा कानून तर्जुमा | कार्यान्वयन | | | | उपववाम |
| २ | वनको वैज्ञानिक, व्यावसायिक र दिगो व्यवस्थापन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन सुके ढलेका रुख व्यवस्थापन | कार्यक्रमको कार्यान्वयन | | | | उपववाम |
| ३ | वनमा आधारित उत्पादन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | उपववाम |
| ४ | जैविक विविधता संरक्षण र | एक जैविक संग्रहालय, ५ वटा | निर्माण शुरु | संचालन | | | उपववाम |

| क. स. | कार्यक्रम । वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| | प्रवर्द्धन कार्यक्रम (जैविक संग्रहालय, वनस्पति उद्यान, चिडियाखाना स्थापना) | वनस्पति उद्यान र २ चिडियाखाना डिपीआर तर्जुमा | | | | | |
| ५ | वन डढेलो नियन्त्रण कार्यक्रम | जोखिम क्षेत्र पहिचान गरी अग्निरेखा निर्माण र नियन्त्रित जलान | | | | | उपववाम/ स्थानीय तह |
| ६ | वृक्षरोपण कार्यक्रम | नर्सरी स्थापना र स्थान पहिचान | वृक्षरोपण | | | | उपववाम/ स्थानीय तह |
| ७ | वन उद्यम तथा वन पैदावारको व्यावसायीकरण आयोजना | कार्यक्रमको बारेमा अध्ययन तथा संभावित क्षेत्र पहिचान र कार्यक्रम तर्जुमा | कार्यक्रम कार्यान्वयन | | | | उपववाम |
| ८ | सडक सौन्दर्यीकरण कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | उपववाम/ स्थानीय तह |
| ९ | जलवायू परिवर्तन अनुकूलन कार्यक्रम | कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | उपववाम |
| १० | भूसंरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | स्थान पहिचान, कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यक्रमको कार्यान्वयन | | | | उपववाम |

नोट: उपववाम = उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## सूचना तथा संचार प्रविधि

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | नीतिगत, कानूनी र संस्थागत व्यवस्था | •प्रदेशको सूचना तथा संचार प्रविधि नीति, कार्यविधि तथा केन्द्रीय खाका (सेन्ट्रल फ्रेमवर्क) निर्माण<br>•संस्थागत संरचना | नीति नियम र निर्देशिका निर्माण | संचालन तथा आइटी नियमन | | | मुमका / आमाकाम | ७ करोड |
| २ | सूचना प्रविधि नवप्रवर्तन केन्द्रको स्थापना | •नीतिनियम तथा कार्ययोजना तयार<br>•निर्माणस्थल तयार | •पूर्वाधार निर्माणा<br>•अन्तरराष्ट्रिय बहुराष्ट्रिय कम्पनीको सम्मेलन<br>•आइसिटि गुरुकूलको स्थापना<br>•तालिम तथा कक्षा संचालन | •आइटि व्यापार तथा परामर्श सेवा<br>•तालिम तथा कक्षा संचालन<br>•बुट क्याम्प संचालन | •आइटि व्यापार तथा परामर्श सेवा<br>•व्यापार प्रवर्द्धन तथा निजी व्यवसायहरूको शुरुवात<br>•तालिम तथा कक्षा संचालन बुट क्याम्प संचालन | •आइटि व्यापार तथा परामर्श सेवा<br>•व्यापार प्रवर्द्धन तथा निजी व्यवसायहरू को शुरुवात<br>•तालिम तथा कक्षा संचालन बुट क्याम्प संचालन | आमाकाम | २५ करोड |
| ३ | प्रदेश सोधपुछ केन्द्र (कल सेन्टर) | •कार्यविधि तयार<br>•जग्गा प्राप्ति<br>•संरचना प्राप्ति वा निर्माण | निजी क्षेत्र छनोट गरी सेवा सम्झौता गरेर सेवा आरम्भ | सेवा सुचारू तथा सुधार र बिस्तार | | | आमाकाम | ५ करोड |
| ४ | डिजिटल ढुकुटी, | •कार्यविधि तयार | आवश्यक उपकरण खरिद | सेवा सुचारू तथा सुधार र बिस्तार | | | आमाकाम | ५ करोड |

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | डाटा सेन्टर तथा ब्याकअप स्थापना | •आवश्यक उपकरण खरिद गरी सेवा आरम्भ | गरी सेवा आरम्भ | | | | | |
| ५ | मोबाइल नेटवर्क विस्तार | •सिग्नलको अवस्थाबारे अध्ययन र स्थान छनोट<br>•टावर स्थापनाको लागि पहल | टावर स्थापना | | | | आमाकाम / दुरसंचार सेवा प्रदायक संस्था/ स्थानीय तह | १ करोड |
| ६ | नमूना निःशुल्क वाइफाइ वडा कार्यक्रम | पछाडि परेका १२ वडामा परीक्षणको रूपमा निःशुल्क वाइफाइ कार्यक्रम (समपूरक) | पछाडि परेका थप २० वडामा निःशुल्क वाइफाइ कार्यक्रम (समपूरक) | •निरन्तरता<br>ती वडाहरूमा नमुना इ-गोभर्नेन्स शुरू | | | आमाकाम / स्थानीय तह | ९० लाख |
| ७ | मोबाइल एपमा आधारित सेवा प्रवाह कार्यक्रम | जनतालाई सेवा दिने प्रदेशको एकीकृत एप; अन्तरतह समन्वय सम्बन्धी एप; यातायात सुविधासम्बन्धी एप; पर्यटन गन्तव्यसम्बन्धी एप; शिक्षासम्बन्धी एप; स्वास्थ्य सेवासम्बन्धी एप सामाजिक विकाससमावेशिता तथा जनचेतना सम्बन्धी एप ,समता , | | | | | आमाकाम र विषयगत मन्त्रालयहरु | ५० लाख |

## विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन व्यवस्थापन

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापन, उद्धार, प्रतिकार्य कार्यक्रम | •नीति निर्माण<br>•खोज तथा उद्धार तालिम<br>•आगलागी नियन्त्रण जनशक्ति तथा | •जनचेतना तथा पूर्वतयारी क्षमता अभिवृद्धि<br>• खोज तथा उद्धार तालिम<br>• उद्धार सामग्रीको व्यवस्था<br>• राहत सामग्री व्यवस्था<br>• विपद् प्रभावितहरूलाई जीविकोपार्जन केन्द्रित विपद् उत्थानशीलता | | | | आमाकाम / स्थानीय तहहरू | ५ करोड |

| क. स. | कार्यक्रम । वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | उपकरण व्यवस्था | अभिबृद्धि कार्यक्रम<br>• प्राथमिक उपचार तालिम | | | | | |
| २ | सिद्धबाबा क्षेत्र संरक्षण कार्यक्रम | •सिद्धबाबा मन्दिर विकास समिति र स्थानीय तहको समन्वयमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | उपववाम | १० करोड |
| ४ | तटबन्ध निर्माण तथा नदी उकास कार्यक्रम | •तटबन्ध निर्माण गर्नुपर्ने नदीहरुको पहिचान र डिपिआर तयार | •जग्गा प्राप्ति र संरक्षण<br>•निर्माण | •निर्माण नदीउकास क्षेत्रविकास कार्यक्रम<br>•नयाँ खण्डको डिपिआर तयार | नयाँ खण्ड निर्माण | निर्माण | भौविपूम * | १५ करोड नदी ) उकासबाट प्राप्त जग्गाको अधिमूल्यनको हिस्सा पनि लगानी गर्ने |
| ५ | पूर्वसूचना तथा चेतावनी कार्यक्रम | आवश्यकता पहिचान गरी बाढीको पूर्वसूचना दिने संरचना स्थापना | रूकुम पूर्वमा हिउँको पूर्वसूचना दिने संरचना स्थापना | हावाहुरी तथा असिना पूर्वसूचना कार्यक्रम | | | आमाकाम | २ करोड |
| ६ | मानव र वन्यजन्तु द्वन्द्व न्यूनीकरण | मानव र वन्यजन्तु द्वन्द्व अवस्था | •कार्यक्रम कार्यान्वयन<br>अध्ययन तथा अनुसन्धान | | | | आमाकाम/ स्थानीय तह | ८० लाख |

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू | अनुमानित बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | अध्ययन, न्यूनीकरणका उपाय पहिचान तथा कार्यान्वयन | | | | | | |
| ७ | विकट पहाडी पालिकाहरुमा हेलिप्याड निर्माण | •हेलिप्याड निर्माणको लागि उपयुक्त स्थानमा | हेलिप्याड निर्माण | | | | आमाकाम | १करोड ५. |
| ८ | पहिरो नियन्त्रण कार्यक्रम | •नियन्त्रण गर्नुपर्ने पहिरोको पहिचान र विस्तृत डिजाइन तयार | पहिरो नियन्त्रण | | | | भौपूविम/उपव वाम | १० करोड |
| ९ | चट्याङ प्रतिरोधी संरचना निर्माण | •भवन मापदण्डमा चट्याङ नियन्त्रक जडान समावेश गरी सम्पन्नताको प्रमाणपत्रको लागि अनिवार्य गर्ने<br>•प्रदेशको विद्युत् वितरण प्रणालीमा चट्याङ नियन्त्रक मापदण्ड बनाई क्रमशः लागू गर्ने | | | | | भौपूविम / आमाकाम/ स्थानीय तह | ५ करोड |
| १० | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कोष | •स्रोत पर्याप्त व्यवस्थापन सहित प्रभावकारी रुपमा कोष संचालन बनाउने | | | | | आमाकाम | २ करोड |
| ११ | नदीनाला बहाव क्षेत्र राइट अफ ) निर्धारण (वे कार्यक्रम | जलाधार प्रकृति लगायतका वैज्ञानिक आधारमा नदी, भूगोल, खोला र खोल्सा राइट अफ वे निर्धारण गरी कानूनी व्यवस्था गर्ने। | | राइट अफ वे लागू | | | भौपूविम / आमाकाम | ४० लाख |

## मानव संशाधन विकास

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेशस्तरीय तालिम केन्द्र स्थापना | स्थापना र संचालन | संचालन | | | | मुमका / आमाकाम |
| २ | नेतृत्व विकास, सशक्तीकरण र सकारात्मक सोच प्रवर्द्धन कार्यक्रम (सबै जिल्लाहरुमा) | कार्यक्रम संचालन (३ वटा) | प्रत्येक वर्ष ४ वटाका दरले कार्यक्रम संचालन | | | | साविम/ स्थानीय तह |
| ३ | अध्ययन भ्रमण | कार्यविधि तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | |

नोट: मुमका= मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ आमाकाम=आन्तरिक मामिला तथा कानून मन्त्रालय / साविम = सामाजिक विकास मन्त्रालय / भौपूविम = भौतिक पूर्वाधार विकास मन्त्रालय

## आम संचार

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | प्रादेशिक रेडियो र टेलिभिजनको क्षमता विकास कार्यक्रम | आवश्यक सहयोग | | | | | प्रदेश सरकार/ आमकाम |
| २ | वडातहसम्म आम संचारको पहुँच अभिवृद्धि कार्यक्रम | संचारको पहुँच नपुगेको स्थान पहिचान | पहुँच अभिवृद्धि | | | | आमकाम / स्थानीय तह/ संघीय संस्थाहरु |
| ३ | संचार माध्यम तथा संचारकर्मी प्रोत्साहन तथा क्षमता अभिवृद्धि कार्यक्रम | कार्यविधि तर्जुमा र वार्षिकरुपमा पुरष्कार रकम वितरण, क्षमता अभिवृद्धि | वार्षिक रुपमा पुरस्कार रकम वितरण, क्षमता अभिवृद्धि कार्यक्रम संचालन | | | | प्रादेशिक सूचना तथा संचार विभाग/ आमकाम |

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| | | कार्यक्रम संचालन | | | | | |
| ४ | सुशासन, विकास र चेतनामूलक कार्यक्रमको तयारी र प्रसारण | कार्यक्रमको तयारी प्रसारण | कार्यक्रमको तयारी प्रसारण | | | | प्रदेश सरकार/ आमाकाम/ स्थानीय तह |

नोटः आमकाम=आन्तरिक मामिला तथा कानून मन्त्रालय

## सामाजिक समावेशिता

| क. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | सामाजिक न्याय प्रवर्द्धन कार्यक्रम | लोपोन्मुख, अल्पसंख्यक र सीमान्तकृत समुदायका व्यक्तिहरु लगायत वहिष्करणमा परेका वर्ग, समुदाय र व्यक्ति तथा तिनीहरुको आर्थिक सवलीकरणको लागि आवश्यकता पहिचान र कार्यक्रम संचालन | | | | | प्रदेश सरकार/ साविम/ स्थानीय तह |
| २ | परम्परागत शिल्प व्यवसायी प्रर्वद्धन कार्यक्रम | लक्षित व्यक्तिहरू पहिचान र कार्यक्रम तर्जुमा र संचालन | | | | | साविम/ स्थानीय तह |
| ३ | लोपोन्मुख र सीमान्तकृत जनजाति / समुदाय संरक्षण कार्यक्रम | कार्यक्रम तर्जुमा र कार्यान्वयन | कार्यान्वयन | | | | साविम /स्थानीय तह/नेपाल सरकार |

नोटः साविम= सामाजिक विकास मन्त्रालय

## ८.११ अन्तरसम्वन्धित क्षेत्रका नतिजा खाका

### प्रभाव

| प्रमुख सूचकहरु | एकाइ | आधार वर्ष २०७५।७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| गरिबीको रेखामुनी रहेका जनसंख्या (दिविल १.२.१) | प्रतिशत | १८.२ | | | | | १० | प्रतका / केतवि |
| बहुआयामिक गरिबीको दर (दिविल१.२.२) | प्रतिशत | २९.९ | | | | | १५ | प्रतका / केतवि |
| आय असमानता (जिनी घाताङ्क) (दिविल१०.१.१) | | ०.३१ | | | | | ०.२८ | प्रतका / केतवि |
| वेरोजगारीको दर (दिविल ८.५.२) | प्रतिशत | ११.२ | | | | | ६.० | प्रतका / केतवि |
| सामाजिक न्याय रहेको अनुभूति (अनुभूति सर्वेक्षणको आधारमा) | | | | | | | | |

### असर

| सूचकहरु | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| गरिबी निवारण | | | | | | | | |
| लक्षित कार्यक्रमबाट फाइदा लिएका गरिब घरपरिवार | संख्या | | | | | | | साविम |

| सूचकहरु | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| भूमिहीन कृषि कार्यक्रममा समावेश घरपरिवार | संख्या | | | | | | | भूकुसम |
| कूल आयमा तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अंश | प्रतिशत | ४.६ | | | | | १२.० | प्रतका / केतवि |
| **श्रम तथा रोजगारी** | | | | | | | | |
| स्वरोजगार सिर्जना | संख्या | | | | | | | साविम |
| रोजगार सिर्जना | संख्या | | | | | | | साविम |
| **वन तथा वातावरण** | | | | | | | | |
| वन क्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | ५०.४३ | ५०.४३ | ५०.४३ | ५०.४३ | ५०.४३ | ५०.४३ | उपववाम |
| वनजन्य उत्पादनबाट आम्दानी | रु करोड | | | | | | | उपववाम |
| वायू प्रदुषण सूचक | | | | | | | | उपववाम |
| **सूचना तथा संचार प्रविधि** | | | | | | | | |
| इन्टरनेट पुगेका घरपरिवार | प्रतिशत | | | | | | | आमाकाम |
| **विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन व्यवस्थापन** | | | | | | | | |
| विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | | | | | | | आमाकाम |
| विपद् प्रभावितलाई उपलब्ध गराइएको रकम | रु लाख | | | | | | | |
| **मानव संशाधनको विकास.** | | | | | | | | |
| सिपयुक्त तालिम हासिल गरेका जनसंख्या जनप्रतिनिधिहरु कर्मचारीहरु अन्य व्यक्तिहरु | प्रतिशत | | | | | | | साविम |

| सूचकहरु | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **आमसंचार** | | | | | | | | |
| प्रादेशिक आमसंचार पुगेको जनसंख्याको हिस्सा | प्रतिशत | | | | | | | आमाकाम |
| **सामाजिक समावेशिता** | | | | | | | | |
| विगत १२ महिनामा यौनजन्य हिंसामा परेका जनसंख्याको प्रतिशत (दिविल १६.१) | प्रतिशत | | | | | | | जस्वास |
| प्रदेश निजामती सेवामा हिस्सा<br>दलित<br>मधेशी समुदाय<br>मुस्लिम<br>आदिवासी जनजाती<br>अपाङ्गता भएका व्यक्ति<br>महिला | प्रतिशत | | | | | | | साविम |
| छात्रवृति प्राप्त गर्ने हिस्सा<br>दलित<br>मधेशी समुदाय<br>मुस्लिम<br>आदिवासी जनजाती<br>अपाङ्गता भएका व्यक्ति<br>महिला | प्रतिशत | | | | | | | साविम |

| सूचकहरु | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| संगठित तहमा नेतृत्व तहमा सहभागिता<br>दलित<br>मधेशी समुदाय<br>मुस्लिम<br>आदिवासी जनजाती<br>अपाङ्गता भएका व्यक्ति<br>महिला | प्रतिशत | | | | | | | मुमका |

## प्रतिफल

| प्रमुख सूचकहरु | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| गरिबी निवारण | | | | | | | | |
| जनजागरण कार्यक्रमबाट लाभान्वित | संख्या | ० | १२ | १२ | १२ | १२ | १२ | साविम |
| छात्रवृतिबाट लाभान्वित | संख्या | ० | १०० | १०० | १०० | १०० | १०० | साविम |
| सिप विकासबाट लाभान्वित | संख्या | ० | २०० | २०० | २०० | २०० | २०० | साविम |
| भूमिहीन कृषि कार्यक्रमबाट लाभान्वित | संख्या | ० | १०० | १०० | १०० | १०० | १०० | भूकृसम |
| मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमबाट लाभान्वित | गाउँपालिका | ३५ | ७३ | ७३ | ७३ | ७३ | ७३ | मुमका |
| | | | | | | | | |

| प्रमुख सूचकहरु | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **श्रम तथा रोजगारी** | | | | | | | | |
| मागमा आधारित रोजगारमूलक तालिम | संख्या | | २५ | २५ | २५ | २५ | २५ | साविम |
| शैक्षिक प्रमाणपत्रको धितोमा सहुलियत ऋणबाट लाभान्वित | संख्या | | ३०० | ३०० | ३०० | ३०० | ३०० | साविम/ आमायोम |
| **वन तथा वातावरण** | | | | | | | | |
| जैविक संग्रहालय | संख्या | ० | | | १ | | | उपववाम |
| वनस्पति उद्यान | संख्या | ० | | | २ | | | उपववाम |
| चिडियाखाना | संख्या | ० | | | १ | | | उपववाम |
| वृक्षरोपण | हेक्टर | | | | | | | उपववाम |
| सडक सौन्दर्यीकरण | कि.मी. | | | | | | | उपववाम |
| **सूचना तथा संचार प्रविधि** | | | | | | | | |
| नवप्रवर्तन केन्द्र | संख्या | - | - | १ | १ | १ | २ | आमाकाम |
| १५ देखि ४९ वर्ष उमेरका इन्टरनेटमा पहुँच पुगेका महिला (दिविल १७.८) | प्रतिशत | १९.५ | - | - | - | - | ७५ | आमाकाम/ जस्वास |
| १५ देखि ४९ वर्ष उमेरका इन्टरनेटमा पहुँच पुगेका पुरुष (दिविल १७.८) | प्रतिशत | ४५.५ | - | - | - | - | ८५ | आमाकाम/ जस्वास |
| १५ देखि ४९ वर्ष उमेरका मोबाइल प्रयोग गर्ने महिलाको अनुपात(दिविल ५.वि १) | प्रतिशत | ६९.७ | - | - | - | - | ८८ | आमाकाम/ जस्वास |

| प्रमुख सूचकहरु | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १५ देखि ४९ वर्ष उमेरका मोबाइल प्रयोग गर्ने पुरुषको अनुपात (दिविल ५.वि १) | प्रतिशत | ८८.७ | - | - | - | - | ९७ | आमाकाम/ जस्वास |
| इन्टरनेट पुगेका घरपरिवार | प्रतिशत | - | - | - | - | | | |
| **विपद् जोखिम न्यूनीकरण र जलवायू परिवर्तन व्यवस्थापन** | | | | | | | | |
| विपद्मा परी ज्यान गुमाउने | संख्या | - | - | - | - | | | |
| विपद्मा परी घाइते | संख्या | - | - | - | - | | | |
| विपद्बाट आर्थिक क्षति | रु करोडमा | - | - | - | - | | | |
| विपद्बाट प्रभावित घरपरिवार | संख्या | ९२ | - | - | - | | | |
| विपद् प्रभावितलाई उपलब्ध गराइएको रकम | रु लाखमा | २२४ | - | - | - | | | |
| जिल्लामा विपद् व्यवस्थापन | संख्या | - | - | - | - | | | |
| **मानव संशाधनको विकास** | | | | | | | | |
| प्रदेशस्तरीय तालिम केन्द्रबाट तालिम दिइएको | संख्या | | | | | | | मुमका |
| संचालित सिपयुक्त तालिमबाट लाभान्वित (वार्षिक) | संख्या | - | १०००० | १२००० | १२००० | १२००० | १२००० | साविम |
| **आमसंचार** | | | | | | | | |
| प्रादेशिक रेडियो | संख्या | - | - | - | - | - | - | |

| प्रमुख सूचकहरु | एकाइ | आधार वर्ष २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| प्रादेशिक टेलिभिजन | संख्या | - | - | - | - | - | - | |
| प्रादेशिक पत्रपत्रिका | संख्या | - | - | - | - | - | - | |
| **सामाजिक समावेशिता** | | | | | | | | |
| नेतृत्व विकास तालिम (वार्षिक) | संख्या | ५०० | ५००० | ५००० | ५००० | ५००० | ५००० | साविम |
| आय आर्जन तालिम (वार्षिक) | संख्या | २००० | २००० | २००० | २००० | २००० | २००० | साविम |
| छात्रवृति उपलब्ध गराइएको (वार्षिक) | संख्या | | १२०० | १२०० | १२०० | १२०० | १२०० | साविम |
| परम्परागत सिप प्रर्वद्धन (वार्षिक) | संख्या | | ५० | ५० | ५० | ५० | ५० | साविम |
| भाषा र संस्कृति संरक्षण सम्वर्द्धन | संख्या | ४ | ६ | ७ | ८ | १० | १२ | साविम |

**नोटः** यस नतिजा खाकामा रहेका प्रभाव र असर अन्तर्गतका सूचकहरूमा समग्र प्रदेशको गन्तव्यमा पुग्नको लागि विभिन्न सरोकारवालाहरूको लगानी र सहयोग सहितको आंकलन गरिएको छ भने, प्रतिफलमा राखिएका सूचकहरूको लक्ष्य प्रदेशको बजेटबाट मात्र गर्नेगरी आंकलन गरिएको छ।

# पाठ ९ :कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

## ९.१ कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

### विद्यमान अवस्था

कुनै पनि नीति, योजना वा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका साथै जवाफदेहिता सुनिश्चित गर्ने माध्यमका रूपमा अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ। नेपाल सरकारले विकास योजना तथा आयोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि विकास योजनाहरूमा लागि नतिजा खाका एवम् अनुगमन तथा मूल्यांकन दिग्दर्शन लागु गर्ने गरेको छ। अनुगमन र मूल्यांकनको पद्धति विकास गरिएको भएतापनि प्रभावकारी रूपमा पालना हुन नसक्दा आयोजनाहरूको कार्यान्वयन पक्ष कमजोर रहने गरेको छ। यी अनुभवहरूबाट पाठ सिक्दै प्रदेश सरकारले प्रदेश सरकारमार्फत् संचालन हुने आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनमा जोड दिएको छ। प्रदेश योजना आयोगले प्रदेशका विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन-२०७५ जारी गरेको छ। साथै उक्त दिग्दर्शनलाई लागु गर्दै विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गराउने उद्देश्यले प्रदेश सभाका समिति र जिल्ला समन्वय समितिलाई समेत अनुगमन तथा मूल्यांकन प्रकृयामा साझेदारका रूपमा सरिक गराउने, उच्चस्तरीय अनुगमन र मूल्याङ्कन मार्फत सेवा प्रवाहलाई शीघ्र, सरल एवम् सहज बनाउने र राष्ट्रिय आयोजनाहरूको अनुगमनका लागि नेपाल सरकारसँग समन्वय गर्ने नीति लिइएको छ।

### प्रमुख समस्या

प्रदेशमा योजनाबद्ध विकासको प्रारम्भिक चरणमा रहेको कारणले अनुगमन तथा मूल्यांकनका वस्तुगत सूचकहरू विकास गर्न बाँकी रहेको, प्रदेश सरकार स्थापना भएको छोटो समय भएकाले संस्थागत र सांगठनिक संरचनाहरू तयार हुँदै गरेको, संघीय संसदबाट जारी हुने समन्वय कानून बन्न बाँकि रहेको, अनुगमन तथा मूल्यांकन सम्बन्धी स्पष्ट कानूनको अभाव रहेको र पर्याप्त स्रोत साधन, तथ्यांक तथा जनशक्तिको अभाव रहनु अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा प्रमुख समस्याका रूपमा रहेका छन्।

### चुनौती र अवसर

संघ, प्रदेश र स्थानीय तहबीच समन्वयका लागि संविधानले परिकल्पना गरेको समन्वय कानून लागु हुनु, सिकाइ र जवाफदेहिता प्रवर्द्धन गर्न नतीजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरी वस्तुगत सूचकको विकास गर्नु, दिगो विकासका लक्ष्यहरूलाई प्रादेशिक लक्ष्यसंग

आवद्ध हुनेगरी परिमाणात्मक खण्डीकरण गर्नु एवम् सोको अनुगमनका लागि सूचना श्रोत विकास हुनु, स्वचालित अनुगमन प्रणालीको स्थापना र संचालन गर्नु, जनशक्तिको क्षमता विकास गरी सूचना प्रविधिमैत्री बनाउनु मुख्य चुनौतीका रूपमा रहेका छन्। त्यसैगरी, योजनाले परिलक्षित गरेका आयोजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नु, अनुगमन तथा मूल्यांकन प्रणालीलाई बलियो बनाई योजना कार्यान्वयनका लागि उत्प्रेरणा र जिम्मेवारीबोध गराउनु चुनौतीपूर्ण रहेको छ।

प्रादेशिक संगठनहरू स्थापनाको चरणमा रहेका कारणले संगठनको स्थापनासंगै अनुगमन तथा मूल्यांकन प्रणाली विकास हुने, योजना, नीति तथा कार्यक्रमहरू शुरूवाती चरणमा रहेको हुँदा प्रारम्भदेखिनै प्रणालीलाई संस्थागत गर्न सकिने, अनुगमन तथा मूल्यांकन सम्बन्धमा संविधानमै व्यवस्था हुनु, स्थानीय तहहरू बलियो र अधिकार सम्पन्न संगठनको रूपमा रहनु, स्थानीय स्तरसम्मै सूचना प्रविधिको प्रयोग बढिरहेकोको हुँदा त्यसको व्यवस्थित प्रयोग गर्न सकिनु, प्रदेशका सबै जिल्लाहरूमा सडक संजाल विस्तार हुनु, राजनैतिक नेतृत्व सु-शासन प्रति प्रतिबद्ध भएकोले नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणालीलाई संस्थागत गर्न सकिने अवसर छ। नयाँ राजनैतिक संरचनामा स्थानीय तह र प्रदेश सरकारले नजिकबाट योजनालाई कार्यान्वयनमा लान सक्ने, नियमित ढंगले जनप्रतिनिधिहरू मार्फत अनुगमन तथा मूल्यांकन गर्न सकिने अवसर रहेको छ।

## दीर्घकालीन सोच

प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली मार्फत कार्यान्वयन एवम् जवाफदेहिताको सुनिश्चितता।

## लक्ष्य

प्रभावकारी कार्यान्वयन संरचना एवम् स्वचालित अनुगमन तथा मूल्यांकन प्रणाली मार्फत सिकाइ र जवाफदेहिता सुनिश्चित गरी तथ्यपरक नीति निर्माणलाई संस्थागत गर्ने।

## उद्देश्य

१. विकास आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन पूर्व निर्धारित परिमाण, गुणस्तर, समय र लागतमै सम्पन्न गर्नु।
२. नतिजामूलक एवम् स्वचालित अनुगमन तथा मूल्यांकन प्रणाली संस्थागत गरी निर्णय प्रक्रियालाई तथ्यमा आधारित गर्नुका साथै जवाफदेहिता सुनिश्चित गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. योजनाको कार्यान्वयनको लागि चुस्त तथा प्रभावकारी संरचना निर्माण गर्ने। | १. अनुगमन तथा मूल्यांकन सम्बन्धी दिग्दर्शन जारी गरी संस्थागत संरचना, प्रक्रिया, समीक्षा एवम् जवाफदेहिता सुनिश्चित गरिनेछ।<br>२. मध्यमकालीन खर्च संरचना तयार गरी आयोजनालाई दुई वर्गमा प्राथमिकीकरण एवम् राजश्व र खर्चको त्रिवर्षीय चक्रीय अनुमान गर्ने व्यवस्था गरिनेछ।<br>३. आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रगतिलाई प्रदेश सरकारका निकाय तथा संलग्न कर्मचारीहरूलाई पुरष्कृत एवम् दण्डित गर्ने आधारका रूपमा लिइनेछ।<br>४. बार्षिक कार्यक्रमहरूलाई आवधिक योजनासँग आबद्ध गर्नुका साथै आर्थिक वर्षको शुरूमै वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका तयार गरिनेछ।<br>५. विकास निर्माणका कामको समीक्षा र देखापर्ने समस्या समाधानका लागि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समस्या समाधान समितिको गठन गरिनेछ।<br>६. कार्यक्रम तथा आयोजना कार्यान्वयनको सन्दर्भमा आउने जनगुनासो संकलन संयन्त्र बनाई सम्बोधन गर्ने व्यवस्था गरिनेछ। |
| २. सरोकारवालाहरूसँगको सहकार्यमा प्रदेशको प्राथमिकता अनुसार आयोजनाहरूको कार्यान्वयन गर्ने। | १. योजना कार्यान्वयन लगायत प्रदेशको समृद्धिको लागि स्थानीय तहहरू र नेपाल सरकारसंग सहकार्य र समन्वय गरिनेछ।<br>२. सहकारी, गैरसरकारी संस्था, सामाजिक संस्थाहरूलाई प्रदेशले लिएका विषय क्षेत्रगत उद्देश्यहरू हासिल गर्न सहकार्य र सहयोग गरिनेछ।<br>३. योजनाले लक्षित गरेका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्न निजी क्षेत्रको अहम् र गहन भूमिका हुने हुँदा निजी क्षेत्रलाई प्रोत्साहन, सहुलियत र सहजता प्रदान गरिनेछ। |
| ३. अनुगमन तथा मूल्यांकनका लागि आवश्यक नीतिगत व्यवस्था गरी प्रदेशका | १. कार्यक्रम र आयोजनाहरूको प्रतिफल सूचकका आधारमा चौमासिक र बार्षिक अनुगमन गर्ने प्रणालीको विकास गरिनेछ।<br>२. नेपाल सरकार र स्थानीय तहसंगको सहकार्य र |

| रणनीति | कार्यनीति |
|---|---|
| सबै निकाय र सबै स्थानीय तहमा स्वचालित अनुगमन प्रणालीलाई संस्थागत गर्ने। | समन्वयमा अन्तर तह अनुगमन संयन्त्र निर्माणको पहल गरिनेछ।<br>३. नतिजा खाकामा समाबेस गरिने प्रतिफल, असर र प्रभाव सूचकहरूका आधारमा योजनाको बार्षिक समिक्षा गर्ने परिपाटी विकास गरिनेछ।<br>४. दिगो विकासका लक्ष्यहरूको प्रादेशिक तहका सूचकहरूलाई आधार मानि अनुगमन तथा मूल्यांकन गरिने छ।<br>५. विकासका नीति र प्रमुख आयोजनाहरूको प्रभाव मुल्यांकन गर्ने पद्धति विकास गरिनेछ।<br>६. स्थानीय तहहरू र नेपाल सरकारसंग सहकार्यमा आयोजना मूल्यांकनका लागि आवश्यक तथ्यांक संकलन गरिनेछ।<br>७. जनगणना तथा सर्वेक्षण लगायत व्यवस्थापन सूचना प्रणालीको तथ्यांकको आधारमा योजनाको मध्यावधि मूल्यांकन गरी योजनालाई आबश्यक परिमार्जन गरिनेछ।<br>८. जनताको खुशी मापन सूचक र त्यसका लागि तथ्याङ्क संकलनको विकास गरी प्रतिवेदन तयार गरिनेछ।<br>९. प्रदेशका सबै निकाय र सबै स्थानीय तहमा सूचना प्रणालीको स्थापना गरिनेछ।<br>१०. अनुगमन तथा मूल्यांकनमा बहुपक्षीय मुल्यांकन प्रणालीलाई प्रयोगमा ल्याइनेछ। साथै, अनुगमन तथा मूल्यांकनमा प्रदेश सभा सदस्य र संसदिय समितिहरूको भूमिका बढाइनेछ। |
| ४. अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणको बहुउपयोग नीति अवलम्बन गर्ने। | १. अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणको संस्थागत अभिलेखीकरण गर्ने र वेवसाइट प्रकाशन लगायतका माध्यमबाट सम्प्रेषण गरिनेछ।<br>२. अनुगमन तथा मूल्यांकनको सूचनालाई जवाफदेहिता तथा सिकाइ (Accountability and Learning) को आधार बनाई निर्णय एवम् नीति निर्माणलाई तथ्यपरक ( Evidence- based) बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. साधन स्रोतको उपलब्धताको सुनिश्चितताका साथै जनशक्तिको क्षमता विकास गर्ने। | १. योजना, नीति, कार्यक्रम तथा आयोजना तर्जुमा गर्दा अनुगमन मूल्यांकनका लागि आवश्यक साधन स्रोतको सुनिश्चित गरिनेछ।<br>२. अनुगमन तथा मूल्यांकनमा खटिने जनशक्तिहरूलाई आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू संचालन गरिनेछ। |

### अपेक्षित उपलब्धि

सूचना प्रविधिमा आधारित नतीजामूलक अनुगमन तथा मूल्यांकन सम्बन्धी प्रणाली संस्थागत भएको हुने, प्रदेशका सबै निकायहरू सूचना प्रणालीमा आवद्ध भएका हुने, दिगो विकास लक्ष्यको प्रादेशिक तहको समीक्षा तथा प्रतिवेदन तयार भएको हुने र नीति निर्णय प्रक्रिया तथ्यपरक भएको हुनेछ।

## ९.२ अन्तर सरकारी तहगत समन्वय र सहकार्य

### विद्यमान अवस्था

नेपालको संविधान अनुसार अहिले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार रहेका छन्। यी तीनै तहको सरकारको एकल अधिकारका अतिरिक्त साझा अधिकारका सूची संविधानमै रहेको छ। तहगत सरकारबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्यवको सिद्धान्तमा आधारित हुने व्यवस्था छ। देशको आर्थिक समृद्धिका लागि तीनै तहको सरकारहरूबीच समन्वय र सहकार्यको खाँचो छ। सरकारको विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यहरू धेरै जसो प्रदेश र स्थानीय तहमा गएको छ भने राजस्वको धेरै अधिकार क्षेत्र नेपाल सरकार अन्तर्गत छन्। स्रोतको बाँडफाँड र विकासका कार्यहरू समन्वयात्मक ढंगले गर्नुपर्ने खाँचो छ। नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई स्रोत बाँडफाँड गर्ने र प्रदेशले पनि स्थानीय तहलाई स्रोत बाँडनुपर्ने व्यवस्था रहेको छ।

### प्रमुख समस्या

संघीय संरचना नेपालका लागि नयाँ भएकोले अनुभवको अभाव, नेपालको संविधानले व्यवस्था गरेको अधिकारका सूचीको व्यवहारिक कार्यान्वयन गर्न संरचना तथा कानूनको अभाव, नयाँ प्रणाली भएकाले तीन तहको सरकारहरू बीचको समन्वय र सहकार्यको प्रणाली स्थापित भइनसकेको अवस्था समस्याको रूपमा रहेका छन्।

## चुनौती र अवसर

तीन तहको सरकारहरू बीच विश्वासिलो र प्रभावकारी समन्वय संरचना बनाउने, सहकार्यमा दोहोरो नपर्ने गरी विकासका कार्यहरू गर्ने, तीनतहका सरकारहरू बीच प्रभावकारी सूचना र तथ्याङ्क प्रवाहको प्रणाली विकास गर्ने जस्ता चुनौतीहरू रहेका छन्।

नयाँ संघीय प्रणालीमा तीनै तहका सरकारहरू मिलेर जनताको सेवा गर्दै देशमा समृद्धि हासिल गर्ने, सहकार्य र समन्वयमा स्रोत संकलन बढाउने, चुहावट नियन्त्रण गर्ने र विकास निर्माणको काम प्रभावकारी ढंगबाट गर्न सकिने अवसर रहेको छ।

## दीर्घकालीन सोच

तीन तहको सरकारहरू बीच प्रभावकारी समन्वय र सहकार्य गर्दै समृद्धि हासिल।

## लक्ष्य

तीन तहको सरकारहरूबीच सहकार्य र समन्वय गर्दै सरकारी कामको प्रभावकारिता बढाउने।

## उद्देश्य

प्रभावकारी सहकार्य र समन्वय स्थापित गरी साधनको विनियोजन र कार्यान्वयन दुवैतर्फ प्रभावकारिता र कार्यदक्षता हासिल गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| १. संघीय र स्थानीय तहहरूसंग समन्वय र सहकार्य गर्न संस्थागत व्यवस्था गर्ने। | १. संघीय र स्थानीय सरकार तथा प्रदेश र नेपाल सरकारबीच सुसम्बन्ध एवम् समन्वय कायम गर्न गठित अन्तरप्रदेश परिषदमा प्रदेशका प्राथमिकता र अप्ठ्यारा विषयहरू प्रस्तुत गरी समाधान खोजिनेछ।<br>२. संघ र स्थानीय तह दुवैसँग समन्वय र सहकार्यसम्बन्धी आवश्यकता, अभिलेखीकरण, विश्लेषण र प्रस्ताव तयार गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा संस्थागत व्यवस्था गरिनेछ।<br>३. प्रदेशभित्र नेपाल सरकारबाट संचालित विकास आयोजना तथा कार्यक्रमको जानकारी प्रदेश भित्र प्राप्त हुने व्यवस्था गरिनेछ। |
| २. संघीय र स्थानीय तहहरू संग समन्वय र सहकार्य गर्ने प्रणाली स्थापित गर्ने। | १. स्थानीय तहहरूको कानून, वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट प्रदेशमा पठाउने व्यवस्था गरी अध्ययन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २. प्रदेशको समपूरक र सशर्त अनुदान प्रदान गर्दै स्थानीय तहहरूसंग अधिकतम सहकार्य गरिनेछ।<br>३. स्थानीय तहहरूको क्षमता अभिवृद्धि र प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>४. वर्षको कम्तीमा एक पटक प्रदेश समन्वय परिषदको बैठक बसी समझदारीको विकास र समस्याहरू समाधान गरिनेछ।<br>५. स्थानीय तहहरूसंगको सहकार्यमा प्रदेशमा भएका विकासका आयोजनाहरूको अनुगमन र मूल्याकंन गर्ने प्रणाली स्थापित गरिनेछ। |

## अपेक्षित उपलब्धि

तीन तहका सरकारहरू बीच प्रभावकारी र फलदायिक सम्बन्ध कायम भएको हुने, समन्वयको अभावमा कुनै पनि काम रोकिएका नहुने अवस्था हुनेछ।

## ९.३ कार्यान्वयन, अनुगमन तथा मूल्यांकनसम्बन्धी प्रमुख आयोजना तथा कार्यक्रमहरू

कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

| क्र. स. | कार्यक्रम/वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | सुशासनका मापदण्ड तर्जुमा तथा कार्यान्वयन | मापदण्ड तर्जुमा तथा कार्यान्वयन | कार्यान्वयन | | | | मुमका / आमाकाम |
| २ | अनुगमन प्रणालीको प्रभावकारी कार्यान्वयन | कार्यान्वयन | | | | | मुमका / आमायोम / प्रयोआ |
| ३ | योजनाको आवधिक समिक्षा | | बार्षिक समिक्षा | | | | प्रयोआ |
| ४ | जनताको खुशी मापन सूचक र सूचना स्रोतको विकास | खुशी मापन सूचकको विधि तयार गर्ने | खुशी मापनको तथ्याङ्क संकलन तथा सूचना स्रोतको पहिचान | खुशी मापनको तथ्याङ्क संकलन | खुशी मापनको सूचक तयार | | आमायोम / प्रयोआ |
| ५ | आयोजनाको प्रभाव मूल्यांकन | अनुगमन र मूल्यांकन विधि र प्रणालीको तर्जुमा र कार्यान्वयन | अनुगमन र मूल्यांकन | | | | प्रयोआ / मुमका |
| ६ | क्षमता विकास कार्यक्रम | संचालन | संचालन | | | | मुमका / प्रयोआ |

नोटः मुमका= मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय/ आमायोम= आर्थिक मामिला तथा योजना मन्त्रालय / प्रयोआ = प्रदेश योजना आयोग

### अन्तरसरकारी तहगत समन्वय र सहकार्य

| क्र. स. | कार्यक्रम \ वर्ष | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जिम्मेवार निकायहरू |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहको क्षमता अभिवृद्धि तथा प्राविधिक सहयोग कार्यक्रम | आवश्यकता पहिचान, कार्यक्रम तर्जुमा र संचालन | कार्यक्रम संचालन | | | | मुमका |
| २ | प्रदेश समन्वय परिषदको बैठक | बैठकको व्यवस्थापन र संचालन | बैठकको व्यवस्थापन र संचालन | | | | मुमका/ स्थानीय तह |
| ३ | स्थानीय तहहरुको कानून, नीति तथा कार्यक्रम र वार्षिक बजेट संकलन, अध्ययन र सुझाव | संकलन, अध्ययन र सुधारको लागि सुझाव | | | | | मुमका / आमाकाम / आमायोम/ स्थानीय तह |
| ४ | संघीयता कार्यान्वयन कार्यक्रम | संविधान अनुरुप प्रदेश तहलाई हस्तान्तरण हुन बाँकी कामहरु पहिचान गरी हस्तान्तरणको लागि पैरवी गर्ने। प्रदेश तहबाट निर्माण हुनु पर्ने आवश्यक कानूनहरु यथाशीघ्र तर्जुमा गर्ने। | | | | | मुमका / आमाकाम |

नोट: मुमका= मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय/ आमाकाम=आन्तरिक मामिला तथा कानून मन्त्रालय / आमायोम= आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५ को **प्रथम आवधिक योजना**

(आ.व. २०७६/७७ - आ.व. २०८०/८१)

**प्रदेश सरकार**

**प्रदेश नं. ५**

# प्रदेश योजना आयोग

**बुटवल, नेपाल**

फोन नं. :- ०७१-५५०६१४
Email :- info@ocmcm.p5.gov.np, infocmofficep5@gmail.com
infoppc.p5@gmail.com
Website :- www.ocmcm.p5.gov.np